# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषयपरिचय

वि.सं. २००८ सालमा प्युठान जिल्लाको लुङ गा.वि.स मा जन्मेका गोरखबहादुर सिंह वि.सं. २०२८ सालदेखि नेपाली साहित्यक क्षेत्रमा प्रवेश गरेका हुन् । कथाकार सिंहको **'भाषणको तयारी'** कथासङ्ग्रह प्रकाशनसँगै लघुकथाहरू देखा परेका छन् । लघुकथाकार सिंहका विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा १९/२० वटा लघुकथाहरू प्रकाशित भएको देखिन्छ ।

सिंहले **'मिर्मिरे'** भदौं-असोज (२०४८) मा उम्मेदवारको छनौट, बाजी, सुरक्षा फिर्ती गरी तिन लघुकथा लेखेका छन् भने 'बगर' असोज कार्तिक (२०५४) मा **'मयुरपंखी'** **'कलम'** त्यसैगरी **गरिमा** (जेठ २०५५) कि चल्छ लोकसेवामा पनि ? **'आलुप्याज/प्याजआलु'** इज्यतयन्त्र **अमृत मन्त्रीका भान्जा परेनन्** आदि लघुकथा प्रकाशन गरेका हुन् ।

सिंहका हाल प्रकाशित कृतिहरूको फुटकर रूपमा चर्चा परिचर्चा गरिएको पाइए तापनि उनका समग्र लघुकथा सङ्ग्रह **'नगरसभाको पाँचौ'** दिन को साङ्गोपाङ्ग अध्ययन विश्लेषण तथा लघुकथामा उनको योगदान ठम्याउने काम हुन सकेको छैन । यस परिप्रेक्ष्यमा प्रस्तुत शोधपत्रमा सिंहका लघुकथा सम्बन्धी साहित्यिक कृतिहरूको अध्ययन विश्लेषणका साथै लघुकथामा उनको योगदान समेत ठम्याउने कोसिस गरिएको छ ।

## १.२ कथन समस्या

गोरखबहादुर सिंहको **'नगरसभाको पाँचौ दिन'** लघुकथा सङ्ग्रहका बारेमा अध्ययन गरिने शोधका समस्या निम्न लिखित रहेका छन्:

क) नेपाली लघुकथाको स्वरूप कस्तो छ ?

ख) नेपाली साहित्यमा लघुकथाको विकास कसरी भएको छ ।

ग) नेपाली लघुकथाको विकासमा गोरखबहादुर सिंहको लघुकथाकारिता कस्तो छ ?

घ) प्रवृतिगत अध्ययनका आधारमा **'नगरसभाको पाचौं दिन'** लघुकथा सङ्ग्रहको अध्ययन विश्लेषण कसरी गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्यहरू

यस शोधपत्रमा निम्न लिखित उद्देश्यहरू रहेका छन्:-

क) नेपाली लघुकथाको स्वरूपको चर्चा गर्नु,

ख) नेपाली साहित्यमा लघुकथाको विकास अध्ययन तथा विश्लेषण गर्नु,

ग) नेपाली लघुकथाको विकासमा गोरखबाहादुर सिंहको लघुकथाकारिताको मूल्याङकन गर्नु,

घ) प्रवृतिगत आधारमा **'नगरसभाको पाचौं** दिन लघुकथा सङ्ग्रहको अध्ययन र विश्लेषण गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

लघुकथाकार गोरखबहादुर सिंहका समग्र लघुकथाको अध्ययन नभए पनि भूमिका र अन्य लेख रचना मार्फत उनका केही लघुकथाको अध्ययन भएको पाइन्छ । यस शोधकार्यको लागि तिनै अध्ययनलाई पूर्वकार्यका रूपमा लिई यहाँ तिनको समीक्षा गरिएको छ । भूमिकामा रामदयाल राकेश (२०५५) ले गोरखबहादुर सिंहद्वारा लघुकथामा कर्मचारी तन्त्रको पोल खोल्ने प्रयास गरिएको छ भन्ने कुरा उल्लेख गरेका छन् ।

धर्ममान पौडेल (२०५६)ले गोरखबहादुर सिंहको जीवनी व्यक्तित्व र कृतित्वमा सिंहको जीवनी र व्यक्तित्वका विविध पक्षको अध्ययन गर्दै उनको कृतित्व समेत सङ्क्षिप्त चर्चा गरेका छन् र उनले सिंहलाई आधुनिक नेपाली कथा परम्पराको तेस्रो समसामयिक धारामा उदाएका उल्लेख्य प्रतिभा मानिएको हुन्छ ।

ईश्वरी प्रसाद पोखरेलले (२०६०) 'नेपाली लघुकथाको परम्परा' शीर्षकको त्रि.विको स्नातकोत्तर तहको शोधपत्रमा २०३० को दशकमा लघुकथा विधामा कलम चलाउने लघुकथाकारहरूको नाम उल्लेख गर्दा गोरखबहादुर सिंहको पनि नाम उल्लेख गरेका छन् ।

'थुलुङको अनुभूत भन्ने' (२०६२) को भूमिकामा सिंहले लघुकथालाई आकारको हिसाबले मात्र परिभाषित गर्नु पर्याप्त नहुने कुरा व्यक्त गर्दै उनले लघुकथालाई आकार स्वरूप, गुण, स्वाद र आफ्नै विशेषता हुने कुरा व्यक्त गरेका छन् ।

कुलचन्द्र कोइरालाले 'शब्द संयोजन' (बर्ष २, अङ्क ९, पूर्णाङ्क २१ - २०६२) मा नर्व देस्वरी सत्यालद्वारा लिखित 'आलुप्याज/प्याजआलुका पात्र केलाउँदा' शीर्षकमा सिंहका केही लघुकथाको समालोचना गरेका छन् । सिंहका लघुकथामा कथात्मक घटना टिप्ने क्रममा विशेष गरेर राजनीतिक क्षेत्र र अन्य सामाजिक प्रशासनिक प्रसङ्ग, नक्कली प्रेम प्रसङ्ग एवम् तास, खसीको सेरोफेरोमा कलम घुमेको देखिन्छ भनी समालोचना गरेका छन् ।

विष्णु प्रसाद भूसालले (२०६२) 'नेपाली बाल साहित्यमा गोरखबहादुर सिंहको योगदान' शोधपत्रमा सिंहको बालसाहित्यिक कृतिहरूको विश्लेषणका साथै बालक बिनाका कथाहरूको पनि विश्लेषण र सिंहले बालसाहित्यमा के-कस्तो योगदान दिएका छन् भनी चर्चा गरेका छन् ।

विनय कुमार कसजू (२०६५) ले 'प्रतिनिधि नेपाली लघुकथाहरू' मा सामाजिक विकृति, विसङ्गतिका बारेमा केन्द्रित भएर लघुकथा लेख्ने कथाकार भनी चर्चा गरेका छन् ।

दयाराम श्रेष्ठले (२०६५) 'नगरसभाको पाचौँ दिन' २०६५ मङ्सिर लघुकथा सङ्ग्रहको भूमिकामा सिंहका लघुकथाले खोक्रिदै र खिइँदै गएको समाज भित्रको यथार्थ खोतल्ने कुरा व्यक्त गरेका छन् ।

रवीन्द्र समीरले (२०६५) 'नगरसभाको पाचौँ दिन' लघुकथा सङ्ग्रहमा लघुकथाकार सिंहको कथा कल्पना भन्दा भोगाइमा आधारित छन् । यी कथाले चुट्किला हुनबाट सचेत ढङ्गले लघुकथाको स्तरीय मापदण्ड चुमेका छन् भनी उल्लेख गरेको पाइन्छ ।

रमेश सुवेदीले राप्ती साहित्य परिषद्को 'अन्तर्ध्वनि' (वर्ष ४२, पूर्णाङ्क २४-२०६६ कार्तिक/पुष) नामक पत्रिकामा 'पश्चिमबाट यात्रा शुरु गरी पूर्वतिर उदाएका साहित्यकार गोरख बहादुर सिंह' भनी व्यक्त गरेका छन् ।

माथिका पूर्वकार्यको समीक्षामा सिहंका जे-जति समीक्षा गर्ने प्रयास गरिएता पनि ती सबैले सिंहका लघुकथाको सामान्य जानकारी मात्र दिन् सकेको हुनाले सिंहका कथाहरूको

पूर्ण कृतिपरक अध्ययन जरुरी देखिएको छ । उनका लघुकथामा प्रशस्त विषयवस्तु प्रशासनिक गतिविधि, राजनीतिक व्यङ्ग्य आदि विषय वस्तु छन् तर पूर्वकार्यको समीक्षाबाट केही मात्र जानकारी पाउन सक्छौँ ।

## १.५ शोध कार्यको औचित्य र महत्व

गोरखबहादुर सिंहको लघुकथाको अध्ययन विश्लेषण हुन नसकेको परिप्रेक्ष्यमा उनका लघुकथा **'नगरसभाको पाँचौं'** दिनको अध्ययन हुन बाँकी नै छ । यसैबाट प्रस्तुत अध्ययनको औचित्य पृष्टि हुन्छ । यसका साथै यस अध्ययनको नेपाली लघुकथाको ऐतिहासिक अध्ययन गर्ने व्यक्तिहरूलाई समेत सहयोग पुऱ्याउँछ यसलाई पनि प्रस्तुत शोधकार्यको औचित्य पृष्टि हुनेछ ।

## १.६ शोध कार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा **'नगरसभाको पाँचौंदिन'** लघुकथासंग्रहको सर्वेक्षणत्मक विश्लेषण गरिएको छ । संग्रहमा सङ्कलित सबै कथाहरूको कृतिपरक विश्लेषण गर्दा लघुकथाको सैद्धान्तिक तत्व सबैलाई आधार मानेर छुट्टाछुट्टै रूपमा तत्वगत विश्लेषण नगरी समग्रमा सबै तत्व पर्ने गरी सर्वेक्षणमात्र गरिएको छ, यही नै प्रस्तुत शोधपत्रको सीमा हो ।

## १.७ शोध विधि

क) सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यमा आवश्यकता अनुसार पुस्तकालयीय विधि र अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ ।

ख) विश्लेषणात्मक विधि

विश्लेषणका क्रममा भने लघुकथाको सैद्धान्तिक आधारमा कथाहरूको निरूपण गर्न परेकाले मूलतः वर्णनात्मक र विश्लेषणात्मक शोध विधिलाई नै अङ्गीकार गरिएको छ । पृष्ठ, अनुच्छेद, वाक्य, शीर्षक, विषयवस्तु, उद्देश्य आदि सबैलाई एकैठाउँमा समेटी पुस्तक समीक्षा प्रविधि तथा कृति सर्वेक्षण पद्धतिलाई अङ्गीकार गरी 'नगरसभाको पाँचौं दिन' लघुकथा संग्रहको अध्ययन तथा विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छः

१) पहिलो परिच्छेद : शोध परिचय

२) दोस्रो परिच्छेद : गोरख बहादुर सिंहको रचनाधर्मिता

३) तेस्रो परिच्छेदः लघुकथाको सैद्धान्तिक स्वरूप

४) तेस्रो परिच्छेदः **नगर सभाको पाँचौं दिन** लघुकथा सङ्ग्रहको अध्ययन

५) चौथो परिच्छेदः उपसंहार

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# परिच्छेद दुई

## गोरखबहादुर सिंहको रचनाधर्मिता

### २.१ जन्म, बाल्यकाल र मृत्यु

गोरखबहादुर सिंह जन्म वि.सं. २००८ साल फागुन १० गते (सन् १९५२ फेबुवरी २६) बिहिबार राप्ती अञ्चल प्युठान जिल्ला लुङ गा. वि.स. वडा नं. ४ टाकुरामा भएको थियो । उनको पिताको नाम ईश्वरबहादुर र माताको नाम चेतकुमारी हो । उनको न्वारानको नाम बुद्धिराम हो । ईश्वरबहादुरका दुई पत्नीमध्ये जेठी पत्नीबाट जन्मेका ३ छोरा वीरबहादुर, गोरखबहादुर र पवनकुमार हुन् भने छोरी विष्णु, ज्ञान र रेशमा हुन् । 'हुने विरुवाको चिल्लो पात' भनेझैँ सिंहको बाल्यकाल अत्यन्त सक्रिय थियो । १२ वर्षकै अवस्थामा मातृवियोगको वेदना खप्नु परेका सिंह अत्यन्त लगनशील र धैर्यवान् व्यक्ति थिए । अत्यन्त लगनशील र धैर्यवान सिंहको मृत्यु वि.सं. २०६९ साल असार २३ गते काठमाडौंको त्रि.वि. शिक्षण अस्पतालमा हुन गयो ।

### २.२ पारिवारिक पृष्ठभूमि तथा बाल्यकाल

गोरखबहादुर सिंह सानै उमेरदेखि अन्तर्मुखी स्वभावका थिए । ठुलो परिवार र दुई गुँडका लगभग समान उमेरका दाजुभाइ तथा दिदी बहिनीहरूको अप्रत्यक्ष प्रभाव यिनमा परेको देखिन्छ । गोरखबहादुर सिंहको बाल्यकालीन समयावधि आफ्नै घरमा मातापिता एवम् दाजुभाइ, दिदीबहिनीहरूसँग बितेको देखिन्छ । सिंह १२ वर्षको हुँदा वि.सं. २०२० सालमा उनकी आमाको मृत्यु भएको थियो । तसर्थ सिंहले बाल्यावस्थामै मातृवियोगको असीम पीडा खप्नु परेको थियो । विद्यालयबाट फुर्सद भएको समयमा सिंह साथी भाइसँग जङ्गल तथा नदी नालामा रमाउने गर्दथे । किशोरावस्थामा प्रवेश गरुन्जेल सम्ममा नै सिंहको व्यक्तित्व विकास सक्रिय रूपमा भइ सकेको देखिन्छ । विद्यालय अध्ययनकै क्रममा सिंहले सुरुचिपूर्ण तवरले आफ्नो दायिŒव निर्वाह गरेका थिए । तसर्थ सिंहको पारिवारिक वातावरण राम्रो थियो भने उनको बाल्यकाल अत्यन्त सुमधुर, सक्रिय एवम् प्रभावशाली रहेको देखिन्छ ।

## २.३ शिक्षादीक्षा

वि.सं. २०१२ सालमा सिंहका बुवाले लुङस्थित धर्मोदय प्रा.वि.मा गोरखबहादुर सिंहलाई भर्ना गरिदिएका थिए । तसर्थ उनको अक्षरारम्भ वि.सं. २०१२ सालमा ४ वर्षको उमेरमा भयो । दाजु वीरबहादुरले पाञ्चायन मिडिल स्कुल गुल्मीमा अध्यापन गर्ने भएकाले उनी त्यसै विद्यालयमा कक्षा ७ मा भर्ना हुन वि.सं. २०१८ सालमा १० वर्षको उमेरमा गुल्मी पुगे । वि.सं. २०२० सालमा १२ वर्षको उमेरमा जनता मा. वि. बाग्लुङमा कक्षा ८ मा भर्ना हुन पुगे सोही विद्यालयबाट वि.सं. २०२२ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरे । वि.सं. २०२४ सालमा १६ वर्षको उमेरमा बनारसको सनातन धर्म इन्टर कलेजबाट प्राइवेट विद्यार्थीका रूपमा मूल विषय अङ्ग्रेजी लिई सो तह पूरा गरे सिंहले मूलविषय अङ्ग्रेजी नै लिई वि.सं. २०२९ -२०३१ सालमा त्रि.वि. कीर्तिपुरबाट बी.एड. तह पूरा गरे भने वि.सं. २०३२ सालमा त्रि.वि. बाट नै प्राइभेट विद्यार्थीका रूपमा स्नातक (बी.ए) तह समेत पुरा गरेको पाइन्छ । एवम् रीतले सिंहले जनप्रशासन क्याम्पस त्रिपुरेश्वरबाट वि.सं. २०४५ सालमा एम.एड तह पूरा गरे । त्यसैगरी सिंहले काठमाडौं विश्वविद्यालय हासिमोतो छात्रवृत्ति (जापान) मा वि.सं. २०५७-२०५९ वर्षको समूहबाट एम्. फिल. तह पूरा गरेका छन् ।

## २.४ दाम्पत्य जीवन र आर्थिक स्थिति

गोरखबहादुर सिंहको व्रतवन्ध वि.सं. २०३१ सालको माघमा भएको थियो । सिंह व्रतबन्धसँगै वैवाहिक जीवनमा बाँधिएका थिए । सिंहको रोल्पा जिल्ला गजुल गा.वि.स. निवासी चन्द्रकान्त सुवेदी र पम्फा सुवेदी छोरी शारदा सुवेदीसँग विवाह भएको थियो । श्रीमती सिंहबाट वि.सं. २०३४ सालमा छोरा असीम, २०३५ मा अमित तथा २०३९ मा छोरी दीप्ति जन्म भएको थियो । गोरखबहादुर सिंहको आर्थिक स्थिति उच्च मध्यम खालको छ । उनको पुर्ख्यौली थलो पहाडी भूभाग भए पनि पिताको समयदेखि नै आय आर्जनको स्रोत दरिलो थियो ।

## २.५ गोरखबहादुर सिंहको व्यक्तित्वः

गोरखबहादुर सिंहको व्यक्तित्व विभिन्न तवरले छरिएको छ । सिंहका समग्र साहित्यिक एवम् गैरसाहित्यिक योगदानलाई छुट्टाछुट्टै अध्ययन गर्दा बढी वैज्ञानिक, वस्तुनिष्ठ तथा अध्ययनका निम्ति सान्दर्भिक ठहर्छ ।

गोरखबहादुर सिंह नेपाली साहित्यको सम सामायिक युग (२०३० पछि) का प्रतिभाशाली साहित्य सर्जक हुन् । सिंहको साहित्यिक व्यक्तित्वलाई वयस्क साहित्यकार र लघुकथाकार गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ ।

## २.६ लघुकथाकार व्यक्तित्वः

लघुकथाकार गोरखबहादुर सिंहको साधनाको औपचारिक थालनी वि.सं. २०२९ असोजको सुस्केरा पत्रिकामा प्रकाशित 'कालेका गीतहरू' शीर्षक कथाबाट भएको देखिन्छ । कथाकार सिंहको साहित्यकार व्यक्तित्वलाई प्रष्ट्याउने मूल विधा भनेको नै कथा हो । त्यस पछिका विभिन्न समयका फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित "भाषणको तयारी" (२०४९) र "आलु प्याज/प्याज आलु" (२०६१) कथासङ्ग्रह साझा प्रकाशनले प्रकाशित गरेको देखिन्छ । "आलु प्याज प्याज आलु" मा १३ कथा र २६ लघुकथा गरी ३९ कथाहरू सङ्कलित छन् । पछिल्लो समयमा सिंहको "नगर सभाको पाँचौ दिन" (२०६५) शीर्षक लघुकथा सङ्ग्रह साझा प्रकाशनले प्रकाशित कथा सङ्गहहरूमा छ्यासमिस प्रकाशित थिए भने केही लघुकथाहरू पत्रपत्रिकामा छरिएका थिए । त्यसैले प्रस्तुत "नगर सभाको पाँचौ दिन" शीर्षक लघुकथा सङ्ग्रह नै सिंहको विशुद्ध लघुकथाहरूको सङ्ग्रहका रूपमा प्रकाशित कृति हो ।

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका गोरख बहादुर सिंहले लघुकथाका फाँटमा आफ्नो छुट्टै अस्तित्व स्थापना गरेका छन् । लगभग ६ दशक लामो जीवनावधिको लगभग आधा वा तिन दशक भन्दा बढी समय साहित्य सिर्जनामा नै बिताएका सिंह नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । अन्याय, अत्याचार एवम् विकृति र विसङ्गति विरुद्ध कलम चलाउने सिंहको नेपाली साहित्यको लघुकथाका क्षेत्रमा विशिष्ट स्थान रहेको छ । उनले लेखेको लघुकथाहरूको संकलन नगर सभाको पाचौं दिन को भाव प्रौढ र परिपक्व छ । सरलता, सहजता, संक्षिप्तता, चित्रात्मकता एवम् नवीन कलात्मक शैली यिनका लघुकथाका

मूलभूत विशेषता हुन् । उनी साहित्यिक व्यक्तित्वको बहुमुखी भएकाले यहाँ नगरसभाको पाचौँ दिन लघुकथा संग्रहलाई मात्रै ध्यान दिएर उनको लघुकारितालाई नियालिन्छ । प्रस्तुत संग्रहमा कथाकार सिंहले हाम्रो नेपाली समाजमा विद्यमान विकृति, विसङ्गति तथा विद्रूपतालाई छिद्रात्वेषण गरी कलात्मक ढङ्गले सटीक रूपमा प्रहार गरेका छन् । उनका सबै लघुकथाहरू कल्पनामा भन्दा बढी यथार्थ जीवन भोगाइमा आधारित छन् ।

सिंहका लघुकथाहरूले बौद्धिक एवम् चिन्तनशील पाठकहरूको अपेक्षा राख्दछन् । कथा प्रारम्भमा पढ्दा हास्यात्मक मात्रै छन् अनि पछिल्लो पटक बुझ्दा भने व्यङ्ग्यात्मक छन् । सामान्य भन्दा सामान्य विषवस्तु माथि गम्भीर दृष्टि दर्शन दिने क्षमता सिंहमा पाइन्छ । सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक आर्थिक, सांस्कृतिक, धार्मिक आर्थिक आदि विविध क्षेत्रमा व्याप्त विसङ्गति र विकृति प्रति तीव्र व्यङ्ग्य प्रहार गर्दै स्वच्छ स्वस्थ र समुलत एवम् न्यायपरक समतामूलक समाज निर्माणको ध्येय नै कथाकारले दिन चाहेको मुख्य सन्देश हो । शैलीशिल्प तथा कलापक्षका दृष्टिले पनि कथाकार सफल छन् । छोटो कथावस्तुलाई तीब्रता एवम् जीवन्तता प्रदान गर्नका लागि पात्रानुकूल सान्दर्भिक संवादहरूको प्रयोग कथाका सुरुमै गरेको पाइन्छ भने समस्यामूलक विषयको आलोचनात्मक टिप्पणीका साथ कथाको समापन गरेको पाइन्छ ।

समयको व्यस्ततासँगै अख्यान सहित्यमा लघुकथाप्रतिको लोकप्रियता बढ्दै गइरहेको सन्दर्भमा आएको सिंहको 'नगर सभाको पाचौं दिन' लघुकथासंग्रह यस विधाको एउटा उत्कृष्ट नमुना हो । ६३ ओटा लघुकथा सङ्गृहीत प्रस्तुत संग्रहले समकालीन विश्व परिस्थितिले जन्माएका यथार्थ भोग्ने नेपाली जनजीवनलाई प्रस्तुत गरेको छ । विषय र प्रस्तुतिले विसङ्गति माथि तीब्र व्यङ्ग्य प्रहार गर्दै नेपाली समाज र यसका सांस्कृतिक पक्षलाई अभिरेखाङ्कन गर्ने यस संग्रहका कथाहरूले सामाजिक पृष्ठभूमिमा टेकेर यथार्थको पोषण पाएका छन्, त्यसैले यसमा संकलित कथाहरूलाई सामाजिक यथार्थवादी भन्न सकिन्छ ।

## २.७ सम्मान तथा पुरस्कार

गोरखबहादुर सिंहले विद्यालय अध्ययन सँगसँगै विभिन्न समयमा विद्यालयका प्रतियोगितात्मक कार्यक्रमहरूमा सक्रियरूपमा भाग लिन्थे । यसक्रममा एकातिर विभिन्न तहका कक्षागत मूल्याङ्कन परीक्षामा उच्च अङ्क हासिल गरेर पुरस्कार प्राप्त गर्दथे भने अर्कातिर विद्यालय स्तरीय आन्तरिक तथा बाह्य कार्यक्रम र साहित्यिक प्रतियोगितमा

सहभागी भएर पुरस्कृत हुन्थे । सिंहको साहित्यिक यात्रा विशेषतः यसै समयावधिदेखि अनौपचारिक रूपमा सुरु भएको हो ।

साहित्यिक यात्राको औपचारिक थालनी भएको समय वि.सं. २०२९ तिर आफूले लेखेको ‘कालेका गीतहरू’ नामक कथा ‘सुस्केरा’ साहित्यिक पत्रिकामा प्रकाशित भएपछि बनारसबाट चर्चित साहित्यकार मोदनाथ प्रश्रितको बधाई एवम् शुभकामना सन्देश प्राप्त हुँदा गोरखबहादुर सिंहले साहित्य रचनामा अझ बढी हौसला प्राप्त गरी सक्रियता देखाउन थाले । सिंहले प्राप्त गरेका मुख्य सम्मान तथा पुरस्कार निम्न रहेका छन् ।[१] :

१. शिक्षा शास्त्र अध्ययन संस्थान, कीर्तिपुरले आयोजना गरेको ‘उपत्यकाव्यापी अन्तर कलेज साहित्यिक प्रतियोगिता’ (२०२८) मा प्रथम पुरस्कार ।

२. नेपाल कम्युनिष्ट पार्टी, मार्क्सवादी लेलिनवादी, प्युठान-काठमाडौं सर्म्पक मञ्चद्वारा साहित्य सेवाका निम्ति अभिनन्दन पत्र (२०४९) ।

३. असहाय मिलन केन्द्र, काठमाडौंद्वारा नागरिक अभिनन्दन तथा सम्मानपत्र (२०६०) ।

४. द रेयुकाइ नेपालले आयोजना गरेको चौथो राष्ट्रव्यापी खुल्ला लघुकथा प्रतियोगितामा निर्णायक रही महत्वपूर्ण भूमिका निर्वाह गरेकाले-प्रशंसापत्र (२०६१) आदि ।

## २.८ निष्कर्ष

गोरखबहादुर सिंहले प्युठानको सामान्य गाउँमा जन्मेर त्यहीँको विद्यालयबाट शिक्षारम्भ गरेका हुन् भने उनले उच्च तहसम्मको शिक्षा प्राप्त गरेका छन् । सिंहले नेपाली साहित्यका विभिन्न विधामा सशक्त रूपमा कलम चलाएका छन् भने साहित्यिक क्षेत्रमा अग्रता हासिल गरेका छन् । सानो तथा शिक्षित परिवारको निर्माण गर्ने सिंह निजामती क्षेत्रको माध्यमिक विद्यालय निरीक्षकदेखि उच्च माध्यमिक शिक्षा परिषद्को नियन्त्रकसम्म भएर राष्ट्रसेवा गरेका छन् । सिंह अत्यन्त परिश्रमी, लगनशील र इमान्दार राष्ट्रसेवी व्यक्तित्वका रूपमा उपस्थित छन् ।

---

[१] शोधनायकबाट प्राप्त जानकारी अनुसार ।

सिंहको पारिवारिक दाम्पत्य जीवन सुखमय छ भने आर्थिक स्थिति पनि समस्यामूलक देखिँदैन । यिनको अनौपचारिक साहित्य यात्राको थालनी विद्यालय अध्ययन सँगसँगै भए तापनि पहिलो रचना जिल्ला पञ्चायन बाग्लुङको 'कोसेली' मा प्रकाशित वि.सं. २०२०-२१ तिरबाट भएको थियो । सचेत रूपमा सिंहले लेखेको र हाल उपलब्ध पहिला साहित्यिक रचना वि.सं. २०२८ असोजको 'बालक' पत्रिकामा प्रकाशित दुई लघुकथा 'विचित्र विचार' र 'दुईटा बैगुन' हुन् ।

गोरखबहादुर सिंहको ५ दशक लामो जीवनावधिमा लगभग साढे तीन दशक अवधि साहित्य सिर्जनाको रहेको छ । जीवनका विविध उकाली ओराली पार गर्दै अघि बढेका सिंहको अर्को सशक्त पाटो सुरुमा शिक्षक र पछि निजामती सेवा अटुटरूपमा रहेको छ । उनले एक दर्जनभन्दा बढी साहित्यिक एवम् बालसाहित्यिक कृति प्रकाशन गरेका छन् ।

सिंह नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । अन्याय अतयाचार एवम् विकृति, विसङ्गतिविरुद्ध आफ्नो कलम चलाउने सिंहको नेपाली साहित्यका क्षेत्रमा विशिष्ट स्थान रहेको छ । सिंहका समग्र रचनाहरूको भाव प्रौढ र परिपक्व रहेको छ । सरलता, सहजता, सङ्क्षिप्तता, चित्रात्मकता एवम् नवीन कलात्मक शैली यिनका समग्र साहित्यिक रचनाका मूलभूत विशेषता हुन् । मूलतः कथा र त्यसमा पनि लघुकथा बढी मनपर्ने सिंहको साहित्यिक साधनाको प्रमुख क्षेत्र लघुकथा नै हो । विविध विषयवस्तुलाई अवलम्बन गरी रचना गरिएका सिंहका लघुकथाले सबैलाई सहजै आकर्षित गर्दछन् । मुख्यतः फुर्सदको समयमा लघुकथा सिर्जना गर्ने सिंहले बाल्यावस्थामै मातृवियोगको असीम पीडा खप्नु परेको थियो भने त्यससँगै उनमा अन्तर्मुखी स्वभाव जागृत भएको थियो । मातृवियोगको पीडालाई यिनले साहित्य सिर्जना गरी बिर्सन खोजेका थिए । सिंहको जीवनका विविध पाटा साहित्यकार, सम्पादक, अनुवादक, समाजसेवी आदि विभिन्न रहेका छन् ।

# परिच्छेद - तेस्रो

# लघुकथाको सैद्धान्तिक स्वरूप

## ३.१ लघुकथाको अर्थ र परिभाषा

नेपाली भाषा र साहित्यमा लेखिने गरिएका लघुकथा अङ्ग्रेजी भाषामा प्रचलित Short Story को समानान्तर अर्थमा प्रयोग नभएर Short–Short Story को समानान्तर अर्थमा प्रयोग भएको छ । कतिपय चिन्तकहरू Ministry, Micro story/Shortest Story को रूपमा लघुकथालाई चिनाउने गर्दछन् । गद्यसाहित्य अन्तर्गत पर्ने आख्यान विधाको एक स्वतन्त्र उपविधागत भेदको रूपमा लघुकथाको लेखन अगाडि बढेको छ । पाश्चात्य साहित्यमा Modern Short Story ले विधागत मान्यता प्राप्त गसिकेपछि स्पष्टतः देखापरेको लघुकथा अर्थात Short story or ministry को अवधारणा उक्त पश्चिमेली आधुनिक कथा सिद्धान्तकै उपज हो ।

आधुनिक सन्दर्भमा चित्रकारी कलाको क्षेत्रमा देखापरेको मिनिएचर (Miniature) को प्रभाव भाषा साहित्यको क्षेत्रमा पनि परेको कारण आख्यान साहित्यमा पर्ने लघुकथा मिनिएचरकै प्रभाव स्वरूप देखापरेको नवीन संरचना हो ।

साहित्यका मुख्य चार भेद अर्थात् विधाहरू कविता, आख्यान, नाटक र निबन्धमध्ये आख्यान एउटा हो । यस विधाको पनि उपविधाको रूपमा स्थापित भइसकेका कथा र उपन्यास छन् । तर यी दुई उपविधाहरू भन्दा पर लघुकथा, आख्यानको न्यूनतम आयाम भएको स्वतन्त्र विधाको रूपमा देखा परेको छ । हुन त राजेन्द्र सुवेदी -"लघुकथा शब्द नेपाली साहित्यका सन्दर्भमा कथा विधाको एक प्रविधा हो"[२] भनेर कथाजतिन स्वतन्त्र विधागत रचनाको रूपमा चिनाउँदछन् । वास्तवमा भन्ने हो भने सापेक्षित रूपमा, आख्यान विधामा उपन्यास वृहत आयाम बोकेको रूप हो जसभित्र जीवन र जगतको सकल पक्षहरू कथा, उपकथाको रूपमा अटाउने गर्दछन्, कथा लघु आयाम बोकेको रूप हो । यसभित्र जीवन र जगत्को एक पाटो पक्षको प्रभावकारी चित्रण हुन्छ । यसको मझौला आयाम हुन्छ । खण्डकथाहरू यसमा समाहित हुन्छन् भने लघुकथा लघुतम आयाममा संरचित रचना

---

[२] राजेन्द्र सुवेदी, "लघुकथाको परिचय विकास र वर्तमान परिप्रेक्ष्यमा लघुकथाको महत्व", अप्र. कार्यपत्र: (२०५३), पृ. १ ।

हो । जसमा जीवन र जगत्को निश्चित क्षण विशेषमा घटेका साना घटनाहरूको उद्धीप्त खिस्सा, कथालिका र परिकथा जस्ता सीमित कथानक छोटो समय र परिवेशमा भनिसकिने रोचक कथाहरूको शिष्ट र प्रशोधित रूप लघुकथा हो । यसरी लघुकथा आख्यान विधाको लघुतम आयाममा संरचित रचना भएपनि कथाको सन्निकट लघुकथा रहेको धारणा[३] मोहनराज शर्माको छ जुन धेरै उपयुक्त धारणा हुन जान्छ ।

साहित्यका अन्य रचनाहरू जस्तै सक्षम र स्वतन्त्र गद्य रचना हो लघुकथा । संरचनात्मक आकारका दृष्टिले लघुतम काम भएपनि जीवन र जगत्को निश्चित क्षण विशेषको सारगर्भित चित्रण गर्ने अन्तर्निहित क्षमता यस विधामा रहेको हुन्छ । लघुकथा आख्यान विधाको नवीनतम उपविधा भएपनि अन्य विधागत स्वायत्तता प्राप्त गरिसकेको रचनाहरूले जस्तै जीवन र जगत्मा विविध क्षेत्रमा घट्न सक्ने स्थूल र सूक्ष्म विषय तथा घटनाहरूलाई निर्वाध रूपमा आफ्नो लघुकायभित्र समाविष्ट गरी जीवन्त अभिव्यक्ति दिन सक्दछ । उपन्यासको सानो रूप कथा नभए झैँ कथाको संक्षिप्त रचना लघुकथा होइन । यो आफैमा पूर्ण र मौलिक पहिचानले युक्त लघुतम आख्यानात्मक संरचना हो । प्रस्तुतिगत नवीनता लिएर लघुकथाकै एक स्वरूपको रूपमा सूत्रकथा पनि देखापरेको छ । सूत्रकथामा एउटा लघुकथाको शीर्षकभित्र अनेक लघुकथाहरू उनिएर आएका हुन्छन् । लघुकथा भने एक्लै स्वतन्त्र रूपमा आएको हुन्छ । लामो समय दिएर साहित्य आस्वादन गर्न नभ्याउने मानिसको व्यस्तताको यस्तो अवधिमा समयसापेक्ष रूपमा थोरै भन्दा थोरै शब्दको चयनबाट धेरे भन्दा धेरै प्रभावकारी गम्भीर र सारगर्भित अभिव्यक्ति प्रदान गर्न सक्ने लघुकथा विधाको सैद्धान्तिक मानदण्ड तयार पार्ने क्रममा केही समीक्षक तथा स्वयम् स्रष्टाहरूबाट समेत यसलाई परिभाषित गर्नुका साथै आ-आफ्ना धारणा वा प्रतिक्रिया व्यक्त गरेका छन् । जसमध्ये नेपालीमा प्रयुक्त मुख्य परिभाषाहरू यसप्रकार छन्-

"लघुकथा आधुनिक कथा तत्वले पूर्ण भएका स-साना कथा, छोटा कथा"[४]

---

३ मोहनराज शर्मा, "नेपाली लघुकथाको सिद्धान्त र विश्लेषण" समकालीन साहित्य, पूर्णाङ्क ४६:२०५९ साउन-असोज पृ.१ ।

४ बालकृष्ण पोखरेल र अरु, सम्पा "नेपाली बृहत शब्दकोश", चौ सं., (काठमाडौँ, ने.रा.प्र.प्र. २०५५) पृ. ११५९

"कुनै तथ्य, दृश्य घटना वा समस्यालाई खिरिलोसित थोरै शब्दमा प्रस्तुत गरिएको रचना नै छोटो कथा हो । यसैलाई लघुकथा पनि भन्दछौँ" ।[५]

लघुकथा न्यूनतम आख्यान भएको लघुकथा संरचना हो यसको प्रस्तुति तीव्र र अजटिल हुने हुँदा यो अतिपठनीय र रोचक हुन्छ । सफलता र एकोन्मुखताका कारण यो प्रभान्वितिले भरिपूर्ण हुन्छ ।[६]

लघुकथा शब्द नेपाली कथा साहित्यका सन्दर्भमा प्रयुक्त कथा विधाको एक प्रविधा हो । अङ्ग्रेजीको कथालाई इङ्गित गर्ने सर्ट स्टोरी हिन्दी साहित्यको कहानीभन्दा पनि लघुकथाको आख्यानात्मक विशेषतामा आधारित कथाविधालाई नेपालीमा लघुकथा भन्नु उपयुक्त देखिन्छ ।"[७]

आकारगत लघुता मात्र लघुकथाको तात्विक पहिचान होइन मुख्य कुरो त यसमा क्षणभरमै विचार वा भावको प्रभावकारी विष्फोटन हुन सक्ने भित्री अणुसामर्थ्य हुनपर्दछ ।[८]

लघुकथाको वस्तुविन्यास सरल रेखा जस्तै सोझो हुन्छ । त्यसकारण कथावस्तुको विस्तृतितिरको यात्रा लघुकथाको निमित्त निष्प्रयोजन हुन्छ । वस्तुगतता नै लघुकथाको आन्तरिक स्वरूप भएको हुँदा यो जतिसुकै छोटो भएपनि स्वयम् पूर्ण हुन्छ ।[९]

लघुकथा जीवन आकाशलाई हेर्ने दूरवीन हो ।[१०]

कुनै पनि सामान्य घटना वा मन छुने घटनालाई एउटा मौलिक वा नयाँ दृष्टिकोण दिएर पाठकलाई च्वास्स बिझ्ने सोच्न वाध्य तुल्याउने वा नयाँ विचार दिनेगरी लेख्ने वा सुनाउने विधालाई लघुकथा भनिन्छ ।[११]

---

५ कृष्ण, गौतम, "हस्ताक्षर माथि हस्ताक्षर," **हस्ताक्षर** ले, आमोददेव भट्टराई, (काठमाडौँ, कटुञ्जे प्रेस, २०४७), पृ. ७ ।

६ मोहनराज शर्मा, "लघुकथाः लघुतम आख्यान," **मधुपर्क,** (पूर्णाङ्क ३६ (२०५६, भदौ), पृ. २६ ।

७ राजेन्द्र सुवेदी, पूर्ववत् पृ. १ ।

८ दयाराम श्रेष्ठ, "नेपाली लघुकथाको ऐतिहासिक पृष्ठभूमि तथा स्वरूप" **मधुपर्क,** (पूर्णाङ्क ३६२, २०५६ भदौ), पृ. १३ ।

९ लक्ष्मणप्रसाद गौतम, "लघुकथाको स्वरूप संरचना, र तत्व" **मधुपर्क,** (पूर्णाङ्क ३६२ २०५५ भदौ), पृ. ६१ ।

१० मनु व्राजाकी, "तेस्रो आँखाको दर्पणमा नियाल्दा" **तेस्रो आँखा,** ले. रवीन्द्र समीर, (काठमाडौँः इन्द्रणी अफसेट २०५३), पृ. क ।

११ विनय कुमार कसजू **विचार मञ्च मधुपर्क,** पूर्ववत्, पृ. ९३ ।

संक्षिप्त, सरल, सुरुचिपूर्ण, प्रहारक एवम् सम्प्रेषक कथात्मक अभिव्यक्ति नै लघुकथा हो ।[१२]

लघुकथा भनेको सानो आयातन भएको आफै पूर्ण त्यो कथा हो, जुन विनाभूमिका सुरु हुन्छ र व्यङ्ग्यात्मक तथा चमत्कारपूर्ण प्रभावसहित टुङ्गिन्छ ।[१३]

सूत्रात्मक रूपको सङ्केतात्मक सन्देश दिने आख्यान साहित्यको एउटा नवीनतम् उपविधा नै लघुकथा हो ।[१४]

लघुकथा आख्यानको लघुतम एकाइ हो तर तीव्र प्रस्तुतिका कारण आख्यानको झिल्कोमा नै यसले विषयवस्तुको गह्रौं भारी एक झट्कामा उचालि दिन्छ ।[१५]

नेपालीका स्रष्टा तथा द्रष्टाहरूले लघुकथा सम्बन्धी दिएका उपयुक्त परिभाषाहरूलाई विश्लेषण गर्दा "नेपाली वृहत शब्दकोश"ले आधुनिक कथामा प्रयुक्त हुने कथातत्वहरू लघुकथामा हुने धारणा व्यक्त गर्दछ त वरिष्ठ समालोचक कृष्ण गौतम, विभिन्न तथ्य, घट्ना वा समस्यालाई खिरिलोसित थोरै शब्दमा प्रस्तुत गरिएको रचना नै छोटो कथा हो भनेर यसको प्रभावपूर्ण खाँदिलो र संक्षिप्त रचनामा हुनुपर्ने कुरामा जोड दिन्छन् भने प्रख्यात लेखक तथा समालोचक मोहनराज शर्माले एकोन्मुख प्रभान्वितिले युक्त, न्यूनतम आख्यान भएको रोचक लघु गद्य संरचना लघुकथा हो भनेर यसको संक्षिप्तता, तीव्रता र एकल प्रभावकारितामा जोड दिएका छन् । स्रष्टा तथा समालोचक राजेन्द्र सुवेदीले लघुकथालाई आख्यानयुक्त कथाजनित स्वतन्त्र प्रविधाको रूपमा चिनाएका छन् । आयामिक लघुतामात्र लघुकथाको तात्विक पहिचान होइन भन्दै पाठकमा भाव तथा विचारले क्षणभरमै उद्रेक गराउने आन्तरिक शक्ति अर्थात् अणुसामर्थ्य लघुकथामा हुनुपर्ने धारणा प्रवुद्ध समालोचक तथा प्राध्यापक दयाराम श्रेष्ठको छ । श्रेष्ठले संरचनात्मक पक्षलाई भन्दा लघुकथाले आगेटने समयको सीमितता र त्यसको प्रभाव पार्ने आन्तरिक क्षमतालाई जोड दिएका छन् । वस्तुतगतता नै लघुकथाको आन्तरिक स्वरूप हुनु पर्ने बताउँदै लक्ष्मण गौतमले यसको कथानक ढाँचा सरल र छोटो भएपनि स्वयम्मा पूर्ण संरचना हुन्छ भन्ने धारणा राख्दछन् ।

---

[१२] रवीन्द्र समीर, **तेस्रो आँखा**मा लघुकथा सग्रह, काठमाडौंः इन्द्रणी अफसेट, २०५३, पृ. ङ ।

[१३] निमेष निखिल, "लघुकथा लेखन" **प्रसून,** (वर्ष २ः संयुत्ताङ्क ४ र ५ः २०५९ वैशाख-असोजः पृ. ३ ।

[१४] रामविक्रम थापा, "लघु दृष्टिमा लघुकथा" **मधुपर्क,** पूर्ववत्, पृ. १४२ ।

[१५] शारदा अधिकारी, विषय र प्रस्तुतिको दृष्टिमा आजका लघु लघुतम कथाहरू गुञ्जन, (वर्ष ५ः अङ्क ३ः २०५८ भदौ): पृ. ८३-८४ ।

त्यसैगरी कथाकार मनु ब्राजाकीले लघुकथा जीवनाकाशलाई हेर्ने दूरवीनको रूपमा आरो गर्दै यसको तीव्रता, पूर्णता र सशक्ततामा थप जोड दिए । प्रसिद्ध लघुकथाकार विनय कुमार कसजूको धारणा अनुसार समाजमा प्रकीर्णवस्थामा रहेका सामान्य तथा मर्मस्पर्शी घटनालाई नयाँ मौलिक चिन्तनमा उनेर गम्भीर रूपमा पाठकलाई प्रभाव पार्ने अभीष्टता लघुकथाको हुन्छ भनेर यसको नवीनता मौलिक र गूढ अभिव्यक्तिमा महत्व दिएका छन् र युवा लघुकथाकार रवीन्द्र समीर र समीक्षकहरू निमेष निखिल, राम विक्रम थापा र शारदा अधिकारीले पनि लघुकथा आख्यान साहित्यको संक्षिप्त, सरल सम्प्रेषक, सङ्केतात्मक सुरुचिपूर्ण, प्राहारक एवम् अप्रत्याशित रूपले उठान भई अन्त्योत्कर्षमा टुङ्गिने आफैमा पूर्ण लघुतम एकाइ तथा नवीनतम उपविधाको रूपमा लिएका छन् ।

हिन्दी साहित्यमा लघुकथालाई यसरी परिभाषित गरिएको छ :-

'आदर्श लघुकथा त्यही हो, जो कथाको कथानक नबनोस्' ।[१६]

लघुकथा र कथा कहानीमा तात्विक दृष्टिले कुनै अन्तर देखा पर्दैन । व्यावहारिक दृष्टिले लघुकथाको छोटो रूप Short short story सँग आफ्नो तात्पर्य राख्दछ तर लघुकथालाई लामो कथाको सारांश भन्नु भ्रमोत्पादक हुन्छ । आधुनिक कथाको सन्दर्भमा लघुकथाको आफ्नै स्वतन्त्र महत्व एवम् अस्तित्व छ । यी लघुकथाहरू गद्य गीत या रेखाचित्रको शिल्पसित नजिकको सम्बन्ध राखेको देखिन्छ ।[१७]

वास्तविक र सफल लघुकथा त्यही हुन्छ जसलाई प्रयत्न गरेर पनि अरु विस्तार दिन नसकियोस् ।[१८]

लघुकथा समबन्धी माथि उल्लेखित हिन्दी विद्वान्हरूका परिभाषाहरूलाई विश्लेषण गर्दा विष्णु प्रभाकर र नरेन्द्र कोहलीको धारणा अनुसार आदर्श वा सफल लघुकथाको छुट्टै अर्थात् स्वनिष्ठित कथानक र सीमित आयामिक संरचना हुनुपर्ने कुरामा जोड दिएका छन् भने कथा वा कहानीको जस्तै तात्विक/सैद्धान्तिक रूपमा लघुकथाको सभ्यता देखापरे तापनि व्यावहारिक दृष्टिमा यसको कथा साहित्यमा, आधुनिक सन्दर्भमा आफ्नै खालको मौलिक,

---

१६ विष्णु प्रभाकर, "आपकी कृपा है", **लघुकथासङ्ग्रह,** दिल्लीः दिशाप्रकाशन, १९८२ ।

१७ लक्ष्मिनारायण लाल, **हिन्दी साहित्यकोश - भाग १,** (वाराणसीः ज्ञानमण्डल लिमिटेड, वि.सं. २०२०), पृ. ७४०-७४१ ।

१८ नरेन्द्र कोहली, सारांश, (अङ्क २: २०५८ वैशाख), पृ. ८ ।

स्वतन्त्रता महत्व र अस्तित्व बोकेको सर्ट स्टोरी (Short Short Story) सित समान अर्थमा प्रयोग हुन्छ र यो कुनै कथादिको सारांश रूप पनि होइन भन्दै गद्य गीत र रेखाचित्रको शिल्पसित नजिकको सम्बन्ध राखेको देखिन्छ भन्ने धारणा हिन्दी साहित्यका समालोचक लक्ष्मीनारायण लालको छ ।

अङ्ग्रेजी साहित्यका चिन्तकहरू लघुकथालाई यसरी परिभाषित गर्दछन् ।

हल्का तरिकाले विस्तारै गरिएको करिव पाँचसय शब्द भित्रको जटिल कथात्मक संरचना नै लघुकथा हो ।[१९]

छोटो छोटो कथा (लघुकथा) पनि कथा नै हो, जसको संरचनात्मक आयाम बढीमा पन्ध्रसय शब्द सम्म विस्तार हुन्छ ।[२०]

सबै आख्यान तत्वहरू जस्तो त्यसको सफलतामा निर्भर रहोस नकि त्यसको (लघुकथा) को लम्बाइमा बरु गहिराइ, दृष्टिकोणको स्पष्टता, मानवीय अर्थ पूर्णता रहोस्, जुन पढेर पाठक आफ्नो वास्तविक जीवनको यथार्थ वस्तुलाई चिन्न सकोस् ।[२१]

लघुकथा सामान्य प्रकारको कथा भन्दा भिन्न हुन्छ । यो यति डरलाग्दो गरी छोट्टयाइएको हुन्छ । कि लगभग एउटा गीति कविता जस्तै प्रकाशको झिल्का जस्तै प्रष्फुटित/विष्फोटित हुन्छ । यसले घटनाहरूलाई निराकण गर्दै आफूलाई एउटैमा सीमावद्ध गर्दछ र प्रतीकात्मक मूल्य हासिल गर्दछ ।[२२]

उल्लेखित अङ्ग्रेजी चिन्तकहरूले लघुकथा सम्बन्धी व्यक्त गरेका परिभाषाहरूको विश्लेषण गर्दा एम.एच. अव्राहम, जे.ए. सिम्सन तथा ए.एस्सी, विनर, सिमन ब्लडी र स्टेभ मोसले लघुकथालाई कथासाहित्यकै जस्तै सशक्त संरचना भएको एक प्रकारको रूपमा ग्रहण गर्दै, शब्दगत सीमाङ्कनलाई बढी आधार मानी त्यसको संरचनात्मक आयाम वा आकारलाई विशेष जोड दिएका छन् भने एक मिनटका कथालाई लघुकथा भनिन्छ भनी समयको

---

१९ M.H. Abrams. A Glossary of literary term, 7th Ed., (New Delhi, Asia PTE Ltd. Harcaurt Collage Publishers, 2000), Page 287.

२० J.A. Simpson and E.S.C. Winner (Prep.) **The oxford English Dictionary,** Second Ed. (Vol. XV. Oxford University Press, 1991), Page 325.

२१ जेम्सथोमस, सारांश, (अङ्क २, २०५८, वैशाख) पृ. ८

२२ Irving howe **short stories:** 5th print, New York, Santam Books, 1998, Preface.

सीमालाई केन्द्र मानेर सिमन ब्लडीले लघुकथालाई चिनाएका छन् तर अर्का विद्वान् जेम्स थोमसले भने लघुकथाको आयामिक विस्तारलाई भन्दा त्यसले चित्रण गर्ने जीवन र जगत्को यथार्थमा/वस्तुगतताको गहिराइको विषय हुनुपर्ने धारणा राखेका छन् । तर इर्भिङ हाओले डरलाग्दो गरी छोट्याइएको सामान्य प्रकारको कथा भन्दा भिन्न गीति रचनाझैँ प्रतीकात्मक मूल्य बोकेको भाव तथा विचार तुरुन्त विष्फोटित हुने खालको, एउटै घटनामा आबद्ध कथात्मक रचना लघुकथा हुन्छ भन्ने धारणा राख्दछन् ।

यसरी माथि उल्लेखित नेपाली, हिन्दी र अङ्ग्रेजीका साहित्य चिन्तकहरूद्वारा व्यक्त गरिएका परिभाषाहरूको समग्र मूल्याङ्कन गर्दा लघुकथा भनेको गद्य भाषामा लेखिएको न्यूनतम जीवन र जगत्सँग सम्बद्ध कुनै पनि क्षण विशेषमा घटेको विविध स्थूल वा सूक्ष्म, यथार्थ घटना वा विषयादिहरूलाई टिपेर अत्यन्त सटीक र संक्षिप्त शब्द सरचनामा हृदयस्पर्शी तरिकाले योजनाबद्ध ढङ्गमा व्यक्त गरिएको आख्यानात्मक रचना हो र जसमा रोचक व्यङ्ग्यात्मकता र प्रतीकात्मकताको प्रयोग गरिएको पूर्ण, कलात्मक, गम्भीर र तीव्र अभिव्यक्ति रहेको हुन्छ । यसर्थ आख्यान साहित्यमा लघुकथाको छुट्टै विधागत स्थान रहेको देखिन आउँछ । जसरी पद्य साहित्यमा मुक्तक, फुटकर कविता, गीत र गजलको छ । गद्य साहित्यमा समयसापेक्ष सीमित घटना, स्थान, काल विविध विकृति, विसङ्गति, बिडम्बना आदिको बारेमा उठेका स्वतन्त्र आख्यानात्मक अनुभूतिको तीव्र वाहकको रूपमा लघुकथाको उठान भएको हो ।

## ३.२ लघुकथाको स्वरूप

लघुकथाको स्वरूपलाई उल्लेखित परिभाषाहरूले जनाउन खोजेका लक्षणहरूको आधारमा चिनाई व्याख्या विश्लेषण गरिएको छ जुन निम्नानुसार छन् ।

१. लघुकथा साहित्यको लघु विधा हो । साहित्यसँग यसको सम्बन्ध सिङ्गो साहित्य यस भित्रको आख्यान साहित्य र आख्यान साहित्यको कथा शृङ्खलाको लघुतम भेदमा पर्दछ । लघुकथा एउटा मौलिक पूर्ण पाठ हो । यो मौखिक तथा लिखित दुवै प्रकारको हुन्छ तरपनि एउटा साहित्यिक विधागत अस्तित्वमा आइसकेको कारणले लघुकथाको लिखित पाठ हुन्छ । कुनै पनि भाव, विचार वा सन्देशको तीव्र सम्प्रेषणका निम्ति यसको पाठ सक्षम छ । सापेक्षित रूपमा कथाको तुलनामा लघुकथा भाषाको लघुतम विस्तार भएको पाठ हो ।

यसको संरचना संक्षिप्त हुन्छ जसले गर्दा जटिल हुन्छ तर सहज सम्प्रेषणीयता छिपेको हुँदैन । यो सानो कदको हुन्छ तर स्वयम्मा पूर्ण हुन्छ ।

साहित्यको आख्यान विधाको न्यूनतम भेदको रूपमा रहेको लघुकथाको कथानक (Plot) निश्चित हुन्छ, जसरी यसका सगोत्री स्थापित विधाहरू कथा र उपन्यासको हुन्छ । भनाइको तात्पर्य लघुकथा/छोटोकथाको कथानकबाट कथा र उपन्यासको कथानक बन्न सक्दैन । जीवन र जगत्को चित्रण गर्ने क्रममा लघुकथाले विचरण गर्ने क्षेत्र व्यापक र विस्तृत भएपनि सम्बद्ध क्षेत्रको विषयवस्तु, घटना सीमित, परिबद्ध र निश्चित प्रकारको सुगठित (Compact) हुन्छ ।

२. खासगरी मोटो रूपमा, लघुकथालाई चिनाउने मुख्य अभिलक्षण आकारगत संक्षिप्तता नै हो । तर यो संरचनागत आकारको संक्षिप्तता मात्रै लघुकथाको मूल परिचय भने होइन । दयाराम श्रेष्ठले परिभाषागत रूपमा भनेझैँ आकारगत लघुता मात्र लघुकथाको तात्त्विक पहिचान होइन, मुख्य कुरो त यसमा क्षणभरमै विचार वा भावको प्रभावकारी विष्फोटन हुन सक्ने भित्री अणुसामर्थ्य हुनुपर्दछ ।[२३] कथानकको, पात्रको, परिवेश आदिको संक्षिप्तताका कारण लघुकथाको सिङ्गो संरचनागत पाठ नै संक्षिप्त/लघुतम हुन्छ । यही लघुतम हुन्छ । यही लघुतम विशेषताका कारण यो अन्य सक्रिय कथाहरू भन्दा पृथक छ । यहाँ अर्कोतर्फ संक्षिप्तताको अर्थ अधुरो, अपूर्ण र खिइएको भन्ने नभएर सानो भन्दा सानो तर पूर्णाङ्गिक र यौगिक संरचना हो । "प्रत्येक आख्यान झै लघुकथा पनि एउटा सङकथन हो" ।[२४] किनकि यो लघुकथा अन्य कथाहरू झैँ सुसङ्गगत (Coherent), अर्थपूर्ण (Meaningful), र स्वयम्मा पूर्ण (Whole) हुन्छ । यसको कार्य कुनै सन्देश/विचार सम्प्रेषण पनि सक्षम हुन्छ । सानो भन्दा सानो उपस्थितिबाट सिङ्गो अर्थात् पूर्ण, परिणाममुखी अभिव्यक्ति प्रभावकारी रूपमा दिन सक्ने अन्तर्निहित सूक्ष्म अणु सामर्थ्य र यसमा रहेको हुन्छ ।

लघुकथाको संरचनाको आयामिक संक्षिप्तता कति हुन भन्ने सम्बन्धमा परिभाषा गर्ने विभिन्न चिन्तकहरूको विचारमा एकरूपता देखापर्दैन । कसैले यो पढ्दा लाग्ने समयको आधार लिएर सीक्षप्तताको सीमाङकन गरेका छन् तर कसैले यसले ओगट्ने स्थान तथा शब्दगत् र वाक्यगत् विस्तारलाई आधार मानेका छन् । पाश्चात्य चिन्तक स्टेभ मोस,

---

२३ दयाराम श्रेष्ठ, मधुपर्क, पूर्ववत्, पृ. १३ ।

२४ मोहन राज शर्मा, **समकालीन साहित्य,** पूर्ववत्, पृ. ९ ।

एम.एच. अब्राहम्स, सिम्सन र विनय, सिन ब्लडीले माथि परिभाषामा भने अनुसार न्यूनतम पचपन्न शब्द देखि बढीमा दुई हजारशब्द सम्म लघुकथामा हुने बताउँछन् । हिन्दी साहित्य चिन्तक लक्ष्मीनारायणलाल २५०० शब्द भन्दा कम शब्दको[२५] कहानी लघुकथा हुने बताउँछन् भने नेपाली लघुकथाका स्रष्टा तथा चिन्तक श्री ओम श्रेष्ठले ३०० भन्दा कम शब्द[२६] हुनुपर्नेमा आफ्नो विचार राख्छन् साथै निमेष निखित १५-२० शब्द देखि १५०-२०० शब्द[२७] सम्मको लघुकथा हुने कुरा व्यक्त गर्दछन् ।

समयको सीमाङ्कनलाई आधार मान्नेहरू आर होर्गटले माथि परिभाषामा भनेझैं एक मिनटमा पढिसकिने लघुकथा हुन्छन् भन्छन् भने नेपाली कथाकार मनु ब्राजाकी ५-१० मिनटभित्र[२८] लघुकथा पढि सिध्याइने हुनु पर्दछ भन्दछन् ।

न्युनतम दुई घटनाहरूको आख्यानीकरण भएको एउटा वाक्य[२९] पनि लघुकथा हुने धारणा मोहनराज शर्माको छ ।

जे होस् लघुकथाको संक्षिप्ततालाई यस्तो गणितीय हिसावमा, यति शब्द, यति वाक्य र यति समयभित्र भ्याइने हुनु पर्दछ नभनेर कथात्मक अनुभूतिलाई जतिसक्यो न्यूनतम समयमा पढेर सकिने संक्षिप्त संरचना हुनु श्रेयष्कर हुन्छ । किनभने लघुकथा स्रष्टाको भावनाबाट प्रष्फुटित हुने साहित्यिक रचना भएकोले गणितीय हिसावको सीमाभित्र राख्दा यान्त्रिकताको स्थिति आउँछ जुन साहित्यमा राम्रो मानिँदैन र अर्को कुरा साहित्यमा अनुभूतिको विस्तार र सङ्कुचन गणितीय मापनमा परिबद्ध हुँदैन । तसर्थ लघुकथाको संरचनागत आकार पनि यति संक्षिप्त हुनुपर्दछ र हुन्छ कि जुन पढ्नको लागि पाठकले खास समय छुट्टयाउन आवश्यक पर्दैन । यो अत्यन्त सानो हुनेभएकोले नतोकिएकै अवधिमा पढेर सिध्याउन सकिने हुन्छ । चिया खाँदा, कतै हिँडदा, गफ गर्दा गर्दै पनि यसो हेर्‍यो कि कथा पढेर सकिने हुन्छ । यसरी लघुतम समयमा लघुतम संरचनामा यो आफ्नो अस्तित्व पूर्णतः दिन सक्ने हुन्छ ।

---

२५ लक्ष्मीनारायण, **हिन्दी साहिकोश भाग १**, ते.सं. (वाराणासीः सं. २०४२), पृः १८३ ।

२६ श्री ओम श्रेष्ठ, अन्तर्वार्ता **प्रसून,** पूर्ववत्, पृ. २७ ।

२७ निमेश निखिल, **प्रसून,** पुर्ववत्, पृ. ५ ।

२८ मन ब्राजाकी "तेस्रो आँखाको दर्पणमा नियाल्दा", तेस्रो आँखा ले. रवीन्द्र समीर, (काठमाडौँः इन्द्रेणी) अफसेट, २०५३): पृ. ख ।

२९ मोहनराज शर्मा, **समकालीन साहित्य,** पूर्ववत्, पृ. १० ।

३. लघुकथा एउटा योजना (Scheme) हो । यसको योजना विधागत ढाँचाका रूपमा तयार गरिएको हुन्छ । यसको आफ्नै खालको विधागत रचनाधर्मिता हुन्छ । लघुकथाको सिङ्गो संरचना अर्थात् सङ्कथनको निर्माण अत्यन्त बौद्धिक, योजनाबद्ध तरिकाले गरिएको हुन्छ । कथामा जस्तै लघुकथाको लेखमा पनि लेखकहरूद्वारा जथाभावी तवरले घटना, पात्र, परिवेश, कथानक ढाँचा, द्वन्द्व, सन्देश, परिणाम आदिको चयन नगरी कसरी यसमा कुतूहतला, रोचकता, साहित्यिक कलात्मकता, व्यङ्ग्यात्मकता, प्रतीकात्मकता तथा गम्भीर कथात्मक अभिव्यक्ति दिने भन्ने जस्ता विषयमा अन्तर्निहित रूपमै अत्यन्त प्रभावकारी योजना बनाइएको हून्छ । यसरी लघुकथा एक किसिमको योजनाबद्ध निर्मितिको उपज हो ।

४. व्यङ्ग्यात्मकता, साङ्केतिकता तथा प्रतीकात्मकता लघुकथाको अर्को मौलिक पहिचान हो । साहित्यका प्रायः सबैखाले रचनामा, साङ्केतिकता, व्यङ्ग्यात्मकता र प्रतीकको प्रयोग गरिएको हुन्छ । आख्यान साहित्य अर्न्तर्गत कथा र उपन्यास विधामा व्यङ्ग्यात्मकता तथा प्रतीकात्मकताको प्रयोग नहुने होइन तर यी साङ्केतिकता प्रतीकात्मकता र व्यङ्ग्यकारिताको तीव्रता उपन्यासमा भन्दा कथामा र कथामा भन्दा बढी लघुकथामा हुन्छ । खँदिलो, चोटिलो र प्रभावकारी व्यङ्ग्यको अधिक प्रयोगले लघुकथा व्यङ्ग्यप्रदान देखापर्दछ । अन्योक्तिमूलक, साङ्केतिक र प्रतीकात्मक रचना कौशलताको सघन प्रयोग यस विधामा गरिएको हुन्छ । यसर्थ लघुकथाको मूल विशेषता नै प्रतीकात्मकता हो ।[३०] यसरी यी रूपविन्यासगत तकनिकीहरूको प्रयोगले लघुकथाको आन्तरिक भाव वा मर्मलाई उद्घाटन गर्न र सन्देश वा विचारको गहनातालाई थप प्रस्ट्याएको हुन्छ । फलस्वरूप लघुकथाको प्रस्तुति अभिधार्थमा भन्दा बढी तीव्र व्यङ्ग्यार्थमा हुन्छ ।

५. एकोन्मुख भावको प्रधानता हुनु लघुकथाको अर्को महत्वपूर्ण विशेषताा हो । अर्थात लघुकथाको निर्मिति नै यस्तो किसिमले तयार पारिएको हुन्छ कि जसमा पाठकलाई एकोन्मुख प्रभावमा आबद्ध गराइन्छ । यसले व्यक्त गर्न खोजको केन्द्रीय भाव, सार वा अनुभूतिको संवेदना बहुल नभएर एकल हुन्छ । सोही अनुसारको परिवेश (Setting) दृष्टिविन्दु (Point of View) कथानक (Plot) आदिको चयन गरिएको हुन्छ । कुनै क्षण विशेषता घटेका कुनै घटना वा विषयले कथाकारले मनमा उत्पन्न गराएको मुक्त तथा तीव्र भावना वा अभिव्यक्तिलाई कुतूहलताका साथ कलात्मक शैलीमा झ्याप्प प्रस्तुत गरिएको

[३०] मोहनराज शर्मा, **कथाको विकासप्रक्रिया,** ते.सं., (ललितपुरः साझा प्रकाशन, २०५८), पृ. ६-७ ।

हुन्छ । अनायास लघुकथाको थालनी गरी द्रूत गतिमा विकास गराई अन्त्योत्कर्षमा पुगी अनौठो अन्त्य (Surprise ending) मा टुङ्गयाइएको छ ।

लघुकथाले जीवन जगत्को सकल आयामको चित्रण गरेर कुनै घटनाको एक पक्ष जुन पक्षले सकल आयामलाई गहिरो प्रभाव पारेको हुन्छ त्यसको चित्रण गर्दछ । यसरी लघुकथाले बहुल विषयवस्तुको बहुल/सकल पक्षको चित्रण नगरी एकल पक्षको सारगर्भित चित्रण गर्दछ ।

६. साहित्यिक कलात्मकताले सज्जित रचना हो लघुकथा । साहित्य शास्त्रले निर्धारण गरे अनुसार आख्यान साहित्यको एक विधा हो । यसको आफ्नै वैशिष्ट्य र विभेदकता छ । आख्यान विधाको एक उपविधि/उपसमुच्चय लघुकथा भएकोले मोहनराज शर्माले भनेझैँ आख्यानमा हुने मध्यम आग्रह र सामान्य सौन्दर्यानुभूति[३१] लघुकथामा पनि हुन्छ । साहित्यमा भनिने सौन्दर्यानुभूति भनेको साहित्यिक कलात्मकता हो । साहित्यको कविता विधाको तुलनामा लघुकथामा सौन्दर्यानुभूति कम भएपनि समग्रमा गद्य साहित्यमा प्रयोग हुने भाषिक तथा आर्थिक चमत्कारका पक्षहरू नाटकीकरण, आग्रहीकरण, प्राक्सन्दर्भ, चिद्‌वैषम्य, दृष्टानत, अलङ्कार, विम्ब, प्रतीक आदिको संयोजन यस विधामा झन् सशक्त र क्षिप्रताका साथ गरिएको हो । यदि यो साहित्यिक कलात्मक पक्षहरू लघुकथामा हुँदैनन् भने लघुकथा साहित्यको रचना नभएर कलाविहीन वाङ्मयको लेख वन्न पुग्छ ।

७. कथामा जस्तै लघुकथामा पनि पाठकलाई पठन कार्यमा अग्रसर गराउन कुतूहल तत्वको भूमिका अनिवार्य हुन्छ । पाठकलाई पाठ (Text) मा अब के हुन्छ ? जस्ता जिज्ञासा र खुल्दुली जगाउने विषय नै कुतूहलता भएकोले लघुकथामा यो तत्वको अहम् भूमिका रहेको हुन्छ । "संक्षिप्त आयातनको लघुकथामा कुतूहलता कथाको आरम्भदेखि उत्कर्षमा आरोहित भएर चरम विन्दुसम्म पुग्ने हुँदा यसमा कुतूहलता विहीन लघुकथा खल्लो तथा आकर्षणविहीन हुन्छ ।

८. लघुकथाको कथानक कल्पित वा बनाइएको कथा (Made Stories) हुन्छ । तरपनि यसको कार्यपीठिका, परिवेश, घटना, पात्र आदिको पृष्ठाधारचाहिँ यथार्थ हुन्छ । समाजमा

---

[३१] राजेन्द्र सुवेदी, **अप्र. कार्यपत्र,** पृ. २ ।

विद्यमान आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक आदि क्षेत्रमा देखिएका विकृति, विसङ्गति असमानता जस्ता विविध पक्षको यथार्थ अङ्कन गरिएको हुन्छ ।

९. लघुकथा साहित्यको एक भेद भएको कारण अन्य साहित्यिक भेदोपभेद (विधा उपविधा) हरूमा झैँ साहित्यिक ध्वन्यात्मकता (Literaric Echoingness) यसमा पनि हुन्छ । दिक्काल जनित जीवन र जगत्का विविध विषयहरूको वस्तुपरक चित्रण, त्यसको सापेक्ष जीवन दृष्टि र मानवीय संवेदनलाई छामेर एक किसिमको व्यञ्जना अर्थात् ध्वनि यसले प्रदान गर्दछ । यदि लघुकथाले यस किसिमको ध्वन्यात्मकता प्रदान गर्न सक्दैन भने त्यो लघुकथा नभएर लोक परम्परामा, समाजमा वसिवियालो आदिमा भनिने चुट्किला, हस्यौली/ठट्यौली, विचारहिन आहान, खिस्सा वा भनाइ मात्र हुन्छ र मनोरञ्जनात्मक गफ मात्र हुन्छ । यसर्थ साहित्यिक र ध्वन्यात्मकता लघुकथाको अर्को अनिवार्य विशेषता हो । फलस्वरूप यसले गम्भीर ध्वन्यात्मक अभिव्यञ्जनाको सम्प्रेषण गरेको हुनैपर्दछ ।

१०. जीवनको निरन्तरताः लघुकथाहरूमा दिगो आख्यानीकरणको भ्रम पाइन्छ । किनकि तिनीहरूले लम्बाइएको समयमा जीवनको बारेमा व्यवहारिक चित्रण गर्दछन् । वास्तवमा जीवनलाई त्यति विधा गरी साँघुराइएको वा छोटाइएको हुन्छ कि त्यसको परिणाम एउटै घटनामा भएको भान पर्दछ । यस्ता कामहरूमा खासगरेर Theme of obession ( अनावश्यक सोचाइका सारवस्तु) देखाइएका हुन्छन् ।

११. फोटो फ्लास जस्तै लघुकथाहरूमा कुनै पनि घटनाहरूको क्रम देखाइँदैन । बरु आन्तरिक मनोवाद वा स्मृतिको प्रवाह हावामा एउटा आवाज जस्तै स्वाट्ट बोल्दछ । मस्तिष्कलाई क्रससेक्सनको रूपमा देखाइन्छ अर्थात् भाव तथा विचारलाई प्रतिनिधिमूलक दृष्टान्तमा देखाइन्छ तर त्यस्तो टुक्रा बहुत छिटो हुन्छ त्यसैले कसैले पनि लघुकथालाई चुनौतीको रूपमा लिन सक्छ । यसको लघुकथाको यस्ता लेखाइएको क्रममा त्यहाँ धेरै ठेस लागेर लड्ने ठाउँहरू हुन्छन् ।

१२. नीतिकथात्मक विशेषताहरू लघुकथामा रहेको पाइन्छ । लघुकथामा रहेको नीतिकथात्मक गुणले पाठकलाई अतीतको यथार्थतामा लैजान्छ । तिनीहरू नीतिकथा जस्तै हुन्छन् । यस्ता प्रकारका अति अनौठा नीतिकथाहरू जस्ता लघुकथाहरू लेख्न लेखकलाई उच्चतम आत्मविश्वासको आवश्यकता पर्दछ । जहाँ भ्मको जाली एकपटकमात्र फाल्न

सकिन्छ । जब हामीले नीतिकथा जस्ता अति छोटाइएका लघुकथाहरूको रूप पढ्दछौँ अनि हामी यिनीहरूको महत्व र धमिलो अर्थात् अर्धरूपात्मक पक्षको बारेमा अनुमान गर्न सक्छौँ । केही नीतिकथाहरू जुन सम्पूर्ण रूपमा राम्रोसँग सन्तुष्टि दिलाएर चित्रण गरिएका हुन्छन् । कहिलेकाहीँ समीक्षाको रूपमा पनि देखा परेका हुन्छन् । ठीक त्यस्तै प्रकारको विशेषता लघुकथाहरूमा मधुरो रूपमा रहेको अनुमान गर्न सकिन्छ ।

## ३.३ लघुकथाका तत्वहरू

लघुकथा आख्यान साहित्यको एक प्रकार हो । यो सानो कदको भएपनि परिपूर्ण भेद हो । आकारगत लघुतामात्र यसको मुख्य परिचय होइन, यसको आफ्नै खालको विशिष्ट पहिचान छ । लघुकथाको विषय, संरचनात्मक आयाम, विधागत स्वव/चिन्तन, उद्देश्य र रचनाधर्मिता पनि आफ्नै तहको मौलिक हुन्छ । यसै अर्थमा मोहन राज शर्माको भनाइ “कथा र उपन्यास झैँ लघुकथा पनि स्वयममा पूर्ण र स्वायत्त रचना हो । कथा उपत्यासको संक्षिप्त रूप नभएझैँ लघुकथा पनि कथाको संक्षिप्त रूप होइन[३२] भन्नु उपयुक्त ठहरिन्छ । यसरी लघुकथा आख्यान साहित्यको एक प्रजाति भएको कारण कथा र उपन्यासको निर्मिति वा रचनामा प्रयुक्त हुने संरचनात्मक तत्वको प्रयोग हुँदैमा कथा र उपन्यास एउटै नभएझैँ लघुकथापनि कथा र उपन्यास भन्दा पृथक छ । यसरी विधागत स्वत्वमा स्थापित भइसकेका लघुकथाका अनिवार्य तत्वका बारेमा विभिन्न समयमा विभिन्न चिन्तकहरूले आ-आफ्नै तरिकाले प्रस्तुत गरेका छन् । यसक्रममा मोहनराज शर्माका अनुसार सर्वाधिक महत्व राख्ने तत्वहरू घटना र पात्रलाई ठानेका छन् भने परिधीय तत्वहरूको रूपमा परिवेश उद्देश्य र दृष्टिविन्दुलाई[३३] मानेका छन् । रोशन थापाले २०५६ भदौमा लघुकथा अङ्कको रूपमा निस्केको मधुपर्कको एक लेखमा कथाको चयन, शिल्पको परिपाक रचनाकारको दृष्टिलाई उल्लेख गरेका छन् भने अर्को श्रओम श्रेष्ठ रोदनको सम्पादकत्वमा प्रकाशित पत्रिका ‘सारांश’, अङ्क २: २०५८ वैशाख को (प. ६) मा लेखिएको लेखमा परिस्थिति, पात्र, सङघर्ष र निर्णयलाई लघुकथाका तत्वहरू मानेका छन् । त्यस्तै लक्ष्मण गौतम ठोस आख्यान, प्रभावोत्पादकता, सीमित परिवेश, सीमित पात्र, द्वन्द्वन्तकता, कथोपकथन, उत्सुकताको

---

[३२] मोहनराज शर्मा, **मधुपर्क**, पूर्ववत्, पृ. २६ ।

[३३] उही, **समकालीन साहित्य**, पूर्ववत् पृ. ९ ।

प्रबलता, साङ्केतिकता व्यङ्ग्य धार्मिक र भाषिक शिल्पशैलीमा वस्तुगतता[३४] लघुकथाका तत्वहरूको रूपमा निरूपण गर्दछन् । निमेष निखिल, कथ्य वा विषय, शैलीशिल्प र आरम्भ र उत्कष[३५] नै लघुकथाका तत्वहरू हुन् भन्दछन् र राजेन्द्र सुवेदीले कथानक, परिवेश, द्वन्द्व कुतूहलता र विचारलाई[३६] यसका तत्वहरू मानेका छन् । यसरी माथि उल्लेखित व्यक्तित्वहरूले निर्धारण गरेका तत्वहरूलाई अध्ययन गर्दा लघुकथाको स्वरूपलाई चिनाउने केही अभिलक्षण वा विशेषताहरूलाई तत्वको रूपमा लिएर लक्ष्मण गौतम, रोशन, थापा, निमेष निखित र राजेन्द्र सुवेदीबाट भएको छ तर मोहनराज शर्माबाट त्यस्तो किसिमको चर्चा गरिएको छैन । खासगरी लघुकथाका तत्वहरू निम्नानुसार रहेका छन्-

१. **घटना वा विषयवस्तुः** केका बारेमा लघुकथा लेखिँदैछ, त्यो नै विषयवस्तु वा घटना हो । अथवा कुन घटना विषयको बारेमा कथा लेखिँदै छ यसको उत्तर नै कथाको मुख्य विषय हो । लघुकथाको विषय वा घटना सीमित हुन्छ । समाजमा घटेका घटनाहरू अश्रृंखलित रूपमा रहेका छन् । ती घटनाहरूलाई कथात्मक कार्यकारण शृङ्खलामा संयोजन गर्नु नै कथानक हो । अथवा "पात्रका क्रियाव्यापारको एक मूर्त आकृति नै कथानक हो ।[३७]जसमा अर्थयुक्त घटनाहरूको अनुक्रम हुन्छ । यो अनुक्रमबाट कथात्मक मूल्य प्राप्त गरेपछि कथावस्तुको निर्माण हुन्छ । चल्तिका कथा तथा उपन्यासको जस्तै लघुकथाको कथानक ढाँचा निश्चित हुन्छ । बढी संक्षिप्तता भएकोले लघुकथाको कथानक ढाँचा मुख्यतः रैखिक हुन्छ । आरम्भ उत्कर्ष र निष्कर्षको रैखिक ढाँचामा कथानकको गति तीव्र रूपमा हिँडेको हुन्छ । सामान्यत लघुकथाको कथानकीकरण कथाकै शैलीबाट गरिन्छ तर कथाको जस्तो शिथिल चयन नभई बहुत सचेत भई योजनाबद्धरूपमा तीव्रताका साथ कथानकको सुगठित चयन गरिएको हुन्छ । अत्यन्त सटीक पाराले अप्रत्यासित रूपमा सुरु भई निष्कर्षात्मक अन्त्योकर्षमा लघुकथा टुङ्गिएको हुन्छ । यसको कथानक संरचना (Plot construction) संक्षिप्त हुने भएकोले अत्यन्त प्रभावकारी हुन्छ । सानो अवधिमा घटेका सूक्ष्म वा स्थूल घटनाहरूलाई पनि सीमित समय र स्थानभित्रै पूर्ण कथात्मक संरचना र गूढ अभिव्यक्ति दिने खुबी लघुकथाको हुन्छ ।

---

[३४] लक्ष्मणप्रसाद गौतम, **मधुपर्क**, पूवर्तवत्, पृ. ६२ ।

[३५] निमेष निखिल, **प्रसून,** पूर्ववत्, पृ. ४ ।

[३६] राजेन्द्र सुवेदी, **अप्र कार्यपत्र,** पूर्ववत्, पृ. २ ।

[३७] दयाराम श्रेष्ठ, सम्पा. **पच्चीस वर्षका नेपाली कथा,** (काठमाडौँः ने.रा.प्र.प्र. २०३९) पृ. २९।

**२. पात्रः** लघुकथामा पात्र तथा चरित्रहरू कथास्तु तथा उद्देश्यसित सम्बद्ध महत्वपूर्ण पक्ष हुन् । कथावस्तुसित सम्बद्ध कथानकको गतिका संवाहका पात्र हुन् । अन्य कथामा झैँ लघुकथामा घटनाहरूको अथवा क्रियाव्यापारहरूको निश्चित कलात्मक श्रृङ्खला हुन्छ र क्रियाव्यापार आफै हुँदैन गराइन्छ तथा घटना आफै घट्दैनन घटाइन्छ । गराउने तथा घटाउने काम पात्रले गरेको हुन्छ । यसको जड विषयवस्तु वा कथानकलाई जीवन प्रदान गरी मूर्त रूप दिने काम पात्रले गरेको हुन्छ । पात्रविनाको कथा कल्पना गर्न पनि सकिदैन । कथामा झैँ लघुकथामा प्रयुक्त पात्रहरू पनि मानवीय तथा मानवेतर जुनसुकै हुन्छन् । मानवेतर पात्रलाई मानवीकरण गरेर पात्रको भूमिकामा राखिएको हुन्छ । साथै मानिसको तुच्छता र क्षुद्रताको प्रवृत्तिलाई जनाउने त्यस्तै खालका मानवेतर प्राणी तथा जड वस्तुलाई पनि पात्रको रूपमा प्रयोग गरिएको हुन्छ । पात्र रहने भैसकेपछि त्यहाँ क्रियाव्यापार र द्वन्द्वको स्थिति प्रस्ट हुन्छ किनकि पात्रपात्रको वीचमा वाह्य द्वन्द्व र एउटै पात्रमा मानसिक तथा हार्दिक चाहनाबीच आन्तरिक द्वन्द्वको सम्भावना रहन्छ । त्यस्तै, कथाको आयाम निर्धारण द्वन्द्व कथालाई अग्रगति दिने भनेर कुतूहलता पैदा गर्ने काम गर्दछ । त्यस्तै, कथाको आयाम निर्धारण द्वन्द्व कुतूहलता संवाद आदिको मुख्य कारक तत्व पात्र हो । आख्यानमा आबद्धताका दृष्टिले मुक्त र बद्ध दुई थरी पात्र हुन्छन् । यी कुराहरू लघुकथाको विषयवस्तु, क्रियाव्यापार र उद्देश्य अनुरूप लागू हुन्छन् लघुकथाको संरचनामा पात्रको भूमिका सर्वाधिक महत्व[३८] को हुन्छ तापनि लक्ष्मणप्रसाद गौतमको अनुसार "लघुकथामा पत्रविधानता हुन्छ तर त्यो कथावस्तुको अतिसामान्य एवम् सीमित परिवेशमा हुन्छ र अत्यन्त थोरै पात्रको प्रयोग हुन्छ ।[३९]" यसर्थ पात्र भनेको कथानकको सजीव अङ्ग हो, जसको परिचालनबाट सम्पूर्ण कथा गतिशील बन्दछ ।[४०] यसरी लघुकथामा पात्रको अनिवार्य रूपले जीवन्त प्रयोग हुन्छ तर सीमित पात्र त्यसैमा पनि सार्वनामिक र साङ्केतिक पात्रको प्रयोग अत्यन्त उपयुक्त हुन्छ । लघुकथामा कथा र उपन्यासमा झैँ चरित्र चित्रण गर्नु आवश्यक मानिदैन ।

**३. परिवेशः** लघुकथाको अर्को आधारभूत अङ्ग हो परिवेश । यो मुख्यतः स्थान र कालसित सम्बन्धित हुन्छ तैपनि कहिलेकाँही मानसिकतासित पनि सम्वन्धित हुन्छ । यसलाई वातावरण पनि भन्न सकिन्छ । अन्य कथाको जस्तै लघुकथाको विषय/घटना र पात्रको

---

[३८] मोहनराज शर्मा, **समकालीन साहित्य**, पूर्ववत्, पृ. ९ ।

[३९] लक्ष्मणप्रसाद गौतम, **मधुपर्क,** पूर्ववत, पृ. ६२ ।

[४०] दयाराम श्रेष्ठ, सम्पा. **पच्चीस वर्षको नेपाली कथा,** पूर्ववत्, पृ. २३० ।

आधार क्षेत्र नै परिवेश हो । कुन ठाउँमा र कहिले घटना घट्यो भन्ने कुराको जानकारी परिवेशले बताउँछ । यसले लघुकथाले प्रभावकारी प्रस्तुतिमा उद्दीपकको काम गरेको हुन्छ र यसर्थ लघुकथामा परिवेशको महत्व छ तर अत्यन्त सीमित परिवेशमा आफ्नो अस्तित्व कायम गर्न लघुकथा सक्षम हुन्छ । उपन्यास र कथामा भैँ परिवेशको विस्तृत चित्रण लघुकथामा औचित्यहीन ठहरिन्छ र व्यापक र विस्तृत नभएर यसको परिवेश लघुतम हुन्छ । लघुकथमा कथा उपन्यासमा भैँ स्थूल वर्णन सीमित र सूक्ष्म हुन्छ र कहिलेकाहीँ गौण रूपमा पनि रहेको हुन्छ । साथै यसले ओगट्ने संरचनात्मक परिवेश पनि लघुतम नै हुन्छ ।

४. **संवाद** : नाटकमा भैँ लघुकथाको अनिवार्य तत्वको रूपमा संवाद आउँदैन । कथा साहित्यमा संवादको प्रयोग गौण रूपमा हुन्छ । उपन्यास र कथाको तुलनामा लघुकथामा एकदम न्यून रूपमा संवादको प्रयोग हुन्छ । लघुकथाको आकर्षक तथा रोचक प्रस्तुतीको लागि त्यस्तै खालको आरम्भ र अन्त्यको लागि नाटकीकृत शैलीमा संवादको क्षीण प्रयोग गरिएको हुन्छ । हुन त हाल संवाद प्रधान लघुकथाहरू देखा परेका छन् तर यस्तो संवाद प्रधानता हुनु लघुकथाको मुख्य अभिष्टता नभएर नाटकको जान्छ । यसरी लघुकथामा पात्रको उपस्थिति अनिवार्य भइसकेपछि घटनाको विवरण, आफ्नो अभिव्यक्ति प्रकट गर्ने क्रममा संवाद त भैहाल्छ तर सीमित रूपमा हुन्छ ।

५. **भाषाशैली** : भाषा मार्फत् नै लघुकथालाई मूर्तरूप प्रदान गरिने भएकोले यो संरचनात्मक अनिवार्य तत्व हो । लघुकथामा प्रयोग हुने भाषाशैली उत्कृष्ट तथा दुर्वोध्य नभएर सरल, सरस र सम्प्रेषण अर्थात् साधारण पाठकले पनि सहजै बुझ्ने सक्ने हुन्छ । थोरै भन्दा थोरै शब्दमा धेरै भन्दा धेरै धेरै भावाभिव्यक्त गर्ने (Laconic) शैली लघुकथाको आफ्नैपन हो । यसमा संक्षिप्त शब्दहरूको चयन गरिएको हुन्छ । कथात्मक कार्यपिठिका बुझ्न् सक्ने गरी त्यस्तै खालको भाषाको प्रयोगाधिक्य पनि हुन्छ । भाषाशैली भित्र लघुकथालाई बढी आकर्षक, रोचक, कलात्मक बनाउका लागि रूपविन्यासको प्रयोग पनि क्षिप्रताका साथ गरिएको हुन्छ । लेखको रुचि तथा लघुकथाको प्रकृति अनुसार सरल, जटिल, व्यङ्ग्यात्मक, हास्यात्मक, प्रतीकात्मक, विविध शैलीको अनुकूल प्रयोग गरिएको हुन्छ । वास्तवमा शैली लेखकको आफ्नै रङ्ग र गन्ध अनुसारको हुन्छ । जे होस् लघुकथाको भाषाशैली सरल, सरस सुरुचिपूर्ण, सम्प्रेषण र संक्षिप्त हुनु वाञ्छनीय देखिन्छ ।

६. **उद्देश्य/सारवस्तु :** कुनै पनि सिर्जना गर्नुको पछाडि केही न केही उद्देश्य हुन्छ । उद्देश्य विहीन हुँदैन । उद्देश्य लेखक र पाठक केन्द्रित हुन्छ । साहित्यको सिर्जना विभिन्न प्रयोजन धर्म, अर्थ, काम, मोक्षका लागि तथा शिक्षा, आनन्द, मनोरञ्जन र आत्मसन्तुष्टिका लागि पनि गरिएको हुन्छ । आधुनिक सन्दर्भमा खासगरी लघुकथा लेखनको उद्देश्य वर्तमान् व्यस्त जीवनमा पनि थोरै समयको उपयोग गरी कथात्मक आस्वादनका लागि धेरै फलदायी देखिन्छ । मुख्यतः पाठकलाई क्षणभरमा नै समाजमा विद्यमान राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, जातिय आदिको विकृति, विसङ्गति जस्तो कुनै पनि सत्यलाई चिनाउन तथा चरित्रको वैचित्यता देखाउन समय विशेषको अनुभव वा अनुभूति बताउन र स्थान विशेषको जीवनशैलीको संक्षिप्त रूपमा मुक्त चित्रण गर्ने उद्देश्य लघुकथाको हुन्छ । यी उद्देश्यहरूलाई केन्द्र बनाएर लघुकथाको सिर्जना गरिएको हुन्छ । सारवस्तुको रूपमा पनि यी उद्देश्यहरू आउँछन् । जे होस् लघुकथाको कथाको उद्देश्य समाजका विविध यथार्थहरूलाई संक्षिप्त समय र संरचनामा आकर्षण र व्यङ्ग्यात्मक शैलीको प्रयोग गरी पूर्ण रूपले उद्घाटन गर्नु हो ।

७. **दृष्टिविन्दुः** आख्यानको एक प्रकार लघुकथा भएकोले यसमा पनि आख्यानमा प्रयुक्त हुने दृष्टिविन्दुको भूमिका प्रस्ट रहन्छ । लघुकथाको आन्तरिक शिल्पसित सम्बद्ध एक मुख्य तत्व हो दृष्टिविन्दु । लेखकले कथाको कथावस्तुको चयन, पात्रविधान र सारवस्तुको समेत निर्धारण गरिसकेपछि त्यसैको केन्द्रीयतामा दृष्टिविन्दुको तय गर्दछ वा दृष्टिविन्दुद्वारा लेखकले चरित्र, कार्यव्यापार, परिवेश, उद्देश्य आदिलाई पाठक सामु राख्दछ । कथामा जस्तै लघुकथामा पनि पात्रको अनिवार्यता हुने भएकोले कुन पात्रलाई कुन स्थानमा राखेर यसलाई एउटा निश्चित आकार दिने भन्ने कुरा दृष्टिविन्दुको हुन्छ । कथा कसको हो र त्यसकथालाई कसले भनेको हो अर्थात् कथाको समख्याताको हो भन्ने कुराको प्रस्ट जानकारी दृष्टिविन्दुबाट पाइन्छ । यसमा चरित्रको उपस्थितिसँगै दृष्टिविन्दुको सन्निवेश स्वतः हुनेभएकाले यसको महत्वपूर्ण भूमिका हुन्छ । दुष्टिविन्दुको अभावमा कथाको आन्तरिक भावपरिमण्डल, पात्रको संवाद र संवेगादिलाई प्रभावकारी बोध गर्न पाठकले सक्दैन । अन्योलमा पर्दछ । मोहनराज शर्माले उल्लेख गरेअनुसार दृष्टिविन्दुलाई गौण तत्व[४१] को रूपमा मानेकाछन् तापनि यसको लघुकथामा एउटै मात्र र अत्यन्त सीमित संवाद र कार्याव्यापर भएपनि दृष्टिविन्दुको अनिवार्य हुन्छ । यसर्थ लघुकथामा यसको स्थान महत्वपूर्ण

[४१] मोहनराज शर्मा, समकालीन साहित्य, पूर्ववत्, पृ. ९ ।

छ । समग्र आख्यानमा प्रयुक्त हुने दृष्टिविन्दु दुई प्रकारको हुन्छः (१) तृतीय पुरुष दृष्टिविन्दु (२) प्रथम पुरुष दृष्टिविन्दु । यसरी दुवै दुष्टिविन्दु लघुकथामा पनि आवश्यक तत्वको रूपमा प्रयोग हुन्छन् ।

निष्कर्षमा भन्नुपर्दा उल्लिखित लघुकथामा तत्वहरू आख्यानको संरचनाको अनिवार्य स्थूल तत्वहरूसित मिल्न गएपनि यी तत्वहरूमा समाहित हुनसक्ने केही सूक्ष्म तात्विक विशेषताहरू आख्यानको तीव्रता, संक्षिप्तता, एकोन्मुखता, द्वन्द्वात्मकता, यथार्थता र साहित्यिक ध्वन्यात्मकताको प्रधानता व्यावहारिक रूपमा हुने भएकाले आख्यान साहित्यमा लघुकथा विधागत प्रस्ट रूपमा स्थापित हुन गएको छ ।

## ३.४ लघुकथाको अन्य विधासँग सम्बन्ध

समसामयिक साहित्यिक सन्दर्भमा गद्यसाहित्य अन्तर्गत पर्ने लघुकथा आख्यानविधानको एक मुक्त/स्वतन्त्र उपविधाको रूपमा देखापर्दछ । हुन मोहनराज शर्माले यस सम्बन्धमा नेपालीमा मात्र होइन विश्वसाहित्यमा पनि लघुकथाले छुट्टै विधाको स्वायत्ता प्राप्त गरेको छैन[४२] भनेका छन् तर वास्तवमा, वर्तमान सन्दर्भमा आख्यान साहित्यमा देखिएको यस भेदको विषयगत क्षेत्र, रचना धर्मिता, भाषाशैली, संरचनात्मक आयाम, स्वयम्मा पूर्णत, ऐतिहासिक र विचार वाह्को रूपमा देखिएको यस्तो सिर्जना लघुकथालाई निरीक्षण गर्दा यो छुट्टै विधागत वैशिष्ट्यता प्राप्त गरिसकेको  आख्यान साहित्यको मुक्त भेद हो । आजको समयमा कुनै पनि विधा, विधा, सिद्धान्त र विषयवस्तु विशुद्ध रूपमा अथवा निरपेक्ष एकल अस्तित्वमा अन्यसित सम्बन्धरहित भएर रहन सक्तैनन् । जसको परिणामस्वरूप सम्बद्ध कुनै पनि विषयहरू नजिकको यस्तै अन्य विधाहरूसहित साम्य तथा वैषम्यगत अन्तर्विषयक सम्बन्ध Inter Disciplinary Relation मा रहेका हुन्छन् । यसअनुसार लघुकथाको अन्य विधाहरूसितको सम्बन्धलाई निम्नानुसार देखाउन सकिन्छ -

### ३.४.१ लघुकथा र कथा

सगोत्री विधाको रूपमा लघुकथा र कथाको सम्बन्ध प्रस्ट देखिन्छ, किनकि दुवै आख्यान विधाका भेद हुन् । यसैले यदि लघुकथाको एकदम नजिकको नाता कसैसित छ भने कथा

---

[४२] उही, मधुपर्क, पूर्वहत्, पृ. २५ ।

विधासित मात्र छ । तर लघुकथा र कथा एउटै होइनन् । जसरी कथाको आफ्नै छुट्टै अस्तित्वगत पहिचान छ ठीक त्यसरी नै लघुकथाको पनि आफ्नै स्वअस्तित्व छ । संरचनात्मक तत्वको आधारमा हेर्दा कथाको निर्मितिता प्रयुक्त हुने सम्पूर्ण तत्वहरू लघुकथामा पनि प्रयुक्त हुन्छन् तर लघुकथामा ती संरचनात्मक तत्वहरूको प्रयुक्ति विशिष्ट तरिकाले गरिने भएकोले भन्दा लघुकथा पृथक भेदको रूपमा देखापर्दछ । कथा जनित विधाको रूप लघुकथा हो भन्ने अर्थमा राजेन्द्र सुवेदीले लघुकथालाई कथाविधाको प्रविधा[४३] भनेका छन् । यो भनाइले त झन् लघुकथा र कथाको सम्बन्ध प्रगाढ भएको देखाउँछ । यस्तो किसिमको गाढा सम्बन्ध हुँदा हुँदै पनि लघुकथा र कथा विधाबीच असमानता र समानता रहेको छ जुन निम्नानुसार बुँदागत रूपमा देखाइएको छ -

| **असमानता** | |
|---|---|
| **कथा** | **लघुकथा** |
| - संरचनात्मक आयामका दृष्टिले लामो हुन्छ । | - संरचनात्मक आयामका दृष्टिले अत्यन्त छोटो हुन्छ । |
| - कथाको विषयवस्तु स्थूल र व्यापक हुन्छ । | - विषयवस्तु सूक्ष्म र सीमित हुन्छ । |
| - चरित्रको बहुलताको साथै, चरित्र विशेषको चित्रण हुन्छ । | - चरित्रको सीमितता हुन्छ चरित्र चित्रण हुँदैन । |
| - कथा आख्यानात्मक अनुभूतिहरूको समष्टि वा यौगिक हो । | - आख्यानात्मक अनुभूतिको अणु (बीज) हो । |
| - घटना चरित्र, परिवेश आदिको वर्णनात्मक हुन्छ । | - सटीक र आवश्यक वर्णन मात्र हुन्छ । |
| - व्यङ्ग्य विधान शिथिल हुन्छ । | - तीव्र व्यङ्ग्य विधान हुनुको साथै यसको अनिवार्यता हुन्छ । |
| - सङ्केतात्मक तथा प्रतीकात्मक व्यवस्था न्यून हुन्छ । | - तीव्र सङ्केतात्मक र प्रतीकात्मक व्यवस्था सघन हुन्छ । |
| - शिथिल संरचना, कथानकको विकास, | - कथाको तुलनामा अत्यन्त खदिलो |

[४३] राजेन्द्र सुवेदी, अप्र. कार्यपत्र, पूर्ववत, पृ. १ ।

| | |
|---|---|
| कुतूहलता र प्रभावोत्पादक गुण हुन्छ । | संरचना, शीघ्रकथानकको विकास, तीव्र कुतूहलता र गहन प्रभावोत्पादकता हुन्छ । |
| - यसले लिने दिनकालको परिवेश स्थूल र व्यापक हुन्छ । | - दिनकालको परिवेश अति सूक्ष्म र सीमित र छोटो भन्दा छोटो हुन्छ । |

लघुकथा र कथाबीच देखापर्ने समानताहरू यसप्रकार छन् -

१. कथाको विषयवस्तुमा समानता हुन्छ । अर्थात् लघुकथा र कथा दुवै विधामा सानो वा ठूलो जस्तो भएपनि विषयवस्तु आख्यानात्मक हुन्छ ।
२. भाषाशैलीमा समानता हुन्छ अथवा लघुकथा र कथा दुवैको प्रस्तुतिको माध्यम भाषा नै हो । सरल र सम्प्रेषण भाषाशैलीको दुवै विधाले अपेक्षा गर्दछन् ।
३. कुतूहलताको समानता अर्थात् यस तत्वको महत्व दुवै विधामा उत्तिकै रहन्छ ।
४. संवादको प्रयोगमा समानता हुन्छ ।
५. उद्देश्यगत दृष्टिकोणमा दुवै विधामा समानता हुन्छ ।
६. दुवै आ-आफ्ना तहमा पूर्णाङ्गिक साहित्यिक रचना हुन र यी आख्यान साहित्यमा स्वतन्त्र उपविधा पनि हुन् । यसरी उपर्युक्त किसिमका लघुकथा, कथाको बचिमा असमानता र समानताहरू देखापर्दछन् ।

### ३.४.२ लघुकथा र परिकथा

पूर्वीय काव्य सिद्धान्तमा उल्लेख गरिएअनुसार संस्कृत साहित्यमा अग्निपुरणले विभाजन गरेको कथाको एक भेद परिकथा हो ।[४४] यस कथात्मक भेदसित आधुनिक कथासाहित्यमा प्रचलित भएको लघुकथाले प्रवृत्तिगत सम्बन्ध रहेको देखिन्छ । परिकथा भनेको परम्परागत लामो कथा भित्रका अनेकौं छोटा कथाहरू मध्ये कुनै एक कथा हो । यस नीतिकथामा जस्तै पशुपक्षीहरू पात्र रहेको हुन्छन् साथै यसले मनुष्योचित सूक्ष्म उपदेश दिने गर्दछ । पञ्चतन्त्र, हितोपदेशमा साना साना पशुपक्षीका साथ परिकथाका रूपमा छन् भने लघुकथा आधुनिक कथासाहित्यमा जीवन र जगत्का लघुतम क्षण विशेषको, अत्यन्त छोटो संरचनामा सटीक रूपमा यथार्थ चित्रण गरिएको, स्वयम्मा पूर्ण कथात्मक भेदको रूपमा देखापर्दछ । यो

[४४] गोविन्दप्रसाद भट्टराई, पूर्वीय काव्यसिद्धान्त, (काठमाडौंः ने.रा.प्र.प्र. २०३१), पृ. ३३७ ।

चल्तिको कथा भन्दा पृथक हुन्छ । यसरी समानताको दृष्टिबाट समथग्र आख्यानको स्वतन्त्र कथात्मक भे्दको रूपमा लघुकथा र परिकथा परिचित छन् । दुवै विधामा कथावस्तु, पात्रविधान, परिवेश, कुतूहलता जस्ता संरचनात्मक उपकरणहरूको प्रयोग हुन्छ । लघुकथा जस्तै छोटो संरचनात्मक आकार परिकथाको पनि हुन्छ जसरी लघुकथा स्वयम्मा पूर्ण कथात्मक समुच्यय हो । त्यसैगरी परिकथा पनि पूर्णकथात्मक समुच्यय हो । लघुकथाले पाठकलाई दिने कथात्मक मनोरञ्जन अनि विचार वा सन्देश जस्तै परिकथाले पनि कथात्मक मनोरञ्जन र कुनै प्रकारको सन्देश दिएको हुन्छ । यी उपर्युक्त समानताहरू लघुकथा र परिकथाबीच भएपनि यी दुवै बचि भिन्नताहरू पनि छन् । लघुकथा आधुनिक कथासित नजिक छ भने परिकथा परम्परागत, लौकिक, पौराणिक र नीतिकथासित नजिक छ । लघुकथा मुक्त कथात्मक संरचना हो हो तर परिकथा कुनै लामो कथामा अनुस्यूत गरिएको छोटो कथा हो । लघुकथामा मानवीय र मानवेतर दुवैखाले पात्र रहेपनि बढी मानवीय पात्रको प्रयोग गरिन्छ तर परिकथामा पशुपात्रहरूको प्रयोग बढी गरिएको हुन्छ र लघुकथा समसामयिक यथार्थताहरूलाई चित्रण गर्ने यथार्थमुखी हुन्छ भने परिकथा नीतिमूलक आदर्श र उपदेश प्रधान हुन्छ । यसरी लघुकथा र परि कथाबीचको उपर्युल्लिखित समानता र असमानताको आधारमा अन्तर्सम्बन्ध रहेको छ ।

### ३.४.३ लघुकथा र लघुनाटक

साहित्यका विविध विधा उपविधाहरू मध्ये लघुकथा र लघुनाटक दुई भिन्न विधाहरू क्रमशः आख्यान र नाटकका उपविधाहरू हुन् । यी दुवै उपविधाहरूको आ-आफ्ने विधागत स्वधर्मिता छँदैछ तैपनि यिनीहरूको एक आपसमा केही समानता र भिन्नता पाइएको छ । आधुनिक कथा तत्वहरूलेयुक्त अत्यन्त प्रभावोत्पादक स्वयम्मा पूर्ण लघुतम अर्थात् छोटो भन्दा छोटो कथा नै लघुकथा हो भने, विषयवस्तु एउटै पात्रहरू कम भएको थोरै समयमा अभिनय गर्न सकिने अर्थात् पत्रपत्रिकामा प्रकाशित गर्न लेखिएको व्यङ्ग्य प्रधान छोटो नाटक हो ।

भिन्नताको दृष्टिमा लघुकथा र लघुनाटक दुवै भिन्न अस्तित्वमा स्थापित भएका स्वयात्त विधाहरूमा उपविधागत भेदहरू हुन् । त्यसकारण स्वभाविक रूपमा यिनीहरूबीच अन्तर देखापर्छ नै । लघुकथा पाठ्यविधा हो भने लघुनाटक दृश्य । आख्यानको न्यूनतम संरचना स्वायत्त भेदका रूपमा लघुकथा पर्ने भएको कारण यसमा आख्यान तत्वको

सक्रियता प्रवल हुन्छ भने लघुनाटकमा आख्यान तत्वको महत्व र अस्तित्व हुँदा हुँदै पनि अभिनय पक्षको प्रधानता हुने यसको निजी पहिचान हो । लघुकथाले ग्रहण गर्ने कथानक, पात्र, परिवेश, व्याङ्ग्यात्मकता, प्रतीकात्मकता, द्वन्द्व, संवाद, एकोन्मुखता लघुनाटकमा पनि पाइन्छन् तर लघुनाटकमा थप अभिनेयात्मक र प्रदर्शनात्मक पक्षहरू एकैक तथा दृश्यमा मञ्चन गरिएको हुन्छ साथै यसमा संवाद अनिवार्य हुन्छ । संवादबाट नै नाटकको कथानक अगाडि बढाइएको हुन्छ । अनि यी सब नाटकीय तत्वहरूको अलवा अन्य भौतिक साधनहरूको आवश्यकता पनि पर्दछ ।

समानताको आधारमा लघुकथा र लघुनाटकमा केही साम्यताहरू देखापर्दछन् । लघुकथामा जस्तै सीमित परिवेश, पत्र, विषयको एकोन्मुखता घटनाको तीव्रता, थोरै समयमै छोटो, मीठो, रोचक तथा घोचक अभिव्यक्तिको प्रयोग लघुनाटकमा पनि हुन्छ । लघुकथाले झैँ लघुनाटकले पनि जीवन र जगत्को एउटा सीमित क्षणमा घटेको कुनै एक सनो घटना वा पक्षलाई टिपेर पूर्णरूपले प्रभावकारी चित्रण गरेको हुन्छ । क्रमवद्ध शृङ्खलामा कुनै पनि कथात्मक विषयको तीव्र गतिका साथ रोचक चयन लघुकथामा, लघुनाटकमा पनि एउटै भावना र संवेनाको प्रभावनात्मक र कलात्मक अभिव्यक्तिको निर्वाह भएको हुन्छ । बालकृष्ण समले भने झैँ "यो (लघुनाटक घोडा दौडेको एक दौड जस्तो हो, जसमा विश्राम गर्नु हुँदैन"[४५] यो कुरा लघुकथाको कथानक चयनमा पनि लागू हुन्छ । यसरी लघुकथा र लघुनाटकका प्रस्तुतिगत कुरामा भिन्नता देखिए पनि संक्षिप्तता, व्यङ्ग्यात्मकता, एकोन्मुखता, प्रभावकारिता जस्तो पक्षहरूमा नजिकको सम्बन्ध देखापर्दछ ।

### ३.४.४ लघुकथा र मुक्तक

लघुकथाको विधागत अर्न्तसम्बन्ध गद्य साहित्यको विविध विधासित मात्र नभएर पद्यसाहित्यको काव्य विधाको लघुतम उपविधा मुक्तकसित पनि प्रवृत्तिगत सामिप्यता रहेको पाइन्छ । काव्यविधाको उपविधागत वर्गीकरण गर्ने सिलसिलामा मुक्तक आफैमा पूर्ण अत्यन्त सानो संरचना भएका आख्यान रहित कवितात्मक रचना हो । जसरी काव्य क्षेत्रमा लुघतम संरचना भइकन पनि काव्यात्मक मुक्त अनुभूतिको ज्वार फैलाउन सक्ने स्वपहिचान मुक्तकको छ त्यसैगरी साहित्यको आख्यान विधामा लघुकथाको महत्व र स्वपहिचान छ । मुक्तकको सन्दर्भको वैदिक संस्कृतमा कविताको न्यूनतम ढाँचा द्विपदी, त्रिपदी, चतुष्पदी

---

४५ बालकृष्ण सम, एकाकी शारदा, नवर्षाङ्क, १९९९ ।

देखा पर्छन भने उत्तरवर्ती लौकिक संस्कृतको कविता परम्परामा चतुष्पदी श्लोकलाई कविताको न्यूनतम ढाँचा मानिएको छ । "एक श्लोकको न्यूनतम कविता रूपलाई मुक्तकको परिभाषिक संज्ञा दिएको छ र यो कविताको सानोमा सानो लघुतम (सबभन्दा सानो) रूप हो ।"[४६] संस्कृत र नेपाली साहित्यमा व्यापक प्रचलनमा रहेको मुक्तक, जीवन र जगत्प्रति कविको मनमा उठेका अनुभव र अनुभूतिको आख्यानरहित लय, भाव, राग, कलात्मकतासहितको लघुतम तर स्वयम्मा पूर्ण हुने कवितात्मक एकाइ/श्रेणी मुक्तक हो । यसलाई स्फूट पद्य पनि भन्ने चलन छ ।

यसरी कविता विधामा देखिएका मुक्तकीय रचनाको प्रभाव आख्यान विधामा लघुतम, स्वतन्त्र आख्यानात्मक अनुभूति/विचार क्षेपण गर्ने रचनाको रूपमा लघुकता देखा परेको छ । मुक्तक हुनको लागि अनुभव र अनुभूतिको ज्वार न्यूनतम दुई हरफवा पाउमा वाटिएर आउनुपर्दछ । त्यस्तै लघुकथाको निर्मितिमा पनि न्यूनतम, दुईओटा घटनाहरूको संयोजन हुनु जरुरी छ । कवितात्मक एकल अनुभूतिको स्वयममापूर्ण, स्वतन्त्र आख्यान रहित लघुतम रचना मुक्तक भए जस्तै लघुकथामा पनि हुन्छ । समाजमा देखापर्ने परम्परागत तथा समसामयिक विविध विकृति विसङ्गतिहरूलाई यी दुवै विधाहरूले आफ्नो लेखको मुख्य विषय क्षेत्र बनाएका हुन्छन् । यस्ता प्रकारका समानता मुक्त र लघुकथामा हुँदा हुँदै पनि भिन्नताहरू पनि स्पष्ट देख्न पाइन्छन् । जुन निम्नानुसार छन् ।

लघुकथा आख्यानधर्मी रचना हो भने मुक्तक कविताधर्मी रचना हो । लघुकथाको संरचनात्मक अङ्गहरू र मुक्तकको संरचनात्मक अङ्गहरूमा धेरै अन्तर छ । लघुकथामा कथानक, पात्र, संवाद, द्वन्द्व, परिवेश, कुतूहलता, व्यङ्ग्यात्मकता, प्रतीकात्मकता स्थान महत्वपूर्ण हुन्छ भने मुक्तकमा कथानक, द्वन्द्व पात्र संवाद, दृष्टिविन्दु परिवेश जस्ता तत्वहरूको प्रयोग नभएर भावनात्मक, रागात्मकता, व्यङ्ग्यात्मक, प्रतीकात्मकता, लयात्मकता, अलङ्कार, अनुभूति आदिको बाहुल्यता रहन्छ । लघुकथामा मस्तिष्कलाई सक्रिय गराउने बौद्धिक गुण बढी विद्यमान भएको हुन्छ भने हृदय पक्षको प्रधानता मुक्तकमा वा गीति रचनामा बढी हुन्छ । लघुकथामा आख्यानात्मकता/कथात्मकता निजी पहिचान हो भने मुक्तकमा अनुभूतिको लयात्मकता निजी पहिचान हो । यसप्रकार उपर्युक्त साम्यता र भिन्नताको रूपमा अन्तरसम्बन्ध लघुकथा र मुक्तक बीच रहेको छ ।

---

[४६] बासुवेद त्रिपाठी र अरु, सम्पा. नेपाली कविता भाग-४, ते..सं., (ललितपुरः साझा प्रकाशन, २०५४)

### ३.४.५ लघुकथा र चुट्किला

माथि चर्चा गरिएका लघुविधाहरूसित मात्र नभएर लोक समाजमा मौखिक रूपमा, फुर्सदको समयमा एक अर्कासित मनोरञ्जनको लागि भनिने चुट्किला (Joke) सित पनि लघुकथाको नजिकको सम्बन्ध रहन पुगेको देखिन्छ । वर्तमान समयमा लघुकताको नाममा लेखिने कतिपय रचनाहरू चुट्किला सम्मत देखिएका छन् । यसले गर्दा पाठकहरूलाई लघुकथा र चुट्किलाको बीचमा स्पष्ट अन्तर छुट्याउन भ्रम उत्पन्न भएको छ । यसर्थ चुट्किला र लघुकथा के हो ? भनेर जान्नु आवश्यक छ ।

वास्तवमा मनोरञ्जनकै प्रयोजनार्थ सीमित समयमा छोटो छरितो, चिटिक्कको, घतलाग्दो, सूक्ष्म आख्यान भएको तर कुतूहलता अनि साहित्यिक ध्वनिको दीर्घ असर पाठकमा नपार्ने हास्यव्यङ्ग्यमा पयुक्त मुक्तक मनोरञ्जन प्रधान गफ वा अभिव्यक्ति नै चुट्किला वा हस्यौली ठट्यौली हो । यो गद्य तथा पद्य भाषामा व्यक्त हुन्छ । खासगरी यस्तो किसिमको चुट्किलाको शिष्ट साहित्यमा त्यस्तो तात्विक विधागत महत्वको रूपमा देखापर्दैन तैपनि हास्य व्यङ्ग्यात्मक रचना, नाटकका संवाद आदिमा प्रसङ्गवश प्रयोग गरिएको हुन्छ ।

चुट्किला वा हास्य रचना मनोरञ्जनप्रधान संक्षिप्त कथा नै हो । लघुकथा सानो संक्षिप्त आख्यान भएको लघुतम गद्य संरचना हो । यसको संरचनामा आदि, मध्य र अन्त्यका स्वरूपमा कथानकको विकास भएको हुन्छ भने चुट्किलामा खास नियोजित कथावस्तु हुँदैन । यसको तात्पर्य लघुकथामा जस्तो साहित्यिक, सिर्जनात्मक र गम्भीर सन्देशमूलक नभएर क्षणिक समयमा हास्यात्मक उत्कर्षमा अन्त्य हुनु हो । यसले कुनै पनि साहित्यिक मूल्य बोकेको हुँदैन । लघुकथामा जस्तै कथासूत्र पात्र, संवाद, परिवेश, सरलता, व्यङग्यात्मकता, प्रतीकात्मकता, कूतूहलता, द्वन्द्व, मनोरञ्जनमूलक उत्कर्षात्मक निष्कर्ष चुट्किलामा पनि हुन्छ । तर चुट्किला लघुकथा भने होइन तर "लघुकथाले चुट्किला शैलीमा सक्षमता पूर्वक आफ्नो सार्थक र रचनाशीलता पाठकका समक्ष प्रस्तुत गर्न सक्छ । त्यस्तो बेलामा लघुकथाको प्रभाव र तीव्रता पनि बढेर प्रस्फुटित भएको हुने गर्दछ"[४७] लघुकथामा आधुनिक कथामा प्रयुक्त हुने संरचनात्मक तत्वहरू तथा अन्य उपकरणहरूको

---

[४७] भाउ पन्थी, लघुकथाको सरोकारमा, **कान्तिपुर कोसेली,** (शनिवार ५, वैशाख २०५५), पृ. (ख) ।

प्रयोग हुन्छ । सीमित संरचना, कथानक, पात्र, परिवेश, दृष्टिविन्दु आदिको प्रयोग भए पनि चुट्किलाको भन्दा ठूलो विषयवस्तु, सङ्गठन, परिवेश, घट्ना आदिको चित्रण लघुकथामा हुन्छ । शिष्ट साहित्यअर्न्गात आख्यान साहित्यको लघुतम उपविधागत समुच्यय (भेद) को रूपमा लघुकथा आफ्नो साहित्यिक स्वअस्तित्वको र महŒव कायम गर्न सफल छ तर चुट्किला यति गर्न सफल छैन । चुट्किला लोक साहित्यसित सम्वन्धित उखान टुक्का र किस्सासित धेरै नजिक छ । गाउँखाने कथा र उखान भन्दा ठूलो केही सृजनात्मक रूपमा मनोरञ्जन वा हास्य प्रधान शैलीमा यो प्रस्तुत गरिएको हुन्छ । लघुकथा सावयव संक्षिप्त यौगिक कथात्मक रचना हो तर चुट्किलामा घटनाहरूको संक्षिप्त कथात्मक चयन र पूर्णता पाइएपनि लघुकथामा जस्तो संशयात्मक अन्त्य हाँसोसँगै भएको हुन्छ तर लघुकथामा यस्तो नभई पाठकलाई निश्चित सोचमा पुर्‍याएर अन्त्य गरिएको हुन्छ । खेती, किसान, धर्म, संस्कार, शिक्षा, राजनीति, आर्थिक आदि समाजका विविध विकृति विसङ्गतिका प्रसङ्ग दिलाई लिएर केही क्षणको लागि हास्ने हसाउने अभीष्टार्थ चुट्किलाको हुन्छ भने समाजमा विद्यमान सङ्गति, विसङ्गति, विकृति र असमानतामूलक घटनाहरूको यथार्थ तथा गहन अर्थयुक्त सन्देशमूलक चित्रण गर्नु लघुकथाको मुख्य ध्येय हुन्छ साथै यसको साहित्यिक र विधागत मूल्य र महत्व प्रस्ट देखिन्छ तर चुट्किलामा यी कुराहरूको मूल्य महत्वको स्पष्ट उठान भएको छैन ।

यसरी लघुकथा र चुट्किलामा केही साम्यताको भान परेपछि उपर्युक्त विश्लेषणको आधारमा यी दुई बीच व्यापक अन्तर रहेको छ ।

### ३.४.६ लघुकथा र टिप्पणी वा निबन्ध

विधागत वर्गीकरणले ल्याएको लघुप्रयोगमा आख्यानको क्षेत्रमा लघुतम विधागत भेदको रूपमा लघुकथा रहझैं निबन्ध विधामा टिप्पणी वा लघुनिबन्धको प्रचलन पनि देखापर्दछ । लघुकथा र टिप्पणी वा निबन्धमा आकृति एवम् गद्यात्मक दृष्टिले कतिपय समानता रहँदा रहँदै पनि यी दुईमा असमान धर्म नै बढ्ता रहेकोले अलग्गै अलग्गै अस्तित्व रहेको छ । आख्यानक्षेत्रमा कथात्मकता प्रबल रहेको घटनाप्रधान लघुविधाको रूपमा लघुकथा देखापर्दछ । सीमित कथानक पात्र परिवेश तथा दृष्टिबिन्दु, कुतूहलता, कलात्मक रूपबिन्यास आदिको संयोजनबाट लघुकथाको निर्माण गरिएको हुन्छ भने टिप्पणी वा निबन्धमा भाव तथा विचारको प्रधानता हुन्छ । संक्षिप्त रूपमा, आलोचनात्मक शैलीमा वस्तुस्थितिको

चित्रण गरिएको हुन्छ । यसमा मूलतः लेखक वा टिप्पणीकार व्यक्तित्वका विचार वा अनुभूतिहरू झल्किएको हून्छ । टिप्पणी वा लघुनिबन्धले कथाले जस्तो पात्र र आख्यानात्मक कुतूहलताको अपेक्षा आफ्नो संरचनामा राखेको पाइँदैन । टिप्पणीमा प्रस्तुत गर्ने मूल विषय वा सन्दर्भलाई आलोचनात्मक दृष्टिले पुनः प्रस्तुत गर्ने काम गरिन्छ । लघुकथा सिर्जनात्मक, साहित्यिक र मौलिक रचना हो भने टिप्पणी वा लघुनिबन्धमा घटनाको आलोचनात्मक टिप्पणी र संयोजन गरिएको हुन्छ जुन साहित्यिक भन्दा बढी समालोचकीय हुन्छ । यसमा लघुकथामा जस्तो साहित्यिक व्यङ्ग्य मर्यादा वा कौशलतामा ह्रास आयो भने निबन्धात्मक टिप्पणी बन्न जान्छ ।

जे होस् लघुकथा र टिप्पणी वा निबन्धमा लघुआयामिकता, छोटो समयको उपयोग, व्यङ्ग्यात्मकता, संक्षिप्त संरचना र गद्य भाषाको प्रस्तुतिमा केही साम्यता रहेपनि कुनै पृथक अस्तित्व र मूल्यमान्यता बोकेका लघुविधाहरू हुन् ।

### ३.४.७ लघुकथा र गजलः

साहित्यका लघुविधाहरू मध्येको एक गजलसित पनि लघुकथा नजिकको सम्बन्ध रहेको छ । लघुकथा र गजलमा प्रभाव आयामका दृष्टिले समान छन् । एउटा गद्य र अर्को पद्य भएकोले यी दुई विधाबीच एक आपसमा धेरै असमानता पनि रहेका छन् । यी दुइमा पाइने असमानतालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

समानताको दृष्टिमा दुवै लघुसाहित्यिक विधा भएकोले संक्षिप्त आयामममा देखिन्छन् दुवैमा कथ्यको एकोन्मुखता वा भावको केन्द्रीयता हुन्छ । लघुकथा र गजल दुवै लघुविधा भएकोले वर्णन र व्याख्याको विस्तार आवश्यक हुँदैन । दुवैमा प्रभावको तीव्रता अनिवार्य हुन्छ ।

त्यस्तै बिम्ब र प्रतीकको प्रयोग पनि दुवैमा गर्न सकिन्छ र खदिलो संरचनाको अपेक्षा हुनुको साथै दुवैमा सटीक र सक्षम अभिव्यक्तिको आवश्यकता पर्दछ ।

असमानताको दृष्टिमा लघुकथा एउटा गद्य भाषामा लेखिने आख्यान विधा हो भने गजल साहित्यको पद्य विधा हो । गजलमा गीतिरचनामा जस्तै लयविधान, साङ्गीतिक चेतनाको आवश्यकता पर्दछ भने यी दुवै कुराको आवश्यकता लघुकथामा हुँदैन ।

लघुकथामा पात्र तथा चरित्रको प्रयोग हुन्छ भने गजलमा पात्र तथा चरित्र प्रयोग हुँदैन । लघुकथा मूलतः अङ्ग्रेजी साहित्यको आधुनिक तथा सिद्धान्तको उपज हो भने गजल अरवी फारसी साहित्यको देन हो । गजल गेय विधा हो तर लघुकथा पाठ्य विधा हो । उर्दू, फारसी साहित्यका बढी प्रख्यात रहेको यस गजलको सिर्जनात्मक नियम वा रचनाधर्मिता आफ्नै खालको हुन्छ । छुट्टै खालका छन्द विधानहरू यसमा प्रयुक्त भएका पाइन्छन् । लघुकथा विशेषतः जीवन जगत्का बाह्य घट्नासित सम्बन्धित हुन्छ भने गजल मूलतः जनजीवनको आन्तरिक भाव र अनुभूतिसँग सम्बन्धित हुन्छ । गजलमा अपेक्षाकृत सहज शैली सुकोमल भावको आवश्यकता देखिन्छ तर लघुकथामा यसको त्यति आवश्यकता हुँदैन । र अन्त्यमा लघुकथामा कुनै न कुनै रूपमा कथासूत्र रहेको हुन्छ भने गजलमा यो स्थिति रहँदैन ।

**मूल्याङ्कन** : तीव्र कथात्मकता, संक्षिप्तता, एकोन्मुखता/भावकेन्द्रीयता, क्षिप्र व्यङ्ग्य तथा प्रतीकात्मक, कुतूहलता र सटीक एवम् सघन अभिव्यक्तिको वस्तुपरक चित्रण लघुकथामा मुख्य विशेषताहरू हुन् । यसमा आकर्षक कथानक ढाँचा, सटीक, प्रस्तुतीको चमत्कारद्वारा सन्देश वा भावानुभूतिको सशक्त कलात्मक र तीव्र विन्यास गरिएको हुन्छ । लघुकथाको कार्य संक्षिप्त भए पनि यो अपूर्ण वा अधुरो रचना नभएर स्वयम्मा पूर्ण, गहन अर्थयुक्त विचारको प्रक्षेपणमा गर्न सक्ने अणुसामर्थ्य बोकेको आख्यानको लघुतम विधागत भेद हो । यसमा भाव तथा कथ्यको विकीर्णता होइन एकोन्मुख हुनु अत्यावश्यक छ । यदि यसो भएन भने पाठकीय कथा स्वादनमा आघात पुग्ने स्थिति सिर्जना हुन्छ । यसबाट लघुकथाका सम्प्रेषण क्षमतामा पनि प्रतिकूल प्रभाव पार्ने कुरा प्रष्ट हुन्छ ।

विभिन्न कारणले साहित्यका अन्य लघुभेदहरू कथा, परिकथा, लघुनाटक, मुक्तक, चुट्किला, टिप्पणी वा निबन्ध र गजल जस्ता विधासँग धेरै निकट सम्बन्ध रहने लघुकथाको विधागत स.रचना र सिद्धान्त आधुनिक कथा सिद्धान्तकै नजिक रहेको छ तापनि व्यावहारिक रूपमा कथासिद्धान्त भन्दा भिन्न/मौलिक स्वरूपमा यसले विधागत इतिहास बोकेर नेपाली साहित्यमा हुर्केको छ ।

## ३.५ नेपाली साहित्यमा लघुकथाको ऐतिहासिक परम्परा

### ३.५.१ उद्भव-प्रक्रिया

साहित्यको आख्यानविधाभित्रको एक उपसमुच्चय वा उपविधा 'कथा' जस्तै 'लघुकथा' पनि एक हो । जसरी कथा आफैमा पूर्ण, स्वतन्त्र र मौलिक भई आफ्नो पृथक इतिहास बनाएर अगाडि बढिरहेको छ ठीक त्यसरी नै कथासित अत्यन्त निकट सम्बन्ध रहेको विधा लघुकथाको पनि आफ्नै खालको संरचना, आयाम पूर्णता, मौलिकता, स्वतन्त्रता र छुट्टै इतिहास परम्परा रहेको छ ।

आजको परिप्रेक्ष्यमा आख्यान साहित्यमा देखापरेको एक नवीन अतिलोकप्रिय बनेको विधा लघुकथाको उद्भव वा उत्पत्ति प्रक्रिया कहाँबाट कसरी सुरु भयो भन्ने कुरा पनि अनुसन्धानकै विषय हो । यसको उद्भव प्रक्रियालाई दुई किसिमका अवधारणाहरूबाट देखाउन सकिन्छ ।

क) परम्परागत अवधारणा

ख) आधुनिक अवधारणा

### ३.५.२ परम्परागत अवधारणा

यस धारणा अनुसार देखाउनुपर्दा आख्यानकै प्रजातिको रूपमा देखापरेको लघुकथाको उद्भावलाई कोट्याउँदा सिङ्गो आख्यान परम्परालाई नै अध्ययनको पृष्ठाधार बनाउनु पर्ने हुन्छ ।

आख्यान साहित्यमा लघुकथाको आरम्भ एकैचोटि नभएर मानिसले जिब्रो फड्कारेर सार्थक शब्द बोल्न जानेदेखि अथवा वाणीलाई अभिव्यक्तिको माध्यम तुल्याएदेखि नै बसिवियालोको निमित्त, मनोरञ्जनका लागि र आफ्ना अनुभव र अनुभूतिको सन्देश एक आपसमा सम्प्रेषण गर्नका निमित्त लोक सामाजमा कथा भन्ने र सुन्ने परम्परा सुरु भएको सहजै अनुमान गर्न सकिन्छ । यसैको परिणाम स्वरूप परापूर्व कालमा फुर्सदको समयमा लौकि तथा पारलौकिक विषय वा घट्नाहरूलाई संयोजन गरेर यथार्थ वा काल्पनिक कथाहरू भनिन्थ्यो । जसको प्रमाण विद्यमान प्रचलित लोककथा, आहान र खिस्साहरूलाई

लिन सकिन्छ । यस्ता कथा, आहान र खिस्साहरू वृहत् आयामका लामा भन्दा लामादेखि लिएर स्वयम्मा पूर्ण तर छोटा सीमित आयामिक संरचनामै तुरुन्त प्रभाव पार्ने, गम्भीर र मुक्तकीय अभिव्यक्ति व्यक्त गर्ने खालका पनि हुन्थे जसलाई लघुकथाको अर्थमा खिस्सा वा आहान (उखान/उपाख्यान) भनिन्थ्यो । त्यस्तै लोकप्रचलित संक्षिप्त खालका सामान्य तथा सूक्ष्म विषयका प्रभावकारी सूत्रात्मक खिस्सा वा आहानको शिष्ट/लेख्य रूपमा लघुकथा हो भन्न स्पष्टः सकिन्छ र त्यसैले त "नेपालको सन्दर्भमा हेर्ने हो भने लोक जीवनमा पाइने गाउँ खाने कथा, वा उखान प्रारम्भिक हुन सक्छन्"[४८] भनिएको छ । यो भनाइ अनुसार लोकसमाजमा भनिने अति सारगर्भित संक्षिप्त वा सूत्रात्मक (एक वा दुई वाक्यमै सिद्धिने) आख्यानमूलक उक्ति, उखान वा आहान र गाउँखाने कथाहरूलाई लघुकथाको स्रोत वा वीजको रूपमा लिन सकिन्छ ।

परम्परागत धारणा अनुसार हरेक साहित्यिक विधाहरूको आधारभूमि लोकजीवन, समाज, संस्कृति र दृष्टिकोण नै हो । अतः लघुकथाको उद्‌भवलाई पनि खोतल्दै जाँदा मौखिक वा श्रुतिपरम्परामा चिरन्तन प्रभाव कायम गरेको लोकसाहित्यमा नै पुग्नु पर्ने हुन्छ । वर्तमान सन्दर्भमा विवेच्य विषय लघुकथाको पूर्वमा विश्वकै पहिलो ग्रन्थ ऋग्वेदसम्म पुऱ्याई यसको उद्‌भवको हेर्न सकिन्छ । ऋग्वेदका विभिन्न स्तुति, सूक्त, सम्वाद सूक्तहरू (यस यमी सम्वाद, पुरुरवा-उर्वशी सम्वाद) मा सूक्ष्म तथा सूत्रात्मक आहान/खिस्सा (कथा) को छनक पाइन्छ । तर यी सूक्तादिहरू आफैमा कथा होइनन् । केही विशेषता वा कार्यको बोध गराउने आख्यानात्मक पुञ्ज हुन् । त्यस्ता सूत्रात्मक आहानबाट सिङ्गो कथाको सङ्केत पाइँदैन, तर सूक्ष्माख्यान भएका यी सूक्तहरू लघुकथाका भ्रूण हुन् भन्न सकिन्छ । यसरी लघुकथाको उद्‌भवको स्रोतका रूपमा पूर्वीय आद्यग्रन्थहरू-वेद, ब्राह्मण, पुराण, उपनिषद्, श्रीमद्‌भागवत्, महाभारत, बुद्धकालीन जातक कथाहरू, पञ्चतन्त्र आदिका छोटा छोटा कथात्मक सूक्त, ऋचा, मन्त्रहरू, उपजीव्य कथाकिस्साहरू आदि दृष्टान्तको रूपमा आउँछन् । लघुकथाकै प्रारम्भको सन्दर्भमा समीक्षक रोशन थापा "नीरव" भन्छन्-

पूर्वमा वेद, उपनिषदका ऋचाहरूको मन्त्र, सूत्रहरूबाट विस्तार रहेर विकसित हुँदै गएको हो भने पाश्चात्य जगत्मा ईसपका कथाहरू वाइवलका सूत्रात्मक कथाहरूलाई आधुनिक लघुकथाको पृष्ठभूमि मान्न सकिन्छ । अझ खलील जिब्रानका लघुकथाहरू त

[४८] घट्राज भट्टराई, मधुपर्क, पूर्ववत पृ ४१ ।

आधुनिक लघुकथाको सूत्रपात वा जन्मदाता नै माने हुन्छ भने यसमा 'जेन' दर्शनका सुक्तिमय कथाहरूको पनि उल्लेखनीय भूमिका छ ।[४९]

हिन्दीका एक विद्वान् नगेन्द्रप्रसाद सिंहका अनुसार लघुकथाको प्रथम स्थिति श्रीमद्भागवतमा पाएको वताएका छन् ।[५०]

पाश्चात्य आख्यान परम्परागत पनि यस्तो छोटा छोटा कथा (Short Short story) को उद्गम स्रोतको रूपमा पुराना लोक परम्पराका मिश्रेली, ग्रिसेली, रोमेलीका देखापरेका खिस्साहरूलाई लिनुपर्ने हुन्छ । प्राचीन मिश्रेली दाजुभाईका अदभूत विस्मयकारी खिस्साहरू ग्रिसेलीमा इसपका पशुपात्र प्रयोग गरिएको छोटा छोटा नीतिकथाहरू वाइवलाका प्याराबलहरू (Parable) आदि प्राचीन खिस्साहरूलाई लघुकथाको प्राचीन उदाहरणका रूपमा लिन सकिन्छ । यसै सन्दर्भमा "आधुनिक छोटो कथाको पूर्व पुरुष ईशप्स फेवल, पञ्चतन्त्र बाइबलका प्याराबलहरू, बुद्धकालीन जातककथाहरू अथवा पालीमा लेखिएका 'कथासरित सागर' आदि हुन् ।"[५१] भनेर सम्मेलन कथा सङ्ग्रहका सम्पादक तुलसीबहादुर क्षेत्री र अरुहरू भन्दछन् ।

यसरी पूर्वमा प्रख्यात पञ्चतन्त्रका नीतिकथाहरू र पाश्चात्य ग्रिसेली इसपका नीतिकथाहरूमा संक्षिप्तमा (लघुता) पात्रको प्रयोग गम्भीर व्याङ्गयात्मकता, सुक्तिमयता र उद्देश्य जस्ता कुराहरूमा समानता देखिन्छ । यस्ता किसिमका प्राचीन पूर्वीय तथा पाश्चात्य छोटा छोटा खिस्सा/आहानहरू आधुनिक कथासाहित्यमा देखापरेको पृथक भेदोपभेद लघुकथाका पूर्व रूप हुन् । हुन त तात्कालिक समयमा अहिले प्रचलित आधुनिक लघुकथा लेख्ने अभीष्ट उद्देश्यले उक्त कथाहरू लेखिएको नभएर अन्य उद्देश्यले लेखिएको थियो जुन संयोगवश आजका लघुकथाका स्वरूपमा देख परेका छन् ।

### ३.५.३ आधुनिक अवधारणाः

आख्यान साहित्यभित्र पृथक स्वरूप स्थापित हुन खोजिरहेको लघुकथाको वास्तविक उठान १९ औं शताब्दीको आरम्भसँगै पाश्चात्य साहित्यमा आधुनिक कथाविधाको सैद्धान्तिक

---

[४९] रोशन थापा **मधुपर्क,** पूर्ववत् पृ. ८६ ।

[५०] नागेन्द्रप्रसाद सिंह, **समकालीन साहित्य** पूर्ववत्, पृ. ५४, (अनु, गोपाल अश्क) ।

[५१] तुलसीबहादुर क्षेत्री र अरु सम्पा.**सम्मेलन कथा सङग्रह** दो.सं. (दार्जिलिङ: नेपाली साहित्य सम्मेलन २०४७), पृ. १ ।

स्वरूपको प्रतिपादन गरिएपछि भएकोले यस लघुकथा (Short Short Story) को लेखन परम्पराको सुरुवातमा पनि आधुनिक पश्चिमेली कथा सिद्धान्तकै देन छ । छोटो मीठो कथा लेखन आजको युगको आवश्यकता हो । यस्ता कथाहरू आकारमा छोटा भएपनि अभिव्यक्तिमा विशाल र गहन हुने भएकोले यसले वर्तमान युगीन व्यस्तमानवको कथा साहित्यको अभिरुचिलाई पूर्ति गर्दछ । "लघु कथाको सवभन्दा ठूलो सफलता उसको परिस्थितिको ग्रहण र त्यसको सम्पूर्णता (Totality) विशदता (Extensivness) र प्रभविष्णु (Impaltfulness) मा रहेका छ ।"[५२] आजको वैज्ञानिक युग अर्थात् क्षिप्र क्षेप्यास्त्र, कम्प्युटर र तीव्र सञ्चारको प्रविधियुक्त युगको प्रभाव भाषा साहित्यमा पनि परेको देखिन्छ । जसको परिणामस्वरूप पुरानो समयमा झैं लामालामा लेख लेख्ने र पढ्ने फुर्सदी समयको अभावका कारण समय र युगको सापेक्ष वर्तमान् समयमा छोटो छरितो र चुस्त शैलीमा थोरैमा धेरै भन्ने लेखन परम्पराको विकास भएको देखिन्छ । साहित्य जस्तो विषयमा पनि केही नयाँपनका साथ लघुकथा रचना गरी छोटो दिक्कालको वीचमा विशाल तथा भित्री गूढाभिव्यक्तिको प्रस्तुतति गर्ने सोच अनुरूप आख्यान साहित्यको क्षेत्रमा लघुकथा लेखनको सुरु भएको हो भनिन्छ ।

आधुनिक अवधारणा अनुसार लेखिने लघुकथा कुनै अन्य उद्देश्यले नभई लघुकथा नै लेख्ने भनेर लेखिएको हुन्छ । लघुकथाको आयाम, कथावस्तुको एकलता परिवेशगत सीमितता, सीमित पात्रको प्रयोग, क्रिया व्यापार, दृष्टिविन्दु, सटीक एवम् साघन सन्देश व्यङ्ग्यात्मता र प्रतीकात्मकता जस्ता आधारभूत पक्षहरूमाथि ध्यान दिएर लघुकथाको सिर्जना गरिएको हुन्छ । आख्यानको कलात्मकता र कथ्यको परिपूर्णता लघुकथामा अत्यन्त वौद्धिकताका साथ प्रस्तुत गरिएको हुन्छ । यो हचुवाको लेखाइ होइन ।

तुलनात्मक रूपमा उपन्यास कथा र लघुकथा वीच समाज वंशाणुगत सम्बन्ध रहेपछि यी आख्यानको तीन विधाहरू आजको स्थितिमा अलग-अलग मूल्य र मान्यतामा प्रकट भएका छन् । शोधको विषय लघुकथा (सर्ट सर्ट स्टोरी) को लेखन सुरुमा जर्मनी साहित्यमा गरिन्थ्यो । जर्मनी भाषाका महान् साहित्यकार गेटे भन्दा पहिला यसलाई 'Novelle' भनेर चिनिन्थ्यो । सन् (१७९५ई.) पछि गेटेले लघुकथालाई साहित्यिक विधाको रूपमा चिनाए । हेनरी भोन, केलिस्ट र धेरै लेखकहरू तथा जर्मन सिद्धान्तकारहरूले विधागत रूपमा अगाडि

---

[५२] नगेन्द्रप्रसाद सिंह, **समकालीन साहित्य,** पूर्ववत् पृ. ५३ (अनु.गोपाल अश्क)

बढाए ।[५३] अनि अङ्ग्रेजी, फ्रान्सेली तथा रसियाली भाषामा पनि यस्ता प्रकारका अत्यन्त छोटा कथा लेख्ने परम्पराको विस्तार भएको पाइन्छ । अङ्ग्रेजी साहित्यमा लघुकथा लेख्ने लेखकहरूमा अमेरिकन हर्मन मेल भिलिज- 'बिल्लीबड' (१९८०ई.) हेनरी जेम्स- 'द टनए/स्क्यु अफ द स्कयु' (१८९८ई.) रोगर जी गुडमैन - '७५ लघुतम रचनाहरू', स्टेभ मोस - 'द वल्ड सर्टेस्ट स्टोरिज' (१९९८ई.) र बेलायतीमा जोसेफ कोन्राड - 'हर्ट अफ द डार्कनेस' (१९०२ई.), मुख्य मुख्य मानिन्छन् । फ्रान्सेलीमा बाल्जक, गुस्ताव ल्फावेयर, जिडी मुपासा, इमाइल जोला र रसियनहरूमा टाल्सटाय, गोगल, चेखव, तुर्गनेभ, गोर्की जस्ता आख्यानकारहरूले सामान्य कथा लेखनको साथै विशेष लघुकथाको लेखनमा पनि कलम चलाएको पाइन्छ । यसपछि लघुकथाको लेखन क्रमशः अन्य भाषा साहित्यमा पनि हुन थाल्यो ।

सामान्य तथा सूक्ष्म विषयलाई टिपेर कलात्मक शैलीमा प्रयोग गरी संक्षिप्त/लघुतम कलेवरमा सशक्त मुक्तकीय ढाँचामा गम्भीर तथा पूर्णअभिव्यक्तिको प्रस्तुति गर्ने उर्दू साहित्यकार कथाकार, उपन्यासकार, निबन्धकार तथा चित्रकार पनि हुन्, खलिलजिब्रान । छोटा भन्दा छोटा कुराको अत्यन्त प्रभावशाली ढङ्गले व्यक्त गर्ने अद्वितीय कलाभएका खलिल जिब्रान[५४] लघुकथाका सशक्त र सबल हस्ताक्षर हुन् । त्यसैले त माथि उल्लेख गरेझैँ आधुनिक लघुकथाका जन्मदाताको रूपमा खलिल जिब्रानलाई भनिन्छ । यसरी उर्दू साहित्यमा पनि लघुकथाको लेखन परम्परा मजबुत रहेको पाइन्छ अनि हिन्दी साहित्यमा यसको प्रभाव सिधै परेको देखिन्छ । जब हिन्दी साहित्यमा लघुकथा लेखनमा व्यापकता आयो त्यसपछि साहित्यमा लघुकथा लेखनमा व्यापकता आयो, त्यसपछि नेपाली साहित्यमा पनि लघुकथा नभित्रीरहन सकेन ।

आधुनिक कथाकै भेदोपभेदको स्वरूपमा लेखिने गरेका नेपालीमा पनि आधुनिक कथालेखनको प्रारम्भसँगै योजनाबद्ध ढाँचामा यसको लेखन परम्पराको उठान भएको पाइन्छ । यसैले समालोचक राजेन्द्र सुवेदी भन्छन्- "आधुनिक नेपाली लघुकथा परम्परामा लघुकथाको सृजना छुट्टै पहिचान र छुट्टै अस्तित्वबाट आरम्भ नभई आधुनिक कथा लेखनकै

---

५३ M.H. Abrams. Glossary of literary term, Ibid, P. 287

५४ मन्त्री, वटोही, पाँ.सं., ले. खलिल जिब्रान, (दिल्ली: **सस्ता साहित्य मण्डल,** प्रकाशन, ई. १९९५), प्रशाशकीयबाट ।

प्रयत्नबाट विकसित हुँदै आएको हुँदा यसलाई कथा परम्पराको प्रवाहमा समाहित गरेर अध्ययन गरिनु वाञ्छनीय हुन्छ ।"[५५]

### ३.५.४ नेपाली साहित्यमा लघुकथाको विकासप्रक्रिया

दिक्काल (Time and space) को परिवेशभित्र घट्ने सम्पूर्ण किसिमका मानवीय तथा मानवेतर क्रियाकलाप वा घटनाहरूको क्रमवद्ध अध्ययन इतिहासमा हुन्छ र यही दिक्कालकै परिधिमा सम्पूर्ण घटनाहरूको विकास प्रक्रिया अगाडि बढेको हुन्छ । यसर्थ मानवकृत आख्यान साहित्यसित सम्बद्ध एक उपविधा लघुकथाको पनि आफ्नै ऐतिहासिक परम्पराको नेपाली साहित्यमा विकास भएको छ । जसको अध्ययन निम्नानुसार रहेको छ-

पृष्ठभूमि (सुरुदेखि सं १९९० सम्म) वास्तवमा लघुकथाको प्राचीन आरम्भ विन्दुको बारेमा किटान गरेर भनिने आख्यानमूलक लोककथा, आहान (उखान) खिस्सा/किस्सा र लोकोक्तिको प्रचलन अझै पनि कायमै छ । छोटोमीठो सारगर्भित तथा व्यङ्ग्यात्मक अभिव्यक्ति दिने खालका कथात्मक छोटा छोटा उखान/किस्सादिको शिष्ट वा लेख्य रूपबाट नै वर्तमात सन्दर्भमा प्रख्यात लघुकथाको रूप विकास भएको पाइन्छ ।

यहाँ चर्चाको विषय लघुकथा सामान्यार्थमा बुझिने कथा भन्दा संक्षिप्त आयामको स्वयम्मा पूर्ण कथा हो । त्यसकारण नेपाली साहित्यमा यसको ऐतिहासिक पृष्ठभूमिलाई खोतल्दै जाँदा कथा साहित्यकै पृष्ठभूमिमा पुग्नुपर्ने हुन्छ । जसअनुसार नेपाली भाषामा कथालेखन नेपालको इतिहासमा शाहकालको अभ्यूदय भएपछि अर्थात् आधुनिक नेपालको एकीकरणकर्ता पृथ्विनारायण शाहको आगमन भएपछि सुरु भएको पाइन्छ । कथाकै एउटा भेद लघुकथा भएकोले बहुकालिक दृष्टिबाट हेर्दा नेपाली संवत १८०० तिर देखि नै लघुकथा जस्ता रचनाको लेखन भएको देखिन्छ ।[५६] लिपिबद्ध रूपमा त्यही समय वरिपरि लेखिएको पुरानो ग्रन्थ 'गोर्खा वंशावली' मा अनुस्यूत भएका दुई छोटा कथाहरू सतसँगको वर्णन भयाको कथाहा (पृ.१८) र राजा प्रप्रंचैको व्यहोराको एउटा खिस्सा (पृ.९७-९८) अंशतः लघुकथाको ढाँचा सम्मत देखिन्छन् । उपयुक्त छोटा कथाहरूलाई "नेपालीमा हाल उपलब्ध

[५५] राजेन्द्र सुवेदी, **अप्र.कार्यपत्र,** पूर्ववत, २०५३, पृ.२ ।

[५६] मोहनराज शर्मा, **मधुपर्क,** पूर्ववत् पृ. २५ ।

प्रथम दुई लघुकथात्मक रचना भन्न सकिन्छ,"[५७] किनकि यी दुई कथात्मक लघु रचनाहरूमा उद्देश्यमूलक लोककथाको आभास पाइएपनि लघुकथानुकूल कथावस्तुको संक्षिप्तता, परिवेशको सीमितता, विचारको एकोन्मुखता र कथात्मक तीव्रता रहेको प्रस्ट पाइन्छ । यसपछि लघुकथाको स्वरूपमा देखापर्ने छोटा रचनाहरूमा- मुन्सीद्वारा सं. १८७६ मा अनुवाद गरिएका "तीन आहान" पर्दछन् । यी लघुकथात्मक रचनाहरू जे.ए. एटनको 'नेपाली व्याकरण' (सं. १८७७) मा प्रकाशित गरिएको छ । लघुकथात्मक यी "तीन आहान" नेपालीमा लेखिएका मौलिक नभएर रूपान्तरित थिए र यी लघुकथा लेख्ने उद्देश्यले पनि लेखिएका थिएनन् । साथै सम्पादक बाबु रामकृष्ण बर्माद्वारा सम्पादित 'गोर्खा हास्य मञ्जरी' (सं. १९५२) मा सङ्ग्रहित ९० ओटा लघुगद्य रचनाहरू रहेका छन् । सङग्रहबद्ध कतिपय लघुरचनाहरूमा चुट्किला शैलीमा लघुकथाको सीमित र सूक्ष्म तन्तुको आभास पाइए पनि लघुकथाको रूपमा भन्दा हँसीमजाक गर्ने हस्यौली/ठट्यौली पाराका रचनाहरूको सङ्ग्रहको रूपमा यो कृति देखापर्छ । हिन्दीबाट धेरै प्रभावित हस्यौली ठट्यौलीहरू बढी छन् । कतिपय अकबर र बीरबलका चुट्किला कथा वा खिस्सासित सम्बन्धित् छन् । कृतिको नाममा 'गोर्खा' शब्दको प्रयोग भएपनि कुनै पनि किस्सामा कतैपनि नेपाल/नेपालीपनको गन्ध आउँदैन । वस्तुविन्यास हिन्दी र अङ्ग्रेजी पाराका देखिन्छन् र अनेक तरहका हँसी दिल्लगी औ चतुऱ्याइँका कुराहरूको सङ्ग्रह[५८] को रूपमा यो सङ्ग्रह देखा पर्दछ । वर्तमान सन्दर्भमा लघुकथाले अपेक्षित गरेका सौन्दर्य शास्त्रीय गुणहरू मुन्सीका 'तीन आहान' तथा गोर्खा हास्य मञ्जरीमामा पाइँदैनन् । यसकारण आकारगत लघुता मात्र यसको तात्विक पहिचान होइन । 'आधुनिक साहित्य सिद्धान्तको मापदण्ड अनुसार जुन कथा शिल्पलाई हामी लघुकथा भन्दछौं त्यसको छनकसम्म पनि यसकालावधिका 'तीन आहान' (१८७६) वा 'गोर्खा हास्यमञ्जरी' (सं. १९५२ मा) पाउँन्नौ ।[५९] यसरी नै सम्बद्ध यी लघुरचनाहरूमा सुगठित कथानक, संरचना र सशक्त कलात्मकताको अभाव छ । व्यङ्ग्यात्मकता कथात्मक तीव्रता जस्ता कुराहरूको कमजोरी पनि पाइन्छ र क्षणिक मनोरञ्जन दिने गुणले युक्त छन् ।

त्यस्तै आख्यानकार शास्त्री, 'द्रविड' को गोर्खा मन्त्रालयबाट प्रकाशित 'सर्वसङ्ग्रह' (१९५३) मा सामान्य खालका विविध विषयका ज्ञानपयोगी लेखहरूको सङलन, जसले

---

५७ ऐजन ।

५८ शरदचन्द्र शर्मा भट्टराई, **माध्यमिक नेपाली गद्याआख्यान,** (काठमाडौं: ने.रा.प्र.प्र. २०५०), पृ. २२३ ।

५९ दयाराम भट्टराई, **मधुपर्क,** पूर्ववत् पृ. १३ ।

सर्वसङ्ग्रह शीर्षकलाई सार्थक गराउने रूपमा (पृ.६३ देखि ७२ सम्म) रहेका चुट्कुला रूपका विश्वास, 'नरकजा', 'सुंगर', 'स्वप्नलाभ', 'बाठो उल्लु' गुरुचेला, जुवारी लग्गु, बहिरो बुद्धिमान, कानू, सधैग्रहण, जस्ता ससाना कथा सङ्गहित छन् ।[६०] हिन्दीको अत्यधिक प्रभाव रहेका यसमा सङ्गृहीत यी ससाना चुट्किला शैलीका कतिपय कथाहरू माथि उल्लिखित रामकृष्ण शर्माले सम्पादन गरेको 'गोर्खा हास्यमञ्जरी' मा उही तथा नामान्तर शीर्षकमा आफ्नै भाषामा लेखिएको पाइन्छ ।

अर्कोतर्फ माध्यमिक कालीन भाषा सेवी व्यक्तित्व कृष्ण चन्द्र अर्याल (१९३९-२००२) नेपाली उखानलाई नै शीर्षक राखी उखानको अर्थ अनुकूल सामाजिक घटनाहरूलाई चयन गरेर छोटोमीठो रूपमा कथा लेखेका छन् । यसरी उखानहरूलाई लघुकथाको आधारमा ढालेर लेखिएको सङ्ग्रह "लौकिक न्याय मणिमाला" सं. १९८०-८५ साल तिरै हो[६१] भन्ने धारणा घट्टराज भट्टराईको छ । विभिन्न २७ ओटा उखानलाई शीर्षकीकरण गरी त्यसै अनुरूप लघुकथाको रचना गरिएको छ । तर उखानले दिने सामाजिक व्यङ्ग्य, साङ्केतिक अर्थ र प्रतीकात्मक अर्थ यी उखानमूलक लघुकथाहरूले दिएको भए पनि यी लघुकथाहरू आधुनिक सन्दर्भमा लेखिने लघुकथा (सर्ट स्टोरी) को कथावस्तु योजना, पात्रचयन, परिवेशको चयन, रूपविन्यास र उद्देश्य अनुकूल लेखिएका कथाहरू होइनन् । केवल उखानलाई कथावद्ध गरेको मात्र हो । लेखकले खास लघुकथा लेख्छु भन्ने सोचमा कदापि लेखेको होइनन् । यसरी लौकिक उखानहरू लघुकथाको स्रोतको रूपमा आउन सके तापनि उखान नै लघुकथा होइनन् । यसरी नै लघुकथाको यस पृष्ठभूमि कालमा नेपालीत्तर भाषा (हिन्दी) मा आधुनिक चिन्तन (फ्राएडवादी चिन्तन) रहेका लघुकथाहरू नेपाली कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लेखिएको पाइन्छ । "वि.सं. १९९१ पूर्व यिनले नेपालीत्तर भाषामा 'त्यहाँ' र त्यसपछि 'पथिक' (१९८७, 'आफैले भ्रैं' र 'भैयादाइ' १९८८)" जस्ता लघुकथाहरू लेखेका छन् ।[६२] 'लेख' शीर्षक राखी लघुकथा शैलीका टिप्पणीमूलक रचनाहरू पनि यो अवधिमा लेखिएको छ र विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । यसपछि सं. १९९० को अवधिमा यस्तै खाले, मौलिक तथा अनुदित कथात्मक लघुरचनाहरू पनि आख्यान साहित्यमा

---

६० शरदचन्द्र शर्मा, भट्टराई, **माध्यमिक नेपाली गद्याख्यान,** पूर्ववत्, पृ.२२३ ।

६१ घटराज भट्टराई, **मधुपर्क** पूर्ववत्, पृ ४१ ।

६२ हरिप्रसाद शर्मा, विश्वेश्वरप्रसाद कोइरालाका कथा, दो.सं. (ललितपुरः साझा प्रकाशन, २०५७), पृ. ३२ ।

प्रस्ट रूपमा देखा पर्दैनन् । कतिपय भएका रचनाहरू पनि अन्य विधा तथा सङ्ग्रहमा समाहित भएर प्रकाशित भएका छन् ।

यसरी लघुकथाको पृष्ठभूमि चरणमा प्रारम्भिक पूर्वजको रूपमा 'गोर्खावंशावली' मा उल्लेख गरिएको दुइृ खिस्साहरू अनुदित भएपनि मुन्सिका 'तीन आहान', 'गोर्खा हास्यमञ्जरी' र 'सर्वसङ्ग्रह' का लघुहास्य रचनाहरू देखा पर्दछन् तर यी लघुरचनाहरूले वास्तविक लघुकथाको सीमा प्राप्त गर्न सकेका छैनन् र यी लघुकथा लेख्ने ध्येय राखेर लेखिएका पनि थिएनन् । वि.सं. १९९० भन्दा पहिला अर्थात् सामान्यत नेपाली साहित्यमा आधुनिककालको सुरु हुनुभन्दा अघि लघुकथाको वास्तविक स्वरूपको रचना देखा पर्दैन, न त प्राथमिक कालमा देखा पर्छ, न त माध्यमिककालमा नै । यसकारण शोधको विषयवस्तु लघुकथाको नेपाली साहित्यमा वास्तविक आधुनिक कथा लेखनको परम्परा सुरुवातसँगै भएको पाइनछ । "नेपाली कथासाहित्यको ऐतिहासिक पृष्ठभूमि हेर्दा सं. १९९२ मा आधुनिककाल सुरु भएपछि मात्र लघुकथाको परम्परा सुरु भएको पाइन्छ ।"[६३]

यसरी वि.सं. १९९२ देखि हालसम्मको अवधिमा नै लघुकथाको विकास नेपाली साहित्यमा ऐतिहासिक रूपमा निरन्तर भएको देखिन्छ । यस अवधिलाई निम्न लिखित तीन चरणमा बाँडेर ऐतिहासिक अध्ययन गर्न सकिन्छ-

१. पहिलो चरण वि.सं. १९९२-२०१९

२. दोस्रो चरण वि.सं. २०२०-२०३९

३. तेस्रो चरण वि.सं. २०४०-हालसम्म

---

[६३] दयाराम श्रेष्ठ, **मधुपर्क** पूर्ववत्, पृ १३ ।

## १. पहिलो चरण

नेपाली साहित्यमा आधुनिक कथालेखनको सुरुवातसँगै लघुकथा लेखन परम्पराको पनि सुरुवात भएकोले सं १९९२-२०१९ सम्मको समयावधिलाई लघुकथाको इतिहासमा पहिलो चरण मानिएको छ । कथामा जस्तै यस अवधिमा लेखिएका लघुकथाहरू यथार्थवादी धारामा आधारित छन् । त्यसैले यस चरणलाई यथार्थवादी युगपनि भनिन्छ । सं. १९९२ देखि सं. २०१९ सम्म जम्मा २७ वर्षको कालावधिको यथार्थवादी युगमा लघुकथा परम्पराको क्षीण रूपमा देखापऱ्यो । सं. १९९२ सालमा प्रकाशित गोपाल सिंह नेपाली (सं. १९६८-२०२०) को कृति 'कल्पना' गद्यमा लेखिएको (अहिलेको जस्तो गद्य कविता होइन) भएकाले यस भित्र लेखिएका रचनाहरूलाई कथाको रचनाविधानका दृष्टिले पढ्दा प्रत्येकमा हामी कथात्मकताको स्वाद पाउन सक्दछौं । सङ्कलित कृतिहरूमा हामी पात्र, परिवेश, घटना सम्वाद आदि सबै कथात्मक लक्षणहरू पाउँदछौं ।[६४] यस संङ्ग्रह भित्रका रचनाहरूमा वर्तमान समयमा लेखिने गद्य कवितामा जसतो कवितात्मक लक्षणहरू, आन्तरिक लय चेतना, पदहरूको कवितात्मक विन्यास (पदविचलन) र साङ्गीतिक रागात्मकताको छनक पाइँदैन । फलस्वरूप कवितामा हुनुपर्ने उपर्युक्त लक्षणहरू भन्दा लघुकथामा हुनुपर्ने विशेषताहरू उक्त कृतिमा धेरै देखिन्छन् । त्यसैले त समालोचक दयाराम श्रेष्ठले भनेझै नेपाली लघुकथाको ऐतिहासिक विकास क्रममा यसको महत्वलाई नकार्न सकिन्न ।[६५] यसै चरणका अन्य लघुकथा लेखकहरू तथा तिनका लघुकथासङ्ग्रहहरूमा पूर्णप्रसाद ब्राह्मण र उनका 'झिल्का' (२००७) म लोग्ने हुँ (२००८) र एकतीस कथा (२०४२) र जयनारायण गिरी र उनको 'कसिङ्गर' (२००८) प्रमुख छन् ।

नेपाली साहित्यमा सबैभन्दा कान्छो विधा लघुकथा हो । वि.सं. २००७ सालमा प्रकाशित भएको पूर्णप्रसाद ब्राह्मणको 'झिल्का' लाई नेपालीको पहिलो लघुकथासङ्ग्रह मानिएको छ ।[६६] तर संवत् २००८ अर्थात् सन् १९५१ मा कलकत्ताबाट प्रकाशित जयनाराण गिरीको लघुकथासङ्ग्रह 'कसिङ्गर' को भूमिकामा "नेपाली साहित्यमा सर्वप्रथम लघुकथासङ्ग्रह छापिएको पुस्तक यही हुनाले यस प्रयासका निम्ति हामी सबैले लेखकलाई हार्दिक बधाई दिनुपर्छ" भनेर वरिष्ठ उपन्यासकार स्व. लैनसिंह बाङ्देलले भनेपनि

---

६४ ऐजन ।

६५ ऐजन ।

६६ श्रीओम श्रेष्ठ, **मधुपर्क** पूर्ववत्, पृ. १०९ ।

जयनारायण गिरीको 'कसिङ्गर' लघुकथासङ्ग्रह पहिलो पुस्तकाकार कृति थिएन । तैपनि प्रथम चरणको महत्वपूर्ण कृति भने आवश्यक थियो । वास्तवमा पुस्तकाकार कृतिको रूपमा प्रथम पटक निस्केको लघुकथासङ्ग्रह पूर्णप्रसाद ब्राहमणको 'झिल्का' (२००७) नै रहेको छ ।

माथि उल्लेखित तीनओटा लघुकथासङ्ग्रहहरू- 'झिल्का', म लोग्ने हुँ, र 'एकतीस कथा' मा पूर्णप्रसाद ब्राह्मणले तात्कालिक समाज र परिवेशमा घट्ने जीवन र जगत्का सामाजिक, राजनीतिक, साँस्कृतिक, धार्मिक तथा अन्य व्यवहारिक क्षेत्रमा घट्ने विवविध घटनाहरूलाई लघुकथाको विषयवस्तु बनाई सत्य तथ्य अर्थात् यथार्थ पक्षको उद्घाट्न गरेका छन् । आदर्श गर्भित यथार्थवादी धारमा लेखिएका उनका लघुकथाहरूमा प्रतीकात्मक नाटकीय शैली तथा व्यङ्ग्यात्मक पक्षको सबल प्रयोग गरिएको छ । सामाजिक जीवनको वस्तुगत पक्षको मार्मिक चित्रण गर्न ब्राह्मणको कथाशिल्पकारित सशक्त र गहन देखिन्छ । 'झिल्का' तथा 'म लोग्ने हुँ' सङ्ग्रहका फुच्चे कथाहरूमा राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापना काल वरिपरिको संक्रमणकालीन स्थितिको समाजिक अन्योल, अन्याय अत्याचार, हुकुमी शासन, शोषण दमन, नारीमाथिको ज्यादती र तुच्छव्यवहार जस्ता पक्षहरूको विद्रोहात्मक चित्रण गर्दै कथानकको चयन गरेका छन् । मानवीय तथा मानवेतर पात्र मार्फत् प्रतीक र व्यङ्ग्यको प्रयोग गरेर लघुकथाहरूले लेखेका छन् । "अर्थको अन्योक्तिमूलक तहमा पुगेर परिकथामा झैं पशुपंक्षीको साथसाथै अमूर्त सत्तालाई समेत पात्रका रूपमा लिएर मूलतः सामाजिक अन्याय, शोषण व्यवस्था र नारीमाथिको हुकुमीतन्त्रप्रति विद्रोह र व्यङ्ग्य दुवै गरेका छन् ।"[६७] त्यस्तै ब्राहमणको प्रतीकात्मक लघुकथाहरूको सङ्गहका रूपमा एकतीस कथा (२०४२) देखा पर्छ । निजात्मक चिन्तलाई बढी महत्व दिएर छोटा छोटा कथाहरू यस सङ्ग्रहमा रहेका छन् । परिष्कारमूलक, साधित, तत्समयुक्त शब्दावलीको चयन सशक्त रूपमा गरिएपनि उनका कथा जीवनको कटुसत्य उद्घाटित गर्ने खालका सरल, सुबोध व्यङ्ग्यात्मक र साङ्केतिक शिल्पीको प्रयोगले गर्दा बडो रोचक र क्षेपक छन् । यसरी ब्राह्मणका लघुकथामा मानव जीवन र समाजको असङ्गत पक्षमाथिको वस्तुगत चित्रण गर्दै विकृति र विसङ्गतिमाथि व्यङ्ग्य र विद्रोहको स्वर प्रवल रूपमा प्रकट भएको पाइन्छ ।

---

[६७] दयाराम श्रेष्ठ, **मधुपर्क** पूर्ववत्, पृ. १३

यसै चरणमा वि.सं. २००५ सालदेखि नै लघुकथाको विधामा कलम चलाउने अर्का सशक्त लघुकथाकार जयनारायण गिरी (सं. १९८७-२०३९) को 'कसिङ्गर' नामक लघुकथासङ्ग्रह २००८ सालमा प्रकाशित भएको छ । मूलतः उनले मनोवैज्ञानिक यथार्थवादी धारामा रहेर लघुकथाहरू लेखेका छन् । गिरीको लघुकथासङ्ग्रह 'कसिङ्गर' मा सङ्गृहीत २२ ओटा लघुकथाहरू मध्ये अधिकांश कथाहरू नारी विषयमा आधारित छन् । नारीजीवनको वहुरूपको चित्रणका साथै मानिसको फ्रायडीय मनोविज्ञानको चिन्तन अनुसार प्रणय जनित प्रतिबिम्ब उनका प्रायजसो कथाहरूमा पाइन्छन् । व्यङ्ग्यात्मक, प्रतीकात्मक कौशल मार्फत् जनजीवनका सामाजिक, मानसिक, आर्थिक, साँस्कृतिक, असमानता नारीमूलक समस्याका यथार्थताहरूलाई लघुकथाको भित्ति बनाएर छोटो कथा लेख्न जयनारायण गिरी खप्पिस देखिन्छन् । थोरै वाक्यमा मानिसको धेरै भित्रीतहसम्म छुने अभिव्यक्तिको प्रस्फुटन उनका लघुकथामा प्रस्ट पाइन्छ ।

यसै अवधिमा लघुकथाको बान्की प्रस्तुत गर्ने कथाकार शशिकला शर्माको योगदान पनि उल्लेखनीय रहेको पाइन्छ । उनले 'उसको सुरुवाल' (२०१९) मा अन्य कथाहरूकासाथ जप, जाँदा र आउँदा, स्वास्थ्य सप्ताह, समानता र अपूरो कल्पना जस्ता कथाहरू लघुकथाको बान्कीमा देखा पर्छन । जनजीवनमा छुने घरायासी खिचलो, सामाजिक आस्था, परम्परा, धार्मिक आडम्बर, अभाव रोग, भोक, अशिक्षा, अनभिज्ञता, जातीय भेदभाव, राजनैतिक, आर्थिक विकृति विसङ्गतिले निम्त्याएका कुराहरूलाई लघुकथाको कथानक बनाई लघुकथाको बान्कीमा प्रकाशन गरेकी छन् । सरल भाषाका कथाको कथ्यलाई मार्मिक चित्रण गर्ने खुवी उनको लेखनमा प्रस्ट पाइन्छ । यसरी सामाजमा बिफ्किरहने तर नगन्य (सामान्य) विषयवस्तुलाई टिपेर यथार्थ जीवनको चित्रण गरिएका शशिकला शर्माका लघुकथाहरू महत्वपूर्ण रहेका छन् । लघुकथाको मर्म अनुरूप कथानकको आरम्भ, विकास र अन्त्य गर्ने नाटकीय शैली तथा कौतूकमय कलाको प्रयुक्ति उनको लेखनमा सफल भएको हुन्छ साथै उनका कथाहरू सर्वग्रहणीय, चेतना र सन्देशमूलक छन् ।

अन्ततः नेपाली लघुकथाको पहिलो चरणमा देखा परेको लघुकथात्मक मुख्य प्रवृत्ति भनेको यथार्थवादी धारामा रहेको पाइनछ । जसमा सामाजिक, राजनीतिक, साँस्कृतिक र मनोवैज्ञानिक यथार्थको उद्घाटन छोटो मीठो संरचना तथा अभिव्यक्तिमा गर्नु रहेको पाइन्छ । सामाजिक राजनैतिक र साँस्कृतिक क्षेत्रमा देखापर्ने विकृति विसङ्गति र

अनियमिततामाथि व्यङ्ग्य र विद्रोह गर्नुका साथसाथै सन्देशात्मक चेतना दिने खालका यथार्थवादी तथा यथार्थवादी तथा आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिका लघुकथाहरू यस अवधिका लघुकथाकारहरूले लेखेको पाइन्छ । यस चरणका मुख्य लघुकथाकारहरूमा पूर्णप्रसाद ब्राह्मण, जयनारायण गिरी र शशिकला शर्मा रहेका छन् । फुट्कर रूपमा लघुकथा लेख्नेमा वानरसबाट प्काशित हुने 'छात्रवाणी' पत्रिकामा २०१२ सालतिर मदनकृष्ण प्रसाईले लघुकथा लेखेका छन् ।

## २. दोस्रो चरण

वि.सं. २०२० देखि २०४० साल सम्म 'समयावधि' लाई नेपाली लघुकथाको ऐतिहासिक विकासमा दोस्रो चरणको रूपमा लिइएको छ । आधुनिक कथाको विकासक्रमको सापेक्षमा यस चरणलाई नवचेतनावादी युगको रूपमा पनि हेर्न सकिन्छ । यो चरणमा लघुकथाको परम्पराले आफ्नो प्रभाव निक्कै राम्रो तहमा विकास गरेको पाइन्छ । पहिलो चरणको आदर्शमुखी यथार्थवादी कथात्मक धारलाई छोडेर तत्कालिक सामाजिक, राजनीतिक, आर्थिक, साँस्कृतिक, भौतिक, लैङ्गिक र जातीय चेतनाको क्षेत्रमा देखा परेका असङ्गति, दमन, अत्याचार, द्वन्द्व, कुण्ठा, निचता र स्वेच्छाचारिताको विषयलाई प्रयोगधर्मी नवचेतनाको धारामा प्रस्तुत गरिएका लघुकथाहरू प्रकाशित भएका छन् ।

यस चरणका प्रमुख कथाकारहरूमा विश्वम्भर प्याकुरेल, जगदिश नेपाली, अनिता तुलाधर, ध्रुव मधिर्मी, श्याम गोपाल, किशोर पहाडी, लव गाउँले, विनयकुमार कसजू, रमेश नेपाली आदि पर्दछन् । लघुकथासङ्ग्रहको रूपमा प्रकाशित गर्ने उपर्युल्लिखित लेखकहरूका मुख्य कृतिहरू यसप्रकार रहेका छन् । विश्वम्भर प्याकुरेलको 'इन्द्रेणीको गुम्बज भित्र' ( २०२९), रमेश नेपालीको 'पाटीको बौलाही' (२०३२), अनिता तुलाधरको 'फूलु' (२०३४), ध्रुवमधिकर्मी साथी र श्याम गोपाल 'आशा' को संयुक्त लघुकथासङ्ग्रह 'लघु' (२०३५) लव गाउँलेको गाउँलेका 'मसिना कथाहरू' (२०३७) दुर्लभलाल सिंहको 'झूलभित्रको मान्छे' (अनु. २०३७) विनयकुमार कसजूको 'पशुतन्त्र' (२०३९) र 'जगदीश नेपालीको केही लघुकथाहरू' ( २०३९)।

आफ्नो लघुकथासङ्ग्रह 'इन्द्रेणीको गुम्बजभित्र' (२०२९) मा लघुकथाकार विश्वम्भर प्याकुरेलले छोटाछोटा आयाम भएका विभिन्न शीर्षकका १५ वटा लघुकथाहरू जीवनमा

उदेवेलित भइरहने विविध खालका मानसिक तर्क/द्वन्द्वहरूलाई पृष्ठभूमि बनाएर लेखेका छन् । उनले मानव समाजमा प्रचलित पुराना पुराना मान्यताले दीर्घकालीन समयसम्म ग्रसित गराए रुढि वा कुप्रथाको विद्रोहका साथै युवापिंडीका विचार अनुकूल आधुनिक अवधारणाहरूको प्रविष्टन गराउने प्रयत्न पनि उनका लघुकथामा पाइन्छ तर आधुनिकताले लादेको विद्रूपताको खण्डन पनि उनका लघुकथामा नपाइने होइन । काव्यात्मक/गीतिव्यात्मकताको झल्को पाइने उनका लघुकथाहरूमा प्रतीकात्माक र व्यङ्ग्य विधानको पनि राम्रो प्रयोग भएको पाइन्छ । यसरी अस्तित्ववादी/जीवनवादी स्वतन्त्रताको चिन्तनमा आधारित उनका कथाहरूले जीवनको भाव संवेगको अन्तर्द्वन्द्व र उकुसमुकुसलाई राम्ररी चित्रण गरेका छन् ।

अनर्गल सामाजिक लाञ्छनाहरूबाट पीडित, मानसिक संवेदना र व्यथाहरूले आहत भएकाहरूको चित्रण, तरुनी तन्नेरीहरू बीचको गहिरो प्रेमोदगार समाजसेवीहरूको छद्मअनुहार, न्यायको सट्टा धोखादिनेहरूको पर्दाफास गर्ने जस्ता विषयहरूलाई लिएर नेपाली साहित्यमा लघुकथाको विशेष रूप दिई रमेश नेपालीले पाटीको बौलाही (२०३२) नामक लघुकथासङ्ग्रह प्रकाशित गरेका छन् । समाजका अगुवाहरूलाई पौराणिक पात्रहरूको नाममा प्रयोग गरी तिनीहरूबाट हुने दमन, शोषण, जाली, कपटी जसता कुनियतवश गरिने व्यवहार, स्वतन्त्रताविहीन अवस्थामा उत्पन्न हुने विकृतिलाई/कुण्ठालाई कथाकारले व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । समाजमा विद्यमान वर्गीय भेद, व्यभिचार, अन्याय, अनमेल विवाह आदि पक्षहरूमाथि नवीन ढङ्गमा चित्रण गरिएको २२ ओटा लघुकथाहरू यस सङ्ग्रहमा रहेका छन् ।

अर्का लघुकथाकार अनिता तुलाधरले २०३४ सालमा लघुकथाको बान्की रूपमा 'फूलु' नामक बान्किला कथासङ्ग्रह प्रकाशित गरकी छिन । सानो भन्दा सानो पुस्तिकाकारको ( गोजिकाकारको) सङ्ग्रह फूलु (२०३४) मा जीवन भोगाइमा आइपरेका विविध सूक्ष्म घटनाहरूले पारेको दीर्घ प्रभावलाई झ्वाप्प असर पर्ने चित्रात्मक (फोटो) शैलीका पन्ध्रओटा लघुतम कथाहरू रहेका छन् । त्यस्तै श्याम गोपाल 'आशा' र ध्रुव मधिकर्मी 'साथी' ले लघुकथा लेखनमा प्रारम्भिक प्रयास स्वरूप २०३५ मै 'लघु' नामक संयुक्त लघुकथासङ्ग्रह प्रकाशित गरको छन् । यस सङ्ग्रहमा श्याम गोपाल आशा का ९ ओटा ध्रुव मधिकर्मी 'साथी' का ८ ओटा कथात्मक लघुरचनाहरू सङ्गृहीत छन् । लघुकथामा हुनुपर्ने कथात्मक

कुतूहलता, तीव्रता, व्याङ्ग्यात्मकता, गहनता रस सुगठित संरचनाको अभाव सङ्ग्रहीत रचनाहरूमा पाइन्छ । फलतः यो सङ्ग्रह लेखकद्वयको प्रारम्भिक प्रयास भएको देखिन्छ तर ध्रुव मधिकर्मीको अर्को लघुकथासङ्ग्रह 'बुद्ध कहिँ छैन'(२०५१) मा प्रकाशित भएको छ । यस सङ्ग्रहमा रहेका लघुकथाहरूले भने लघुकथात्मक उचाइ प्राप्त गरेका छन् । मानिसको आन्तरिक संवेदनालाई समातेर चिन्तनको गहिराइमा पुगी भाव सम्प्रेषण गर्न सक्ने खालका चरणका मधिकर्मीमा देखापर्दछ । जीवनको मूल्य, सामाजिक जीवनमा देखापर्ने विभिन्न किसिमका विविधताहरूको चित्रण गर्दै त्यहाँ हुने अनियमितता, देखावटीपन, ईर्ष्या, रुढि...जस्ता विकृति, विसङ्गतिमाथि यथार्थको उद्घाटन गरी व्यङ्ग्य प्रहार गर्ने कौशल ध्रुव मधिकर्मीको मुख्य विशेषता हो । विशेष गरी काठमाडौंको परिवेश र नेवारी जनजाति र संस्कृतिको यथार्थ गहन चित्रण गर्नमा उनी सफल देखिन्छन् ।

लघुकथाको सङ्ग्रह प्रकाशन क्रममा २०३७ सालमा 'गाउँलेका मसिना कथाहरू' नामक लघुकथासङ्ग्रहको प्रकाशन लव गाउँलेले गर्दछन् । कुनै पनि अवस्थामा नारी पुरुषका बीचमा हुने प्रेम विषयक द्वन्द्व, आवेग र संवेगलाई छोटा कथाहरूको कलेवरमा लेख्ने लघुकथाकारका रूपमा लव गाउँले देखा पर्दछन् । नेवारी भाषामा आफैले लेखेको 'किंकिंपा' नामक लघुकथासङ्ग्रहलाई नेपाली भाषामा 'फूल भित्रको मान्छे' (२०३७) को रूपमा अनुवाद गर्ने लघुकथाकार हुन् दुर्लभलाल सिंह । यो नेपालीमा लेखिएको मौलिक लघुकथासङ्ग्रह नभएपनि अनुदित यस सङ्ग्रहले नेपाली लघुकथाको इतिहासमा आफ्नै खालको योगदान दिएको छ । अत्यन्त मर्मस्पर्शी, छोटामीठा, घतलाग्दा र व्यङ्ग्यात्मक छोटा कथाहरू यस सङ्ग्रहमा रहेका छन् । सङ्ग्रहबद्ध विभिन्न कथाहरूमा मानिसको अर्थहीन खोक्रो आडम्बरीपना, जिउनुको विवशता तथा नियतिको सिकार र तुच्छ अभिमानप्रति तीव्र क्षेपण गरिएको छ । यस सङ्ग्रहमा कतिपय कथाहरूले तात्कालिक परिवेशका मानवीय लाछीपन, निरीहताप्रति आलोचना गर्दै परम्परागत मूल्यहीन संस्कारले जकडिएको वर्तमान समाजका मानवीय प्रवृत्तिहरूमाथि सहज र सरल भाषाशैलीमा कथात्मक टिप्पणी कथाकारले गरेका छन् ।

नेपाली साहित्यमा कथा र लघुकथा लेखनलाई साहित्यारम्भको मुख्य द्वार बनाई केवल लघुकथा कै क्षेत्रमा आफ्नो जीवनको पूरा समय सिंगार्नमा लगाउनु भयो[६८] लघुकथाकार

---

[६८] गिरीराज आचार्य, **जगदीश नेपालीका केही लघुकथाहरू**, २०३९, भूमिकाबाट ।

जगदीश नेपालीले । यस समयका विविध पत्रपत्रिकामा प्रकाशित भएका उनका लघुकथाहरूको सङ्ग्रह 'जगदीश नेपालीका लघुकथाहरू' (२०३९) मरणोपरान्त गिरीराज आचार्यको सम्पादकत्वमा प्रकाशित गरिएको थियो । लेवनानका नागरिक उर्दू भाषका महान् साहित्यकार खलिल जिब्रानको प्रभाव जगदीशका लघुकथाहरू निक्कै परको पाइन्छ । त्यसैले त जीवनपर्यन्त लघुकथाविधामा संलग्न जगदीश नेपालीलाई नेपालका एकमात्र जिब्रान हुनुहुन्थ्या[६९] भनिएको छ । जुनसुकै पनि विषयलाई लिएर छोटो छरितो संरचनामा मीठो एवम् गूढ अभिव्यक्ति सम्प्रेषण गराउने कला उनको लघुकथाकारिताको प्रमुख विशेषता हो । समाज र जीवनको प्रतिछायाँ उतार्ने चित्रात्मक अभिव्यक्तिका साथै निबन्धात्मक विशेषता पनि उनका लघुकथाहरूमा पाइन्छ ।

त्यस्तैगरी यसै चरणमा ग्रिसेली कथाकार इसपका नीतिकथा र पूर्वका विष्णु शर्माको पञ्चतन्त्रका कथाहरूबाट प्रभावित बनेर नेपाली आख्यान साहित्यमा समय सापेक्ष भई मानवीय पात्रको साथसाथै मानवेतर पात्रहरू अर्थात् पशुपक्षी पात्रहरूलाई मानवीकरण गरी लघुकथा लेख्ने मूर्धन्यको प्रतिभा विनयकुमार कसजू हुन् । लघुकथाको इतिहासको श्रीवृद्धिमा निरन्तर लागिरहेका कसजूले सङ्ग्रहको रूपमा 'पशुतन्त्र' (२०३९), 'लिस्नो' (२०५३) र 'थोपा थोपा' (२)५७) प्रकाशित गरेका छन् । यी तिन लघुकथासङ्ग्रहहरू मध्ये 'थोपा थोपा' लघुकथासङ्ग्रहमा 'पशुतन्त्र' र 'लिस्नो' सङ्ग्रहका केही कथाहरूको साथै अन्य थप लघुकथाहरू पनि प्रकाशित गरिएको छ ।

विनयकुमार कसजू र विजय सागरको संयुक्त सम्पादनमा पहिलोपटक हवाई पत्रिका 'चौतारी' (२०३४) दुई अङ्कमा सम्पादकद्वयका लघुकथाहरू प्रकाशित गरिएको छ । यसरी लघुकथाको उत्थानमा सर्जकको तथा सम्पादकीयको कार्य समेत गरेर महत्वपूर्ण योगदान दिएका छन् । मानवीय जीवनको ज्वलन्त वस्तुगत समस्याको साथै रुग्ण सामाजिक, राजनीतिक स्थिति र मानवीय कुटिल व्यवहारप्रति सशक्त व्यङ्ग्यको प्रयोग उनका लघुकथाहरूमा पाइन्छ । 'पशुतन्त्र' नामक लघुकथामा सङ्ग्रहवद्ध लघुकथाहरू सरल, सहज, संक्षिप्त, संरचनात्मक, ध्वन्यात्मक, सङ्केतात्मक प्रतीकात्मक, बिम्बात्मक एवम् हास्यात्मक कला कौशलले युक्त छन् । जीवन सापेक्ष सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक, अन्याय, अत्याचार, शोषण, दमन, विकृति आदिको यथार्थ चित्राङ्कन मानवीय तथा

[६९] ऐजन ।

मानवेतर पात्रको माध्यमबाट गरेका छन् । प्रगतिशील चिन्तनले ओतप्रोत उनका छोटा कथाहरूमा पाइने सर्वाधिक महत्वपूर्ण पक्ष सामाजिक व्यङ्ग्य नै हो । मानिस भित्र अन्तर्निहित लघुकथा विशुद्ध पाशविक प्रवृत्ति माथि त्यस्तै खालका पशुपात्र मार्फत् गम्भीर व्यङ्ग्य प्रहार गरिएको छ । "उनका लघुकथाको ढाँचामा अन्तिम सन्दर्भलाई प्रभावकारी बनाएर गहन अर्थको प्रतिपादन गरेका छन् । मिथकको प्रयोग मानवेतर पात्रको उपस्थिति, अन्योक्तिमूलक अर्थको उचाई र आन्तरिक तथा वाह्य दुबै दृष्टिविन्दुको सुन्दर प्रयोगद्वारा रोचकताको सिर्जना"[७०] गरेको पाइन्छ ।

यसै अवधिका नवीन शैलीमा लघुकथा लेख्ने अर्का स्थापित प्रख्यात लघुकथाकार किशोर पहाडी हुन् । २०३० को दशक देखि लघुकथा विधामा निरन्तर रूपले कलम चलाएपनि सहरीया परिवेशमा देखा परेका समसामयिक सामाजिक, राजनीतिक, प्रशासनिक, आर्थिक एवम् वैयक्तिक भ्रष्टता र विकृति विसङ्गतिलाई लघुकथाको विषय बनाएका छन् । समाजमा व्याप्त हिंसा, द्वन्द्व, गरिबी, शोषण अन्याय र नियतिको चक्रमा फसेका मानवीय भोगाइको भित्री रहस्योद्घाटन पनि नितान्त मौलिक ढङ्गमा प्रस्तुत गर्न पहाडी अत्यन्त सफल छन् । उनले विभिन्न लघुकथाहरूको सङ्ग्रह 'किंवदन्ती' (२०५३) मा प्रकाशित गरेका छन् । यस सङ्ग्रहमा रहेका कतिपय छोटा कथाहरू पौराणिक मिथकमा आधारित र लोकप्रचलित कथाप्रसङ्गलाई वर्तमान सन्दर्भसित जोडेर सटीक भाषाशैलीका कालीनसत्यताको चित्रण व्यङ्ग्यात्मक शैलीमा गरिएको छ । त्यस्तै कथाकार रत्न कोजूले पनि अत्यन्त राम्रा लघुकथाहरू लेखेका छन् । रत्न कोजूको 'बूढो वर्तमान' (२०३९) कथासङ्ग्रहका कतिपय कथाहरू लघुकथाको स्वरूपमा देखापर्दछन् । आजका अभावग्रस्त भोक, मानिसका बीचको सम्बन्धको खोक्रोपन भोगिरहेका विसङ्गतिपूर्ण पक्षहरू, त्यसबाट जनजीवनमा थेग्रिन गएका निराशा, कुण्ठा, आक्रोश र व्यथाहरूको चित्रण सरल सहज र सटीक रूपमा व्यक्त गर्न कोजूका लघुकथाहरू अत्यन्त सशक्त छन् । यसको अतिरिक्त शक्तिको आडमा अमिट बासनामा मुग्ध बनेर युगमाथि गरिएको बलात्कार र मानव पीडाको विवश स्थितिलाई राजनीति र आर्थिक असङ्गतिको समीपमा अत्यन्त छोटो मिठो तरिकाले प्रकट गर्ने इमान्दार जमर्को उनका लघुकथाहरूमा गरिएको छ ।

---

[७०] दयाराम श्रेष्ठ, **मधुपर्क**, पूर्ववत्, पृ. १४ ।

माथि उल्लेखित लेखकहरूमा अतिरिक्त यस चरणका लघुकथा लेख्ने अन्य लेखकहरू पनि छन्-योगेन्द्र तिमिल्सिना, हरिहर अधिकारी, जगदीश घिमिरे, अशेष मल्ल, इन्दिरा प्रसाई, भागीरथी श्रेष्ठ, नारायण तिवारी, प्रमोद प्रधान, महेश प्रसाई, नाकुल सिलवाल, गोविन्द गिरी 'प्रेरणा', विजय बजिमय, विजय चालिसे, भाउ पन्थी, तीर्थ श्रेष्ठ, हरि गोविन्द लुइंटेल, प्रेम 'विरही', अमर शाह, पूर्णलाल चुके, रमेश विकल, प्रकाश प्रेमी, ध्रुवचन्द्र गौतम, देवकुमारी थापा, परशुप्रधान, ध्रुव सापकोटा, ओममणि शर्मा, गिरीराज आचार्य, वनमाली निराकार, सनत रेग्मी, ज्ञानुवाकर पौडेल, दिनेश सत्याल, केशपथिक, शुभश्रेष्ठ, एस.एल.शर्मा, श्यामकृष्ण उपाध्याय, घनश्याम कँडेल, विनोद गौचन, भवानी घिमिरे, डा. हृदिकेश उपाध्याय, कृष्ण आचार्य, दिव्य गिरी, विधान आचार्य, वद्री विनोद प्रतीक, लक्ष्मण नेवटिया बद्रीनारायण शर्मा, रमेश तूफान, हिरा आकाश, नकुल काजी, शरद क्षेत्री, सावित्री शर्मा, देवदूत दिलदास, दुवसु, विदुर के.सी., अमृतलाल श्रेष्ठ, प्रेम विरही, प्काश बुढाथोकी, किशोर नेपाल, गोपाल पराजुली, कविताराम, विजय सागर, रमेश गोर्खाली, विश्वमोहन श्रेष्ठ, भागीरथ सिंह, कामाक्षा उपाध्याय दिलिप शाह, दीपक सिंह, शशि शर्मा, विश्वमङ्गल आत्रेय, बालकृष्ण पोखरेल, शैलेश आचार्य, प्रमिला उप्रेति, गोकर्ण खड्का, मीना कर्ण, कृष्ण भूषणवल, रमेश गिरी माधवराज आचार्य, ऋषिराम अधिकारी आदि । यी प्रतिभाहरूले धेरै वा थोरै संख्यामा भएपनि लघुकथाहरू लेखेर यसको परम्परालाई सुदृढ गराउन महत्वपूर्ण योगदान दिएका छन् । उल्लेखित लेखकहरू मध्ये कतिपयले पछि गएर सङ्ग्रह/पुस्तकाकार कृतिको रूपमा प्रकाशन पनि गरेका छन् भने धेरैजसो फुटकर रूपमा लेखिरहने नै छन् । पुस्तकाकार कृति प्रकाशन गर्नेहरूमा भागिरथी श्रेष्ठ, इन्दिरा प्रसाई, नारायण तिवारी, हरिगोविन्द लुइंटेल पर्दछन् भने सम्पादन गर्नेमा गोविन्द गिरी प्रेरणा पर्दछन् । उनले २०४३ वैशाख देखि २०४४ वैशाखसम्म जम्मा चार अङ्क लघुकथा शीर्षकको पत्रिकामा लघुकथाहरू सम्पादन गरी प्रकाशन गरेका छन् ।

यसरी लघुकथाको ऐतिहासिक चरणको दोस्रो चरणमा युगीन/अधुनातन मानवीय क्रियाकलाप/गतिविधिहरू (औद्योगिक, शैक्षिक, आर्थिक, राजनीतिक, प्रजातान्त्रिक, सांस्कृतिक, वैयक्तिक र स्वतन्त्रता आदि) को क्षेत्रमा आएको नवीनतम् चिन्तनलाई नवीन ढाँचा वा शैलीमा चित्रण गरेर लघुकथा लेखिएको छ । विश्व साहित्यिमा देखा परेको अस्तित्ववादी विसङ्गतिवादी तथा प्रयोगवादी नवचेतनाको प्रभाव यस चरणको लघुकथा विधामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परेको देखिन्छ । नेपाली साहित्यमा लघुकथाको

इतिहासमा पहिलो चरणमा स्फूट तथा सङ्गृहीत रूपमा लघुकथाको प्रकाशन भएपनि यसको विधागत महत्वका साथ दोस्रो चरणमा व्यापक उठान भएको पाइन्छ । प्रतिबद्ध स्थापित लेखकहरूले यस लघु साहित्यिक विधाको वृद्धि तथा विकासमा आफ्नो कलम तथा मस्तिष्कको निरन्तर लगानी गरेका छन् । साहित्यको क्षेत्रमै युगानुकूल नवीन मूल्य र मान्यता बोकेर देखापरेकोले यस चरणमा यस विधाप्रतिको आकर्षण सर्जक तथा पाठकमा समेत तीव्र रूपमा परेको पाइन्छ । विभिन्न पत्रपत्रिकाले पनि यसको उत्थानमा उस्तै र उत्तिकै महत्व दिएर अगाडि बढाएको पाइन्छ । जसको परिणामस्वरूप हेयको दृष्टिबाट गौण महत्व दिएर हेरिने लघुकथा नेपाली साहित्यको इतिहासमा आख्यनको एक स्वतन्त्र विधागत अस्तित्वमा स्पष्टः स्थापित हुन पुगेको छ ।

## ३. तेस्रो चरणः

लघुकथाको ऐतिहासिक विकासको क्रममा २०४० देखि हालसम्मको अवधिलाई तेस्रो चरण भनिएको छ । कथा विधाको समसामयिक युगलाई यस विधातर्फ तेस्ो चरण मानेर अध्ययन गर्न सकिन्छ । कुनै पनि साहित्य देश काल तथा जनजीवनकै संवेदना र पेरिफेरीमा भाषा मार्फत् गरिने कलात्मक चित्रण भएकोले देश र समाजमा हुने राजनैतिक प्रशासनिक, सामजिक, आर्थिक, धार्मिक आदि व्यवस्थाहरूले यसलाई प्रत्यक्ष वा परोक्ष रूपमा असर पारेको हुन्छ तसर्थ लघुकथाको दोस्रो चरणमा पञ्चायती राजनीतिक व्यवस्था, आर्थिक अपारदर्शिता वैचारिक स्वतन्त्रताको दमनले यसको प्रवृत्तिगत विचारमा पनि त्यस्तै किसिमको असर पारेको देखिन्छ । दमन, शोषणमा कुण्ठित तात्कलिक परिवेशमा लेखिएको लघुकथा विधा लोकप्रिय बनेको देखिन्छ ।

२०३० को दशकमै लघुकथा विधामा कलम चलाउने सर्जकहरू विनयकुमार कसजू, अशेष मल्ल, किशोर पहाडी, भागीरथी श्रेष्ठ, इन्दिरा प्रसाई, अविनाश श्रेष्ठ, ध्रुव मधिकर्मी, गोविन्द गिरी 'प्रेरणा', गोरखबहादुर सिंह, महेश प्रसाई, राजव, रमेश तूफान, लव गाउँले, नारायण तिवारी आदिले यसकालमा पनि निरन्तर आफ्नो लेखन प्रक्रिया अगाडि बढाएका छन् भने अर्को तर्फ यसै कालमा उदय भएका लघुकथाकारहरू पनि धेरै छन् । पहिले देखिनै लघुकथा लेख्दै अएकी भागीरथी श्रेष्ठले यस अवधिमा आएर 'रङ्गीन पोखरी' (२०५०) नामक लघुकथासङ्ग्रह प्रकाशित गरेकी छिन् । उक्त सङ्ग्रहमा सङ्गृहीत श्रेष्ठका लघुकथाहरूको क्षेत्र उनले भोगिसकेको युग र भोग्दै रहेको युग नै हो । पञ्चायती व्यवस्था र त्यसको पतन

पछि नेपाली राजनीति, समाज, प्रशासन र व्यक्ति व्यक्तिको स्वभावमा देखा परेका विविध घटना वा प्रसङ्गलाई बडो रोचक शैलीमा लघुकथात्मक रूप दिएर लेखेको पाइन्छ । आयामका दृष्टिले यस सङ्गालोमा रहेका सबै कथाहरू लघुकथामा पर्दैनन् । एक दुई मिनेट देखि पच्चीस/तीस मिनेट पढ्न लाग्ने कथाहरू यसमा छन् । सिक्री, नाइकेको वाचा, नङ्ग्रा, आगनको नृत्य, जीवनको मूल्य आदि जस्ता कथाहरू लधुकथात्मक परिधिभित्र पर्दैनन् । उनका लघुकथाहरूमा मानवीयता संवेदना र आस्था टुटेर आत्माहीन अर्थमुखी बनेको मानिसको स्वार्थीपन, चाकडी चाप्लुसी र चम्चागिरी गर्ने पद्धतिलाई तीव्र रूपमा व्यङ्ग्य गरिएको छ । राजनीतिक विकृति, विसङ्गति, अनियमितता आदि माथिको व्यङ्ग्य गरिएको छ । राजनीतिक विकृति, विसङ्गति, अनियमितता आदि माथिको व्यङ्ग्य पनि नाइकेको वाचा, खटिरा, चुनौती जस्ता कथाहरूमा पाइन्छ । यसरी 'रङ्गीन पोखरी' नामक लघुकथासङ्ग्रहमार्फत् लेखिका भागीरथी श्रेष्ठले कवितात्मक अभिव्यक्तिको शैलीमा विभिन्न प्रतीक र दृष्टान्तहरूको प्रयोग गरी आफूभित्र अन्तर्निहित मानवीय संवेदना र मानवीय चेतनालाई मुखरीत गराएकी छन् । कालसापेक्ष सामाजिक शोषण, दमन, हैकम, सामन्ती पारिवारिक संस्कारको विरुद्धमा व्यङ्ग्यात्मक र विद्रोहात्मक आवाज पनि उठाएकी छिन् ।

यसै अवधिका अर्का लघुकथाकार बालमुकुन्ददेव खनालले पनि युगीन परिवेशमा घटित विविध क्षेत्रका विषयवस्तुलाई टिपेर रोचक र घोचक शैलीमा लघुकथाहरू लेखेका छन् । उनले २०५० सालमा 'वाध्यता' नामक लधुकथासङ्ग्रहको प्रकाशन पनि गरेका छन् । मानवीय समाजमा व्याप्त विषय परिस्थिति अभाव र राजनैतिक प्शासनिक र सांस्कृति परम्पारिक आस्था र विश्वासहरूमा देखापरेको असङ्गतिका विविधतालाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहमा थोरै लघुकथाहरू रहेका छन् ।

त्यस्तै लघुकथा लेखनतर्फ २०३० दशकदेखि आफ्नो कलमलाई सक्रिय गराउने महिला कथाकार इन्दिरा प्रसाई पनि हुन् । उनले २०५५ सालमा 'बयान' नामक लघुकथासङ्ग्रहको प्रकाशन गरेकी छिन । यस लघुकथासङ्ग्रहमा रहेका विभिन्न शीर्षकका २६ वटा लघुकथाहरू विशेष गरी सामाजिक, राजनीतिक र मानवीय प्रवृत्तिलाई मुख्य भित्ति मानेर लेखिएका छन् । मुक्तकीय भाव शैलीमा लेखिएका उनका लघुकथाहरूमा नारी पुरुषमा हुने प्रेम, रागात्मक अन्तर्द्वन्द्व र अन्ततः पुरुषप्रधान प्रवृत्तिले नारीमाथि गरिने दमनलाई विभिन्न प्रतकि र प्राक्सन्दर्भ मार्फत् व्यक्त गरिएको छ । इन्दिरा प्रसाईले मानसिक द्वन्द्वलाई विभिन्न

प्राकृतिक, सामाजिक, साँस्कृतिक, आधुनिक तथा परम्परागत बिम्ब मार्फत् समाजका भेदभाव, जातभात, प्रेम विछोड, धनी गरिब, युद्ध अहमपन, निरीहता जसतो विषयादिलाई अत्यन्त संक्षिप्त र सरल ढङ्गमा प्रस्तुत गरेकी छिन् । साथै व्यङ्ग्यात्मक उपकरणको प्रयोग गरी अनुभूतिको आन्तरिक र वाह्य द्वन्द्वलाई उजागर गर्न प्रसाईको कथाकारिता सशक्त देखिन्छ । मानिसको उच्चता अहंकार, हुकुमी/मालिकपन, सामान्य मानिसप्रति देखाउने रवाफ र असमाजिक व्यवहारलाई जात, ज्यूनार तथा फूल जस्तो लघुकथामा देखाइएको छ । सङ्ग्रबद्ध अधिकांश लघुकथाहरूमा नारी पुरुषवीच हुने विविध किसिमका द्वन्द्वलाई देखाई नारीवादी चेतनाको स्वर प्रस्तुत गरिएको छ ।

यस्तै प्रकारले २०३० को दशकदेरित नै लघुकथा लेख्ने अर्का प्रख्यात लघुकथाकार नारायण तिवारी हुन । उनले २०५७ मा 'दशैखर्च' भन्ने लघुकथासङ्ग्रह प्रकाशित गरेका छन् । मुक्तकीय शैलीमा गद्यमा लेखिएको अधिकांश लघुकथाहरूले समसामयिक, सामाजिक, राजनीतिक, आर्थिक परिस्थितिलाई आधार बनाई ती क्षेत्रमा उत्पन्न विसङ्गति, विकृति, धोखा, स्वार्थीपन, गरिबी, अशिक्षा र अभावका कारण उत्पन्न विचलनमाथि रोचक र घोचक अभिव्यक्तिको सशक्त प्रक्षेपण गरेका छन् । तरपनि यस सङ्ग्रहका केही लघुकथाहरू लघुकथात्मक उचाईमा पुग्न सकेको पाइन्दैन । कथात्मक घटनालाई वर्णन गर्ने सटीक आख्यानीकरणको अभाव देखिन्छ । प्रतीक, बिम्ब र खँदिलो विचार विन्यास र संरचनामा कौतूहलताको अभाव छ । फलस्वरूप रचनाहरू टिप्पणीमूलक देखिन्छन् । यद्यपि बहुविद विषयको टिप्पणी सहित व्यङ्ग्य पक्षको सशक्त प्रयोग गर्न तिवारीको कलम अत्यन्त सफल छ ।

तेस्रो चरणको दुई दशकमध्ये पहिलो ४० को दशकको अन्य मुख्य लघुकथाकारहरूमा अमोददेव भट्टराई, नयनराज पाण्डे, बासु वराल, इन्द्र कुमार श्रेष्ठ 'सरित', तेजप्रकाश श्रेष्ठ, मोहन वञ्जाडे, मनु ब्राजाकी, सीता पाण्डे, रत्न प्रजापती, विष्णु राई, श्रीओम श्रेष्ठ, विदुर गौतम, रामविक्रम थापा, सुमन सौरभ, रवीन्द्र समीर, मनिक्रम राज शर्मा, राजेन्द्र पराजुली, अनुक्रम राज शर्मा, वसन्त प्रकाश उपाध्याय, हरिहर पौडेल, दुबसु क्षेत्री, रमेश क्षितिज, रोशन थापा 'नीरव' वासुमार्मिक, कुमार केसी, आदि छन् ।

वि.सं. २०४० को दशकमा उदाएका कथाकार अमोददेव भट्टराईले छोटा कथाहरूको सङ्गालो 'हस्ताक्षर' २०४७ मा प्रकाशन गरी आफ्नो साहित्यिक यात्रा लघुकथा विधावटा सुरु

गरेको पाइन्छ । जीवनवादी चिन्तन बोकेका उनका छोटा कथाहरू यस सङ्ग्रहमा सङ्गृहीत छन् । घरायसी समस्या, बहुविवाह, साँस्कृतिक ह्रास, प्रेम विषयक घटना र अनुभूति अनि दुर्व्यशन/कुलतले निम्त्याएको वियोग र सामाजिक आर्थिक समस्यालाई कथाको द्वन्द्वको विषय बनाएर कौतूहलपूर्ण/रोचक शैलीमा छोटा कथाहरू भट्टराईले लेखेका छन् । सान्दर्भिक प्रतीकहरूको प्रयोग गरी कथाको द्वन्द्वलाई अगाडि बढाउनुको साथै उत्कर्षात्मक अन्त्यमा टुङ्याउने लघुकथात्मक शिल्पकारिता भट्टराईका छोटा कथाहरूमा प्रस्ट पाउन सकिन्छ ।

त्यसैगरी लघुकथाको क्षेत्रमा सशक्त रूपले कलम चलाउने यस अवधिका अर्को सिर्जनकर्मी हुन् श्रीओम श्रेष्ठ । उनले विद्यमान समसामयिक परिवेशमा आधारित सामाजिक साँस्कृतिक र राजनीतिक सन्दर्भमा देखा परेका विकृति विसङ्गति र अनियमिततालाई लिएर सारगर्भित लघुकथाहरू लेखेका छन् । त्यस्ता प्रकारका लघुकथाहरूको सङ्ग्रह हो । 'आखीझ्याल' (२०५८) समाज भित्रका विविध खालका, विकृति उत्पीडन, शोषण अन्धविश्वास, रुढि, राजनीतिक कुसंस्कार, नातावाद, कृपावाद, भ्रष्टाचार आदि प्रसङ्गलाई उठाई तीव्र व्यङ्ग्यात्मक र प्रतीकात्मक उपकरण मार्फत् उक्त विकृत पक्षको पर्दाफास गर्न श्रेष्ठको लघुकथाकारिता सजीव देखिन्छ ।

यसैक्रममा यस चरणका अर्का सशक्त लघुकथा लेख्ने सर्जक सुमन सौरभले २०५२ सालमा 'आधुनिक लघुकथाहरू' नामक लघुकथासङ्ग्रहको प्रकाशन गरेका छन् । उक्त सङ्ग्रहका लघुकथाहरू पढ्दा कथाको अन्त्यको प्रसङ्गले पाठकलाई गम्भीर सोंचमा पुऱ्याउने विशेषता पाइन्छ । मानिस भित्रका अन्तर्निहित वृत्तिको सूक्ष्म सत्यलाई उद्घाटन गर्ने खालका सामाजिक अन्याय अत्याचार, चारित्रिक लघुता, भ्रष्टता, शोषण, अमानवीयता जस्ता खराब पक्षमाथिको चिरफार उनका लघुकथामा व्यङ्ग्यात्मक एवम् प्रतीकात्मक ढङ्गबाट गरिएको छ । जीवनसम्बद्ध घटनालाई अत्यन्त मार्मिक स्वरमा प्रस्तुत गर्ने कला सुमन सौरभको लेखनमा देखापर्दछ ।

संक्षिप्त एवम् सूत्रात्मक संरचनामा विकृति, विसङ्गति, वनावटीपना र छदम चरित्रले ग्रसित समसामयिक मानवीय व्यवहार, संस्थागत व्यवहार, आर्थिक राजनीतिक व्यवस्था, ग्रामिण, सहरीया, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्रियाकलापप्रति अत्यन्त सटीक शैलीमा तीव्रव्यङ्ग्य प्रहार गरेर लघुकथा लेख्ने युवालघुकथाकार रवीन्द्र समीर पनि हुन् । उनले लघुकथा विधावाट नै साहित्यको क्षेत्रमा प्रवेश गरेको हुन् । बहुविध विषयलिएर लेखिएको उनको

लघुकथासङ्ग्रह 'तेस्रो आँखा' (२०५३) हो । सङ्ग्रहबद्ध लघुकथाहरू आलोचनात्मक यथार्थवादी धार उनका लघुकथामा पाइन्छ । सामाजिक समस्याप्रतिको संदृष्टि तथा व्यङ्ग्य पक्ष उनका लघुकथाहरूमा सशक्त र सवल छ भने आख्यानात्मक शिल्प पक्ष र संरचनात्मक पक्षको शिथिलता पनि देखिन्छ ।

त्यस्तै बासु मार्मिकको 'छेस्का छेस्की' नामक लघुकथासङ्ग्रहको प्रकाशन २०५३ सालमा भएको छ । मानिसले मानिसप्रति गर्ने दुर्व्यवहार आर्थिक सङ्कटले निम्त्याएको पीडा, र मानवीय दुष्प्रवृत्तिहरूलाई मुख्य कथ्य बनाई कथात्मक लघुरचनाको सिर्जना गरिएको छ । यस सङ्ग्रहभित्रका कतिपय रचनाहरू हल्का मनोरञ्जनात्मक अकवर र वीरवलको चुट्किला कथा जस्तो प्रतीत हुने र सशक्त विचार, सिर्जनात्मक उद्देश्य, प्रतीकात्मकता, व्यङ्ग्यात्मकता प्रभावकारी कौतूहलताको विन्यास नभएको कारण उनको लघुकथाकारितामा शिल्पगत कमजोरी प्रस्ट देखिन्छ । यस प्रकारका रचनाहरूमा-पैसा, चोर, इनकलाव जिन्दावाद, दुई लघुकथा, मूर्ख महामूर्ख आदि पर्दछन् । यसरी पाठकलाई सूक्ष्म र दीर्घ प्रभाव पार्न सक्ने साहित्यिकताको अभाव यिनका कथाहरूमा पाइन्छ ।

२०५९ सालमै बलदेव मजगैयाँको 'सङ्कल्प' नामको कथासङ्ग्रह देखा पर्छ । यस सङ्ग्रहमा रहेका केही कथाहरू आजका मान्छे, एउटा प्रेम, यस्तो पनि र सपना मात्र लघुकथा सम्मत देखिन्छन् भने अन्य कथाहरू प्रचलित सामान्य कथा जस्ता विस्तृत आयामका रहेका छन् । विशेष गरी राजनैतिक क्षेत्रलाई पृष्ठभूमि बनाई आर्थिक समस्या र गैरजिम्मेवारिता स्वार्थीपना, रुढि र दुष्वृत्तिहरूमाथि हल्का व्यङ्ग्य गरी कथालेख्ने प्रवृत्ति मजगैयाँको पाइन्छ । उनका कथाहरूमा कलात्मक रूपविन्यासका विविध पक्षहरूको अभावले गर्दा पाठकको त्यति मन जित्ने खालका छैनन् ।

आलोचनात्मक यथार्थवादलाई आत्मसात गरी २०४६ सालमा उत्तरको नेपाली समाजमा देखिएको छद्म, स्वार्थी राजनेता कुटिल राजनीति, भ्रष्ट प्रशासन, मानवीय स्वार्थी चरित्र, आर्थिक सङ्कट तथा त्यस्तै अन्य युगीन विकृति विसङ्गतिपूर्ण यथार्थलाई चित्रण गरी कथाकार कपिल लामिछानेले 'अन्यथा' नामक लघुकथासङ्ग्रहको २०५४ सालमा प्रकाशन गरेका छन् । कथाको साथसाथै लघुकथा विधामा पनि कलम चलाउने लामिछानेले उक्त सङ्ग्रहमा विभिन्न शीर्षकका २९ ओटा मसिना/लघुकथाहरूलाई सङ्ग्रहबद्ध गरेका छन् । सामान्य वा गौण महत्वका सामाजिक सूक्ष्म विषय वा प्रसङ्गलाई छोटाकथाहरूको विषय

बनाई साकार रूपदिने कला उनको लघुकथा कारिताको पहिचान हो । लघुकथात्मक भाव विन्यासको सघनता त्यति नपाइएपनि व्यङ्ग्य शिल्प, विद्रोही विचार र परिवर्तनमुखी प्रगतिशील स्वर पनि उनको कथात्मक रचनाहरूमा पाइन्छ । त्यस्तै विष्णुराज अधिकारीको 'सूर्य' (२०५४) नामक लघुकथासङ्ग्रह देखापर्दछ । यससमा पनि अरुले झैँ मानव समाज र जीवनका युगीन समस्यालाई पृष्ठभूमि बनाएर लघुकथा लेखिएको देखिन्छ ।

यसरी नै अर्का लघुकथाकार रामविक्रम थापाले पनि यस विधाको ऐतिहासिक परम्परा निर्माण गर्न लघुकथाहरूले लेखेर इटा थप्नेकाम गरेका छन् । उनले २०५५ सालमा 'पात्रहरू' नामक लघुकथासङ्ग्रहको प्रकाशन गरेका छन् । थापाले यस सङ्ग्रहमा रहेर लघुकथाहरूमा जीवनको मर्मलाई सतही रूपमा चित्रण गरेका छन् । गूढ, मर्मस्पर्शी, जीवन बोधी चित्रण छैन । लेखक स्वयम्ले सङ्ग्रहको आफ्नै दुईशब्दमा भने झैँ- प्रथम प्रयासको उपज भएकोले युगीन परिवेशका यी छेस्काहरू केटाकेटीहरूले खाने चट्पट् सरह नै भएका छन् । सशक्त लघुकथात्मक तीव्रता र सघन अभिव्यक्ति क्षिप्र व्यङ्ग्यात्मक चित्रणको अभाव रामविक्रम थापाका लघुकथाहरूमा पाइन्छ । तैपनि युगीन परिवेशका विविध सामाजिक गरिबी/अभाग्रस्त विपन्न वर्गको वेदनामय यथार्थताहरू र मानवीय लघुता/क्षुद्रताको पर्दाफास गरी हल्का व्यङ्ग्य प्रहार गर्न लेखक पछि परेका भने छैनन् । २०५५ सालमा प्रकाशित विष्णु कथासङ्ग्रह 'परपर' लाई लघुकथासङ्ग्रहको रूपमा लिइएपनि यो लघुकथासङ्ग्रह होइन् । यससङ्ग्रहमा रहेका सबै १९ वटै कथाहरू लघुकथा नभएर नेताजी, तस्विर र उसले पार्टी छोड्यो, मात्र लघुकथाको स्वरूपमा लेखिएका छन् । आजको मान्छे मनुस्यत्वबाट परपर गएको मौलिक रूपमा जिउन नसकेका र नेपालीहरूको जीवन नेपाली तत्वबाट टाढाटाढा गएको वास्तविकतालाई राईले सरल र सहज कथात्मक वान्कीमा प्रस्तुत गरेका छन् । समाजमा विद्यमान नारी समस्या, बाँझोपन, जातपात, राजनेताहरूको मुकुण्डो र माफिया चरित्र, देश जनताको आर्थिक समस्या वा विविध खालका विकृति विडम्बना र प्रष्ट प्रवृत्तिलाई कथ्य बनाई तीव्र व्यङ्ग्यात्मक शैलीमा व्यक्त गरिएको छ । उनको कथात्मक शिल्प सन्देशात्मक चेतना राम्रो छ ।

यसै क्रममा मूलतः यौन मनोवैज्ञानिक पृष्ठभूमिमा युवायुवतीमा सक्रिय रहने प्रणय जनित विषयवस्तुलाई मुख्य कथा विषयवस्तु बनाएर कथाकारहरूको नगेन्द्रराज शर्माले १२ वटा कथाहरूको सङ्गालो 'एकान्तका आफन्तहरू' (२०५५) प्रकाशित गरेका छन् । यसलाई

लघुकथासङ्ग्रहको रूपमा प्रकाशित गरिएको छ तर यस सङ्ग्रहका कथाहरूमा केही छोटो संरचना भएपनि यी लघुकथाको बनोटमा निर्मित छैनन् । कथात्मक विषयवस्तुको लघु आयाम, परिवेशगत सीमित आयाम र लघुकथामा हुनुपर्ने क्षिप्रता, व्यङ्ग्यात्मकता कुतूहलता विचारको खदिलो/सघनता जसमा मुख्य कुराहरूको अभाव पाइन्छ । वरु यस्ता कुराहरूको अलावा सामान्य कथामा हुनुपर्ने गुण वा विशेषताहरूसित धेरै निकट देखिन्छन् ।

यसैगरी अर्का लघुकथाकार हरिगोविन्द लुइटेलले २०५५ सालमा 'समय र पोखरी' नामक लघुकथासङ्ग्रह प्रकाशित गरेका छन् । मुख्यतः २०४० सालदेखि हालसम्मको युगीन परिवेशमा देखापरेका राजनीतिक, प्रशासनिक, साँस्कृतिक र सामाजिक विडम्बनाहरू अन्याय, अत्याचार, चाकडी चाप्लुसी, नातावाद, नेतावाद, अवसरवादी स्वार्थी प्रवृत्तिलाई विचारविन्दु बनाई लघुकथाको कथानक तयार पारेका छन् । साङ्केतात्मक र प्रतिकारात्मक रूपविन्यासको प्रयोग गरी उक्त असङ्गतिपूर्ण पक्षहरूमाथि तीव्र व्यङ्ग्य प्रहार गर्न लुइटेल पछि परेका छैनन् । प्रगतिशील एवम् विद्रोही विचारको विन्यास उनको कथात्मक प्रवृत्ति रहेको पाइन्छ । जुन उनको लघुकथासङ्ग्रहका लघुकथाहरू पढ्दा थाहा हुन्छ । समाजका निम्न वर्गमाथि गरिने अन्यायको विरोध र उनीहरूको पक्षमा सहानुभूतिपूर्ण आवाज पनि व्यक्त गरिएको छ । कालका दृष्टिबाट हेर्दा समय सामयिक विविध यथार्थलाई संक्षिप्त एवम् सरल कथात्मक ढाँचामा सफल चित्रण गर्ने प्रयास गरेका छन् ।

युगीन परिवेशका विविध सत्यलाई आत्मसात गरेर मार्मिक भाव तथा विचारले युक्त सशक्त लघुकथा लेख्ने यस चरणका अर्का युवा सर्जक कृष्ण शाह 'यात्री' देखा परेका छन् । लघुकथा विधाबाट साहित्य क्षेत्रमा हाल हालेका यात्रीले लघुकथाको श्रीवृद्धिमा सर्जक एवम् सम्पादक समेत भएर योगदान दिएका छन् । उनले २०५६ सालमा 'सूक्ष्म शिखाहरू' नामक लघुकथासङ्ग्रहको प्रकाशन गरेका छन् । बहुविद विषयमा आधारित ५६ ओटा शीर्षकका लघुकथाहरू उक्त सङ्ग्रहमा रहेका छन् । विशेषतः ५० को दशकमा लघुकथा लेखनमा सक्रिय लेखक शाहले काल सापेक्ष नेपाली समाजको राजनीति, शिक्षा, स्वास्थ्य न्यून आर्थिक अवस्था, साहित्यिक विकृति, साँस्कृतिक ह्रास वैयक्तिक र मानोगत भ्रष्टता, विडम्वना, विद्रूपताका साथै खस्कँदो मानवीय प्रवृत्तिलाई अत्यन्त आकर्षक प्रतिक, बिम्ब र दृष्टान्तको प्रयोग गरी व्यङ्ग्य प्रहार गरेका छन् । विषयगत वैविध्यता र जीवनका समस्यालाई परिवर्तित बिम्बको संयोजना गरी उत्कर्षात्मक अन्त्यमा कथा लेख्न शाह अत्यन्त सीपालु

निस्किएका छन् । यसमा उनले प्रयोगवादी नवीन शिल्पको प्रयोग गरेर सुन्दर लघुकथा लेख्ने जमर्को गरेको पाइन्छ ।

त्यस्तै लघुकथाको इतिहासमा २०५७ सालमा 'अदृश्य पीडा' नामक लघुकथासङ्ग्रहको प्रकाशन हुन्छ । यस सङ्ग्रहका लेखक नवराज रिजाल हुन् । यस सङ्ग्रहमा विभिन्न भाव तथा विचार बोकेका ५८ ओटा शीर्षकका लघुकथाहरू छन् । जीवनवादी/आशावादी चिन्तनमा आधारित समाज विषयमा लघुकथा लेख्ने अघुकथाकार नवराज रिजालले पनि २०४६ पछिको नेपालमा देखा परेको सामाजिक, राजनैतिक, प्रशासनिक, आर्थिक क्षेत्रमा देखा परेको अनियमितता र अविस्वासनीय चरित्र तथा विविध खालका वैयक्तिक एवम् राजनैतिक घात प्रतिघातको स्थितिको यथार्थ चित्रण व्यङ्ग्यात्मक शैलीमा गरेका छन् र आर्थिक समस्या, जातीय समस्या, लैङ्गिक भेदभाव असहाय, दीन दुःखी गरिबी, रोगी, दमित र शोषित पीडितहरूको मानवीय धारमा प्रगतिशील स्वर मुखर भएका छोटा कथाहरू पनि पाइन्छन् । समसामयिक विविध विषयलाई टिप्दै लघुकथा लेख्ने रिजालले राष्ट्रियता र देशभक्तिलाई पनि भुलेका छैनन् ।

यसै क्रममा समसामयिक राजनीतिक, प्रशासनिक र मानवीय समाजमा देखापरेका अनियमितता र जटिलतालाई विषयवस्तु बनाएर यथार्थ स्थितिको चित्रण गर्ने अर्का लघुकथाकार हुन् प्रयास सौरभ श्रेष्ठ । उनले २०५८ सालमा 'बिम्ब प्रतिबिम्ब', नामक लघुकथासङ्ग्रहहरूको प्रकाशन गरेका छन् । खस्कँदो मानवीय प्रवृत्ति, सामाजिक रुढि अन्धविश्वास, हत्याहिंसा, विडम्बना, अन्योलता जस्ता विषयलाई लिएर छोटो छरितो संरचनामा लेखिएका साना कथाहरू यस सङ्ग्रहमा सङ्गृहीत छन् । उनका लघुकथाकारहरू गद्य कवितात्मक प्रस्तुति, सुत्रात्मक संरचना, आख्यानीकरणको शिथिलता र विचार तथा सन्देशको अस्पष्टता पाइन्छ । फलस्वरूप उनको लघुकथात्मक शिल्प पक्ष त्यति सशक्त पाइँदैन । भाषाशैलीमा उत्तर आधुनिकवादी चिन्तनको प्रयोग गरिएको पाइन्छ । तैपनि समसामयिक विडम्बनाहरू माथि गरिएको वाग्वै विध्यपूर्ण अभिव्यक्तिले गर्दा यो सङ्ग्रह लघुकथाको इतिहासमा राम्रै उपलब्धि मान्नु पर्छ ।

इतिहासकै क्रममा 'लघुकथाको सङ्गालो' (२०५८) नामक सङ्ग्रहको प्रकाशन कुमार के.सी. 'दुखी'ले गरेका छन् । यस चरणका अन्य सर्जकहरूले जस्तै कुमार के.सी.ले पनि यस सङ्गालोमा नेपाल र नेपालीहरूले समसामयिक परिवेशमा भोग्नु परेका कठिन भोगाइहरू,

आर्थिक समस्या, अभाव, गरिबी, राजनैतिक अराजकता, हत्याहिंसा अशान्ति र असुरक्षाको स्थितिलाई नै कथानकको आधार बनाएका छन् । सङ्ग्रहबद्ध सबै रचनाहरू लघुकथाको सशक्त र खँदिलो अभिव्यक्ति अनि आयामिक संरचनामा पर्दैनन् । लघुकथात्मक शिल्प पक्ष अर्थात् कलात्मक रूपविन्यास पक्षको न्यूनता देखिन्छ । आख्यानीकरण पक्ष शिथिल छ यद्यपि युगीन आर्थिक जटिलता र अन्य क्षेत्रमा देखिएका विषमतालाई यथार्थ रूपमा चित्रण गर्ने प्रयास यस सङ्ग्रह मार्फत् गरिएको छ । यस्तै पुष्पराज भट्टको लघुकथासङ्ग्रह 'कर्मयोद्धा' २०५९ सालमा प्रकाशित भएको छ । पुष्कर राज भट्टको 'कर्म योद्धा' (२०५९), यमनदेव उत्प्रेरकको 'यात्रारम्भ' (२०५९), शेखर कुमार श्रेष्ठको 'सागरपुर' (२०५९), विजय सागरको 'सागरका कथाहरू' (२०६०), अगिब बनेपालीको 'शुभ यात्रा' (२०६०) 'अन्तिम आग्रह' (२०६०), इन्द्रकुमार 'विकल्प' को 'सर्वदलीय घर' (२०६०), कुसुम ज्ञवालीको 'सहिदले विर्सिएको गाउँ' (२०६०), हिरण्य ज्ञवालीको 'सहिदले विर्सिएको गाउँ' (२०६०), अच्युत घिमिरेको 'शिखर चढिरहेको मान्छे' (२०६१), धनुसराज राई 'शशी' को 'सेतो हस्ताक्षर' ( २०६१), गोपाल ढकालको 'अस्ताएको सूर्य' .(२०६१), राजुराम मनङ्मीको 'अन्तद्वन्द्व' ( २०६२), श्री बाबुकाको उदासको 'समय र बाछिटा' (२०६२), हरि प्रसाद भण्डारीको 'अबिरल यात्रा' (२०६३), त्यसैगरी किरान अधिर थापाको '१०१' लघुकथा (?), के.वि. उदयको के.वि. उदयको 'जेलेको मुटु (?), विनयकुमार वसन्तको 'प्रतिनिधि नेपाली लघुकथाहरू (२०६८) आदि । उनले पनि यस सङ्ग्रहमा २०५० को दशकको नेपाली परिवेशमा देखापरेका अन्योल हिंसा, अनियमितता, भ्रम, माफिया स्वेच्छाचारिता जस्ता अनेकौं नराम्रा पक्षहरूलाई लघुकथाको आयाममा व्यग्यात्मक शैलीकाट प्रस्तुत गरेका छन् । प्रबन्धात्मक ढाँचामा रहेका उनका लघुकथाहरूमा, आख्यानात्मक कौशलमा शिथिलता देखा पर्छ । कताकता निबन्धात्मक विशेषता यिनको लघुकथासङ्ग्रहमा पाइन्छ । यस्तै अर्को लघुकथासङ्ग्रह 'यात्रारम्भ' (२०५९) पनि प्रकाशित भएको छ । जसका लेखक हुन् यमनदेव उत्प्रेरक । यस सङ्ग्रहमा समसामयिक सामाजिक तथा राजनैतिक यथार्थहरूलाई लघुकथात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

यस्तै प्रकारले २०६० सालमा विजय सागरले 'सागरका कथाहरू' नामक लघुकथासङ्ग्रहको प्रकाशन गरेका छन् । उनले यस सङ्ग्रहमा विभिन्न शीर्षकका १८ ओटा लघुकथाहरू लेखेका छन् । सबै लघुकथाहरूको अध्ययन गर्दा बालकथा, लोककथा र आधुनिक कथाको मिश्रित अनुभव हुन्छ । तर पनि पञ्चायत कालीन सामाजिक, राजनीतिक,

आर्थिक नैतिक परिवेशदेखि हालसम्म उक्त विविध क्षेत्रमा देखिएका गम्भीर रिक्त र तिक्त अनुभवलाई बडो रोचक अप्रत्यक्ष शैलीमा यथार्थवादी धारमा व्यक्त गरिएको छ । बिम्ब र प्रतिकीकरणको सशक्त प्रयोगले गर्दा सागरका लघुकथाहरू अत्यन्त रोचक र सोचनीय पनि छैन् । मानिसको नीचता, क्षुद्रता, स्वार्थीपन, अहङ्कारी प्रवृत्ति अविश्वसनीय, भेदभाव, बेवारिसेपना र असमानता, शोषण, दमन, बेवास्ता र विविध विवशता माथि तीव्र व्यङ्ग्य र विद्रोहको आवाज प्रकट गरिएको छ । कथात्मक सन्देश वा उद्देश्यका दृष्टिले केही अस्पष्ट देखिए तापनि सङ्ग्रहबद्ध लघुकथाहरू अत्यन्तै युगवोधी र उत्कृष्ट छन् । त्यस्तै अर्का लघुथाकार अगिब बनेपालीद्वारा 'शुभयात्रा' (२०६०) नामक लघुकथासङ्ग्रहको प्रकाशन भएको छ । अन्य लघुकथाकारहरूले जस्तै यिनले पनि समसामयिक विषमता, जटिलता र बिडम्नाहरूलाई आफ्नो लघुकथा लेखनको मुख्य विषयक्षेत्र बनाएको पाइन्छ । सङ्गृहीत कथाहरूमा समाजको विविध क्षेत्रमा उत्पन्न विकृतिका पक्षहरूमाथि व्यङ्ग्यको प्रहार सशक्त देखिएपनि कलात्मकता र आख्यानीकरणको तीव्रताको पक्ष केही फितलो देखिन्छ ।

यस अवधिमा सङ्ग्रहको रूपमा लघुकथाको प्रकाशन गरी नसकेको तर विभिन्न पत्रपत्रिकाहरूमा उत्कृष्ट लघुकथाहरू प्रकाशन गरेका र गर्दै आएका अन्य लघुकथाकारहरू पनि छन् । राजनैतिक व्यङ्ग्य चेतना, सामाजिक दुरावस्था, बिडम्वना र मानवीय संवेदनालाई सम्प्रेषणीय ढङ्गमा लघुकथा लेख्ने लघुकथाकार अनुक्रमराज शर्मा पनि हुन् । साँस्कृतिक धार्मिक क्षेत्रमा देखिने आडम्बर र विश्वास रहित प्रेम, यौन कुण्ठा, आर्थिक दुरावस्था र अन्य विसङ्गति आदिलाई बडो मार्मिक शैलीमा लघुकथाहरू लेख्ने अर्का सर्जक रत्न प्रजापति पनि हुन् । सामाजिक जीवनका विविध उहापोहालाई अत्यन्त सटीक र मार्मिक अभिव्यक्तिमूलक लघुकथा लेख्ने सर्जक स्व. मनिक्रमराज शर्मा थिए । यसैगरी मानवीय मूल्यमान्यतामा देखा परेका ह्रास र लघुतावृत्ति माथि तीव्र व्यङ्ग्य प्रहार गर्दै यथार्थ पक्षको सजीव चित्रण गर्ने कथाकारहरूका गोरखबहादुर सिंह र राजेन्द्र पराजुली पर्दछन् । त्यस्तै ग्रामिण तथा सहरीया जीवन र परिवेशलाई चित्रण गरी लघुकथा मार्फत् मूर्त रूप दिने रमेश क्षितिज पनि सशक्त लघुकथाकारका रूपमा देखा पर्दछन् । मानवीय आचरण, नियति ग्रस्त जीवन र बिडम्वनामय स्थितिलाई मुल विषय बनाएर लघुकथाको सिर्जना गर्ने सर्जकको रूपमा रोशन थापा 'नीरव' पनि पर्दछन् ।

त्यस्तै प्रकारले सामाजिक, राजनीतिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा देखापरेका अनियमितता, हिंसा, हत्या, बलात्कार, असङ्गति, अभाव, अन्याय, अत्याचार, रोग, भोक, शोक, पीडा, शोषण, दमन, हेपाहा प्रवृत्ति र मानवीय संवेदनारहित जीवन, एकअर्कामा खुट्टा तान्ने जस्ता खराब प्रर्वत्तिहरूलाई लघुकथाको केन्द्रीय विषयवस्तु र भाव बनाई लघुकथा लेख्ने अन्य सर्जकहरूमा – दुबसु क्षेत्री, हरिहर पौडेल, विवश पोखरेल, विवश वस्ती, कुसुम ज्ञवाली, खड्गसेन वली, दिनबन्धु शर्मा, सती मराठी, गोबर्धन पुजा, हरिशरण थापा, गगन दीप 'सर्व', ईश्वर पोखरेल, नरेश अमात्य, रामेश्वर शर्मा, किसान थापा 'अधीर', उदय क्षितिज, भीम राना 'जिज्ञासु', प्रमोद स्नेही, ऋषिराज बराल, इस्माली, कुवेर लिम्बु खिम, गोविन्द वर्तमान्, घनश्याम ढकाल, नारायण ढकाल, पूर्णविराम, मातृका पोखरेल, राजेन्द्रप्रसाद अधिकारी, विजय चालिसे, विनोद चालिसे, शिवसंकर न्यौपाने, हरिहर खनाल, सोमनाथ सुवेदी, पदम गौतम, विनोद खनाल, गायत्री विष्ट 'गाउँले' वीणा गुप्ता, रञ्जुमार्ग, रश्मि भट्ट 'रशु' पुण्य बराल, धुव्र शाही, गणेश घिमिरे 'मार्मिक', मुरारीप्रसाद सिग्देल, पेशल आचार्य, छत्र क्षितिज, विजय बजिमय, घनश्याम न्यौपाने 'परिश्रमी', नारायण अधिकारी, गोपाल पराजुली, तुलसिहरि कोइराला, राजेन्द्र ज्ञवाली, रुद्र ज्ञवाली, श्रवण मुकारङ, बंद राना, शैजराज नेपाल, वी.पी तिवारी, नरेन्द्रराज पौडेल, वसन्त ढकाल, वेटीदेवी शाक्य, सीता राई, गणेश सिंह, रामजी लामिछाने, नारद बज्राचार्य, पुरु रिसाल, वसन्तप्रकाश उपाध्याय, बाबुराम आचार्य, सरोज अहमद, मोहन पणी लम्साल, दीपक 'कुमुद', सोम रन्जित, गोपाल कुमार मैनाली, केशव दवाडी, ईश्वर ढकाल, सुनिल थापा, मुकुन्द आचार्य, दौलतविक्रम विष्ट, पोषण पाण्डे, प्रकाश पौडेल, घनश्याम भट्टराई 'बाजे' युवराज बराल 'चन्दन' रामकृष्ण दाहाल, धुव्रकुमार देउजा, लक्ष्मण नेवटिया, अविरल स्थापित, तुलसी अर्याल, हरिप्रसाद भण्डारी, उषा दीक्षित, जगदीश घिमिरे, गोविन्दप्रसाद 'कुसुम', भरत भट्ट, दीपक प्याकुरेल, गणेश रसिक, प्रेमसिंह धामी, मधु पण्डित, हरी पौडेल, डि.वी. कट्टेल 'निशान द्वीप', रामपुकार सापकोटा, हिरा आकार आदि पर्दछन् ।

यसरी लघुकथाको विकासको तेस्रो चरणमा विशेषगरी समसामयिक देशकाल परिस्थिति र विविध युगीन सन्दर्भहरूलाई बोध गरी लघुकथाहरू लेखिएका छन् । यस अवधिमा नेपाल र नेपालीहरूले भोग्नु र देख्नु परेका निरीह नेपाली समाज, कुटिल राजनीति, सत्तास्वार्थ, नारावाजी राजनीतिक अन्धता, आर्थिक अभाव, प्रशासनिक अनियमितता, साम्प्रदायिक उच्छ्वावास, नेतावादी शैली, छाडातन्त्र जस्तो अराजक विद्रप, विकृति र बिडम्जनायुक्त

स्थितिलाई छोटा ओटा कथाहरूले आफ्नो कथानकको भित्ति बनाई सटीक अभिव्यक्तिमा कथार्थको चित्रण सँगै व्याङ्गयात्मक र विद्रोहात्मक स्वर प्रकट गरेका छन् । नेपालीको ऐतिहासिक सन्दर्भ र त्यसमा अहिले देखिएको ह्रास, साँस्कृतिक महत्व र त्यसमा देखिएको विकृति रुढिग्रस्तता, अन्धविश्वास, शोषण, दमन र समकालीन सन्दर्भमा आधुनिकताको लहलहैमा नेपालीहरूले आफ्नो मौलिक अस्तिŒव गुमाई अपाच्य विकृति र छाडापनतिर उन्मुख भएको स्थितिको चित्रण पनि प्रवल रूपमा गरिएको छ । त्यस्तै अहिलेको युवा पीडिमा देखिएको जिम्मेवारहीन अकर्मन्यता र आधारहीन स्वैरकल्पनात्मक सोचे पनि व्यङ्ग्य र विद्रोहत्मक विचार प्रस्तुत गरिएका लघुकथाहरू यस चरणमा देखापरेका छन् । वर्तमान् परिप्रेक्ष्यमा विश्वभर ज्ञान विज्ञान र सञ्चारको क्षेत्रमा देखिएका तीव्र भूमण्डलीकरणको प्रभाव, राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरेका विविध समस्यालाई लघुकथाले आफ्नो विषय बनाएको छ । यस चरणका लघुकथामा देखापर्ने अर्को नयाँपन हो, सङ्केतात्मक लेखन, संवादात्मक लेखन र स्वैरकल्पनात्मक लेखन र नयाँ ढाँचा नयाँपन र नयाँ मान्यताका साथ लघुकथाको शाखाका रूपमा सूत्रकथालेखन परम्पराको पनि विकास भएको देखिन्छ । यसरी नेपाली साहित्यमा लघुकथाको दिनानुदिन लोकप्रियता बढ्दो रहेको छ । तर बढ्दो लोकप्रियता सँगै यसको लघुकथात्मक मूल्यमा ह्रास आएका चुट्किला लेखिनु लघुकथा लेख्ने क्रममा तीव्रता आएको छ । यसर्थ लघुकथाको नाममा चुट्किला लेखिनु लघुकथा विधामा देखिएको लेखकहरूको अनविज्ञता हो । यदि यसरी लेखिन्छ, भने यसको विधागत मूल्य र महत्वमा देखिएको ह्रासोन्मुख पक्ष हो ।

लघुकथाको ऐतिहासिक विकासक्रममा विभिन्न पत्रपत्रिकाको पनि अविस्करणीय योगदान रहेको पाइन्छ । खासगरी लघुकथा जस्तो छोटो रचनाको प्रकाशनको लागि विभिन्न पत्रपत्रिकाले स्थान दिएको पाइन्छ । किनकि छोटो रचना पत्रिकाहरूका सानो कुनामा पनि अटाउन सक्दछ । लघुकथाको साहित्यिक महत्वलाई बुझेर कतिपय पत्रिकाहरूले लघुकथा विशेषाङ्कको रूपमा प्रकाशन गरेका छन् ।

नेपाली साहित्यमा सबैभन्दा कान्छो विधाको रूपमा स्थापित भएको लघुकथाको विकासमा व्यक्तिगत कथाकृति, सम्पादित कथाकृतिका साथसाथै विविध खालका पत्रपत्रिकाको योगदान पनि महत्वपूर्ण रहेको छ । फुटकर रूपमा नेपाली साहित्यमा सर्वप्रथम लघुकथाको उठान बनारसबाट प्रकाशित ‘उदय’(२००६) नामक पत्रिकाको छोटो कथाको

नाममा नरेन्द्र विक्रम, फलेन्द्र र बनमालिका तीनकथा प्रकाशित भएका छन् । अनि २००९ सालको 'प्रतिभा' पत्रिकामा फणिन्द्रराज शर्मा, खेतला र सुश्री रत्नपणि (छद्‌मनाम) का लघुकथाहरू क्रमशः रण्डी वा चण्डी र विवाह प्रकाशित भएको देखिन्छ । त्यस्तै भारती, गोर्खा तथा हिमाञ्चल जस्ता पत्रिकाहरूको योगदान पनि महत्वपूर्ण छ ।

नेपाली लघुकथाको विकासक्रमको दोस्रो चरणमा यसको विभागत उन्नयनको निम्ति भूमिका खेल्ने मूख्य कारक तत्वहरूमा कथाकारहरू र तिनका कथासङ्ग्रहको साथसाथै विभिन्न पत्रपत्रिकाहरू खास गरेर गाजिका, हवाई पत्र, पोष्ट कार्डलाई मुख्य मानिन्छ । त्यसो त मधुपर्क, रूपरेखा, गरिमा, मुकुट, हिमानी, यन्त्र, सिउँडी, बिम्व, अभिभावक, अभिव्यक्ति, स्वतन्त्रता, जयन्ती आदि तमाम पत्रिकाहरूले यस विधा तर्फ देखाएको अभिरुचि प्रशंसनीय देखिन्छ । गोजिकाको रूपमा हरिभक्त कटुवालको सम्पादनमा काठमाण्डौंमा प्रकाशित वान्की २०२७/२८ ?, युवा साहित्यिक परिवार विराटनगरको सम्पादनमा २०३३ सालमा रेच्चि तथा गल्पहरू (लभुकथा) को सङ्गालो 'प्रयोग' नामक गोजिका प्रकाशित भएको छ । विजय 'अभागी' को सम्पादनमा पोखराबाट 'पलास' (२०३३), विश्वमोहन श्रेष्ठको सम्पादनमा नेपालगञ्जबाट 'नवरत्न' (२०३४), लब गाउँलेको सम्पादनमा काठमाण्डौंबाट 'नागवेली' ( २०३४) विजय वजिमयको सम्पादनमा पोखराबाट 'आँखिभ्याल' (२०३५), लक्ष्मी काजी श्रेष्ठको सम्पादनमा 'जुनकिरी' (२०३७), विनयकुमार कसजूका र विजय सागरको सम्पादनमा पाल्पाबाट पहिलोपटक प्रकाशित भएको 'चौतारी' (२०३४), नामक हवाइ पत्रिका दुई अङ्कमा प्रकाशित हुन्छ । उक्त दुई अङ्कमा सम्पादक द्धयका लघुकथाहरू प्रकाशित भएका छन् । त्यस्तै राजेन्द्र शलभको सम्पादनमा झापाबाट 'दुबो' (२०३९) नामक लघुकथा प्रधान गोजिका प्रकाशित भएको छ । प्रारम्भमै हवाईपत्रमा लघुकथा अङ्क प्रकाशन भए पश्चात् कृष्ण शाहयात्रीको सम्पादनमा २०५५ मा कटारी उदयपुरबाट 'पन्ध्र थुँगा फूल' 'प्रोत्साहन', 'छहारी', 'काँचुली' आदि नामक हवाईपत्रिकाले पनि लघुकथा अङ्क प्रकाशित गरेका छन् । 'दर्पण' तथा 'अणु' जस्तो पोष्टकार्ड साथै विष्फोट, पर्चा, कोपिला, प्रज्ञा, प्रवाह, प्रतिबिम्व, प्रयास आदि हवाई पत्रिकाहरूले फुटकर तथा लघुकथा अङ्कको रूपमा प्रकाशित गरेर यस विधानको स्वतन्त्र पहिचान स्थापित गर्न दिएको योगदानको पनि ऐतिहासिक महत्व उल्लेखनीय देखिन्छ ।

लघुआकारको पत्रिकाहरूमा मात्र नभएर ठूलो आकारका पत्रिकाहरूमा पनि लघुकथाले उत्तिकै महत्वपूर्ण स्थान पाएको देखिन्छ । यस क्रममा २०४३ देखि प्रकाशन आरम्भ भएको 'लघुकथा' शीर्षकको लघुकथा प्रधान पत्रिकामा सम्पादक गोविन्द गिरी प्रेरणाको योगदान पनि स्मरणीय छ । यो पत्रिका ४ अङ्क सम्म प्रकाशित भएको थियो । यसै सन्दर्भमा वासु मार्मिकको सम्पादनमा 'अभिभावक' (२०५०) पत्रिकाले पनि लघुकथा अङ्क प्रकाशन गरको छ । कृष्ण शाह यात्रीको सम्पादकत्वमा २०५१ मा 'ज्योतिपुञ्ज' नामक लघुकथा विशेषाङ्क उदयपुरबाट गरिएको छ । २०५१ सालमै नगेन्द्रराज शर्माको सम्पादनमा काठमाण्डौंमा निस्केको 'अभिव्यक्ति' कथा अङ्कमा लघु कथालाई प्राथमिकता दिइएको छ । २०५२ सालमा प्रकाशित सुनसरीको लघुकथा विशेषाङ्क २०५४ सालमा 'दायित्व' (?) लघुकथा विशेषाङ्क, २०५६ सालमा काठमाण्डौंमा कपिल घिमिरेको सम्पादकत्वमा 'मधुपर्क'ले पनि लघुकथा विशेषाङ्क प्रकाशित गरेको छ । यसै क्रममा इन्द्रेणी साँस्कृतिक समाज (इसास) ले ९ जेष्ठ २०५५ का दिन साहित्यकार गोकुल जोशीको ६८ औं जन्म जयन्ती र पारिजातको ५ औं स्मृति दिवसको अवसरमा लघुकथा गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीमा वाचन गरिएका लघुकथाहरू निनु चापागाईंको सम्पादकत्वमा प्रकाशित त्रैमासिक पत्रिका 'वेदना' (२०५६) कथा विशेषमा प्रकाशित भएका छन् । उक्त पत्रिकाको पनि लघुकथाको इतिहासमा महत्वपूर्ण योगदान रहेको छ । अनि काठमाण्डौंबाट बुद्धिराज पाण्डेको सम्पादनमा निस्कने त्रैमासिक पत्रिका 'गुञ्जन' (२०५६) ले पनि लघुकथा विशेषाङ्क प्रकाशन गरेको छ । केशु प्रायश्चित सिञ्जालीको सम्पादकत्वमा बारा जिल्लाबाट निस्कने अर्धवार्षिक पत्रिका 'प्रसुन' (२०५९) ले पनि लघुकथा विशेषाङ्क निकालेको छ साथै २०५९ असारमा रामप्रसाद पन्तको सम्पादनमा साहित्यिक मासिक पत्रिका 'दायित्व' लघुकथा विशेषाङ्क प्रकाशन भएको छ । आदि ।

यसरी नेपालका विभिन्न वैयक्तिक, सरकारी तथा गैर सरकारी सङ्घ संस्था तथा समूहको पहलमा निस्कने विविध खालका माथि उल्लेखित मासिक, द्विमासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक साहित्यिक तथा गैर साहित्यिक पत्रिकाहरूको साथै दैनिक (कान्तिपुर, साप्ताहिक, कोसेली, इन्द्रेणी, शनिवारीय आदि) पाक्षिक तथा मासिक हिमाल, नेपाल, नवयुवा, युवामञ्च आदि) पत्रिकाहरूले पनि मुख्यतः २०४६ सालदेखि यता लघुकथालाई विशेष महत्व दिएर प्रकाशन गरेको पाइन्छ ।

# परिच्छेदः चार

# 'नगरसभाको पाचौं दिन' लघुकथा सङ्ग्रहको सर्वेक्षणात्मक अध्ययन

## ४.१ विषय प्रवेश

लघुकथा आस्वादनमा वौद्धिकता र चिन्तनशीलता दुवैको खाँचो महसुर हुन्छ । किनकि एउटा राम्रो लघुकथा पठनपछि सिर्जना हुने झङकारले पाठकको मस्तिष्कमा अनौठो लहर प्रवाह गर्छ र मन्तभाव स्पष्ट भएपछि त्यो लहर टक्क रोकिन्छ । यही नै लघुकथा आस्वादनको आकर्षण हो । यो अन्य विधाको अङ्ग नभएर आफैँमा पूर्ण रहेकाले लघुकथाको अस्तित्व पनि गहनता र संवेदनशीलता संग गाँसिएको हुन्छ ।

समयको वास्ततासँगै आख्यान साहित्यमा लघुविधाप्रतिको लोकप्रियता लेखक पाठक दुवैमा बढ्दो छ । यसै सन्दर्भमा आएको लघुकथा सङ्ग्रह “नगरसभाको पाँचौ दिन” यस विधाको एउटा उत्कृष्ट नमूना हो । त्रिसट्ठीवटा लघुकथा सङ्गृहीत प्रस्तुत सङ्ग्रहले समकालीन विश्वपरिस्थितिले जन्माएका यथार्थ भोग्ने नेपाली जनजीवन प्रस्तुत गरेको छ । विषय र प्रस्तुतिते विसङ्गतिमाथि तीव्र व्यङ्गय प्रहार गर्दै नेपाली समाज र यसका सांस्कृतिक पक्षलाई अभिरेखाङ्कन गर्ने यस सङ्ग्रहका कथाहरूले सामाजिक पृष्ठभूमिमा टेकेर यथार्थको पोषण पाएका छन् ।

सिंहको यस सङ्कलनमा व्यङ्ग्यका निमित्त ज्यादै निपूर्ण पाइन्छ । एकातिर उनले तथाकथित नेता र कर्मचारीहरूको भ्रष्ट आचरण र कुप्रद्धतिप्रति तीक्ष्ण व्यङ्ग्य गरेको छ भने अर्कातिर समग्र मानवीय स्वार्थन्धताप्रति मार्मिक व्यङ्ग्य गरेको छ । जसबाट हामी राजनीतिक नेताहरूको भ्रष्ट आचरण, अनैतिक चरित्र र असामाजिक तथा अमानवीय व्यवहारबारे यथार्थ वा चुरो थाहा पाउन सक्तछौं । वर्तमान नेपालको राजनीतिभित्रका घृणित खेलहरूबाट उनीकति रुष्ट र असन्तुष्ट हुन् भन्ने कुरा यो सङ्ग्रह पढ्दा थाहा हुन्छ ।

त्यस्तै गरी उनका लघुकथाको अर्को पाटामा भने कतै व्यङ्ग्यका माध्यमबाट त कतै प्रतीकका माध्यमबाट व्यक्त गरेका छन् । यसरी समग्रमा लघुकथाकार सिंहको दृष्टि समसामायिक राजनीतिक र सामाजिक समस्यामा केन्द्रित भएको पाइनुका साथै आज मूल्य द्वन्द्वमा परेको र नैतिक मूल्यहीनताको सिकार बनेको मानिसभित्रका प्रवृत्तिप्रति सूक्ष्म रूपले

परेको पाइन्छ । उनका विचारमा नातावाद, भ्रष्टाचार, अराष्ट्रिय संस्कृति, सामाजिक रुढि, ह्रासोन्मुख मानवीय मूल्य स्वार्थन्धता आदि हाम्रो समाजमा व्याप्त छ । खोक्रिँदै र खिइँदै गएको समाजभित्रका यथार्थ उनका लघुकथाका विषय हुन् । लघुकथाको छोटो आयतन र संरचना भित्र कहिले अमूर्तको मूर्तविधान त कहिले सङ्केतद्वारा यी जल्दाबल्दा विषयहरू समाविष्ट गर्न सक्नु सिंहको सफल लेखनीको परिचय हो र यसैको ढाँचामा आएको लघुकथा सङ्ग्रह "नगर सभाको पाँचौ दिन" हो ।

## ४.२'नगर सभाको पाचौं दिन' लघुकथा संग्रहमा संकलित लघुकथाहरूको सूची

प्रस्तुत 'नगर सभाको पाचौं दिन' लघुकथा संग्रहमा जम्मा त्रिसठ्ठी ओटा लघुकथाहरू सङ्कलित छन् । यी सबै कथाहरूलाई कथाकारले अकारादि वर्णक्रम अनुसार यस संग्रहमा समावेश गरेका छन् । अ, आ, आदि स्वर वर्ण र क, ख आदि व्यञ्जन वर्णहरू प्रायः सबै पर्ने गरी कथाकारले लघुकथा सिर्जना गर्न खोजेको नवीन शैलीलाई समेत यहाँ नियाल्न सकिन्छ । यस लघुकथा संग्रहमा संकलित सबै कथाहरूको सूची प्रदर्शन गरी ती सबै कथाहरूको छुट्टा छुट्टै सर्वेक्षणात्मक विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ ।

'अछुत परिकार', 'अजम्बरी गाई', 'अमृत मन्त्रीका भान्जा परेनन्', 'अम्बाको रूख-मुर्दावाद', 'आइडिया', 'आधुनिक विचार', 'आलु-प्याज/प्याज-आलु', 'इज्जतयन्त्र', 'उत्तरआधुनिक वनाश्रम', 'उदार मन', 'उन्मुक्ति', 'काँचो हलुवाबेद', 'कार्यालय सरेको सूचना', कि चल्छ लोकसेवामा पनि ?', 'कुइँकेल सरको सक्रियता', 'कुबेलाको बुद्धि', 'कृष्णबहादुरहरू', 'कोर्न नसकिने सीमारेखा', 'कङ्गारूको सिकार', 'चिरा परेको खेत', 'जोडिएको घर', 'टाउको दुःखेको औषधी', 'ठाडो ओरालो', 'तिमीले मलाई.................', 'दक्कलसा बको अक्कल', 'दिनचर्या', 'दुईभाषे सूचना पाटी', 'धर्मनिर्वाह', 'नगरसभाको पाँचौं दिन', 'नियत', 'निरन्तरता', 'नीलजाई र निर्मला', 'पदोन्नति', 'पूरक पहिरन', 'प्रजातन्त्र', 'फरक पर्ला र † ', 'बाजी', 'बिर्खे बिग्रन्छ क्यारे † ', 'बेवारिस घोषणापत्र', ' भऱ्याङ', 'भाग्यरेखा', 'भोटे ताल्चा', 'मधुवार्ता', 'मयूरपङ्खी कलम', ' मोह', 'मोहरको फिर्ती', 'मौसम/बेमौसम', 'रमाना', ' शङ्कानिवारण', 'शुभाशिष्', 'सक्कली पेटी', 'सक्रिय उद्धार', 'समाधान', 'समान स्केलको भुइँचालो', 'सरल रेखा', 'सर्वसम्मत सरुवा', 'साइकल नियति', 'साथीको खोजीमा', 'साहूजीको चारो', 'सुकुम्बासी', 'सुरक्षा फिर्ती', ' विक्रमटेम्पोको धूवाँ', 'हिउँदको आरुबोट'

नगरसभाको पाँचौं दिन लघुकथा संग्रहमा संकलित कथाहरूको सर्वेक्षण :

### ४.२.१. **'अछुत परिकार'**

'नगर सभाको पाचौँदिन' लघुकथा सङ्ग्रहको 'अछुत परिकार' एक उत्कृष्ट व्यङ्ग्य प्रधान लघुकथा हो । कथासङ्ग्रहको सबैभन्दा पहिलो कथाका रूपमा नै प्रस्तुत कथा संकलित छ । १ पृष्ठ, ३ अनुच्छेद र १५ पंक्ति तथा १० ओटा छोटा छरिता वाक्यको बाहय संरचनामा संरचित प्रस्तत् लघुकथाले नेपाली राजनीतिक दल तथा नेतृत्व वर्गप्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । नेपाली नेतृत्वगण मिठा - मिठा परिकार खान पाइने विभिन्न भोज तथा आयोजनामा सामेल भए पनि राष्ट्रियताका सन्दर्भमा तटस्थ रहन्छ, राष्ट्रियता गुमाउदै गएको नेतृत्व गणबाट नेपाल राष्ट्रियको विकास कसरी होला ? भन्ने प्रश्न प्रस्तुत कथाले तेर्स्याएको छ ।

प्रस्तुत कथामा रात्रिभोजमा धेरे भन्दा धेरै व्यक्तिहरू सहभागी छन्, भोजनको स्वाद, बेस्वादको चर्चामा सबै रमाइ रहेका छन् । टेबलमा सजिएका स्वादिष्ट खानाका परिकारले भरिपूर्ण डिस भरिदै रित्तिदै गइरहेका छन् । तर त्यसै टेबुलमा राखिएको एउटा परिकार भने जस्ताको तस्तै छ कसैले छोएको समेत छैन । उक्त परिकारलाई कस कसैले लोक लाज पचाउनका लागि डिनरप्लेटमा राखेपनि परिकारले कसैको मुखमा प्रवेश गर्न पाएको छैन । सबै सहभागी कुनै परिकार नछुटोस् भनेर ढकनी उठाएर हेर्थे, तर सबै जना नाक चेप्याउँदै आघी बढ्थे । उनीहरूको नाक चेप्रयाई अनुसार उक्त परिकार र काँचो हुलवावेद जस्तै टर्रो र बेस्वादिलो छ, त्यो परिकार कवाबका बिचमा हडी जस्तै थियो भोज निखदा पनि उक्त परिकार अछूत नै रह्यो । यसप्रकारको रात्रिभोज भर्खरै नै सम्पन्न आमनिर्वाचनमा विजयी सांसदहरूको स्वागतार्थ आयोजना गरिएको थियो र त्यो अछूत व्यवहार भोग्न बाध्य परिकार चाहि 'राष्ट्रिष्यता' थियो भन्दै कथा टुङ्गिएको छ ।

यसप्रकार प्रस्तुत 'अछूत परिकार' शीर्षक लघुकथाले आजको नेताहरू कसैमा पनि राष्ट्रियता जीवित नरहेको तथ्यलाई छर्लङ्ग बनाएको छ । आमनिर्वाचनमा त्यही राष्ट्रियता, स्वाधीनता र नागरिकताको भाषण गरेर विजयी बनेपनि पछि गएर नेताहरूले त्यो राष्ट्रियता विर्सने तथ्यलाई मिठो पाराले व्यङ्ग्य छेडेको छ । राष्ट्रियता र स्वाधीनताका नारा जतिसुकै घन्काए पनि खालि चुनावी नारामात्रै बनाएका छन्, नेताहरूले मागी खाने भाडो मात्रै

बनाएका छन् । कसैको व्यवहारमा राष्ट्रियता झल्कदैन राष्ट्र राष्ट्रियताको बारेमा कुनै नेतालाई चासो छैन । राष्ट्रियताविनाका स्वार्थी नेताहरूबाट राष्ट्रको समुचित विकास समेत हुन सक्दैन भन्दै कथाले नेपाली नेताहरूको आचरण प्रति व्यङ्ग्य कसेको छ ।

### ४.२.२. **'अजम्बरी गाई'**

'अजम्बरी गाई' यस कथासङ्ग्रहमा सङ्कलित दोस्रो कथा हो । प्रस्तुत कथा १ पृष्ठ, १२ पंक्ति र ९ वाक्यको बाहय संरचनामा संरचित छ । यस कथाले न्यायक्षेत्रमा कानून बमोजिम मुद्दा छिनोफानो नभई घुसका आधारमा निर्णय गरिन्छ भन्ने यथार्थलाई कथाले चित्रण गरेको छ । घुस लिने दिने प्रचलन आज मात्रै होइन प्राचीनकाल देखि नै सुरु भएको हो । मात्र घुसको प्रकारमा परिवर्तन आएको हो भन्ने तथ्यलाई कथाले मिठो शैलीमा प्रतिपादन गरेको छ ।

कथामा एकजना न्यायाधीश मुद्दाको सुनुवाइमा हुन्छन् । सुनुवाइका क्रममा न्यायाधीशले दूध पिइरहेको देखेर विपक्षीले न्यायाथीशलाई गाईको संस्मरण गराउन दुध पिलाएको हुनसक्ने प्रतिपक्षले ठान्छ र भन्छ - आसनी पातलो छ श्रीमान ! राडीमा बसेर सुनुवाइँ गरौँ जसबाट उसले राडीको संस्मरण गरायो । त्यो कुरा सुनेर गाईका चुरोफुरी आजकाल पनि हेर्न लायक छन् । आजकालका गाई सुनचादीले बनेका छन् भनेर न्यायाधीशले भन्छन् । त्यति बेलाको समयमा जग्गा सम्बन्धी मुद्दा आफनो पक्षमा पार्नका लागि न्यायाधीशलाई प्रति पक्ष मध्ये एउटाले राम्रो राडी र अर्कोले दुधालु लैनो गाई कबुल गरेका थिए । जमाना अनुसार त्यस समयमा उक्त क्षेत्रमा राडी, गाई जस्ता उपहार निकै रसिला मानिन्थे भन्दै कथा टुङ्गिन्छ ।

यसप्रकार प्रस्तुत 'अजम्बरी गाई' शीर्षक लघुकथाले न्यायिक क्षेत्रमा हुने घुसखोरी प्रवृत्तिलाई भण्डाफोर गरेको छ । न्याय दिने न्यायालयका न्यायाधीसले समेत जसले धेरै घुस दिन्छ, त्यसकै पक्षमा मुद्दा छिन्ने प्रचलन धेरै पहिले देखिनै नेपालमा विद्यमान थियो । हिजोका दिनमा राडी र गाई विद्यमान थियो । हिजोका दिनमा राडी र गाई जस्ता वस्तु घुस दिने प्रचलन थियो भने आज आएर सुन चादी पैसा दिने प्रचलन छ । देशको उच्च न्यायिक क्षेत्रमा समेत हुने घुसखोरी तथा भ्रष्टाचारी प्रवृत्तिले गर्दा नेपालको स्थिति खस्कदो छ, अन्याय, अत्याचार, विकृति विसङ्गति बढ्दै गएको छ । स्वस्थ्य, समुन्नत, समता मूलक देश

निर्माण गर्नका लागि न्यायिक क्षेत्रमा सुधार ल्याउनु पर्ने सन्देश प्रस्तुत कथाले प्रस्तुत गर्दछ ।

### ४.२.३. **“अमृत मन्त्रीका भान्जा परेनन्”**

नगर सभाको पाचौं दिन लघुकथा सङ्ग्रहमा संकलित तेस्रो लघुकथाका रूपमा ‘अमृत मन्त्रीका भान्जा परेनन्’ लघुकथा संकलित छ । यो लघुकथा र पृष्ठ, २९ पंक्ति र २३ वाक्यको बाहय संरचनामा संरचित छ । प्रस्तुत लघुकथाले नेपाल राष्ट्रमा विभिन्न क्षेत्रमा बढ्दै गएको नातावाद तथा फरियावाद प्रति तीव्र व्यङ्गय प्रहार गरेको छ । प्रजातन्त्र पुन स्थापनाका लागि जन आन्दोलनमा होमिएका तथा आन्दोलनका क्रममा घाइते बनेका पीडित व्यक्तिहरू सँधै उपेक्षित छन्, उनीहरूले आफ्नो योग्यता अनुरूप काम पाएका छैनन् । जो मन्त्री तथा नेताका नजिकका नातेदार छन् तिनले मात्रै काम पाएका छन्, नेपाली राजनीतिको यही तीतो यथार्थलाई कथाले उतारेको छ ।

कथामा तेजप्रसाद भन्ने पात्र मन्त्रीलाई भेट्न मन्त्रालय पुग्छन् । मन्त्रीलाई भेट्नु पूर्व भर्नु पर्ने चिर्कटोको कामको महलमा छोरालाई नोकरी लेखेर पिए लाई दिए । चिर्कटो हेर्दै मन्त्रीको पि.ए. ले सोध्यो ‘केमा नोकरी’ गाउँकै स्कुलमा मास्टरी ? केको मास्टर खाली हुनु ? त्यो पनि मन्त्रीको जिल्लामा ? हिजै खाली भएकाले दौडेर आएको भने पछि पि.ए. ले विद्यालयको नाम, खाली हुनुको कारण आदि सबै विवरण भर्न लगायो । तेजप्रसादले स्लिप भरेर आफ्नो अपाङ्ग छोरा अमृतलाई नियुक्ति मिलाइ पाऊँ भनेर पनि लेखे ।

त्यो चिर्कटो पाउना साथ अहिले एउटा कार्यक्रममा जानु छ, भोलि आउनुस है तेजप्रसाद जी! भन्दै मन्त्री बाहिरिए । भोलिपल्ट तेजप्रसादलाई भेट्नासाथ मन्त्रीले भने थक्क तेजप्रसादजी ! एकै दिन फरक पऱ्यो, हिजो आउनु भएको भए फरक पर्दैनथ्यो । त्यति बेला सम्ममा रातारात उक्त रिक्त दरवन्दीमा मन्त्रीज्यूले टेलिफोनबाट पठाएको नियुक्ति बोकेर मन्त्रीज्यूका कान्छा भान्जाले दश बजेनै विद्यालयको हाजिर पुस्तिकामा हाजिर जनाइसकेका थिए । विचरो अमृत ! काठमाडौँमा पढ्न बसेको बेला जन आन्दोलनमा एउटा खुट्टा गुमाएर उसले अध्ययन समेतलाई अपाङ्ग पार्नु परेको थियो । उसले प्रत्येक वर्ष सहिद दिवसमा लगाइदिने मालाप्रति वितृष्णा बढाउदै गाउँको विद्यालयमा रिक्त दरबन्दीको प्रतीक्षामा

आफूलाई झुण्डयाइ रहेको थियो । तर के गर्नु अमृत मन्त्रीका भान्जा नभएकै कारण जागिर खान पाएनन भन्ने तीतो यथार्थ झल्काउँदै प्रस्तुत कथा टुङ्गिएको छ ।

यस प्रकार प्रस्तुत कथाले नेपाल राष्ट्रमा जो मन्त्री तथा नेता छन् उनीहरूका आफन्तद्वारा नै विभिन्न स्थानमा भर्ती पाएका छन् । जनआन्दोलनका घाइतेले सहिद दिवसको १ दिन माला पाएका छन्, उनीहरूको समस्या प्रति सरकारको ध्यान गएको छैन । उनीहरू राज्यद्वारा पीडित तथा अपहेलित छन् । मन्त्रीहरू त्यही आन्दोलनको आधारमा टेकी सत्तामा पुगेका छन् तर उनीहरू परिवारवाद तथा नातावादको घेराबाट उम्कन सकेका छैन ।

### ४.२.४. **'अम्बाको रुख-मुर्दावाद'**

'नगर सभाको पाचौँ दिन' कथा सङ्ग्रहमा संकलित चौथो उत्कृष्ट व्यङ्ग्य प्रधान लघुकथा हो -"अम्बाको रुख मुर्दावाद! प्रस्तुत लघुकथा २ पृष्ठ, १६ पंक्ति तथा १६ वाक्यको बाहयसंरचनामा संरचित प्रस्तुत कथाले नेपाली समाजमा नेपाली राजनीतिले पारेको दुष्प्रभावलाई सटीकरूपमा चित्रण गरेको छ । नेपाली राजनीतिबाट कुनै पनि क्षेत्र अछूत छैन, सबै क्षेत्र बिटुलिएका छन् । शिक्षा आर्जन गर्ने पवित्र शैक्षिक संस्था विद्यालय क्याम्पसमा बढी बन्द हडताल र आन्दोलन द्वारा प्रभावित छन् । नेपालमा बिनाकारण आन्दोलनकै लागि आन्दोलन चलेका छन् ती आन्दोलको कुनै खास कारण छैन भन्दै नेपाली राजनीतिप्रति कथाले तीव्र व्यङ्ग्य प्रहार गरेको छ ।

कथामा कुनै एउटा विद्यालयमा पढाइ सुरु हुनु अगाडि नै विद्यार्थीहरू चोरमा उभिएर नाराबाजी गरि रहेका छन् । इन्क्लाब जिन्दाबाद ! अम्बाको रुख-मुर्दाबाद मनपरि गर्न पाइदैन हुकुमे हेडसर चाहिँदैन । सामन्ती संस्कार मुर्दावाद । हाम्रो माग जिन्दावाद । आदि नाराहरू उच्च स्वरले घन्किरहेका छन् । विद्यालय परिसरमा अम्बाको ठुलो रुख थियो, अम्बा लटलरम्म फलेको थियो र विद्यार्थीको माग त्यही अम्बाको रुख, काटिनु पर्छ भन्ने छ । समाधानका लागि वार्ता बस्छ । वार्तामा विद्यार्थी प्रतिनिधि तथा विद्यार्थी नेता र विद्यालयका हेडसर बस्छन् । विद्यार्थीबाट माग प्रस्तुत भयो । यो पुरानो रुख भएकाले पहिले कुनै सामन्तले लगाएको हुनुपर्छ, सामन्ती रुखलाई तुरुन्त काटिनु पर्छ । त्यो कुरा सुनेर हुकुम सरले विद्यार्थीलाई सम्झाउदै भन्छन् । जसले लगाएको भए पनि अम्बा लटरम्म

फलेको छ, पाकेको छ, किन काट्नु । सबैले टिप्नुस खानुस, कसैलाई खान प्रतिबन्ध लगाइएको छैन । त्यसपछि विद्यार्थी नेता अस्वीकार गर्दै भन्छ त्यही टिप्न नसकेर अर्थात रुख चढन नसकेर त विरोध गर्नु परेको नि ? नत्र कसले नचाहिदो बबाल गर्थ्यो र ? विद्यार्थीको कुरा सुनेर हुकुम सरले टेबुलमा राखिएको एक गिलास पानी एकै सासमा पिएर सिद्धयाए भन्दै कथा टुङ्गिएको छ ।

यस प्रकार प्रस्तुत अम्बाको रुख मुर्दावाद शीर्षक लघुकथाले नेपाली राजनीतिको चरम विकृति विसङ्गति प्रति आक्रोशात्मक व्यङ्ग्य प्रहार गरेको छ । सानातिना मागका लागि पनि आन्दोलन- नाराबाजी चलेका छन् । शैक्षिक क्षेत्र समेत राजनीतिबाट अति प्रभावित छ । विद्यार्थीहरू अध्ययनमा भन्दा आन्दोलनमा बढी सक्रिय छन् । हिजोको पुराना संरचनाहरू ध्वस्त गरिदैछ, नयाँ संरचना बनाउन सकिएको छैन । महत्वपूर्ण गरिमामय इतिहासलाई पनि सामन्तवादको अवशेषका रूपमा विरोध भएका छन् । नयाँ नेपाल बनाउने नाममा नेपाली राजनीतिले पुरान  तथा प्राचीन धरोहर समाप्त बनाएको तीतो यथार्थलाई कथाकारले घुमाउरो पाराले व्यङ्ग्य प्रहार गरेका छन् ।

### ४.२.५ **'आइडिया'**

'नगर सभाको पाचौं दिन' लघुकथा सङ्ग्रहमा सङ्कलित एक उत्कृष्ट लघुकथा हो आइडिया । २ पृष्ठ, ३२ पक्ति र छोटा - छोटा २३ वाक्यको बाहयसंरचनामा लिखित प्रस्तुत कथा पारिवारिक विषयवस्तुमा आधारित छ । प्रस्तुत कथाले परिवारमा कसैले कसैलाई नटेर्ने, सबै आ-आफ्नो मनोमानीमा चल्ने प्रवृतिले गर्दा धेरै जसो घरहरू लथालिङ्ग र भताभुङ्ग भएका छन् । नेपालको परिप्रेक्ष्यमा कमाउने १ जना हुन्छ भने त्यसलाई मोजमस्तीमा उडाउन पट्टिनै सबै परिवारका सदस्यहरू लागेका हुन्छन् । घर परिवार चलाउन बिहान देखि बेलुका सम्म कुदाकुद गरि हिड्ने शिक्षकको कुरा कसैले नखाने घरायसी वातावरण लाई कथाले उतारेको छ ।

प्रस्तुत आइडिया कथामा एक जना घरमुली वा बाबु पात्र हुन्छन् । विहान घरबाट निकल्ने बेलामा धाराबाट पानी खेर गइरहेको देख्छन् । के गर्नु समय कहिल्यै छैन । आज चाहि धारो नबनाई भएन भन्ने सोचेर आफ्नो जेठो छोरा तथा ठुल्लाबाबुलाई आज बजारबाट धाराको राम्रो टुटी नै किनेर ल्याउनू है भन्दै कुदछ, उसलाई केटी घुमाउन

जानुपर्ने भएकाले भाइलाई अह्राउँछ । सानो भाई पनि बाहिर त्यस्तै काममा व्यस्त भएकाले उसले पनि आमालाई त्यो काम जिम्मा लगाउँछ तर आमा (ममी) ले पनि केही समय पछि सम्झिछिन् आज मञ्जु नामकी साथीको घरमा भेटघाट गरी गफ गर्ने भनेको छ । त्यसैले उसले आफ्नी छोरीलाई अह्राउँछे । छोरी पहिले रिसाउँछे, सक्दिन मेरो आज स्विमिङ्मा जाने प्रोग्राम छ भन्छे तर मम्मीले पैसा दिन्छु नि पकेट खर्च भने पछि भने उसलाई आइडिया फुर्छ र फोन गर्छे बाबुलाई हेलो ! अफिसमा आफ्नी छोरीको फोन उठाउँछ बाबुले । अनुरोध गर्दै छोरी भन्छे बुबा ! म आज एउटा काम गर्न लगाउँछु, प्लिज हुन्छ, ओ.के भन्नुस! भनन पहिले भने पछि छोरी भन्छे भरे आउँदा एउटा धाराको राम्रो टुटी लिएर आउनुहोस् है, ओके ! बाबु त्यतिकै अलमलमा परेर ओके ! भन्छ, कथा टुङ्गिन्छ ।

यसप्रकार प्रस्तुत 'आइडिया' कथाले परिवारिक सानो विषयवस्तु उठाएको छ तर विषयवस्तु सानो भए पनि यो निकै ठुलो समस्या बनेर नेपाली समाजमा उभिएको छ । नेपाली समाजमा अभिभवाकले भन्ने गरेको कुरालाई छोरा छोरीले टेर्ने गर्दैनन् जसले काम अह्रायो अन्त्यमा त्यो काम त्यसैले गर्न् अवस्था देखाएर कथाले नेपाली समाजमा घर परिवार कसरी विग्रिएका छन् भन्ने देखाएको छ । घरमा एक जना मुली विहान देखि बेलुकी सम्म काममा व्यस्त छ, तर घरमा स्वास्नी छोरा छोरी कोही काम लाग्ने छैनन् । कोही साथी संग गफ गेरर, कोही तरुनीसँग डुलेर र कोही युवाकेटो सँग लभ र कोही बर्थडे तथा स्विामिङ् धाएर दिन विताएका छन् भन्ने यथार्थ चित्रण गरेको छ ।

### ४.२.६ 'आधुनिक विचार'

'नगर सभाको पाँचौं दिन' कथासङ्ग्रह संकलित एक उत्कृष्ट व्यङ्ग्य प्रधान लघुकथा हो । १ पेज, १२ पंक्ति र ११ वाक्यको बाहय संरचनामा रहेको यस कथाले हाम्रो समाजमा पाश्चात्य सभ्यता र संस्कृतिमा पारेको दुढप्रभावबारे मार्मिक चित्रण गरेको छ । आजको समाज एकल परिवारमा रमाउदैछ । 'मातृदेवोभव, पितृदेवो भव' भने पूर्वीय सभ्यता नेपाली संस्कृतिलाई बिर्सदै बाबुआमालाई वृद्धाश्रममा छाड्ने क्रूरताको चित्रण कथाले अत्यन्त मार्मिक ढङ्गले गरेको छ ।

कथामा मीठाराम भन्ने प्रमुख पात्रको उपस्थिति छ । ऊ गाउँबाट जागिरको सिलसिलामा सहर छिर्छ र सहरमै बसोबास गर्छ अनि आफ्नो छोरालाई दुःख सुख झेलेर

डाक्टर पढाउँछ र डाक्टर बनाउँन सफल हुन्छ । त्यसमा उसले आफ्नो जीवनको सफलता सम्भन्छ तर उसको जीवन दुःखतर्फ धकेलिन्छ । असमयमै उसकी श्रीमतीको मृत्यु हुन्छ । श्रीमतीको मृत्युपश्चात उसलाई कसैले वास्ता गर्दैन, घरमा खाने, बस्ने उचित व्यवस्था हुँदैन । घरमा ऊ अपहेलित र घृणित बन्दै जान्छ, जसको पीडा सहन नसकेर मीठाराम नजिकैको 'रामानन्द वृद्वाश्रम' को ढोका ढक्ढक्याउन पुग्दछ, मीठाराम जब वृद्वाश्रममानै बसोबास गर्न थाल्दछ तब उसको डाक्टर छोराले आफ्नो घरमा आउने साथीभाइ र छिमेकीलाई आफ्नो 'बुबा धेरै आधुनिक हुनुहुन्छ, जसले गर्दा उहाँ बुढेस्काल लागेपछि वृद्वाश्रम बस्न जानुभयो भन्ने कुरा गर्छ' कथा यही टुङ्गिन्छ ।

यसप्रकार आधुनिक विचारले नेपाली समाजलाई बिगार्दै लगेको तथा अत्यन्त मार्मिक तबरले उद्घाटन गरेको छ । आफ्नो सारा इच्छा, आकाङ्क्षालाई धरौटीमा राखेर आफ्ना सन्ततिहरूलाई पढाइ-लेखाइ ठूलो बनाउने सपना बुनेर लागि परेका बाबा आमा नै पछि गएर छोराछोरीका लागि विष साबित हुने र वृद्वाश्रममा राखेर आफू एक्लै घरमा बस्ने आधुनिक सभ्यता प्रभाव स्वरूप नेपालमा चल्न लागेको कुप्रथा प्रति कथाले तीव्र व्यङ्ग्य प्रहार गरेको छ । यसरी पारिवारिक विषयवस्तुमा आधारित कथा हाम्रो समाजमा बढ्दै गएको विकृति र विसङ्गति प्रति तीक्ष्ण व्यङ्ग्य गर्न सशक्त बनेको देखिन्छ ।

### ४.२.७. 'आलू-प्याज/प्याज आलु'

१ पृष्ठ, ६ वाक्य र ९ पंक्तिमा संरचित 'आलु प्याज/प्याज आलु' लघुकथा 'नगर सभाको पाचौं दिन' कथा संग्रहको उत्कृष्ट कथा हो । सामान्य पारिवारिक विषयवस्तुलाई उठाएर नेपाली राजनीति प्रति तीव्र व्यङ्ग्य गरिएको छ । 'प्रजातन्त्र' आएपछि सभाका लागि भएका उतारचढावलाई कथाले स्पष्ट रूपले व्यङ्ग्य गरेको छ ।

कथामा अघिल्ला दिनहरूमा जस्तै आजपनि आलु प्याजको नै तरकारी देखेपछि केटाकेटीले छिः आजपनि त्यही आलु प्याजकै तरकारी छ, भन्दै असन्तोष पोख्दछन् । त्यसको अरु जवाफ नपाएर आमा चाहिँले होइन नानी हो † आज त आलु प्याजको तरकारी किन हुन्थ्यो, मैले त प्याज र आलुको तरकारी बनाएको मीठो छ भन्छन् । ती केटाकेटीहरू चुपचाप खाना खान्छन्, तर सँगै बसेका बाबु हाँसे, किन हाँस्नुभयो भनेर श्रीमतीले सोध्दा श्रीमान् भन्छन्, 'नेपालको प्रजातन्त्र सम्झेर' हाँसो उठ्यो, यति मै कथा समाप्त हुन्छ ।

यसप्रकार कथाले आलु प्याजको तरकारी पकाउनु पर्ने पारिवारिक विवशतालाई उठाएर तरकारी किन्न सक्ने पारिवारिक स्थितिको जानकारी दिएको छ, भने अर्कातिर यस कथाले राजनीतिक रूपमा दह्रो व्यङ्ग्य गरेको छ । वास्तवमा २०४७ पछिको आगमन पछि नेपाली जनताले के-के न हुन्छ भन्ने आशा गरेका थिए, तर देशविकासका कार्यक्रमहरू केही भएनन्, मात्रै जनतालाई भुक्याउने, ठग्ने प्रवृत्ति मात्रै देखापऱ्यो । जसरी कथामा आमाले बच्चालाई आफ्नो शब्दजालमा भुक्याएकी छिन्, त्यसैगरी नेपालका राजनीतिक दल तथा नेताहरूले जनतालाई भुक्याइरहेका छन् । नेपाली नेतृत्व गण फेरिएको छैन । शासन पद्वति उही पुरानै छ, काल परिवर्तन भयो । राणाशासन गयो, प्रजातन्त्र आयो, प्रजातन्त्र गयो पञ्चायत शासन आयो र पञ्चायत गयो फेरि प्रजातन्त्र आयो तर नेताहरू भने उनीहरू नै छन्, नयाँ मुखुण्डो मात्रै फेरियो, सोच र संस्कार पुरानै रह्यो । त्यसैगरी २०४७ सालपछि आएको प्रजातन्त्र कालमा कुनै पनि राजनीतिक दल स्थिर रूपमा टिकेनन् । कहिले कांग्रेस र एमाले मिल्यो शासन गऱ्यो । कहिले एमाले र कांग्रेस मिल्यो सत्ता टिकायो । तर नेता उनै छन् कहिले कुन, कहिले कुन पार्टीसँग जोडिएर एउटै पार्टीका दलले शासन चलाइरहेछन्, एउटै व्यक्ति बारम्बाार शासन सत्तामा पुगिरहेको छ । यही प्रजातन्त्रको वास्तविक यथार्थलाई चित्रण गर्दै त्यसप्रति खिल्ली व्यक्त गर्न एक उत्कृष्ट व्यङ्ग्य प्रधान कथाका रूपमा 'आलु प्याज/प्याज आलु' कथा रहेको छ ।

### ४.२.८. **'इज्जत यन्त्र'**

२ पृष्ठ, २५ पंक्ति र १७ वाक्यमा संरचित 'इज्जत यन्त्र' लघुकथा 'नगर सभाको पाचौँ दिन' कथा संग्रहको एक व्यङ्ग्य प्रधान कथा हो । आमा नेपाल देशको भ्रष्टाचारी प्रवृत्ति प्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ ।

कथामा धेरै समयको प्रयास पछि समाज र देशमा व्याप्त भ्रष्टाचारी प्रवृसित्त हटाउनका लागि एउटा यन्त्र बनाइयो, जुन यन्त्रमानवको इतिहास नौलो र अनौठो काम थियो, उपज थियो, त्यसैले उसको नाम अनौठो यन्त्र नै राखियो । त्यस अनौठो यन्त्रले भ्रष्टाचारीहरूलाई पत्ता लगाउने क्षमता राख्दथ्यो, त्यसैले समाजमा बढ्दै गएको भ्रष्टाचार उन्मुलनका लागि यन्त्र छाडियो, तर यन्त्र जहाँ पुग्यो त्यहाँ सबैले नजिकैको घर देखाउँथे, धेरै दिन थुन्दा पनि उसले 'अनुमति बिना प्रवेश निषेध' भनेर ढोकामा नटाँसेको कही भेट्टाएन, पछि गएर सरकारले त्यस यन्त्रको प्रवेशका लागि अनुमति नौ लिनु नपर्ने घोषणा

गरिदियो, पछि सबै यन्त्रमानवलाई निष्क्रिय बनाउने घर-घरमा राखेका थिए, त्यसैले सबैले घरमा पस्न दिए । कथा यहीँ टुङ्गिन्छ ।

यसप्रकार कथामा नेपाली समाज अन्याय, अत्याचारको साथै भ्रष्टाचारको दलदलमा फसिरहेको छ । सबै भ्रष्टाचारी बन्दै गएका छन् । भ्रष्टाचार उन्मुलन विरुद्व अख्तियार आयो र विशेष अदालतमाथि सबै डराइरहेका छन्, तर पनि भ्रष्टाचार नगर्ने कोही छैनन् । जसरी कथामा 'प्रवेश निषेध' नटांगिएको घर कतै पाएन् यन्त्रमानवले, त्यसैगरी नेपाल पनि भ्रष्टाचार नगर्ने कोही व्यक्ति पाउन निकै मुस्किल छ, भन्ने कटु यर्थाथ चित्रण गर्दै भ्रष्टाचार प्रवृत्ति प्रति तीव्र व्यङ्ग्य गरेको छ । पहिले कसैले घरमा पस्न दिएनन् तर पछि त्यो यन्त्रको शक्तिलाई निष्क्रिय बनाउने यन्त्र सबैको घरमा राखेपछि सबैले पस्न दिए यसबाट नेपाली भ्रष्टाचारी प्रवृत्ति सबैतिर व्याप्त छ भन्ने तर्फ छर्लङ्ग बनाएको छ । त्यसरी भ्रष्टाचार उन्मुलनका लागि निर्मित नयाँ योजनालाई समेत विफल बनाइदिने नेपाली सबै वर्ग र तप्काका मानिसलाई यस कथाले थप्पड हानेको छ ।

### ४.२. ९. **'उत्तर आधुनिक बनाश्रम'**

'नगर सभाको पाचौं दिन' कथा संग्रह संकलित लघुकथा 'उत्तर आधुनिक बनाश्रम' २ पृष्ठ, १७ वाक्य र २० पंक्तिको वाक्य संरचनामा संरचित छ । यस लघुकथाले उत्तर आधुनिक जीवनशैलीलाई व्यक्त गरेको छ । उत्तर आधुनिक जीवनशैली एकदमै विसङ्गतिपूर्ण बन्दै गइरहेको छ भन्ने तथ्य कथाले अभिव्यक्त गरेको छ । प्राचीन बनाश्रमको महत्व गुम्दै गएको आधुनिक बनाश्रम भन्नाले घरलाई नै शून्य जङ्गलजस्तो हुनु हो भन्ने कुरा व्यक्त छ ।

कथामा हर्क प्रसाद नामक प्रमुख पात्र छन् । कार्यालय सकेर घर फर्केपछि सधैं झैँ हर्क प्रसाद आफ्नो घरमा पालेको कुकुरसँग खेलेर समय बिताउँछन् । साथै पलिएका परेवा र माउरीहरूको चाहारा र आहारा पुऱ्याउने ध्याउन्नमा अल्मलिन्छन् । जापानिज उजेली नामको कुकुरलाई उनी साहै माया गर्छन, कुकुरलाई खाने कुरा के के दिन्छन् र जुनसुकै बेला कुकुरसँगै हुन्छन् भने परेवाहरू पनि हर्कप्रसादकै प्रतीक्षामा बसेका हुन्छन्, किनभने हर्क प्रसाद आएपछि आहारा दिन्छन् । उज्यालो रहुन्जेल बाहिर बगैँचामै टहल गरेर बेलुका साँझ परेपछि उनी घर छिर्छन । घरमा अध्ययन सकेका टुकिसरेर छोराछोरी र श्रीमती हुन्छन् । यसरी अर्काका बारेमा सोच्दा सोच्दै आफ्ना बारे सोच्ने फुर्सद नै नपाएका

हर्कप्रसादलाई आफूले लगाएका जुत्ता छालाको नभई फलामले बनेको अनुभूति हुन्छ, कथा यहि टुङ्गिन्छ ।

यसप्रकार हेर्दा घर नै बन भएको स्थिति कथामा छ । घरमा श्रीमती, छोराछोरी छन् तर तिनीहरूबाट हर्कप्रसादले साथ-सहयोग पाएका छैनन्, त्यसैले उनी परिवारबाट एक्लिएका उनी कुकुर, परेवा, माउरी र बगैँचासँग प्रेम गर्छन्, त्यसैमा झुम्छन्, रमाउन विवश हुन्छन् । हाम्रो पूर्वीय क्षेत्रमा विकसित पूर्वीय संस्कृतिक सभ्यतामा वाणित ४ आश्रम ब्रहचर्याश्रम (२५ वर्ष सम्म), गृहस्थश्रम (५० वर्षको उमेर सम्म), बनाश्रम (७५ वर्षको उमेर सम्म) र सन्यासाश्रम (१०० वर्ष सम्म) वाणित छन् । यसको छुट्टै महत्व छ, तर आज आएर पनि यी आश्रमहरू भिन्न रूपमा परिणत भएको छ । आजको समयमा बुढा भएपछि उमेर ढल्दै गएपछि मान्छे परिवार बाट अलगिन्छ र ऊ मन भुलाउनका लागि घर लाई नै जंगल बनाउँछ, पशुपंक्षी तथा बगैँचाको स्याहार सुसार तथा टहल गर्छ, यो आजको युगको यथार्थ हो, विवशता तथा बाध्यता हो । साथै यसकथाले जुत्तालाई फलाम ठाने बाट उसले आफ्ना बारे सोच्न आएको छैन, र घरले घर, बगैँचा स्वास्नी, छोराछोरी लगायत कुकुर र परेवा जस्ता पशुपंक्षीमा समेत मनुष्य भुल्दै गइरहेको छ भन्ने तथ्यलाई संकेत गर्न खोजेको देखिन्छ । त्यसैले 'उत्तर आधुनिक बनाश्रम' कथा आजको युगचेतना, जीवनशैली प्रति व्यङ्ग्य गर्ने एक उत्कृष्ट प्रतिकात्मक कथा हो भनेर मूल्याङ्कन गर्न सकिन्छ ।

### ४.२.१० 'उदार मन'

'नगर सभाको पाचौँ दिन' कथा संग्रहमा संकलित 'उदार मन' लघुकथा २ पृष्ठ, २२ पंक्ति र २० वाक्यमा संरचित छ । यो कथाले मानवीय कमजोरी तथा रुढिवादी अन्धविश्वासले नेपालीलाई गहिरो प्रभाव पारेको तथ्यलाई उजागर गरेको छ । अझ यस कथाले अरुलाई धार्मिक आस्था गर्ने ब्रम्हाजीको धज्जी उडाएर हाँसो गर्ने व्यक्ति नै भित्रभित्रै अध्यात्मिक भावनाले प्रेरित छ, आफूलाई जतिसुकै आधुनिक र मानवतावादी छ भनेर अरु अगाडि प्रदर्शन गरे पनि भित्रभित्रै ऊ धर्म संस्कार देखि डराइरहेको हुन्छ भन्ने देखाइएको छ ।

कथामा प्रमुख 'म' पात्र लगायत उसका साथीहरू नैनीताल भ्रमणका लागि गएका हुन्छन् । नैनीतालको भ्रमण पश्चात् उनीहरू भारत उत्तराञ्चलको अल्मोडा हुँदै कौशिला,

जाँदा पहाडी भूभागको उकाली-ओराली-भिरपाखा-वनजङ्गल हुँदै कौशिला नजिकैको मन्दिरमा पुगेर गाडी रोकिन्छ । गाडीमा थालीमा टीका प्रसाद लिएर एकजना पुजारी छिर्छन्, त्यसपछि 'म' पात्रले टीका प्रसाद ग्रहण गरी १० रूपैँया थालीमा राखेको देखेर उसको साथीले उनलाई उडाउँछन् । यो दश रूपैँया माग्नेलाई दिएको भए कति खुसी हुन्थ्यो होला भन्दै आफू जड अध्यात्मिक तथा रुढिवादी परम्परा विरोधी भएको पुष्टि गर्छन् । भोलिपल्ट फेरि गाडी आएर त्यहीं रोकिन्छ, त्यसपछि हिजोका दिनमा जस्तै पुजारी आउँछन्, झ्यालबाटै हतारहतार हिजोका दिन जिस्क्याउने 'म' पात्रको मित्रले टीका प्रसाद ग्रहण गरी १० रूपैँया त्यस थालीमा राखिदिन्छन् । त्यो देखेपछि 'म' पात्रले पनि तिनै मित्रको अघिल्लो दिनको अभिव्यक्ति (यो पैसा माग्नेलाई दिएको भए कति रमाउँथ्यो होला) दोहोऱ्याउँछन्, त्यसपछि ती मित्र भन्छन्, नजिस्का † देखेनौ हिजो आएको बाटो कति खतरनाक र डरलाग्दो छ, आज त्यही बाटो फर्कनु छ भन्छन्, कथा यहीँ टुङ्गिन्छ ।

यसप्रकार 'उदार मन' कथाको अवलोकन गर्दा कथामा कुनै पनि पात्रको उदार मन छैन, सबैको संकीर्ण सोच नै छ, तर पनि आफूले आफैँलाई उदार पुष्टि गर्न उद्दत छन् । अथवा मानिस जबसम्म आफूलाई पर्दैन तब सम्म अरुलाई अर्तीउपदेश दिन्छन, तर आफैँलाई परेपछि ती सारा आदर्श भुल्दछन् । जब सम्म मनुष्य सुखको अनुभूति गर्दछ, त्यति बेला ऊ आस्तिक तथा पुजारी बन्दैन, जब दुःख आइपर्छ कि भन्ने भयले छुन्छ अनि ऊ भगवानसँग पुकार गर्दछ, भाकल गर्दछ र भेटी चढाउँछ, भन्ने तथ्यलाई मार्मिक तथा कौतुहलपूर्ण ढंगले प्रस्तुत गर्दै मानिसको अन्तरचेतनामा अर्न्तनिर्हित रुढिवादी तथा अन्धविश्वास पूर्ण अध्यात्मिक प्रवृत्ति प्रति कथाले कसिलो व्यङ्ग्य प्रहार गरेको छ ।

### ४.२.११. उन्मुक्ति

'उन्मुक्ति' लघुकथा १ पृष्ठ, १६ पंक्ति र छोटा छोटा १५ वाक्यमा संरचित छ । यो लघुकथाले आजको शिक्षापद्वति तथा डिग्रीरूपी शिक्षित वर्ग प्रति व्यङ्ग्य प्रहार गरेको छ । आजको शिक्षा प्रणालीले देखावटी मार्कसिटको खोस्टो मात्र प्रदान गरेको तर नैतिक, चरित्रवान्, विद्वान र विवेकी जनशक्ति तयार गर्न नसकेको तथ्य यस लघुकथाले छर्लङ्ग बनाएको छ ।

कथामा दुईजना दाजुभाइहरू, बैठक कोठामा आफ्ना शैक्षिक प्रमाणपत्रहरू सजाउन लागि परेका छन् । शैक्षिक प्रमाणपत्रहरू सजाउने क्रममा उनीहरूका बीच झगडा पर्न थाल्यो । सोफा भन्दा ठीक अगाडि भित्तामा दुबैजना आ-आफ्ना प्रमाणपत्रहरू झुन्ड्याउन चाहन्छन्, किनभने बस्दाखेरि सबैको आँखा त्यहीँ पर्दछ । उनीहरूका बीचमा सहमति नहुँदा झगडा पर्दछ । एकले अर्कालाई दोषरोपण गर्न थाल्दछन् । तिम्रो भन्दा मेरो विद्वत्ता बढी छ, मेरा प्रमाणपत्रहरू ठूला छन्, तिम्रो विचार भन्दा मेरो विचार असल छ, म तिमीजस्तो विवेक शून्य छैन भन्दै विवाद चर्कंदा उनीहरूका प्रमाणपत्रबाट विद्वत्ता र विवेक बाहिर निस्किए तर ज्ञान उनीहरूको उन्मुक्ति प्रति लोभिँदै त्यही प्रमाणपत्रमा टाँसिरहन विवश भयो, कथा समाप्त भयो ।

यसप्रकार कथाले अत्यन्त सूक्ष्म तथा कलात्मक ढंगले शैक्षिक तथा प्राज्ञिक जगत्प्रति नै व्यङ्ग्य गरेको छ । अहिलेका शिक्षित, पढेलेखेका भनाउँदाहरू सबै विवेकहीन छन् । नैतिकता तथा विद्वता शून्य छन् । मार्कसिटमा उनीहरूले पढेका तहका डिभिजन श्रेणी र नम्बर छन्, तर उनीहरूमा विवेक शक्ति नै छैन । यो तह पास र यो श्रेणी भनेर अहङ्कारी बनेका छन् । सबैभन्दा आफू राम्रो आफू विद्वान्, अर्कालाई दोषी र अज्ञानी मात्रै ठान्ने अहङ्कारी प्रवृत्ति आजका शिक्षित जनशक्तिमा पाइन्छ, वास्तवमा अहङ्कार र घमण्ड प्रदर्शन बाहेक शिक्षाले केही दिन नसकेका प्रति शिक्षा पद्वति शिक्षा प्रणाली प्रति नै तीव्र व्यङ्ग्य गरिएको छ । शिक्षा प्राप्त गरेको जस्तो व्यवहार नै छैन । त्यसैले आजको शिक्षित समाजमा नैतिकता हराउँदै गएको छ, विवेक पलायन छ, विद्वत्ता तथा कार्यकुशलता गायब छ, मात्र खोक्रो आडम्बर प्रदर्शन गर्ने प्रमाणपत्रहरू मात्रै प्राप्त गरेको छ । आजको शैक्षिक स्थिति झन्-झन् धरायसी बन्दै गइरहेप्रति सचेत लेखक समेत चिन्तित देखिन्छन् ।

### ४.२.१२. **'काँचो हलुवाबेद'**

'नगर सभाको पाचौं दिन' कथा संग्रहमा संकलित 'काँचो हलुवाबेद' शीर्षक लघुकथा एक उत्कृष्ट व्यङ्ग्य प्रधान कथा हो । यो कथा १ पृष्ठ, १४ पंक्ति र १३ वाक्यमा संरचित छन्, कथाले वर्तमान समाजमा मानवीय संवेदना हराउँदै गए प्रति दुःख तथा व्यङ्ग्य प्रहार गरेको छ । आजको समाज संवेदनहीन छ, मान्छेले मान्छेको दुःख बुझ्दैन, कसैको दुःखमा कसैले सहयोग गर्दैन, त्यही तथ्य कथाले मार्मिक तबरले व्यक्त गरेको छन् ।

कथामा सहरको कुनै व्यस्त सकडमा गाडीको ठक्करबाट एउटा मानिस लडेर छटपटाइरहेको छ । घाइतेको नजिकै ठूलो परिचित भिड छ, तर कसैले सोधखोज समेत गर्दैनन् । घाइते कसरी भयो ? कुनै चासो छैन, अस्पताल लानु त कता हो कता ? कुनै सहानुभूति तथा सोधखोज समेत छैन । बरु सबैजना टेढो किसिमको प्रतिक्रिया मात्र व्यक्त गर्दछन् । त्यो घाइतेलाई सङ्केत गर्दै उसैको आयआर्जनमा गुजारा चलाउनेहरू जमानालाई चिन्न नसक्ने अव्यवहारिक भन्दछन्, भने ऊ भन्दा माथिल्लो तहमा पुगेकाहरूलाई चाहिँ खोक्रो आदर्शलाई सर्वोपरि ठान्ने भेडो भन्दछन् । त्यसैगरी उसका समकक्षी सहकर्मीहरू आफूमात्रै जान्ने छु भन्ने डेढ अक्कली भन्छन्, र आफन्त छिमेकीहरू भने कसैसँग मिल्न नसक्ने बल्ढ्याङ्गो भन्ने प्रतिक्रिया व्यक्त गर्दछन् । त्यसैगरी उसको घरपरिवार चाहिँ घर व्यवहार बुझ्दै नबुझ्ने अव्यवहारिक भन्छन्, अति नवपरिचित साथीहरू चाहिँ 'काँचो हलुवाबेद' भन्दै नाक चेप्र्याउँछन् । अन्तमा भिडको परिचित तर बेवारिस त्यो अर्ध मुर्च्छित घाइते 'स्वाभिमान' थियो भन्दै कथा टुङ्गिन्छ ।

यसप्रकार कथामा मानवीय सम्वेदना हराउँदै गएको आजको युगप्रति तिखो तर मार्मिक व्यङ्ग्य प्रहार गरिएको छ । भने अर्कातिर जो स्वाभिमानी हुन्छ, ऊ समाजमा अपहेलित घृणीत हुन्छ । समाजमा ऊ एक्लै हुन्छ, उसलाई कसैले सहयोग गर्दैन । सोधीखोजी समेत गर्दैन । आज समाजमा जो अर्काको चाकरी र स्तुति गर्दै हिँड्छ त्यो नै प्रिय बन्छ, तर आफ्नो स्वाभिमानमा बाँच्ने व्यक्ति आजको समाजमा अपहेलना र घृणाको पात्र बन्दछ भन्ने तथ्यलाई मार्मिक ढङ्गले व्यक्त गर्दै यस लघुकथाले आजको संवेदनहीन स्वार्थी समाज प्रति दरिलो झापड हानेको छ ।

### ४.२.१३. **'कार्यालय सरेको सूचना'**

'कार्यालय सरेको सूचना' शीर्षक लघुकथा २ पृष्ठ, २५ वाक्य र २५ पंक्तिमा संरचित एक उत्कृष्ट राजनीतिक व्यङ्ग्यात्मक कथा हो । 'कार्यालय सरेको सूचना' शीर्षक रहेतापनि 'कार्यालय सरुवा सम्बन्धी अनुरोध' कथामा छ । त्यसैले यस कथाको शीर्षक र कथ्यबीच तालमेल देखिँदैन । तर पनि कार्यालय सम्बन्धी नै विषयवस्तु भएकाले यसलाई घुमाएरै बुझ्न भने सकिन्छ, अर्थात् पूर्णतः असम्बन्धीत भने भन्न मिल्दैन । प्रस्तुत कथाले कर्मचारी तन्त्रमा देखिएको राजनीतिकरण प्रति तीव्र व्यङ्ग्य गरको छ ।

कथामा रामानन्द शुक्ल भन्ने पात्र जागिर सरुवा मिलाउन मन्त्रीको ढोका सम्म पुगेको छ । मन्त्रालयमा मानिसहरू खचाखच भिड छ । मन्त्रीलाई भेट्नका लागि उसले २ बजे पालो पाउँछ । उसलाई मन्त्रीको पिएले के काम छ भनी सोध्छ । त्यसपछि ऊ विगत तिनवर्ष देखि डोल्पा जस्तो दुर्गम क्षेत्रमा छ, सरुवा मिलाउनका लागि आएको भन्छ । कुन तहमा हुनुहुन्छ ? भनेर सोध्दा ऊ म कृषिमा अधिकृत छु र निम्ति हाकिम पनि भन्छ, तर पिएले पद होइन, हाम्रो पार्टीको कुन पोष्टमा हुनुहुन्छ, भनेर सोध्दा म राजनीति नै गर्दिन । कर्मचारीले राजनीति गर्नुहुँदैन, भन्ने मान्यता बोकेको मान्छे म, भन्छ । त्यसपछि पुनः हाम्रो पार्टीले कुनै सिफारिस गरेको छ त ? प्रश्नमा त्यो पनि छैन । त्यसो हो भने तपाईंको सरुवा हुँदैन । यो पनि छैन, त्यो पनि छैन, त्यसो हो भने त्यही ठिक छ । कि सबै पर्ने भए निजामति ऐनमा नै दुर्गम जिल्लामा तिनवर्ष भन्दा बढी बस्नु हुँदैन, भन्ने दर्ता लिएर आउनुस् त्यसो भए सरुवा गर्न सजिलो हुन्छ, भनेपछि उसको पालो सकिन्छ, भिडमा बसेको अर्का सदस्यको पालो आउँछ, कथा यहीँ समाप्त हुन्छ ।

यसप्रकार यस लघुकथाले वर्तमान नेपालका जुनसुकै क्षेत्रमा राजनीति हाबी बन्दै गएको तथ्यलाई उजागर गरेको छ । आजको समाज राजनीति कहीँ कतै अछुत छैन । कर्मचारी तन्त्रमा बढि भन्दा बढि राजनीतिले प्रभाव पारेको छ । आज कर्मचारी बढुवा, सरुवा सबैतिर राजनीतिको बोलबाल्य छ ।

### ४.२.१४. **'कि चल्छ लोकसेवामा पनि?'**

'नगर सभाको पाचौँ दिन' कथा संग्रहमा सङ्कलित 'कि चल्छ लोकसेवामा पनि?' शीर्षक लघुकथा १ पृष्ठ, १३ वाक्य र १५ पंक्तिमा संरचित छ । यो कथा उत्कृष्ट व्यङ्ग्य प्रधान हो । यस कथाले लोकसेवा तथा प्रशासनिक क्षेत्रमा प्रचलित विकृति र विसङ्गति प्रति छेड हानेको छ । प्रशासनको प्रमुख तथा हाकिम वा अधिकृत भएपनि बौद्धिक क्षमता भने कसैमा देखिदैन । एउटा निवेदन तथा निबन्ध समेत लेख्न नसक्ने तथा सामान्य विषयवस्तुको समेत ज्ञान नभएको प्रशासनिक कर्मचारीहरू प्रति यस कथाले तीव्र व्यङ्ग्य गरेको छ ।

कथामा कुनै एक कार्यालयका हाकिमले वातावरण सम्बन्धी गोष्ठीमा प्रमुख अतिथिका रूपमा भाग लिने निमन्त्रणा पाएका थिए । त्यसैले गोष्ठीमा सारगार्मित प्रवचन दिने तयारीमा जुटे । तर कति प्रयास गर्दा पनि सुरुवात गर्न नसकेपछि उनले कार्यालयमा आएका

नयाँ अधिकृत घिमिरेलाई बोलाएर वातावरण सम्बन्धी राम्रो भाषण लेखिदिने अनुरोध गर्दछन् । तर अधिकृतले विशेष ज्ञान नभएकाले सामान्य वक्तव्य तयार पार्न सकौँला विशेष वक्तव्य तयार गर्न सक्दिन किनभन्ने शिष्टता व्यक्त गर्दछ । त्यसपछि हाकिम अधिकृत सँग जङ्गदै क्रोध प्रकट गर्दछन्, के हो पारा ? जसले पनि जान्न सक्ने सामान्य वातावरण जस्तो विषयमा पनि लेख्न नजान्ने कसरी लोकसेवामा पास भएर आयो ? कि चल्छ (घुस पैठ) ? लोकसेवामा पनि भन्ने अभिव्यक्तिका साथ कथा टुङ्गिन्छ ।

यसप्रकार 'कि चल्छ लोकसेवामा पनि' लघुकथाले आजको प्रशासनिक तथा लोकसेवा जस्तो क्षेत्रमा पनि घुसपैठ चल्न लागेको यथार्थलाई वकालत गरेको छ ।लोकसेवामा उत्तीर्ण भएर आएको अधिकृत तथा हाकिम जस्तो मानिस पनि वातावरण जस्तो सबैले जानेको विषयमा न केही बोल्न सक्छन् न त लेख्न नै † यसले आजको समाज बौद्धिकता शून्य बन्दै गइ रहेको छ । बौद्धिकताहीन तथा क्षमताहीन व्यक्ति नै उच्च ओहोदामा पुगेका छन्, त्यसले गर्दा राष्ट्रको उन्नति असंभव देखिँदै गएको छ । ज्ञानहीन, क्षमताहीन व्यक्ति पनि घुस सोर्सका भरमा नै उच्च पद र प्रतिष्ठा लुट्न सफल भइरहेको वर्तमान अवस्था प्रति कथाकार रिष्ट देखिन्छन्, तसर्थ, घुसखोरी प्रवृतिको व्यङ्ग्य गर्ने कथाका रूपमा प्रस्तुत कथा देखिन्छ । साथै कथाले आफूलाई चाहिँ योग्य सम्झने तर अरुलाई नगन्ने प्रवृतिप्रति पनि छेड/घोचपेच हानेको छ ।

## ४.२.१५. 'कुइँकेल सरको सक्रियता'

'कुइँकेल सरको सक्रियता' शीर्षक कथा १ पृष्ठ, १० वाक्य र १६ पंक्तिमा संरचित उत्कृष्ट लघुकथा हो । यस कथाले वर्तमान राजनीतिक तथा प्रशासनिक घुसखोरी प्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । समय छउञ्जेल सुधार तथा संरक्षण गर्न नलाग्ने अनि बिग्रे भत्के पछि मात्रै पैसा कुम्ल्याउने अभिलाषाका साथ त्यसमा सक्रियता देखाउने घुसखोरी प्रवृत्ति प्रति कथाले व्यङ्ग्य गरेको छ । कथा सरल छ, सहज बाध्य छ तर भाव विचार गहन छ, मार्मिक छ ।

कथामा वर्षायाम लाग्नु अघि नै परेको पानीका कारण नदीले साबिक मार्ग परिवर्तन गरी पुलको एकातिरको पिल्लरमा ठक्कर दिन थाल्यो । त्यसबाट गाउँलेहरू आत्तिएर आफ्ना जनप्रतिनिधिहरू कहाँ गुहार माग्न पुगे । पुलको संरक्षण र संवर्द्धनका लागि अनुरोध गर्दै

जनप्रतिनिधीहरू तत्कालै प्र.जि.अ. कहाँ पुगे र पुल संरक्षण-संवर्द्धनका लागि माग राखे । यो क्रम धेरै समय चल्यो, प्र.जि.अ.ले विचार गरौँला भन्ने अभिव्यक्ति मात्र दोहोऱ्याइरहे, कुनै टेर पुच्छर लगाएनन्, अर्थात् पुल निर्माण तथा संरक्षणका लागि कुनै पहल चलाएनन्, कानमा रुवा खाँदेरै बसे । पछि वर्षायामको अविरल वर्षाका कारण पुल भत्कियो । अनि प्र.जि.अ. कुइँकेल तात्तिए, हतारिए तत्काल भत्केको पुल हेर्न आए, माथि मन्त्रालयमा सम्पर्क गरे, अनुरोध गरे तत्काल पुल बनाउनु पर्दछ, गाउँको अवस्था बिजोग छ, यदि समयमा नै पुल बनाइएन भने जिल्लामा शान्तिसूरक्षा कायम गर्न सकिँदैन । जिल्ला बासी सबै आन्दोलित हुन्छन् भने । पुल भत्किनु अघि र भत्किनु पछिका सक्रियता लाई नजिकबाट अवलोकन गरिरहेकी उनकी श्रीमतीले उनलाई प्रश्न राखिन्, पुल भत्कनु अघि त्यत्रो अनुरोध गर्दा हजुरले वास्ता नै राख्नु भएन, तर अहिले भत्किसकेपछि हतारिएर किन आत्तिनु भएको ? तर त्यो प्रश्न उनले सुने या सुनेरै उत्तर दिएनन्, उनी चाहिँ पुल बनाउनु पर्दा गर्न सकिने आर्थिक हीनामिनाको हिसाब गरी हेरेका थिए, त्यसैको लेखाजोखामा हराइरहेका थिए कथा यहीँ टुङ्गिन्छ ।

यसप्रकार प्रस्तुत कथाले हाम्रो प्रशासनिक ढिला-सुस्ती प्रति छेड हान्दै घुसखोरी भुस्याहा तथा भ्रष्टाचारी प्रवृत्ति प्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । समय छऊञ्जेल, नबिग्रिउञ्जेल, नभत्किउञ्जेल कुनै चासो नराख्ने अनि बिग्रिएपछि, भत्किएपछि त्यसको निर्माणमा लागि आउने बजेट खानपाइने ध्याउन्नमा लागि पर्ने भ्रष्ट चरित्रको कथाले पर्दाफास गरेको छ । आजको देश भ्रष्ट भएको छ । प्रशासन कमजोर छ, सुस्त छ । देश र र जनताको सेवामा भन्दा पनि आफ्नै भुँडी भर्ने स्वार्थी लिप्सा बढ्दै गएको छ । पहिलै विचार पुऱ्याउन छाडेर बिगार्न र बिग्रियोस् भन्ने भावना राखेर प्रशासनिक तथा राजनीतिक व्यक्तिहरू कुरेर बसेका छन् । बिग्रेको पुल बाटो-घाटो बनाउनु, संरक्षण गर्नु भन्दा पनि नयाँ योजना र बजेटको पर्खाइमा बसेर आर्थिक हिनामिना गर्ने भ्रष्ट नीति सबैले लिएका छन्, तसर्थ हाम्रो नेपाली समाजमा मौलाउँदै गएको भ्रष्टाचारी प्रवृत्ति प्रति तीव्र व्यङ्ग्य प्रहार गर्ने यस लघुकथाले नेपालको प्रशासनिक तथा राजनीतिक यथार्थलाई छर्लङ्ग पारेको छ । सरल, सहज भाषाशैलीमा लेखिएका यो कथाले प्रमुख तथा व्यापक विषयवस्तु ओगटेको छ, त्यसैले कथा महत्वपूर्ण छ ।

## ४.२.१६. "कुबेलाको बुद्धि"

'नगर सभाको पाचौँ दिन कथा संग्रहको एक उत्कृष्ट लघुकथा हो - 'कुबेलाको बुद्धि । यो कथा २ पृष्ठ, १८ पंक्ति र छोटा-छोटा १४ वाक्यमा संरचित छ । कथाले हाम्रो समाजमा मौलाउदै गएको मागी खाने प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ । मागेरै काम चल्ने भएपछि सद्देर सग्ला, अनि सुन्दर युवाजनशक्ति पनि बाटामा हात थापेर बस्न लागि परेको यथार्थलाई कथाको प्रमुख विषयवस्तु बनेको छ । जो गरिब दीन दुःखी छन् तिनीहरूको रुवाइको चित्कार कसैले सुन्दैन तर राम्रो र आकर्षक छ, तिनीहरूलाई सबैले सहयोग गर्छन भन्ने तीतो यथार्थलाई छर्लङ्ग्याइएको छ ।

कथामा एक जना बटुवा सडकमा हिडिरहेका छन् । एक्कासि उनको अगाडि एकजना राम्री युवती आएर हजुर १ रूपैंया सहयोग गर्नुस्न भन्दै विन्ती गर्छिन् त्यो देखेर बटुवा ( युवा) छक्क पर्दछ । कति राम्री छ, सुन्दर छ, बोली वचन मिठो छ, लवाइखवाई पनि साह्रै राम्रो छ, मिलेको छ, कुनै धनाढ्य परिवारकी सभ्य युवती तथा कुनै टेलिभिजनको समाचारवाचक जस्ती छिन तर १ रूपैँया मागिरहेकी छिन, जिज्ञासा समाधानका लागि बटुवाले ती युवतीलाई हजुरलाई किन १ रूपैंया चाहियो? यति राम्रो हुनुहुन्छ, किन मागिरहनु भएको छ भनेर सोधेपछि युवती पनि उत्तर दिन्छिन् के गर्नु सर जमानै यस्तै छ नजिकै मागेर बसिरहेकी बुढी आमालाई देखाउँदै भन्छिन् ती आमा र म एकैचोटि यहाँ आएर माग्न थालेका हौं, ती आमैले २/४ रूपैंया पनि जम्मा पार्न सकेकी छैन, तर मेरो पर्स हेर्नुहोस् त ? भन्दै नोटको बिटो देखाउँछिन् । दिनभरि मागेर पनि एक छाक टार्न पनि असमर्थ ती वृद्धाले पनि हेरिन् उनको हेराइले भनिरहेको थियो खै! बेलामा बुद्धि पुऱ्याउनै सकिएनछ । कथा टुंगिन्छ

यसप्रकार कथा एक उत्कृष्ट व्यङ्ग्यप्रधान कथा साबित हुन्छ जसले बढी नक्कल झक्कल पार्न सक्यो जो बढी राम्रो बनेर शिष्ट र सभ्य भाषामा बोल्न जान्यो त्यसैले सजिलै सँग जीवन चलाउँछ । बोल्नेको पीठो पनि बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन भन्ने लोकोखान यस कथामा चरितार्थ भएको छ । जो वास्तविक दुःखी हो, गरिब हो, उसले कुनै सहयोग पाउँदैन तर जो नक्कली हुन तिनले सहयोग पाउदै गएको सामाजिक यथार्थालाई कथाले छर्लङ्ग पारेको छ । दिनभरि मागेर पनि जीवन निर्वाह गर्न धौ-धौ परेको बुढी दुखी ती महिलालाई सबैले अपहेलना गर्छन कसैले १ रूपैया दान दिन सक्दैन तर जो राम्री छ उसले

भने प्रशस्त कमाएकी छ । कथाले आजको मगन्ते प्रवृत्ति परिवर्तन हुँदै गएको तथ्यलाई उजागर गर्दै देशको मगन्ते प्रवृत्तिप्रति पनि व्यङ्ग्य गरेको छ ।

### ४.२.१७. **'कृष्ण बहादुरहरू'**

'कृष्णबहादुरहरू' शीर्षक लघुकथा २ पृष्ठ २२ पंक्ति र छोटा - छरिता १८ वाक्यमा संरचित उत्कृष्ट व्यङ्ग्यात्मक कथा हो । हाम्रो समाजमा विद्यमान छुवाछुत प्रथाको राम्रो चित्रण गर्दै नेपालको रुढिवादी परम्पराप्रति तीब्र व्यङ्ग्य प्रहार गरेको छ । आजको एक्काइसौं शताब्दीमा पनि हाम्रो समाजमा जातीय छुवाछुतले गहिरो प्रभाव पारि रहेको छ । जतिसुकै शिक्षित र चेतनशील भए पनि जातीय भेदभाव विद्यमान नै छ । जो दलित र उपेक्षित भनिएका कथित तल्ला जातिहरू छन् तिनीहरूमा पनि आपासी भेदभाव देखिन्छ, यसै तथ्यलाई कथाले उतारेको छ ।

कथामा कथित अछूत जातिका कृष्णबहादुर शिक्षित पात्र छन् उनी गाउँको विद्यालयमा विज्ञान विषय पढाउने शिक्षक हुन् । साथै त्यसै स्कुलमा अन्य शिक्षकहरू पनि छन् जो पुरातनवादी तथा रुढिवादी अन्धविश्वासलाई समाजबाट हटाउने अमिलाषा र लक्ष्य लिएका आधुनिक युवाहरू छन् ।

उनीहरू शिक्षित युवा भएकाले कृष्णबहादुरसँग खाँदा बस्दा भेदभावको व्यवहार गर्दैनथे, बरू शिक्षित र सभ्य मानीने कृष्णबहादुरलाई माध्यम बनाएर छुवाछूतको कुप्रथा नाराले नभएर व्यवहारले नै फितलो पार्न सजिलो भएको ठान्दछ । यस्तै उनको नियुक्तिको वर्ष बितिसकेपछि दिउँसोको मध्यान्तरमा शिक्षक साथीले कुरा निकाले अस्ति त कृष्ण सरको गाउँमा रमाइलो विवाह भयो नि ! विवाहको पञ्चबाजा हाम्रो गाउँमा पनि सुनिएको थियो । सर त गाउको विहे ! भोजपनि टन्न खानु भयो होला नि ! अर्को सरले कुरा भने । तर कृष्णबहादुर अलि अस्वाभाविक स्थितिका आएर भने - तपाईहरूलाई थाहा छैन ! उनीहरू हामी भन्दा तल्ला जातिका मानिस हुन्, न हामी उनीहरू कहाँ गएर खान्छौ, न त हामी उनीहरूलाई बोलाएरै खुवाउँछौ, न त घरमा पस्ने नै अनुमति दिएका छौ । कृष्णबहादुरको कुरा सुनेर सबैले जिब्रो टोके । त्यसपछि निकै वर्ष वित्यो । पछि गाउँमा गएका बेला कृष्णबहादुरलाई भेटेर म पात्र गफ गर्न थाल्यो, उसको नाति भइसकेछ । समय यति बिति

सक्यो, तर पनि कृष्णबहादुर जस्ता प्रवृत्ति भएका मनुष्यहरू समाजमा घटेका छैनन्, बरू नयाँ कृष्णबहादुर पनि भेटिए, कथा टुंगिन्छ ।

यसप्रकार कृष्णबहादुरहरू भन्ने कथाले हाम्रो नेपाली समाजमा विद्यमान जातीय छुवाछुतको चित्रण गरेको छ । जो दलित हो उसमा नै झन ठुलो भिन्नता देखिन्छ । पढेर मात्रै नहुदोरहेछ, समयले मात्रै नहुँदो रहेछ । आधुनिक युग तथा शिक्षित सचेतना भएका मनुष्यमा पनि जातीयता हट्न सकेको छैन । हाम्रो नेपाली समाज जातीय छुवाछुतले जकडिएको कटु यथार्थलाई कथाले अत्यन्त मार्मिक ढङ्गले चित्रण गरेको छ ।

### ४.२.१८. **"कोर्न नसकिने सीमा रेखा"**

'नगर सभाको पाचौँ दिन' कथा संग्रहमा सङ्कलित एक व्यङ्ग्यात्मक कथा हो कोर्न नसकिने सीमारेखा । यो कथा १ पृष्ठ, १७ पंक्ति र छोटा छरिता १७ वाक्य संरचनामा संरचित देखिन्छ । नेपालमा राजनीति देखि लिएर धार्मिक क्षेत्रमा समेत धाँधली हुने गरेको विसङ्गत पक्षलाई कथाले प्रमुख विषय वस्तु बनाएको छ । नेपालमा जो राजनीतिमा लागेका छन् तिनीहरू धार्मिकक्षेत्रमा पुगेपनि लागेको बानी धाँधली गर्न छाड्दैनन् भन्ने यथार्थको प्रस्तुति यस कथाले गरेको छ ।

कथामा एउटा 'युवक' र 'म' पात्र प्रमुख पात्रका रूपमा उपस्थित छन् । युवक कुनै राजनीतिक पार्टीको कार्यकर्ता छ । ऊ काभ्रेपलान्चोक भगवतीको मन्दिरमा पुगेको छ । मन्दिरमा ठुलो भिड छ उसले धाँधली गरेरै मन्दिरको दर्शन पनि गरिसकेको छ । तर आफूले दर्शन गरिसकेपछि पटक-पटक रूपमा आफन्तहरूलाई अगाडिलाइनको बिच बिचमा घुसाइ रहेको देखेर एक जना सज्जन 'म' पात्रले उनलाई सोध्छन् - बाबु ! तपाईलाई ईश्वरप्रति विश्वस छ कि छैन । छ भने यस किसिमको घुसपैठ किन गर्नुहुन्छ भनेर प्रश्न गर्दा ऊ अलि सतर्क हुन्छ र भन्छ हुनत हो हजुरले भनेको ठिकै हो तर पनि लागेका बानी भन्छ । के काम गर्नुहुन्छ र भन्ने प्रश्नमा ऊ भन्छ म सत्तासीन पाटीको भ्रातृ संगठनको अध्यक्ष हुँ । त्यसपछि 'म' पात्रले उसलाई अन्यत्र धाँधली गरे पनि धार्मिक क्षेत्रमा धाँधली गर्नु राम्रो होइन भनेपछि ऊ अलि गम्भीर भएर मुस्कुराउँदै धाँधली भित्र पनि गर्न हुने र नहुनेको सीमा कोर्न सकिन्छ र ? ऊ अजकल ? भन्छ मन्दिर बाट त्यसपछि फर्कदा साँझ परिसकेको हुन्छ, कथा समाप्त हुन्छ ।

यसप्रकार प्रस्तुत कथाले नेपालका धाँधली धुसपैठ जस्ता क्रियाकलाप सामान्य बन्दै गएका छन् । कुनै पनि क्षेत्र धाँधलीबाट अछूत छैन । राजनीतिमा व्याप्त धाँधलीले समाजका विभिन्न क्षेत्रमा समेत नराम्रो प्रभाव पारेको छ काभ्रेपलान्चोक, पशुपति, गुह्येश्वरी जस्तो पवित्र धार्मिक स्थलमा श्रद्धा र आस्थाले पुगेर पनि राजनीतिमा गरे जस्तै अन्यायपूर्ण दुर्व्यवहार, घुसपैठ तथा धाँधली जस्ता क्रियाकलापहरू धार्मिक क्षेत्रमा समेत देखाएर नेपाली राजनीतिको पराकाष्ठा प्रति कथाले रोष प्रकट गरेको छ । अर्थात सोझा सिधा वृद्धवृद्धाहरूको लाइनमा समेत फटाहा युवावर्ग द्वारा गरिने थिचोमिचो प्रति पनि कथाले व्यङ्ग्य गरेको छ ।

### ४.२.१९. 'कङ्गारुको सिकार'

'नगर सभाको पाचौं दिन' कथा सङ्ग्रहमा संकलित 'कङ्गारुको सिकार' शीर्षक लघुकथा २ पृष्ठ, २१ पंक्ति र छोटा-छोटा १५ वाक्यमा संरचित छ । कथाले इन्जिनियहरूको फितलो निर्माण कार्यप्रति व्यङ्ग्य प्रहार गरेको छ । जो इन्जिनियर त्यसैको चाहि घर भत्कन्छ र मृत्युको मुखमा पर्छ भन्ने तथ्य कथाले उतारेको छ । ज्योतिषीको छोरी विधवा भनेझै इन्जिनियर आफैले बनाएको कमजोर घर भत्किएर मृत्युको मुखमा परेको कथाले देखाएको छ ।

कथामा जिल्ला सदरमुकामको चिया पसल अगाडि गफकै सिलसिलामा एउटाले भन्छ, थाहा पायौं, इन्जिनियर हरिकृष्ण मरेछ नि । कहाँ प्रश्नमा कार्यालय आवास ग्रहको आफ्नै गृहमा कसरी मरेछन् ? हिजो राति आएको भुइँचालोले घर पुरिएर । ४ रेक्टरको भुइँचालोले घर नभत्कनु पर्ने ? होइन घर नै कमजोर थियो । यहाँको घरको बलो चाहि काठमाडौंको घर बनाउन लगेका थिए, त्यसैले ढल्यो, मरेर गए । अनि उनको मृतशरीर निकालेर प्रहरी मृत्युको कारणका बारेमा खोजतलास तथा पोष्टमार्टम गर्दै थिए भन्दै कथा समाप्त हुन्छ ।

यसप्रकार इन्जिनियर आफ्नै लोभ तथा भुलका कारण मरेको देखाएर कर्मचारी स्वभाव प्रति व्यङ्ग्य यस कथाले गरेको छ । कर्मचारीहरू यति सम्म भ्रष्ट भएका छन् कि, आफू बस्ने कार्यालय क्वाटर (निवास) कै झ्याल-ढोका, बलो, सिदाल समेत झिकेर आफ्नो घर बनाउन पुग्छन्, जसले गर्दा आफूले खनेको खाल्डामा आफै पर्छन् भन्ने तथ्य कथाले

सार्वजनिक गरेको छ । घर/अफिस कै बलो झिक्नेले चाहि अफिसको के चाहि बाँकी राख्लान् ? भन्दै यस कथाले नेपाली कर्मचारीप्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ ।

### ४.२.२०. **'चिरा परेको खेत'**

'चिरा परेको खेत' लधुकथा १ पृष्ठ, ३ अनुच्छेद, १२ पंक्ति र छोटाछोटा ९ वाक्यमा संरचित छ । यो लघुकथाले नेपाली राजनीतिले नेपाली समाजमा पारेको दुष्प्रभावलाई केलाएको छ । शाक्तिमय वातावरणमा रहेको नेपाली समाजलाई नेपाली राजनीतिले खेत चिरा पारे झैँ चिरा परेको तथ्यलाई विषयवस्तु बनाएर नेपाली राजनीति प्रति तीब्र व्यङ्ग्य प्रहार गरेको छ ।

कथामा 'शान्तिपुर' नामको गाउँ छ । नाम अनुसार गाउँमा शान्ति छ, सुख छ, आनन्द छ । सबै गाउँले एक आपमसा मिलेर बसेका छन् । गाउँमा राम्रो समन्वय छ । आपत् विपत् मर्दा पर्दा साथ पाइन्छ । गाउँमा सुमधुर मैत्रीवातावरण छ तर एक्कासी गाउँको गुन्द्री ओछ्याइएको वैठक कक्षमा एउटा घुमाउने कुर्सी आइपुग्छ त्यो घुम्ने कुर्सी ले गाउँलाई फुटाइदिएको छ । एक-आपसमा फुटाएर, जुधाएर, लडाएर यस कुर्सीले समाजको शान्ति विथोलेको छ । एकले अर्कोलाई द्वेषको भावना राख्न थालेका छन, ईर्ष्या गर्न लागेका छन, एकले अर्कालाई दोषारोपण गर्न लागेका छन्, समाज चिरा, चिरा परेको छ । लामो समय सम्म खडेरी पर्दा खेत चिरा परेझैँ भन्दै कथा टुङ्गिएको छ ।

यस प्रकार प्रस्तुत कथाले नेपाली समाजमा राजनीतिले पारेको प्रभावको राम्रो चित्रण गरेको छ । हिजोका दिनमा जुनसुकै जाति, धर्म र वर्णका व्यक्तिहरू एक आपसमा एकघरका परिवार झै मिलेर वसेकोमा राजनीतिले बसाउने जुधाउने काम गरेको छ । एकले अर्कालाई शत्रुताको भावना राख्न थालेका छन् । एउटा कुर्सीको मोहमा परेर गाउँमा/समाजमा यो पार्टी र त्यो पार्टीमा विभाजन भइ विभिन्न स्थानमा खडा भएका छन् । कुर्चिका लागि नै हाताहात र मारामारको स्थिति पैदा भएको छ । यसरी कथाले प्रतीकात्मक रूपमा नेपाली राजनीति प्रति कडा व्यङ्ग्य प्रहार गरेको छ ।

### ४.२.२१. 'जोडिएको घर'

'नगर सभाको पाचौंदिन' कथासङ्ग्रहमा संकलीत 'जोडिएको घर' शीर्षक लधुकथा १ पृष्ठ १६ पंक्ति र २० वाक्यको बाह्य संरचनामा संरचित छ । आजको समाज सानो निउलाई नलिएर ठूलाठूला द्वन्द्व गर्न तत्पर छ । मानवता गुम्दै गएको वास्तविकता कथामा पाइन्छ । कथामा सामाजिकताभित्रको असमाजिक चीत्रलाई खुलस्त पारिएको छ । घर एकै ठाउँमा जोडिएको छ, साँध दुबैको जोडिएको छ तर दुबैका मन परस्पर टुक्रिएको छ, फुटेको छ, जुटेको छैन । एउटा छिमेकीले अर्को छिमेकीलाई अप्ठ्यारामा पार्ने जुन विकृति र विसङ्गति बढेको छ त्यसप्रति कथाकरले दरिलो झापड हानेका छन् ।

कथामा एकजना 'म' पात्र रहेका छन् । उनी गाडी हाकेर हिडिरहेका छन् । बाटो अत्यन्त सांगुरो छ । सागुंरो बाटामा हिड्दै गर्दा हाँसका बथान आइपुग्छन्, त्यसलाई पार गर्न गाडी रोक्छ तर बाटोमा हाँस सिधिए भनेर गाडी गुडाउँछ पछाडि पट्टिको पाङ्ग्राले एउटा हाँसको खुट्टामा किचिदिन्छ र हाँस घाइते बन्छ त्यसपछि मानिसहरूले गाडी अगाडि बढ्न दिदैनन् हाँसको मूल्य ४०० तिराउँछन् ४०० तिरेर हिडन लाग्दा एकजना व्यक्तिले 'म' पात्रलाई एकान्तमा लगेर कानेखुसी गर्दछन् । अब हाँस पनि तपाई नै लैजानुहोस्, किनभने हाँसको मूल्य ४०० तिरेर हाँस किन छाडनु हुन्छ, घाइते मात्रै भएको लगेर छोइला बनाएर खाए भइगयो, भन्छन् । म पात्र लाई त्यो भिडमा यसखालको सल्लाह दिने मानिसको परिचय खोज्छन् । त्यसपछि त्यस मनुष्यले 'मेरो घर त्यो घाइते हाँसको मालिकको घर सँग नै जोडिएको छ भन्दै जोडिसको घर देखाउछ, कथा टुङ्गिन्छ ।

यसप्रकार सामान्य विषयवस्तुलाई उठाएर साह्रै मार्मिक तथा चोटिलो पाराले हामी नेपालीको कमजोरी प्रति कथाले तीव्र आलोचना गरेको छ । सँगै घर जोडिएका घर भएका छिमेकीका बिच आपसी द्वन्द्व बढ्दै गएको छ । एउटा छिमेकीले अर्को छिमेकीलाई देखि सहँदैन् । एउटा छिमेकीले अर्को छिमेकीलाई शत्रु ठान्छ । उसको दुःखमा साथ दिदैन, बरु उल्टै रमाउँछ । अझ छिमेकीलाई नराम्रो बनाउन, उसलाई दुःखदिन अनेक तिक्डमबाजी रच्दछ भन्ने तथ्य कथाले उजागर गरेको छ । यसरी जोडिएको घरभएका छिमेकीको मन चाँहि जोडिन् नसकेको तथ्य खुलस्त बनाएको छ, त्यसैले कथाले हाम्रो नेपाली समाजको विकृति र विसङ्गति प्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ ।

### ४.२.२२. "टाउको दुःखेको औषधी"

'नगर सभाको पाचौं दिन' कथासङ्ग्रहमा संकलित 'टाउको दुःखेको औषधी' शीर्षक लघुकथा २ पृष्ठ, २३ पंक्ति र छोटा छोटा १४ वाक्यमा संरचित छ । यस कथाले आफू आफूनै लड्ने एकले अर्काको खुट्टा तान्ने प्रवृत्ति जन्य मानवीय कमजोरी प्रति तीब्र व्यङ्गय गरेको छ । मान्छेले प्रकृतिसबैलाई जितिसकेको छ, प्रकृतिलाई नै आफ्नो वंशमा राख्न सफल भएको छ । प्रकृतिका अपठ्यारा परिस्थिति तथा हिंस्रक जीवजन्तु सबैलाई आफ्नो नियन्त्रणमा लिन सक्षम भएको छ तर उसले आफ्नै कमजोरी हटाउन सकेको छैन, त्यसैले ऊ भगवानको श्रेणीमा पुग्न सकेको छैन । मान्छेले आफूमा निहित मान्छेकै खुट्टा तान्ने प्रवृत्तिलाई त्याग्न सके ऊ सर्वश्रेष्ठ तथा निष्कण्टक हुने थियो भन्दै मानवीय मुख्य कमजोरी प्रति कथाले तीब्र व्यङ्ग्य प्रहार गरेको छ ।

कथामा भगवानले मानिसको सृष्टि गरेर आनन्दले बसेका छन् । धेरै समयपछि उनी आफ्नो सिर्जना प्रति सन्तुष्ट हुँदै दङ्ग परेर बसिरहेका छन् । उनलाई आफ्नो सिर्जना प्रति खुसी हुने कुरा थियो मानिसमा निहित निर्जन शीलता । त्यो शक्तिले भगवान विस्तार विस्तार चिन्तित बन्दै गए । मान्छेले सबै प्रकारको उन्नति र प्रगति गर्दै जाँदा भोलि भगवानकै सर्वश्रेष्ठत्व प्रति समस्या आइ पर्ने स्थिति देखियो । त्यसैले भगवान्ले आफ्नो अस्तित्व संरक्षणका लागि पृथ्वीमा अनेक डाँडाकाँडा खाल्डाखुल्डी, वनजङ्गल तथा मानिसलाई तहलगाउने विच्छि, सर्प, वाघ, भालु, जस्ता हिंस्रक जीवजन्तुहरूको सृष्टि गरे तर मनुष्यले त्यसलाई पनि विस्तार विस्तार आफ्नै नियन्त्रणमा लियो, आफ्नै वशमा राख्यो, त्यसपछि भगवानले आफ्नो सिर्जनाप्रति दुःखी हुँदै आफ्नै टाउको ठोक्न लाग्यो, किन सृष्टि गरेहुः नि † अब टाउको दुःखाईको औषधीका रूपमा उनले मनुष्यमा आफ्नो जातिको खुट्टो तान्ने प्रवृत्ति सृष्टि गरेर पठाए, जसले गर्दा आजसम्म भगवान्लाई मान्छेको गतिमा/प्रगतिमा अङ्कुश लगाउन टाउको दुःखाउन परेको छैन भन्दै कथा टुंगिन्छ ।

यसप्रकार कथाले प्रारम्भिक चरणमा मानिसले राम्रो उत्नति गर्यो । अध्यात्मिक तथा भौतिक प्रगति गर्दै गयो । अनेक वैज्ञानिक चमत्कार प्रदर्शन गर्न मानव सफल रह्यो । मानिसले सारा प्रकृतिलाई नै आफ्नो वशमा पार्न सफल भयो तर मनुष्यले आफ्नो कमजोरी हटाउन सकेन । मानिसले मानिसकै प्रगति र उन्नतिलाई सहन नसकेर एउटाले अर्कोको खुट्टा तान्ने मानवीय कमजोरी प्रति कथाले तीव्र व्यङ्गय गरेको छ ।

४.२.२३. **“ठाडो ओरालो”**

'नगर सभाको पाचौं दिन' कथासंग्रहमा संकलित 'ठाडो ओरालो' शीर्षक लघुकथा ॥[२] पृष्ठ, ३० पंक्ति र छोटा छोटा ३२ वाक्यमा संरचित छ । यस कथाले हाम्रो सामाजिक विसङ्गति प्रति व्यङ्ग्य प्रहार गरेको छ । हाम्रो समाज मानवता तथा संवेदना शून्य बन्दै गइ रहेको छ । कसैको दुःखमा साथ नदिने प्रवृत्ति बढ्दै छ । सबैलाई आफ्नो दुःख ठुलो लाग्छ तर अर्काको दुःख कसैले देख्दैन, बुझ्दैन भन्ने भाव व्यक्त गर्ने यस कथामा हाम्रो समाज ठाडो ओरालो झर्दैछ अर्थात् पतन तर्फ अगाडि बढिरहेको देखाउदै व्यङ्ग्य प्रहार गरेको छ ।

कथामा नाति, बाबु र हजुरबुवा तिन पुस्ता बसिरहेका छन् । बाबुका रूपमा म पात्र आएको छ, साथै म पात्रकी श्रीमती पनि छिन् । उनीहरूको घर खोज्दै एक जना सहयोग माग्न आइरहेको छ, ऊ अनुरोध गर्दछ - हजुरहरूको घर खोज्दै म आइपुगेको रहरले होइन, बाध्यताले गर्दा माग्न विवश भएँ म † मुटुको रोग छ, जसको उपचार गर्न सहयोग माग्दैछु । त्यही रोगले गर्दा जागिर समेत गयो । तर उसको विलौना कसैले सुनने । उल्टै माग्नेहरूको तरिका माग्ने शैली परिवर्तन गरेको । कति सम्म ठग्न जानेका भन्दै गाली गरेर उसलाई खाली हात फर्काइदिए, जब ऊ फर्क्यो त्यसपछि मात्रै 'म' पात्रकी श्रीमती हत्केलाले आफ्नो थाप्लो ठटाइन् धत्तेरिका । कस्तो गल्ती भए छ भन्दै सम्झिन्छन् त्यो माग्न आएको मानिसत पहिले तपाईको अपरेसनका बेलामा ब्लड डोनेसन गर्ने व्यक्ति थियो । जसले ओ नेगेटिभ रगत नपाएका बेला हामी छट्पटिएका बेला उसले रगत दिएर ज्यान बचाएको थियो भन्दै भन्न थालिन । त्यो सुनेर हजुरबाजेले जाऊ-जाऊ नाति उसलाई बोलाएर ल्याऊ, धेरै टाढापुगेको छैन, उसलाई सहयोग गर्नुपर्छ भने तर नाति उठेन, वरु उल्टै उसले प्रतिक्रिया दियो उहिलेका कुरा खुइल्यो । उसलाई मन लाग्यो, दियो, पुरानो भयो पुरियो, अहिले आएर के टाउको दुःखाउनु । हामीले 'रगत' ले भनेर कर गरेका थिएनौं क्यारे । नातिलाई फेरी पनि बाजेले दोहोऱ्याएर बित्ती गरे, तर बुढाको कुरा मानेन । बुढा आँसु पुछ्न लागे, बाजे रोएको देखेर नातिले पुन प्रतिक्रिया पोख्यो -“बुढो भएपछि त्यसै पनि आँसु आउँछन कि क्याहो त्यसपछि कथाकार भन्छन् बाजे देखि नातिसम्मको यो ओरालो पुड्क ओरालएिको भने थिएन । यतिकैमा कथा समाप्त हुन्छ ।

यस प्रकार 'ठाडो ओरालो कथामा कथाकारले हाम्रो समाज नैतिकता विहीन बन्दै गइरहेको छ, मानवीय संवेदना रहित, बन्दै गइरहेको छ । जो बुढो पुरानो पुस्ता हो, त्यसमा

निहित मानवता समेत सबल छैन, दुर्बल छ, कमजोर छ, उसका कुरा पछिल्लो पुस्ताले सुनि दिदैनन् । ओरालो लागेको मृगलाई बाच्छाले पनि खेद्छ भने झै शक्तिहीन वृद्ध वृद्धा र गरिब दुखीलाई कसैले पनि टेर्दैन । विस्तार - विस्तार हाम्रो समाज पतन तर्फ गइरहेको छ भन् तथ्य' ठाडो ओरालो शीर्षकले व्यक्त गरेको छ । मानिसमा मनुष्यत्व समेत हराउदै गएको वास्तविकता प्रति कथाले मार्मिक विश्लेषण गरेको छ । कथा अत्यन्त मार्मिक देखिन्छ ।

### ४.२.२४. "**तिमीले मलाई**....."

'नगर सभाको पाचौंदिन' कथा संग्रहमा संकलित एक उत्कृष्ट व्यङ्ग्य प्रधान कथाका रूपमा तिमीले मलाई कथा आउँदछ । यो लघुकथा २ पृष्ठ, २३ पंक्ति र छोटा छरिता १७ वाक्यमा संरचित छ । यस कथाले नेपाली समाजमा बढ्दै गएको लोग्ने-स्वास्नी बिचको चिसिदो सम्वन्धलाई व्यक्त गरेको छ । आजको वर्तमान समाजमा लोग्नेको कमाइ राम्रो रहुन्जेल श्रीमतीहरू रहने तर जब आम्दानीको स्रोत घट्दै जान्छ वा जागिर छुट्छ तब श्रीमती श्रीमान्सँग सम्वन्ध विच्छेद गर्छन भन्ने यथार्थलाई प्रस्तुत गर्दै कथाले आजको समाज पैसामुखी बन्दै गएको तथ्य प्रति तीव्र व्यङ्ग्य गरेको छ ।

कथामा एउटा प्रमुख पात्र छ - 'उ' । उसले पहाडका टुक्राटुक्री जग्गा वेचेर, बैंकमा राखेर लोक सेवा लड्यो उत्तीर्ण भयो । रसिलो तथा पोषिलो जागिर पायो । रसिलो जागिर चाटयो र चटायो पनि । डेरा छाडे आफ्नै घर बनायो, त्यसमै रमयो । त्यसपछि उसले आफ्नो सुरक्षाका निम्ति श्रीमतीकै नाममा घर जग्गा पास गऱ्यो औकात अझ भाइबाट बचाउनका लागि घर जग्गा श्रीमतीको पेवामा राख्यो । त्यसपछि श्रीमतीले आफू डेरा छाडेको धेरै नभइ कन आफ्नो शंकति नै बिर्सिन र अर्काको घर ठुलो र राम्रो मानी हेर्नुस त्यो छ । कति राम्रो त्यस घरमा पजेरो पनि देखिन्छ । त्यसपछि उसले महकाट्ने अर्थात घुस खाने कार्यलाई तीव्र गतिमा एक्सेलेटर सके सम्म दबायो, दबाउदै गयो (घुस खाँदै गयो) तर एक दिन त्यसै कारण उसको जगिर पनि गयो । जागिर गएको एक वर्ष नहुँदै उसकी श्रीमती अदालमा जाने तयारीमा रहिन् । सम्बन्धविच्छेदको तयारी गरिन् । किन अदालत जाने अर्थात किन? प्रश्न गर्दा श्रीमतीले भनिन् न तिमीले मलाई पाल्न सकछौ नत तिमीलाई नै मैले पाल्न सक्छु त्यसलै छोडपत्र दिन जाने । त्यसपछि ऊ पात्र सधै गुन्गुनाउछ, 'तिमीले मलाई'...........यतिकैमा कथा समाप्त हुन्छ ।

यस प्रकार कथामा श्रीमती श्रीमानको कमाइ राम्रो होउन्जेल मात्रै खुसी हुन्छन् । जब कमाई बन्द हुन्छ तब श्रीमती श्रीमान सँग पारपाचुके (छोडपत्र) गर्न तयार हुन्छन् । आजको समाजमा श्रीमान र श्रीमतीको सम्बन्ध पैसा सँग जोडिएको हुन्छ । प्रारम्भमा श्रीमती श्रीमानलाई घुस खान प्रेरित गर्छिन् जब अति भ्रष्टचारले गर्दा जागिर छुटदछ तब श्रीमती श्रीमान सँग छोडपत्र गर्न तयार हुन्छिन भन्ने यथार्थलाई प्रस्तुत गर्दै श्रीमान श्रीमतीको सम्वन्ध पैसामा सीमित हुन गएको यथार्थ प्रती तीव्र व्यङ्ग्य प्रहार गरिएको छ ।

### ४.२.२५. **'दक्कल साबको अक्कल'**

'नगर सभाको पाचौँ दिन' कथासङ्ग्रहमा स.कलित 'दक्कलसाबाको अक्कल' लघुकथा २ पृष्ठ, १९ पंक्ति र ९ वाक्यमा संरचित छ । यस कथाले नेपालको प्रशासनिक भ्रष्टाचारी प्रति तीब्र व्यङ्गय प्रहार गरेको छ । कथाले सरकारी गाडीको दुरूपयोगलाई मुख्य विषयवस्तु बनाएको छ । सरकारको नियम - कानुनलाई समेत बेवास्ता गरी घरायसी कामकाजमा समेत नम्बर प्लेट फेरेर पनि हाकिमसाबहरूले सरकारी गाडी प्रयोग गर्ने यथार्थ तथ्यलाई कथाले उद्घाटन गरेको छ ।

कथामा दक्कल प्रसाद कुनै कार्यालयका हाकिम हुन्छन्, जहाँ उनले सरकारी गाडी पाउँछन् । कार्यालय प्रयोजनका निम्तिमात्र चलाउन पाउने गाडीको नीजि प्रयोगमा उनी रमाइरहेका थिए । एका-एक शनिवारका दिन तथा सार्वजनिक विदाका दिन सरकारी गाडी चलाउन नपाउने निर्णय मन्त्रिपरिषदले गऱ्यो र कार्यालयमा निर्णयको परिपत्र पठायो तर उनले त्यो परिपत्रलाई पढना साथ तेरो निर्णय ! भन्दै च्यातेर मिल्काइ दिए । उक्त परिपत्रमा मितव्ययिता र वातावरण प्रदूषणका कारण सार्वजनिक विदाका दिन सरकारी गाडी चलाउन नपाइने, जरुरी काम परे तालुक अड्डाको स्वीकृतिमा चलाउन सकिने वनभोज वा भोजभतेर आदिमा गाडी लैजान पूर्ण प्रतिबद्ध लगाइएको थियो, जसले गर्दा दक्कलप्रसाद लाई खास मर्का पऱ्यो रिस पनि उठ्यो, उनले किन टेर्थे, टेरेनन् । उक्त परिपत्र जारी गरिएको दुई महिना पनि पुगेको थिएन; दक्कलप्रसादलाई एउटा अक्कल फुऱ्यो, अक्कलको कार्यान्वयनले गाडी जहाँ पुग्न पनि सुगम भयो, बाल ड्राइभरलाई भने सानो झन्झट थपियो विदाको दिन सरकारी नम्बर प्लटेको ठाउँमा निजी रङ र नम्बरको प्लेट लगाउनु पर्ने झन्झट । पछि पछित दक्कलप्रसादको गाडी बिदाबाहेकका दिनमा पनि बेला बेला नम्बर प्लेट बदल्न अभ्यस्त हुँदै गयो भन्दै कथा टुंगिन्छ ।

यस प्रकार कथाले हाम्रो नेपाली प्रशासनिक क्षेत्रमा सरकारी सुविधाको बढ्दो दुरूप्रयोग प्रति औंला ठड्याएको छ । मान्त्रीपरिषदको निर्णयलाई समेत टेरपुच्छर नलाउने हाकिमसाबहरू हाम्रो देशमा प्रशस्त छन् । सरकारी गाडी सार्वजनिक विदाका दिन चलाउन नपाउने नियम त्यही कागजमा सीमित छ । कर्मचारीमा कुनै तन्त्रले अङ्कश लगाउदैन । उनीहरूमा मनपरी तन्त्र बढ्दै गएको छ । आफ्नो वैयक्तिक कार्यका लागि सबैभन्दा बढी सरकारी गाडीको प्रयोग बढ्दैछ विदाका दिन सरकारी गाडी झन् बढी व्यस्त हुने गरेको छ, कहिले पिकनिक, कहिले बनभोज, कहिले भ्रमणमा दौडिरहेको छ, कुदिरहेको छ विनारोकतोक । अझ निर्धक्क सँग उदाउनका लागि प्राइभेट प्लेट गाडीमा झुण्डयाउन थालिएको छ, यस प्रकारको मनपरी तन्त्र अर्थात सरकारी सेवा सुविधाको दुरूपयोग गर्ने नेपालको कर्मचारी तन्त्र प्रति कथाले तीब्र व्यङ्गय प्रहार गरेको छ ।

### ४.२.२६. **'दिनचर्या'**

'नगर सभाको पाचौं दिन' कथा संग्रहमा संकलित दिनचर्या शीर्षक लघुकथा २ पृष्ठ, २४ पंक्ति र छोटाछरिता १८ वाक्यमा संरचित छ । यस लघुकथाले नेपाली समाजको श्रमजीविहरूको दिनचर्या, उनीहरूका कथा तथा व्यथालाई मुख्य विषयवस्तु बनाएको छ । हाम्रो समाजमा जो रातदिन परिश्रम गर्दछ, ऊ नै भोकभोकै बाँच्न विवश छ । जसलाई एकक्षण पनि फुर्सद छैन्, बाँच्नका लागि दिनरात संघर्षरत छ तर उसको जीवनमा कुनै परिवर्तन आएको छैन । दु:ख हटेको छैन, दु:खै दु:खको जिउँदो रूप बनेर पारिश्रमी तथा श्रमजीवि बाँचिरहेको छ, हिजो जस्तै आज र भोलि पनि दौडिरहेछ भन्ने यथार्थलाई प्रस्तुत गर्दै आर्थिक विसङ्गगतिप्रति मार्मिक व्यङ्गय प्रहार गरेको छ कथाले ।

कथामा एकजना भरिया जीवन व्यतीत गर्ने श्रमजीवि प्रमुख पात्र छन् । ऊ बस्ने कोठा दिउँसै बत्ती चाहिने थियो, तर राति पनि अँध्यारोमै हुन्थ्यो । ऊ अँध्यारोमै पनि कोठा खोल्न अभ्यस्त थियो । दिनभर काम गरेर ऊ कोठामा पस्यो नाम्लो एकाति र हुत्याइ दियो र चिरपारिचित सुकुलमा डङ्रङ्ग पल्टियो । बाहिरै केही खाएर आएकाले चुलो पनि उसले सल्काएन । उसको पहाडको घर ऋणमा डुबेको छ, खेतबारी सबै बेचेर उसले अध्ययन गऱ्यो । आधार केही नभएका बाबु आमा उसकै आशा गरेर बसिरहेका छन्, छोरोले उच्च शिक्षा हाँसिल गर्ला र राम्रो जागिर खाला भनेर सबै परिवारका सदस्यहरू कुरेर बसिरहेका छन् । उसलाई दिक्क लाग्यो आफ्नो दिन चर्या सम्झिए ।

ऊ आफूले हुत्याएको नाम्लो तिर हेर्दै भुत्भुताउँछ उज्यालोको छिर्को नदेखिने भविष्य कुरेर कति बाँच्नु मित्र उसले नाम्लोलाई नै आफ्नो साथी सम्झेएर भन्छ-भित्र तिमीले मलाई दुई वर्ष झुण्ड्यायौ, नबाँच्न दियौ नत मर्ननै तिमीसँग झुन्डिदा झुन्डिदा म थाकिसके अब मेरो थकाइ पनि तिमीले नै मार्नुपर्छ, आजैनै भोलि उज्यालो हुनु अगावै भन्दै उसले बत्ती सल्कायो, केही लेखेर छाडौं कि भनेर कपी कलम समायो तर लेख्ने केही विषयवस्तुनै पाएन नाम्लो हातले समायो, माथितिरको सिलिङ्को अङ्कशेनियाल्यो, तत्कालै आत्महत्या गर्न उसले सकेन, एकदिन सुतौं अनि मात्रै भनेर ऊ सुत्यो, अर्को दिन झिसमिसेमै व्युझियो चिया समेत नखाई नाम्लो टिपेर ऊ सरासर चोकतर्फ लाग्यो, कथा यही समाप्त हुन्छ ।

यसप्रकार कथाले गरिब, जेहेन्दार तथा परिश्रमी वर्गको दुःखपीडालाई मार्मिक ढङ्गले प्रस्तुत गरेको छ । विहान बेलुका हात जोर्न उसले रातदिन परिश्रम गर्नु परेको छ, नाम्लोलाई आजीवनको साथी बनाउनु परेको छ । रात दिन हड्डी घोट्दा पनि उसको जीविका राम्रो चलेको छैन । उसको काँधमा नै परिवारका सदस्यहरू आश्रित छन् । घर खेत सबै साहुको हातमा पुगि सक्यो, ती सबै निकाल्नुछ, उसका बाबुआमाका इच्छा र चाहना छन्, त्यो पूरा गर्नु छ तर ऊ असमर्थ छ, ज्यालादारीले उसलाई बाँच्ननै धौ धौपरेको छ, त्यसैले त ऊ आत्महत्या गर्न खोज्छ तर सक्दैन । ऊ परीश्रम गरेरै बाँच्न चाहन्छ रात दिन नाम्लो सँग मितेरी गाँस्दै दौडिएको छ  भन्दै गरिब दुःखी भरियाको दिनचर्यालाई कथाले उतारेको छ ।

### ४.२.२७. **'दुईभाषे सूचना पार्टी'**

'नगर सभाको पाचौं दिन' कथा सङ्ग्रहमा संकलित एक उत्कृष्ट लघुकथा हो । 'दुईभाषे सूचना पाटी' । यो कथा २ पृष्ठ, २१ पंक्ति र छोटा छरिता १३ वाक्यको बाहय संरचनामा आबद्ध छ । 'कुकुर देखि सावधान' भनेर लेखिएको वोर्डलाई मुख्य विषयवस्तुका रूपमा समातेर कथाले नेपाली राजनीतिक नेतृत्ववर्ग प्रति तीव्र व्यङ्ग्य गरेको छ । हाम्रो देश नेपालका राजनीतिक नेताहरू फटाहा र स्वार्थी छन् । चुनावको बेलामा चाहि कार्यकर्तालाई अनेक आश्वासन दिन्छन्, जब चुनाब जित्छन् तब उनीहरू जनतासँग सम्पर्कमा आउनै चाहँदैनन् । चुनाव जिते लगत्तै आफ्नो घरको बाहिरी ढोकामा नै बिना कुकुर पनि 'कुकुरदेखि साबधान' भन्ने बोर्ड झुण्ड्याउँछन् भन्ने तीतो ययार्थलाई कथाले टिपेर नेपालका नेतृत्ववर्गप्रति कडा व्यङ्ग्य गरेको छ ।

कथामा ठूलो कम्पाउण्ड, भव्य महल र ठुलो गेटमा ठूलो साइनवोर्ड टाँगिएको छ, कुकुरदेखि सावधान! लेखी कुनै दिन गेटमा टाँगिएको त्यो बोर्ड हटाइएको हुन्छ । १०सौं वर्ष देखि टाँसिएको बोर्ड नदेख्दा छिमेकीहरू खासखुस कुराकानी गर्छन् हावाले झारिदिएछ कि भनौं भुइँमा पनि छैन । अर्का छिमेकीले खासखुस गरे । कुकुर नभएको घरमा केको सावधान नि ! ठीकै भएछ । अर्का थरिले भने कुकुर होला र न टाँसेका नत्र १० सौं वर्ष सम्म कसैले झुण्ड्याउँछ । कुकुर कहिल्यै त्यो घरमा देख्नु भाछ र ? फेरि अर्काले भन्यो किन कुकुर हुन चारखुट्टे नै चाहिन्छ र? महलमालिक विक्रमजी कहिले विभिन्न संघसंस्थामा अध्यक्ष, उपाध्यक्ष, जिएम, सल्लाहकार र कहिले सडकछाप ! सरकार छाप कि सडक छाप सरकारको भागबण्डामा निर्भर बिडम्वना पछिल्लो समयमा विक्रमजी सडकछाप थिए । संयोगवंश साइनबोर्ड गायब भएको अघिल्लो दिन आमनिर्वाचनको घोषणा भएको थियो भन्दै कथा टुङ्गिन्छ ।

यस प्रकार कथाले नेपाली राजनीति प्रति तीव्र व्यङ्ग्य गरेको छ । नेपाली राजनीतिमा लागेका कतिपय नेताहरू कहिले सरकारको नेतृत्व तहमा पुग्छन् भने कहिले सडकमै व्यस्त । चुनावको बखत उनीहरूको घरमा कार्यकर्ताहरूको भिड हुन्थ्यो भने चुनाव पछि फेरि सुनसान । कार्यकर्ता कसैलाई पनि नेताको घरमा प्रवेश निषेध । कुकुर नपालेतापनि मान्छे न आउन् भनेर कुकुर सावधान भनेर बाहिर गेटमा साइनबोर्ड टाँगिएकै छ । कथाले राजनीति प्रति व्यङ्ग्य गर्दै नेपाली समाजमा बढ्दै गएको विकृति प्रति व्यङ्ग्य गरेको छ । हाम्रो समाजमा पहिले पहिले घर अगाडि आतिथिदेवो भवः स्वागतम् भनी लेखिएका साइनबोर्ड टाँगिएको हुन्थ्यो तर विस्तार विस्तार अतिथि पाउनालाई तर्साउनका लागि 'कुकुर देखि सावधान्' भनेर साइनवोर्ड टाँसिएको हुन्छ । यस कथाले चुनावको बेला नेताहरूको घर चौबिसै घण्टा खुलाहुने तर चुनाब पश्चात जनता वा कार्यकर्तालाई प्रवेश नदिने प्रवृत्ति प्रति कथाले सिस्नो पानी लगाउने काम गरेको छ ।

### ४.२.२८. 'धर्मनिर्वाह'

'नगर सभाको पाचौं दिन' कथासङ्ग्रहमा सङ्कलित एक व्यङ्ग्य प्रधान कथा "धर्म निर्वाह" पनि हो । यो कथा २ पृष्ठ, १८ पंक्ति र १३ वाक्यको बाहयसंरचनामा संरचित छ । यस कथाले हाम्रो समाजमा रहेका पण्डित-महात्माहरू प्रति व्यङ्ग्य गरेको छ । पण्डित भएर माछा मासु नखाने शुद्ध साकाहारी हुँदा पनि लोभमोह तथा हिंसात्मक भावना विद्यमान नै

देखिन्छ । बाहिर-बाहिर समाजमा चाहि मासु नखाने आडम्बर प्रदर्शन गर्ने तर घरका सदस्यलाई मासु खान बाट रोक्न नसकी परेवा पालन गर्ने धर्म भीड पण्डित वर्ग को कथाले उछितो काढेको छ ।

कथामा शशीघर उपाध्याय नाम गरेका एक जना पण्डित पात्र छन् । जो दश गाउँमा नाम चलेका ठुलो गुरु हुन्, गाउँमा न्वारन देखि लिएर सप्ताह भागवत समेतका सबै कर्मकाण्डीय क्रियाकलाप सम्पन्न गर्थे । गाउँ समाजमा उनको राम्रो मान सम्मान पनि थियो । उनी माछा मासु खानु त के नामसमेत लिदैंनथे । उनको  घरमा परेवा पालिएको थियो, त्यसमा उनको कुनै विमति थिएन किनभने उनी अत्यन्त लोभी थिए, त्यसैले बाहिरबाट माछामासु किन्न नपरेपछि पैसा बच्छ भनेर घरमा मासु खानका लागि परेवा पालिएका थिए, जसलाई परिवारका सदस्यले आहर गर्थे । एकातिर हिंसा नहोस् भनेर कीराफट्याङग्रा नकुचियोस् भनेर विचार गर्दैहिँड्थे, त्यसैले जुत्ता समेत लगाउदैनथे भने अर्कातिर घरमा पालिएका परेवाहरू उडेर जालान भनेर पिरोलि रहन्थे । जब परेवाका बच्चा हुर्किदै जान्थे तब उनी घरका केटाकेटीलाई सचेत गराउदै भन्थे “नानी हो ! परेवाका बच्चा उड्न आँटिसके, जे सुकै गर ।” “बुझ्यौ हजुरबा ठ्याक्कै बुझ्यौ ।” हजुरबाको सङ्केत सँग चिरपरिचित नातिले जबाफ दियो । सानो भनेर के गर्नु, यो नाती यस्ता कुरा बुझ्नमा सिपालु छ” भन्दै पण्डितजीले खुसी प्रकट गरे । त्यस पछि पण्डितलाई परेवाको बच्चा उड्लान् कि भन्ने पिरलो हरायो भन्दै कथा समाप्त हुन्छ ।

यस प्रकार कथाले गाउँका प्रतिष्ठित पण्डित आफ्नै घरमा भने अप्रतिष्ठित् देखिन्छन् । आफू शाकाहारी भए पनि घरका सदस्यलाई भनेर मासु खान प्रेरित गर्दछन् । माछा मासुको उच्चारण समेत नगर्ने व्यक्ति परेवाका बच्चा हुर्किसकेकाले उड्लान भनेर चिन्तित छन् । यसरी बाहिरबाहिर पण्डित-गुम्नको खोल ओढ्ने तर भित्रभित्र भने चाहि हिंसात्मक भावना पालेर बस्ने पण्डित गुम्नेहरू प्रति कथाले उछितो काढेको छ ।

### ४.२.२९. ‘नगर सभाको पाचौँ दिन”

‘नगर सभाको पाचौँ दिन’ कथा संग्रहमा सङ्कलित एक उत्कृष्ट लघुकथा हो ‘नगर सभाको पाचौँ दिन’ लघुकथा यहीकथाको नामबाट नै समग्र कथाकृतिको शीर्षक राखिएकाले यहीकथाको नामबाट नै समग्र कथाकृतिको शीर्षक राखिएकाले यो कथा उत्कृष्ट ठहर्दछ ।

प्रस्तुत कथा २ पृष्ठ, २३ पंक्ति र छोटा छरिता २० वाक्यमा संरचित छ । कथामा नेपालको भ्रष्टाचारी प्रकृतिको विरोध गरिएको छ । नगर तथा गाउँ सहरमा विभिन्न प्रकारका सभा-समारोहाहरू हुन्छन्, ती सभामा निर्णय कुनै हुँदैन, भएका निर्णय कार्यान्वयन गर्ने प्रतिवद्धता मात्रै व्यक्त गरिन्छ । मात्रै बजेट पचाउने काम गरिन्छ । जाँड-रक्सी, माछा, मासुका परिकारको भोज भतेर भनेर गरिन्छ । जाँडरक्सीको नसाको तालमा सभामा ताली बजाइन्छ भन्दै आम नेपाली जनताप्रति व्यङ्ग्य गरिएको छ ।

कथामा नगर सभाको भेला भइरहेको छ । नगरसभाको पाचौं दिन समापन दिवस भएकाले बढि चहलपहल छ । क्याटरिङ्को पाल चौरमा टाँगिएको छ चार दिन सम्म गतवर्षकै भद्रगोलको छलफल सकिएको छैन् । कसरी समापन होला भन्ने कुतुहलता पनि छ । तर नगरसभाको एउटा स्थापित संस्कार छ - चार दिन सम्म छलफल हल्लाहल्लामै वित्छ, डेग चल्दैन । पाचौं, दिनको मध्याहन सम्म नगर सभा चिप्लेकिराको गतिमा चल्छ र अन्तिम आधा दिनमा छलफल दूत गतिमा अघि बढ्छ । अघिल्ला दिनहरूको क्षतिपूर्ति आधा दिनमा हुन्छ । सभामा खासखुस चलिरेको छ । सभामा भन्दै थियो - गतवर्षमा नपरेपनि यो वर्ष तपाईको टोलमा राम्रो योजना पारौला । तपाइँकी श्रीमती विरामी हुनुहुन्छ भने सहयोग पाऊँ भनेर निवेदन दिनुहोस् । तपाईको घर अगाडिको खाडल यसै हप्ता पुर्न लगाउँछु । कोही असतुष्ट आवाज निकाल्नेलाई सभाकै कसैले भन्दै थियो तपाई जति कराएपनि मेयर र अधिकृतका घर घडेरी नगरपालिकाको खातामा फर्कनै पनि होइन बरु तपाईकै वडालाई नै थाहा पर्ला प्रत्यक्ष वा परोक्ष मेयार कार्यकारी अधिकृत चर्का स्वरहरूलाई थामथुम पार्न प्रयत्नरत थिए । खान पिन प्रेमीहरूका लागि क्याटरिङ् तर्फ ध्यान दिइरहेका थिए, जहाँ मीठामीठा परिकारहरू पाकिरहेका थिए, विभिन्न प्रकारका रक्सीका बोतल राखिएका थिए । विस्तार विस्तार रक्सीका वोतलहरू रित्तिदै गए । झमक्क साँझ परेपछि भने झम्झमे ( रक्सी) पानीको प्रभावमा नगरसभा रफतारमा दौडन लाग्यो । सभामहल यो पनि पास, त्यो पनि पासका तालीले गुञ्जायमान हुन थाल्यो, यतीसम्म भयो कि पछि पछि त तालीले प्रास्तावलाई पनि उछिन्न थाल्यो । प्रस्ताव भन्न भ्याएको हुदैन, तालीको गड्गडाहट हुन्थ्यो । यसरी प्रस्ताव उच्छिन्थ्यो तालीले नगरसभामहल मात्र होइन, राजधानीका सभाहल पनि गुञ्जायमान हुन्छन् कहिले सिंहदरबारमा त कहिले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भन्दै कथा टुङ्गिन्छ ।

यस प्रकार नगर सभाको पाचौँ दिन कथामा नेपाली समाजमा बढ्दै गएको विकृति र विसङ्गति प्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । नेपाली समाज रक्सीका बोतलमा डुब्दै गएको छ । जसले रक्सी खुवाउछ उसको भरौटे बन्न तयार हुन्छ आजको नेपाली नेतृत्ववर्गले धुस खाए पनि कुनै विरोध गर्दैन, रक्सीको नसामा समर्थन गरिदिन्छ । राष्ट्रको विकास भएको छ, छैन, योजना छ छैन? कुनै मतलव छैन । गाउँदेखि नगरसम्म, जिल्ला, देखि राष्ट्रसम्मका मिटिङ, छलफल रक्सीका बोतल सँगै हुन्छन, नसाको तालमा ताली बजाइन्छ, समर्थन गरिन्छ, राम्रो नराम्रोको विवेक गरिदैन भन्दै नेपाली समाजको बढ्दो भ्रष्टाचारी विकृतिप्रति कथाले व्यङ्ग्य गरेको छ ।

### ४.२.३० "नियत"

'नगर सभाको पाचौँ दिन' कथा सङ्ग्रहमा संकलित नियत लघुकथा एक उत्कृष्ट व्यङ्ग्यात्मक कथा हो । यो कथा २ पृष्ठ, ३२ पंक्ति र छोटाछरिता २८ वाक्यको बाहयसंरचनामा लेखिएको छ । प्रस्तुत नियत कथाले नेपाली राजनीति प्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । विद्यार्थीकालमा नपढेर जो दादागिरी गर्थे त्यो नै नेपाली राजनीतिमा सफल भइ मन्त्री हुन पुग्छ र जो मेहेनती छ त्यो कुनै मन्त्रालयको सचिब हुन पुग्छ । नपढेका मूर्ख मन्त्रीद्वारा पढेलेखेका सचिव प्रती गरिने हेरफेर, बढुवा, सरुवा प्रति कथाले व्यङ्ग्य हानेको छ । नैतिक इमान्दार सचीवबाट धुस खान नमिल्ने ठान्दै आफ्नो अनूकलको सचिवकालागि उसलाई सरुवाद्वारा गलत्याउने नेपाली राजनीतिको दृष्ठवृत्तिको कथाले उछितो काढेको छ ।

कथामा भोजप्रसाद नाम गरेका सचिब र भर्खरै बहालवाला मन्त्री मुख्य पात्र छन् । बाल्यकालका सहपाठी यी दुई जनाको भेट कालान्रतमा एउटै मन्त्रालयमा हुन्छ । सचिब भोजप्रसाद आफ्नो साथीलाई बधाइ दिन्छन् मन्त्री हुनु भएकोमा र एउटै प्लेटकर्म भएकोमा खुसीप्रकट गर्छन र शुभकार्यको थालनी भन्दै अध्ययन भ्रमणका लागि जापान पठाउने कर्मचारीको छनौतसम्वन्धी फाइल सदर गर्न लैजान्छन् । २५ जना बाहिर पठाउँदा पैसाको राम्रै चलखेल हुने ठानी उसको मुख उज्यालोभयो, २५ गरेर हिसाब गऱ्यो । तर यो मोरो सचिबभनाउदो भोजप्रसाद निक्कै कटर छ उतिबेलाको आगो र पानी के खान के लाई भन्ने सोच्न पुग्दछ मन्त्री बाल्यकालमा लेखेटा लखेट लेखट गर्ने यिनीहरू दुई जनामध्ये अहिलेका सचिव अध्ययशील थिए भने अहिलेका मन्त्री चाहिँ हुल्दङ्गा गर्दै हिड्थे ।

त्यसपछि उनले मन्त्रीपरिषद्को बैठकमा 'मेरो मन्त्रालयको सचिब फेर्नुपर्‍यो भन्ने प्रस्ताव पुर्‍याए । परिवारका अन्य सदस्यले ती सचिव त राम्रा मानिन्छन्, सचिवमध्ये डेरामा बस्नेउनी मात्रै हुन् । धैरै ले समर्थन गरे तर मन्त्रीज्यूले मानेनन् र भने म उसको सहपाठी भएकाले सबै राम्ररी थाहा छ उनी कस्ता मान्छे हुन् ? आर्थिक मामिलामा त ऊ झनै कमजोर छ । परिषद् बैठकको संस्कृति अनुसार अरू सदस्यले छलफललाई तन्काउन चाहेनन्, मानौँ यो उनीहरूको चासोको विषय होइन भन्दै कथा टुङ्गिन्छ ।

यसप्रकार 'नियत' लघुकथाले हाम्रो देश नेपालका राजनीतिक दलका नेता तथा मन्त्रीगणको नियतलाई प्रष्ट पारेको छ । वर्षौ पश्चात् मन्त्री पद ओगटन् पुगेका मन्त्रीहरू भ्रष्टाचार तथा पैसाको चलखेल गर्न आफ्नो अनुकुलको बातावरण तयार गर्दछन् । जो निष्ठावान् सचरित्रवान, इमान्दार सचिव तथा कर्मचारीहरू छन् उनीहरूले पुरस्कार तथा इनामका सट्टा सके घटुवा, खोसुवा नसकर अन्यत्र सरुवा पाउनछन् भन्ने यथार्थलाई कथाले प्रस्तत् गरेको छ । आफू ठिक छैन, आफू स्वार्थी छ, भष्ट्रचारी छ अनि भष्ट्रचार नगर्ने सचिव तथा कर्मचारी फेरेर आफ्नो नाममा राज्यको ढुकुटी सार्न तल्लीन नेतृत्व गण तथा मन्त्री गण प्रति कथाले दरिलो झापड हानेको छ । देश र जनताको हितका लागि भनेर 'मन्त्री' जस्तो गरिमामय पदमा आसीन सम्मानीय ज्यू हरूको विधि व्यवहार भने घृणित छ, देश र जनताविपरीत छ भन्ने देखाएको छ कथाले ।

### ४.२.३१ 'निरन्तरता'

'नगर सभाको पाचौँ दिन' शीर्षक कथासङ्ग्रहमा सङ्कलित एक उत्कृष्ट व्यङ्गयात्मक कथा हो 'निरन्तरता' लघुकथा । यो कथा २ पृष्ठ, २० पंक्ति र ११ वाक्यको बाहय संरचनामा संरचित छ । सरकारी योजना र कार्यान्वयनका इमान्दारीता लाई छर्लङ्ग पारेको छ । विद्यालयमा पुरुष शौचालय चाहिं नबनाएर महिला शौचालय मात्रै बनाउनुको कुनै तुक नहुने विचार कथाले व्यक्त गरेको छ । शौचालय महिला र पुरुष दुबैका लागि अत्यावश्यक पर्नेमा महिलाशौलाचय मात्रै बनाउदा पुरुष विद्यार्थी कष्ट भई ती शौचालय ध्वस्त पार्ने यथार्थलाई व्यङ्गयात्मक ढङ्गले व्यक्त गरेको छ । सरकारी नीति-योजनाको तर्जुमा हाँस्यासपद रहेको टिप्पणी कथामा गरिएको छ ।

कथामा केही विद्यालयलाई छनौट गरी महिला शौचालयहरू निर्माण गरिए तर त्यसबाट पुरुषहरू आक्रोशित भए, शौचालय सुविधाका लागि पनि महिला नै हुनुपर्ने ? पुरुष विद्यार्थीहरू भित्रभित्रै आन्दोलित भए, विद्यालय समय अघी र पछि अनि विदाका दिन प्रयोग गर्दै आएका शौचालयको तोडफोड र भत्काउने विगार्ने काम पुरुष विद्यार्थीबाट हुन थाल्यो जस्ले गर्दा शौचालय बनाएको ६ महिना नवित्दै शौचालय खण्डरमा परिणत भयो । केन्द्रीय योजना तर्जुमा तथा कार्यान्वयन समीतिका कारण खोजियो, स्थलगत अध्ययनका लागि टोली गठन गरियो तोकिएको समय भित्र टोलीले अध्ययन प्रतिवेदन पेस गऱ्यो । उक्तप्रतिवेदनले यस्तो निष्कर्ष निकाल्यो 'योजनाका लागि विद्यालय छनोट गर्दा दुर्भाग्यवश सबैजसो अनुशासनहीन र उदण्ड विद्यार्थी थुप्रिएका विद्यालय परेछन् । प्रतिवेदनको विस्तृत र गहन छलफल पछि कार्यान्वयन समितिले निर्णय गऱ्यो' महिला शौचालय योजना विस्ता र कार्यक्रमलाई यथावत् निरन्तरता दिने तर अनुशासित विद्यार्थी भएका विद्यालयको पहिचान गर्न भने कञ्जुस्याइँ नगर्ने । कथा यही समाप्त हुन्छ ।

यसप्रकार निरन्तरता लघुकथाले नेपालमा कुनै पनि विकासको योजनाहरूको निर्माणकार्य दीर्घकालीन बन्न सकेका छैनन् । विचार नगरी कार्य गर्दा त्यसबाट सर्वसाधारण लाभप्राप्ति हुन बाट व्यन्चित बनेका छन् । योजना कार्यान्वयन गर्दा विद्यालयमा होस् अथवा अन्य सार्वजनिक स्थलमा कसैलाई पनि भेदभाव नगरी बनाइनु पर्ने त्यस निर्माण कार्यलाई सबैले उपभोग गर्नुपाउनु पर्ने विद्यालयमा महिलालाई मात्र शौचालय नबनाई पुरुषलाई पनि शौचालय बनाइ दिनु पर्ने तर्क उच्च तहका निति योजना निर्माताको ध्यान नगएकोमा कथाकारले व्यङ्ग्य प्रहार गरेका छन्, त्यसैगरी स्थलगत अध्ययन गरेर पनि सही अध्ययन र निष्कर्ष नतिकाली हचुवाको भरमा प्रतिवेदन तयार गरी भत्ता पचाउने, यसै कार्यमा निरन्तरा दिने सरकारीकाम तथा कर्मचारीहरू प्रति निरन्तरता' कथाले सिस्नुपानीको छापड हानेको छ ।

### ४.२.३२ **'नीलजाई र निर्मला'**

'नगर सभाको पाचौँ दिन' लघुकथा संग्रहमा संकलित एक उत्कृष्ट लघुकथा हो' नीलजाई र निर्मला । २६ पंक्ति र २८ वाक्यको बाह्य संरचनामा संरचित यस लघुकथाको २ पृष्ठको आयाम लिएको छ । कथामा समयको महत्वलाई खुलस्त बनाइएको छ जुनसुकै वस्तु पनि सिजन मौसममा बढि राम्रा र महत्वपूर्ण हुन्छन् समय सीमा नाघे पछि त्यसको

औचित्य र प्रयोजन पनि समाप्त हुन्छ । त्यसैले समयलाई पहिचान गरी अधि बढ्न कथाले प्रेरित गरेको छ । कथामा फूलसँग मनुष्यको जीवनलाई तुलना गरिएको छ । फुलजसरी टाढाबाट हेर्दा सुन्दर र आकर्षक देखिन्छ । सिजन र मौसममा फुलको सौन्दर्य र मूल्य बढी हुन्छ, जब मौसम सिद्धिदै जान्छ तब त्यसको मूल्य र महत्व घट्दै जान्छ । फुल जति सुकै सुन्दर भएपनि एकदिन ओइलाएर भुइँमा खस्छ । त्यसैगरी मानवीय जीवनको पनि युवाकाल पुष्पित र पल्लवित काल हो । त्यो यौवनारूपी फुल पनि दीर्घकाल सम्म रहँदैन । एकदिन नासको बाटो अँगाल्छ यौवन सिधिएपछि जीवनको पनि मूल्य र महत्व घट्दछ भन्ने तथ्यलाई प्रतीकात्मक शैलीमा अभिव्यक्त गरिएको छ ।

प्रस्तुत कथामा 'निर्मला' नामकी युवती प्रमुख पात्रका रूपमा आएकी छ । ऊ भर्खरकी तरुनी पनि छ र सुन्दर पनि छ । उसको चढ्दो उमेरलाई देखेर उसका बाबु-आमा अत्तालिदै गएका छन् । बारम्बार छोरीको विवाहको कुराचलाउँदा पनि छोरीले टेरपुच्छर लाउँदिन निर्मला आफ्ना बाबु आमालाई सम्झाइबुझाइ किन ? हत्तारिनु हुन्छ तपाइहरूले पढाइ लेखाइ ठूली बनाएकी समझदार छोरी हुन, बेला भएपछि म आफैँ भनि हाल्छु भन्दै बाबुआमाको मुखमा बुझो हाल्ने काम गर्थी । बाउआमाको कुरालाई तर्काउन र मर्काउन अभ्यस्त निर्मला एक दिन फुलको बगैँचा भएको स्थल नर्सरीमा पुग्छे । नर्सरीमा उसले एकजना व्यक्ति फुल किन्न आएको र ३०० रूपैया हालेर एउटा निलजाईको फुल लिएर गएको देखी । त्यस पछि ऊ छक्क परी किनभने ऊ २/३ महिनामा अगाडि आएर त्यो फुल उसले लिएर जान लाग्दा १००० मूल्य भनेकाले त्यतिकै छाडेर गएकी थिई । अनि उसले नर्सरीको साहु व्यापारीलाई सोधी अस्तीनै मलाई १ हजार भन्नु भएथ्यो फेरि अहिले ३०० मात्र किन? त्यसपछि व्यापारीले भन्यो अब त्यो नीलजाईलाई १००० रूपैँया लिन त १ वर्ष कुर्नु पर्छ, अहिले अफसिजन भयो त्यसैले मूल्य घट्यो । त्यसपछि भने निर्मला झसङ्ग भइन् । छांगाबाट खसेको अनुभव भयो र आफ्नो यौवन पनि खस्कँदै गएको अनुभव भयो र तत्कालै घरमा फर्किएर बाबु-आमा समक्ष विवाहको प्रस्ताब राखी, कथा समाप्त भयो ।

यस प्रकार 'नीलजाई र निर्मला' शीर्षक लघुकथा प्रतीकात्मक रहेको छ । फुलको सिजन जस्तै जीवनको सिजन हुन्छ । यौवन काल समाप्त भए पछि गयो, गएका दिन फर्किदैन त्यसैले समय छदैँमा बुद्धि पुऱ्याउनु पर्दछ नत्र बर्बाद हुन्छ भन्ने सन्देश कथाले प्रदान गरेको छ ।

### ४.२.३३. 'पदोन्नति'

'नगर सभाको पाचौँ दिन' कथासङ्ग्रहमा संकलित उत्कृष्ट कथा हो पदोत्नति लघुकथा २ पृष्ठ, २६ पंक्ति र २३ वाक्यको वाह्य संरचनामा लिखित प्रस्तुत कथाले नेपाली प्रशासनिक क्षेत्रमा बढ्दै गएको विसङ्गति र विकृतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ। कथामा प्रशासनिक क्षेत्रमा भएका कर्मचारीहरू मध्ये माथिल्ला पोष्ठमा कार्यरत कर्मचारीहरूले भन्दा तल्ला स्तरका कर्मचारीहरूले बढी आर्थिक आयआर्जन गर्ने वस्तुतथ्यलाई व्यक्त गरेको छ। कथामा एकजना अधिकृतले आर्थिक भ्रष्टाचार गर्न नमिलेकाले फेरि खरिदार सरहको नियुक्ति लिएर आर्थिक उन्नति गर्न सफल भएको तथ्य देखाइएको छ।

कथामा एक जना अधिकृत छन्। ऊ बस्ने टोलमा अरु अधिकृतहरूले विलिङ् बनाएका छन् तर ऊ मात्रै डेरा लिएर बसेको छ। टोलमा नै ऊ उपहासको पात्र बनेको छ अधिकृत र डेरा ! त्यसपछि उसलाई हीनताबोध हुन्छ। त्यसैले ऊ अधिकृत भन्दा तल्ला तह सुब्बा खरिदारका लागि परीक्षा दिदैं हिड्छ लिखित परीक्षामा उत्तीर्ण भए पछि मौखिक परीक्षामा भने अन्तवार्ता बोडका सबै सदस्यहरू अचम्ममा पर्छन्। स्थायी अधिकृत पदमा कार्यरत व्यक्ति, स्नातकोत्तर उत्तीर्ण छ तर पनि खरिदार र सुब्बा पदमा आवेदन भर्दै हिड्छ। धेरै समयको प्रयास पछि ऊ खरिदार पदको नियुक्ति पाउन सफल हुन्छ। खरिदार भएको एक वर्ष पछि उसले सहरमा एउटा घर बनाउँछ। त्यसपछि प्रत्येक वर्ष ऊ घरका तला थप्दै जान्छ। घरको तला थपिदै जानुमा उसले आफ्नो पदोन्नति भएको ठानेको छ। ऊ आनन्दले सन्तुष्ट छ। अधिकृतको जागिर भन्दा खरिदारकै जागिरमा उसले पदोन्नति तथा स्तरोन्नति ठानेको छ र अचेल आफ्नो पहिलेको अधिकृत जागिर सम्झदा ऊ फिस्स हाँस्छ कथा यहीँ टुङ्गिन्छ।

यसप्रकार 'पदोन्नति' कथाले नेपालको प्रशासनिक तथा कर्मचारीक तन्त्रमा बढ्दै गएको भ्रष्टाचारी प्रवृत्ति प्रति कलात्मक पाराले व्यङ्ग्य प्रहार गरेको छ। नेपालमा जो अधिकृत वा सोसरहका माथिल्ला पदमा कार्यरत कर्मचारी छन्, तिनीहरू भन्दा तल्ला पदमा कार्यरत कर्मचारीहरूले बढी भ्रष्टाचार गर्न मिलेकाले आर्थिक उन्नति गरेका छन्। हुलाक जस्ता सामान्यप्रशासनमा काम गर्ने अधिकृत भन्दा भन्सारमा पियनको काम गर्नेले बढी कमाउँछ। त्यसैले भ्रष्टाचारी प्रवृत्ति भएका व्यक्तिहरू भ्रष्टाचार गर्नेका लागि माथिल्लो पोष्ट त्यागेर तल्लो पोष्टमा समेत काम गर्न उत्सुक तथा लालघित छन् र जागिर खाएको प्रत्येक वर्षमा

घरको तला थप्नुलाई नै आफ्नो पदोन्नति ठानेका छन् भन्दै भ्रष्टाचारी प्रवृत्ति प्रति तीव्र व्यङ्ग्य गरिएको छ ।

### ४.२.३४ 'पूरक पहिरन'

'नगर सभाको पाँचौ दिन' लघुकथा संग्रहमा संकलित एक उत्कृष्ट लघुकथा हो 'पूरक पहिरन' । २ पृष्ठ, १७ पंक्ति र १० वाक्यको वाह्यसंरचनामा संरचित प्रस्तुत लघुकथाले पैसाका लागि जे पनि गर्ने तर खास काम नगर्ने एन्.जि.ओ/आइ.एन. जि.ओ. संस्कृति प्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ। पैसा कमाउनका लागि जस्तोसुकै ढङ्गढाँचा गर्न तम्सने नेपाली समाजको तस्विरलाई कथाले खुलस्त बनाएको छ । विभिन्न वहावा बनाएर, कहिले दृष्टिविहीन र कहिले बोलीविहीन अन्धा र बाहिराको नक्कल गरेर टक्कलगरेर एकै किसिमका ठंगहरूले बारम्बार ठगिरहेका छन्, जो वास्तविक अन्धा तथा बहिरा छन् उनीहरूले कुनै राहत पाउन नसकेको यथार्थलाई कथाले प्रस्तुत गरेको छ।

कथामा दृष्टिविहीन भलाइ कोष वृद्धिका लागि कार्यक्रमको आयोजना गरिएको हुन्छ । कार्यक्रम दृष्टिविहीनले सञ्चालन गरी रहेका छन् । उनीहरूको कार्यक्रम सञ्चालनको तौरतरिका आकर्षक र रोचक थियो । सबैजसो वक्ताहरूले कार्यक्रम सञ्चालनमा देखिएको उत्साह र भलाइकोषको उद्देश्यको मुक्तकण्ठले प्रशंसा गरेका थिए । भलाइकोषवृद्धिका लागि कतिपयले कार्यक्रम स्थलमै सहयोग गरेका थिए भने कतिपयले सहयोग गर्ने वचतबद्धता दिएका थिए । अघिल्लो साता पनि लागि हलमा त्यस्तै प्रकारको कोषवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिएको थियो । ती दुवै कार्यक्रमका उद्देश्य समान थिए, दातृसंस्था सम्पन्न र उदार थिए । यी दुवै कार्यक्रमका धेरै पक्षमा समानता देखिए पनि एउटा सामान्य तर उल्लेख्य भिन्नता भने एउटै थियो-'आयोजकका पूरक पहिरनमा' । अघिल्लो हप्ताको बाहिर कल्याणकोष वृद्धि कार्यक्रममा आयोजकले मुखमा मलमल बाँधेका थिए भने पछिल्लो कार्यक्रम मलमलको पट्टीकासट्टा आँखा गाढा र कालो रङ्को चस्माले छोपिएका थिए भन्दै कथाटुङ्गिएको छ ।

यसप्रकार प्रस्तुत 'पूरकपहिरन' कथाले पैसाकमाउनका लागि जस्तासुकै नक्कल र ढोङ गर्न पछि नपर्ने व्यक्तिहरूको चरित्रलाई उदाङ्गो पारेको छ । विभिन्न बाहना र योजनाबनाई सम्पत्ति कुम्ल्याउन लागि परेका व्यक्तिहरूले (एन.जि.ओ/आइ.एन.जि.ओ. दातृ खोल्ने र

सहयोगी संस्थालाई अनुरोध गर्ने र कालाचस्मा वा मुखमा पट्टी लगाएर कार्यक्रम गरी झुक्काएर रातारात धनी बन्नका लागि परेका नेपालीहरूको प्रवृत्तिलाई कथाले कलात्मक पाराले व्यङ्ग्यको छेड हानेको छ, कथा सरल, सहज, आकर्षक तथा मार्मिक बनेको छ ।

### ४.२.३५ 'प्रजातन्त्र'

'नगरसभाको पाचौँ दिन' लघुकथासङ्ग्रहमा संकलित एक उत्कृष्ट लघुकथा हो । 'प्रजातन्त्र' २ पृष्ठ, २० पंक्ति र २० वाक्यको बाहयसंरचनामा संरचित प्रस्तुत कथाले नेपाली राजनीतिलाई तीव्र व्यङ्ग्य प्रहार गरेको छ । नेपाली राजनीतिमा विकसित प्रजातन्त्र जनताको रुचि अनुसार छैन । प्रजातन्त्र भनिए पनि मनपरितन्त्र छ । प्रजातन्त्रको नाममा लादिएको तन्त्र खेप्न जनता विवश छन् भन्ने तथ्य देखाइएको छ ।

कथामा एउटा गोष्ठी आयोजना गरिएको छ । गोष्ठी पश्चात्को चियापान कार्यक्रममा सहभागीहरू चिया पिउने स्थलमा लामबद्ध देखिन्छन् । चिया आफ्नो रुचि अनुसारको माग गरी रहेका छन् । कसैले दुधहालेको चिया, कसैले दुध भएको तर चिनी नहालेको चिया, कसैले दुध, चिनी राखेको कफी, कसैले मात्र कागती राखेको तातो पानी, कसैले चिया चिनी भएको, दुध नभएको । यसरी विभिन्न प्रकारको चियाको माग भइरहँदा चियाबाँड्ने ठिट्टाहरूले चिया बाँड्दै गए, तर चिया बाँड्नेक्रममा गड्बड हुँदै गयो । कतै चिया र कफीको मात्रा धेरैले गर्दा खानै नहुने तीतो, कतै टर्रो, कतै खल्लो, कतै दुधमा कागती, चिनीखाने/नखानेमा उल्टोपाल्टो भयो । त्यसपछि कस्तो पुङ्न पुच्छरको । गाइजात्राजस्तो ! ताल बेतालको अनेक प्रतिक्रिया र गुनासा सुनिन थालियो। त्यो गुनासो सुनेर कसैले भन्यो चिया त यस्तै हो । कम से कम पाउनु त भयो, त्यसैमा आफूलाई धन्य, ठान्नुस्, बरु तपाईलाई छुट् छ चियापिउने मन छैन भने नपिउँदा हुन्छ, कुनै करपनि छैन । यस्तो भनाइसुनेपछि सहभागीहरूले कुनै गुनासो नपोखी खुरुखुरु चियापिउन थाले । मानौं गोष्ठीका ती सहभागीहरूले उनीहरूकै रुचि अनुसारका पेयपदार्थ पिइरहेका छन् भन्दै कथा टुङ्गिएको छ ।

यस प्रकार 'प्रजातन्त्र' शीर्षक कथाले नेपाली राजनीतिमा देखिएको प्रजातन्त्रको रुचि र विवशतालाई मुख्य विषयवस्तु बनाएको छ । 'प्रजातन्त्र' जनताको रुचि र चाहना अनुसार छैन । बाध्यात्मक परिस्थिति नेपाली जनताले गुजारए रहेका छन् । कार्यक्रम र गोष्ठी पनि

युवा दबदबा र आतङ्कमय छ, युवाहरूको थकाहटमा कर्यक्रम सम्पन्न हुने देखाइएको छ । 'मुण्डे मुण्डे मतिभिन्ना' भने झै जनता पिच्छे रुचि फरक फरक छ तर उनीहरूका रुचिलाई भने कुनै वास्ता दिइएको छैन । प्रजातन्त्रको खिल्ली उडाइएको छ भन्दै नेपाली राजनीतिक परिवेश प्रति कथाले व्यङ्ग्य छेडेको छ ।

### ४.२.३६ "फरक पर्ला र ।"

'नगरसभाको पाचौं दिन' लुघकथामा सङ्कलित एकउत्कृष्ट व्यङ्ग्य प्रधान कथा हो करपर्ला र ! शीर्षक लघुकथा एक पृष्ठ, १७ पंक्ति र छोटा छरिता १३ वाक्यको बाह्य संरचनामा लेखिएको प्रस्तुत लघुकथाले नेपाली राजनीतिक दलका नेतृत्ववर्गको चरित्रलाई प्रतीकात्मक ढङ्गमा खुलस्त बनाएको छ । लाभ जति आफू राखेको हानि जति नेपाली जनतालाई सुम्पने नेपालका नेताहरूको स्वार्थी तथा धूर्त चरित्रलाई कथाले खुलस्त पारेको छ ।

कथामा एक जना सुधानामकी पात्र छिन्, जो असामयिक पतिको निधनमा अनेक आलाप विलाप गर्दै झर्दै छिन् । उनीप्रति सहानुभूतिप्रकट गर्न छरछिमेकीहरूको घुइँचो लागेको छ । पतिवियोगको पीडामा छट्पटिदैं सुधा भन्छिन् त्यतिसारो रहर गरेर अस्ति मात्रै किन्नु भएको टिभि अब कसले हेर्ला? उनको त्यो विलौना सुनेर टाढोबाढो एकजना छिमेकीले सानत्वना दिदैं टिभि हेरिदिने जिम्मा लिन्छ । त्यसपछि टिभिको जस्तै कम्पुटरको पनि जिम्मालिन्छ । त्यस्तै खेतीपाती उठाउने र आसमी उठाउने अनि नयाँ घरमा बस्ने सिलसिला चल्छ, त्यसको पनि जिम्मा उसले नै लिन्छ । बिलोनाकै क्रममा सुधा भन्न पुग्छिन् घरबनाउँदा लागेको ऋण कसले तिर्ला ?, त्यसपछिअघिको टाढोबाढो छिमेकी बोल्छ हैन म मात्रै कति बोलूँ ? तपाईहरू पनि बोल्नु होस् न † भन्दै अरु छिमेकी तर्क फर्कन्छ । अन्तमा कथाकार सिंहले यसकथाका पात्रहरूलाई यसरी रुपान्तरण गर्दा फरक पर्ला र भन्छन् । सुधालाई देशमा टाढोबाढो छिमेकीलाई राजनीतिक नेतामा र अरु छिमेकीलाई जनतामा र कथाको शीर्षकलाई नयाँ नेपाल फरक पर्ला र ? भन्दै कथा टुङ्गिन्छ ।

यस प्रकार प्रस्तुत 'फरकपर्ला र † ' कथाले नेपाली राजनीतिक दलका स्वार्थी नेताको धूर्त चरित्रलाई प्रस्ट बनाएको छ । नाफा हुँदा आफै सोहोर्ने तर घाटाजति अरुलाई पन्छाउने नेपालका नेताहरू धूर्तफटाह र छिमेकी जस्तै छन् । नेपाल आमा बाँच्नका लागि छट्पटाइ

रहेकी छन्, तिनै नेपाल आमालाई बन्धकमा राखेर अर्थात धरौटीमा राखेर देश र जनताको अस्तित्व सखाप पारि रहेका छन् । देश र जनताको हित गर्छ भन्दै अघिसरेका नेतृत्ववर्ग स्वार्थपूर्तिमा केन्द्रित छन् । सोझा सिधा नेपाली जनतालाई झुक्याएर देशको ढुकुटी रित्याई रहेका छन् भन्ने तीतो यथार्थ कथाले वकालत गरेको छ ।

### ४.२.३७. 'बाजी'

'नगर सभाको पाचौं दिन' शीर्षक लघुकथामा संकलित एक उत्कृष्ट व्यङ्ग्य प्रधान कथा 'बाजी' ले नेपाली राजनीतिमा देखापरेको विकृति र विसङ्गतिलाई देखाएको छ । १ पृष्ठ, १३ पंक्ति र छोटा छरिता १० वाक्यको बाह्य संरचनामा लिखित प्रस्तुत कथाले सत्ताप्राप्तिका लागि हुने लुछाचुडी तथा खुट्टा तानातानको परिस्थितिलाई कलात्मक पारामा व्यङ्ग्य हानेको छ ।

कथाका अनुसार कुनै एक देशमा भर्खरै आम निर्वाचन सम्पन्न भएको छ । राजधानीको कुनै एक हालमा दशेभरिका विजय हुन् सफल नेताहरूको खचाखच छ । हलको अघिमा रहेको राष्ट्र्ध्यक्ष लेखिएको कुर्सीमा पुग्ने ध्यान सबैको छ । त्यहाँ पुग्न सबै मरिमेटी लागेका थिए । सबै उठेर त्यतै दौडिन थाल्छन्, अगाडि पुग्ने कुर्सीमा चढ्नका लागि सिंढीचढ्छ पछिल्लाले खुट्टा तानिदिन्छ । लामबद्ध पंक्तिमा अघिलागेकाहरूको खुट्टो तान्ने र आफू अघि बढ्ने क्रम धेरै बेर सम्म चलिरहन्छ तर राष्ट्राध्यक्ष चुन्नका लागि सफल हुदैनन् । त्यसपछि यो कुर्सीका लागि कसले के सम्म बाजी लगाउन सक्छ र कसको बाजी सबैभन्दा महत्वपूर्ण ठहरिन्छ, त्यसैका आधारमा राष्ट्राध्यक्ष छनोट गर्ने निर्णयमा सबै पुग्छन् र प्रस्ताव स्वीकृत भएपछि बाजी र छोटोपरिचय भर्नुपर्ने स साना फर्म वितरण गरिए र भरिए अनि संकलन र विश्लेषण गरिए । त्यसरी पनि राष्ट्र्ध्यक्षको छनोटको टुङ्गो लाग्न सकेन । धेरै जसो कार्डको बाजी लेख्ने महलमा आफ्नै देश लेखिएको थियो भन्दै कथा टुङ्गिन्छ ।

यसप्रकार नेपाली राजनीति सत्तालिप्समा केन्द्रित छ । देश र जनतालाई बाजीमा राखेर सत्तामा पुग्न सबैदलका सबै नेता लालायित छन् । देश र जनताको हित र संरक्षण गर्ने काम कसैले गरेका छैनन् । सत्तामा पुग्नका लागि तथा सत्तामा पुगेर टिक्नका लागि देशलाई नै बन्धक वा धरौटीमा राख्न नेपाली नेतापछि पर्दैनन् भन्ने यथार्थ तथ्यलाई कथाले मार्मिक ढङ्गले उजागर गरेको छ ।

### ४.२.३८. 'बिर्खे बिग्रन्छ क्यारे † '

'नगर सभाको पाचौँ दिन' लघुकथा संग्रहमा संकलित 'बिर्खे बिग्रन्छ क्यारे † ' लघुकथा पारिवारिक विषयवस्तुमा आधारित छ । १ पृष्ठ, १९ पंक्ति र छोटा छरिता १४ वाक्यको बाह्य संरचनामा आबद्ध प्रस्तुत लघुकथाले नेपाली समाजको पैसाको पछि दगुर्दै गएको यथार्थलाई झल्काएको छ । "बितं स नरः कुलीन" को सिद्धान्तलाई अनुसरण गर्दै अधिबढिरहेको नेपाली समाजमा बौद्धिकताको कुनै मूल्य र पहिचान छैन भन्ने तथ्य खुलस्त पारेको छ ।

कथामा दुईजना सम्धीहरू खानापिन पछिको सम्ध्यौली गफमा मस्त छन् । विविध विषयमा छलफल चल्दै घरबेटी सम्धीले गफलाई आफ्नो जेठाछोराको आम्दानी तर्फ ताने समर्थहुनेलाई पढनै चाहिन्छ भन्ने रहेन छ सम्धी ज्यू †  मेरो जेठो छोरो भन्सारमा पियन छ र प्रत्येक दुई वर्षमा कि घरबनाउँछ, कि त नयाँ घर किन्छ । हो त नि †  जागिर खानु भनेकै पैसाका लागि हो । पदले के गर्छ र ? मेरो छिमेकमा एकजना अफिसर छ तर ऊ डेरामा बस्छ भन्दै पाहुना सम्धीले समर्थन जनाए । फेरि घरवेटी सम्धीले भने हजुरको ज्वाई पनि खरिदार मात्रै नहो, तर हेर्नुस्त चमत्कार मालमा आएको चारवर्ष नवित्दै बजार लाइनमा दुई दुई वटा घडेरी किनिसक्यो । तर दुःखको कुरा सम्धी ज्यू माहिलो छोरो विग्रियो । मान्छे बन्ला भनेर कत्रो दुःख गरेर पढाएँ, खेर गयो भन्दै दुःख सो पोखे । त्यसलाई पाहुना सम्धीले सोधे के गर्नु हुन्छ माहिला ज्वाईले ? उत्तर आयो क्याम्पसमा पढाउँछ र कविता लैख्छ । ए त्यसो भए बिर्खे पनि विग्रन्छ क्यारे †  पाहुना सम्धीले केही दिन अघि आफ्नो छोरो विर्खेले साहित्यिक कार्यक्रममा पाएको पुरस्कार असरल्ल पारेको सम्झे । यतिकैमा दुवै साथी चुपचाप भए, कथा टुङ्गियो ।

यसप्रकार आजको नेपालीसमाजमा विद्वतता कुनै कदर छैन । जसले धन संपत्ति कमाउछ त्यसकै इज्जत र प्रतिष्ठा बढ्दैछ । शिक्षा अर्जनगर्ने, पढ्ने पढाउने, लेख्ने कवि तथा प्राध्यापकहरूको समाजमा मूल्यहराउदै गएको यथार्थलाई कथाले खुलस्त पारेको छ, अर्थात् नेपाली समाजको पैसामुखी प्रवृत्तिलाई कथाले प्रस्ट्याउने काम गरेको छ ।

### ४.२.३९. 'बेवारिस घोषणा पत्र'

'नगर सभाको पाचौं दिन' लघुकथा संग्रहमा संकलित बेवारिस घोषणा पत्र शीर्षक लघुकथा १ पृष्ठ, १८ पंक्ति र १३ वाक्यको बाह्य संरचनामा लेखिएको छ । प्रस्तुत कथाले नेपाली राजनीति माथि व्यङ्ग्य प्रहार गरेको छ नेपालमा प्रजातन्त्रको शुरुवात र विकास हुँदा समेत भ्रष्टाचारी प्रवृत्तिको उन्मूलन हुन सकेको छैन । नेपालमा कुनै पनि राजनीतिक दलहरू भ्रष्टाचारबाट अछूत छैनन् । सबै दुराचारी, सबै अन्यायी सबै अत्याचारी र भ्रष्टाचारी बन्दै गएका छन् भन्ने यथार्थलाई कथाले प्रस्तुत गरेको छ । चुनाबकाबेला जनतालाई झुक्याउन आकर्षक घोषणापत्र छपाउने तर चुनाव पछि ती घोषणापत्रलाई कार्यान्वयन नगर्ने नेपाली राजनीतिको विकृतिलाई कथाले मुख्य विषय वस्तु बनाएको छ ।

कथामा स्थिर सरकारको सम्भावना नरहे पछि तिथिमिति सहित मध्यावधि निर्वाचनको घोषणा हुन्छ । घोषणाको विरोध र समर्थन नारा थाके पछि पाटीहरू आफ्नो चुनावी घोषणापत्र सहित प्रचार प्रसारमा दौडिन्छन् । कुनै अमुक पार्टीले भने घोषणापत्र आकर्षक बनाउने प्रयत्नमा अरु पाटीभन्दा धेरै पछि मात्रै घोषणापत्र जारी गर्न सफल भयो त्यस पार्टीको घोषणापत्रमा देशमा व्याप्त भ्रष्टाचार निर्मूल पार्ने कबुल गरिएको थिए, नेताहरूको कडा आचार सहिताको व्यवस्था थियो र पँजेरो र प्राडो संस्कृतिको तीब्र आलोचन गरिएको थियो । त्यसैगरी सांसदले आधा पारिश्रमिक बाहेक अन्य सरकारी सुविधा नलिने घोषणा र गरिवी उन्मूलनका आकर्षक योजनाहरू राखिएका थिए । मिहिनेत अनुसार त्यस घोषणा पत्रले व्यापक समर्थन पायो । त्यसले तहल्कै मचायो । घोषणापत्रको स्वागत र समर्थनमा जनस्तरबाट भव्यजुलुस र आमसभा कार्यक्रम तय भयो । कर्याक्रमका दिन जिन्दाबादका जोसिला नाराहरू धन्किए । लामो समयसम्म उफ्रिएर चिच्याउँदा पनि कुनै नेताको उपस्थिति नदेखिएपछि जुलुसका अगुवाहरू कार्यालय भित्र पुगे तर कार्यालयका सवै कुर्सी रितै थिए नेताको न सम्म पनि बाँकी थिएन, बेवारिस घोषणापत्र मात्रै थिए भन्दै कथा टुङ्गिन्छ ।

यसप्रकार नेपाली राजनीतिमा असल नेतापाउन कठिन भएको छ । आकर्षक घोषणापत्र बनाइएपनि कार्यमा उत्रदैनन् । आफ्नो भ्रष्टाचारी प्रवृत्तिले गर्दा नेताहरू जनताको अघि मुख देखाउन समेत नसक्ने अवस्थामा छन् तर पनि घोषणा पत्र आकर्षक बनाएर नेपाली जनतालाई ठगीरहेका छन् भन्ने यथार्थ प्रति कथाले तीब्र व्यङ्ग्य प्रहार गरेको छ ।

### ४.२.४०. 'भन्याङ्'

'नगर सभाको पाँचौ दिन' शीर्षक लघुकथाले 'भनसुन र खुसखुसे संस्कृति प्रति व्यङ्ग्य प्रहार गरेको छ । १ पृष्ठ, १९ पंक्ति र १५ वाक्यको सानो बाह्य आयाममा संरचित प्रस्तुत लघुकथाले राणाकालीन समाजको चाकरीप्रथा तथा भनसुन प्रवृत्तिलाई मुख्य विषयवस्तु बनाएको छ । योग्यता र दक्षताको कदर नभइकन नेपाली समाजमा चाकरीप्रथाले जरो गाड्दै गइरहेको तथ्यलाई कथाले कलात्मक तथा रोचक ढङ्गले प्रस्तुत गरेको छ ।

कथामा 'वीरमान' भन्ने पात्र छ । जो गाउँबाट कामको खोजीको सिलसिलामा काठमाडौं आएको छ । काठमाडौंमा आएपछि संयोगवश नामै नसुनेको घोडेजात्राको रमाइलो सँगै तत्कालीन श्री ३ को मानसम्मान, रबाफ, फुर्तिफा प्रत्यक्ष देख्न पायो । श्री ३ को चाकडीले हवलदारी पद पाएको चुवाबोटे माइलो उसकै गाउँको व्यक्ति थियो । श्री ३ को चाकडी बारे गाईगुइ रूपमा उसले गाउँमा नै केही सुनेको थियो । श्री ३ को बिहानको घोडसवारी समयमा पछि पछि दौडने हुलमा ऊ पनि मिसियो । डेढ वर्ष सम्मको अविरल उसले श्री ३ को निगाह पायो । के चाहियो † त्यसपछि उसले आफ्नो विन्ती राख्यो गरिब वरपर सरकार † घोडेजात्राकादिन टुडिखेलमा सरकारको कान सुधन पाए यो गरिबको उद्धार हुने थियो । उसको याचना श्री ३ लाई अनौठो लाग्यो, र तथास्तु पायो । घोडे जात्रा का दिन वीरमान भव्य मञ्च मा विराजमान श्री ३ को कान सुँधेर बस्यो, त्यसपछि उसको जीवनमा ठूलो परिवर्तन आयो । अर्कोपल्ट देखि उसको घरमा भनसुनका लागि मानिसहरूको घुइँचो लाग्यो । उसले कोठाबाट सरेर केही दिनमै काठमाडौँमा भव्यमहल बनायो, लाग्छ अैले नेपाल नै उसकै हातमा छ ।

यसरी चाकरी र भनसुन प्रवृत्तिले जीविका चलाउँदै राज्यको शासन सत्ता सम्हाल्न पुगेका चाकरी बाजहरूको खुसखुसे संस्कृतिलाई कथाले उजागर गरेको छ । जसले अर्काको कुरा खासखुसे संस्कृतिलाई कथाले छ । जसले अर्काको कुरा खासखुस गर्छ, चाकरी गर्छ त्यसकै इज्जत र सम्मान छ । योग्यताविहीनहरू ठुलाठुला पदमारही काम गरी रहेका छन् भन्ने खुलस्त पारेको छ ।

### ४.२.४१. **"भाग्यरेखा"**

'नगर सभाको पाँचौँ दिन' लघुकथा संग्रहमा सङ्कलित एक उत्कृष्ट लघुकथा हो । 'भाग्यरेखा । १ पृष्ठ, २१ पंक्ति र १९ वाक्यको बाह्य संरचनामा संरचित प्रस्तुत कथाले नेपाली समाजमा राजनीतिलाई पेसा तथा धन कमाउने थलो बनाउँदै छ भन्ने यथार्थलाई प्रकट गरेको छ ।

कथामा एक जना युवा आफ्नो हात हेराउन ज्योतिष गुरु कहाँ पुग्छ । के विषयमा हेरौँ त भन्दा युवा भन्छ धन दौलतमा हेर्नुहोस्, धन दौलत भए सब आउँछ । त्यसपछि ज्योतिष भन्छन् तपाई डाक्टर बन्ने सम्भावना छ नभए इन्जिनियर त फरकै छैन । त्यसपछि युवा भन्छ चोरेर एस एल सी पास गरेको के को डाक्टर र इनजिनियर बन्नु नि † त्यसपछि चतुर ज्योतिषले रामु भन्ने त्यस युवकको फेस (मुख) रिडिङगरेर तत्कालै आफ्नो भनाइ सच्चाए व्यापारमा पनि बाबुको राम्रो सफलता हुनेछ । अझै पनि युवाको मुख उज्यालो भएन व्यापारको झन्झट गर्ने भए म तिमी कहाँ किन आउँथे ? त्यसपछि ज्योतिष पनि मनमनै भुनुभनिए । यो केटाले गरि खाने देखिदैन । त्यसपछि तेस्रो जालहुत्याए तर बाबुको हस्त रेखाबाट सबैभन्दा सफलभने राजनीति देखिन्छ, कम्तीमा पनि मन्त्री लेखेको छ । त्यसपछि भने युवा खुसी भयो साँच्चै हो गुरु जी सूर्य झुटो होला बाबु तर म झुटो बोल्दिन त्यसपछि ज्योतिषलाई पहिलेदिन खोजेको दोब्बर भेटी चढाएर युवा हिंड्यो भन्दै कथा टुङ्गिएको छ ।

यसप्रकार प्रस्तुत भाग्यरेखा कथाले नेपाली राजनीतिमा लाग्ने नेताहरूको चरित्रलाई उदाङ्ग पारेको छ । जुन व्यक्ति पढाइ लेखाइमा कम्जोर छ एस.एल सी समेत चोरे पास भएको छ, अध्ययन तथा व्यापार आदि कार्य गर्न नसकेपछि राजनीतिमा लाग्छ र ऊ सफल हुन्छ यस्ता बुद्धिहीन क्षमताहीन मष्तिस्कमा केही नभएका लपुङ्गाहरू नै मन्त्री र नेता बनेपछि राष्ट्रको हित कताबाट होस् भन्ने प्रश्न कथाले तर्स्याएको छ ।

### ४.२.४२. **"भोटेताल्चा"**

नगर समाको पाचौं दिन कथासङ्गहमा संकलित एक उत्कृष्ट व्यङ्ग्य प्रधान लघुकथा हो 'भोटे ताल्चा' । प्रस्तुत कथा पृष्ठ सङ्ख्या ६६ मा रहेको छ । १ पृष्ठ, १३ पक्ति, ३ अनुच्छेद र छोटाछोटा ८ ओटा वाक्यको बाहय संरचनामा लेखिएको 'भोटेताल्चा' कथाले नेपाली

राजनीति प्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । कथामा नेपालका लागि विश्वका विभिन्न दातृ संस्थाहरूले आर्थिक सहयोग उपलब्ध गराएका छन् तर तिनको उपयोग देशविकासमा भएको छैन, सबै आर्थिक सहयोग नेपालका मन्त्री, उच्च पदस्य कर्मचारी तथा नेताको भुँडीमा परेको छ, उनीहरूको उन्नतिमा खपत भएको छ भन्ने तथ्यलाई कथाले सटीक रूपमा उतारेको छ ।

कथाअनुसार दातृसंस्थाले निकट भविष्यमा सहयोग उपयोगको संयुक्त अध्ययन गरिने जानकारी दिलाउँदै पठाएको पत्रलाई विषय बनाएर मन्त्री परिषदमा वैठकबस्यो, ठुलै हलचल मच्चियो, धेरै लामो छलफल हुँदा पनि सहयोग उपयोग भएको कुनै आयोजना भेटिएन जसलाई देखाएर दातृसंस्थालाई झुक्याउन सकियोस् । पत्रनुसार अध्ययन समय नजिकियो । अवलोकनका लागि उपयुक्त आयोजना नभेटिएपनि कमसे कम सहयोग थुप्रिएका भण्डारहरू नदेखिउन भन्नेमा परिषद चिन्तित देखियो र सम्बन्धित सबै निकायलाई दातृसंस्थाले दिएको सहयोग त्यति कै थुप्रिएको नदेखाउने निर्देशन पठाइयो । भोलिपल्ट देखि भण्डार छोपछाप पार्नका लागि मन्त्री, सचिव, राजनीतिक दलका ठूला नेता र उच्चओहदाका विशिष्ट व्यक्तिहरूको घरहरूमा ताला झुण्डियो भन्दै कथाटुंगिन्छ ।

यस प्रकार ‘भोटेताल्चा’ कथाले नेपाल राष्ट्रमा झ्याङ्गिएको भ्रष्टाचारी प्रवृत्ति प्रति तीव्र व्यङ्ग्य गरेको छ । नेपाल राष्ट्र अविकसित छ, विकास तर्फ उन्मुख छ, नेपाली जनता भोकै छन्, नाङ्गै छन्, उनीहरूको जीवनस्तर उकास्नु अपरिहार्य छ भन्ने नारा र नीति बनाउँदै नेपाल सरकारले विदेशी दातृ संस्था सँग सहयोग मागेको छ, जुटाएको छ, तर ती दातृ संस्थाबाट आएको सहयोग नेपाल राष्ट्रको उन्नतिमा प्रयोगमा आएको छैन नेपाल राष्ट्रको विकास, कागजमा बनेका छन्, योजनामा बनेका छन्, विभिन्न विकासका योजनाहरू कागजी फाइलमा नक्सा कोरिएका छन् । विकासमा बजेट जति मन्त्री, सचिव, नेताहरूले कुम्ल्याएका छन् । नेपालका अविकसित क्षेत्र र गरिब नेपाली जनतालाई माध्यम बनाएर भिœयाइएका ठूला ठूला रकम ठूलाबडा भनाउँदाहरूले आफ्नो नीजि सम्पत्ति बनाएका छन् । दातृसंस्थाले विकासका नाममा सहयोग पठाइ रहने नेपालमा कुनै विकास नहुने हो भने दातृसंस्थाले कुनै दिन छानबिन पार्न सक्छ र सहयोग रोकिदिन सक्छ भन्दै नेपाल राष्ट्रमा बढ्दै गएको भ्रष्टाचारी प्रवृत्ती तर्फ व्यङ्ग गरेको छ ।

### ४.२.४३. 'मधुवार्ता'

'नगर समाको पाचौंदिन' कथासङ्ग्रहमा संकलित एक उत्कृष्ट व्यङ्ग्यप्रधान लघुकथाका रूपमा मधुवार्तालाई लिन सकिन्छ । 'मधुवार्ता' लघु कथा २ पृष्ठ, २९ पंक्ति र छोटाछरिता २९ वाक्यमै संरचित छ । यस कथाले नेपाल राष्ट्रको साहित्यिक क्षेत्रमा तथा पत्रकारिता क्षेत्रमा समेत बढ्दै गएको विकृति र विसङ्गति प्रति तीव्र व्यङ्ग्य गरेको छ । आजको नेपाली साहित्य क्षेत्रमा जो साहित्यिक क्षेत्रमा दीर्घकाल सम्म साधनारत छ । जो नैष्ठिक र इमान्दार साहित्यकार छ उसको कुनै पत्तो छैन, न मान छ, न सम्मान, न इनाम छ, न त पुरस्कार । जो भित्र जुद्दी/क्षमता छैन, बाह्य ढोङ ढाँचा तथा आडम्बर प्रदर्शन गर्न सक्छ, त्यसकै बढी चर्चा छ, त्यसैलाई मान सम्मान गरिन्छ । मिडिया तथा पत्रकार र सम्पादक समेत जसले खुवाउँछ त्यसकै चाकरी गर्छन् । उसकै लेख छापेर पुरस्कार दिन्छन्, आजको नेपालमा बोक्रे साहित्यकारकै बोलवाला छ भन्ने टिप्पणी 'मधुवार्ता शीर्षक' कथाले गरेको छ ।

कथामा 'निष्पक्ष' साहित्यिक पत्रिकाको सम्पादक रामेश्वर बन्धु भन्ने पात्र छन्, जो हिजो बेलुका भव्यभोजदिने विशिष्ट व्यक्तिलाई फोन गरि रहेका छन् । फोनमा भएको वार्तालाई नै मधुवार्ता भन्न खोजिएको छ । सम्पादक उनको चाकरी गर्दै हजुरले हिजो दिनुभएको भोज मेरो जीवनकै पहिलो अनुभव हो । जिब्रोलाई विचारलाई पनि नयाँ स्वाद दियो । सम्पादक भन्दै थिए हाम्रो पत्रिकाको उमेर पाँच वर्ष पुग्यो, यही अवसर पारेर वर्षको उत्कृष्ट रचनालाई पुरस्कृत गर्ने कार्यको शुभारम्भ गरौं भनी हजुरलाई अनुरोध गर्न लागेको, एउटा रचना उपलब्ध गराइदिनोस् । पत्रिका आगामी अङ्क प्रेश जान तयार छ, हजुरको रचना यसै अङ्कमा समावेश गरुँ र पुरस्कार शुभारम्भ हजुर बाट गर्न भनेका सर । तर ती विशिष्टव्यक्ति भनाउँदा म सँग त्यस्तो कुनै रचना पनि छैन र समय पनि छैन भन्दै थिए तर सम्पादकले भेटेर गरौं अनि म आफैं लेखेर छापौंला भनेपछि भरे त्यहि होटलमा भेटेर वार्ता गरौंला, त्यही कुनै प्लट खोजेर विचार विमर्श गर्दै एउटा रचना तयार गरौंला, त्यही आउनोस तपाई भनेपछि सम्पादक हुन्छ सर । म कृतज्ञ छु सर भन्छन् कथा यही टुङ्गिन्छ ।

यस प्रकार 'मधुवार्ता' लघु कथाले साहित्यिक क्षेत्रमा चर्चामा आउनका लागि लेखन क्षमता भएर मात्रै हुँदैन । आर्थिक तथा पहुँचगत क्षमता पनि हुनुपर्छ । जो सत्तामा छ, जो सम्पन्न छ, जो माथिल्लो उच्च दर्जा कार्यरत छ, पत्रपत्रिका सम्पादक, समालोचक सबै उसैका भरौटे हुन्छन् । जसले भोजभत्तेर पार्टी दिन सक्छ, उसकै चाकरी गर्छन् । जो केही लेख्ने क्षमता नराखे पनि उसकै नाममा आफूले लेखेर पनि मान सम्मान र पुरस्कार

टक्र्याउँछन् । साहित्यिक क्षेत्रमा समेत बोक्रे मलाद्मीहरूको जमात बढ्दै छ । जो क्षमता वान्छन् । तिमीहरू बाहिर प्रचार प्रसारमा आइपुग्दैनन्, जो बाध्य ढङ्ग ढाँचा पार्टी दिन सक्छ त्यो नै विशिष्ट लेखक कहलाउँछन् भन्दै त्यही विकृति प्रति व्यङ्ग प्रहार यस मधुवार्ता कथाले गरेको छ । कथा अन्त्यतः मार्मिक रोचक र धोचक समेत छ ।

### ४.२.४४ **'मयूरपङ्खी कलम'**

'नगर समाको पाचौं' दिन लघुकथा संग्रहमा संकलित एक उत्कृष्ट व्यङ्गयप्रधान कथाका रूपमा 'मयूरपङ्खी कलम' लघुकथा रहेको छ । प्रस्तुत कथाको बाहय आयाम १ पृष्ठ, १७ पंक्ति र १४ वाक्यको रहेको छ । यस कथाले राणाकालीन शासन प्रणाली प्रति व्यङ्गय प्रहार गरेको छ । राणाकालीन नेपालमा जनपक्षधर अधिकारी नीतिनियम कानुन संविधान बनाइएको नै थिएन । जे जति बनेका थिए ती नीतिनियम पनि कार्यान्वयन हुँदैन । राणाकालको अन्यतिर जनताको आँखा छल्नकालागि केही नीतिनियमहरू बनाइए पनि त्यसको कुनै मूल्य थिएन, राणाहरूको हुकुमी आदेशमा सबै प्रशासन चलेको थियो भन्ने यथार्थलाई कथा व्यङ्यात्मक शैलीमा उतारेको छ ।

कथामा एकजना श्री ३ महाराज र कारिन्दा २ जना मुख्य पात्र छन् । कारिन्दा चाहिं ऐनको दफाले अफ्ठ्यारो पारेकाले श्री ३ सामु काम गर्ने ढिलो भएकोमा क्षमा याचना गर्न पुग्दछ । त्यसपछि श्री ३ सरकारले हाम्रो हुकुममा पनि अफ्ठ्यारो कुन दफा, खैलेऊ ऐन भन्दै ऐनमा लेखिएको त्यो अफ्ठ्यारो दफालाई श्री ३ महाराज (सरकार)ले रातो कलम निकालेर काटि दिन्छन् । त्यसपछि लौ जाऊ छिटो काम सक भने पछि कारिन्दा मुक्तिको सास फेर्दै काम गर्न जान्छ । समय परिवर्तन भएर राणाहरूको शासन सत्ता हराएको धेरै भए पनि कर्मचारी कारिन्दाउनै दास मनोवृत्तिका भएकाले कर्मचारीहरू अचेल अफ्ठ्यारोमा परेका छन् र विधान संविधान कानूनले अफ्ठ्यारो पारेको समयमा श्री ३ सरकारले चलाउने मयुरपङ्खी कलमको झलझली याद गर्दछन् । त्यसैको संस्कार कहिले काही राणाकालीन हुकुमी प्रणाली अनुसार नियम-कानून मिचन समेत पछि पर्दैनन्, आजका शासक तथा प्रशासकहरू भन्दै कथा टुङ्गिएको छ ।

यस प्रकार 'मयुरपरी' कथाले ऐतिहासिक राणाकालीन शासन प्रणालीको तथ्यलाई एकातिर उजागर गरेको छ भने अर्कातिर आजको शासन प्रणाली पनि उस्तै छ, मात्र शासन

परिवर्तन भएका छन्, तर शासकहरू सबै उस्तै छन् । आधुनिक चेतनाले केही काम गरेको छैन, काम गर्ने प्रणाली भने पुरानै छ, प्राचीन ढर्रामा चलेको छ भन्दै वर्तमानकालीन शासन तथा प्रशासन प्रणाली प्रति कथाले तिखो व्यङ्ग्य गरेको छ ।

### ४.२.४५. 'मोह'

'नगरसभाको पाचौं दिन' कथासंग्रहमा संकलित एक उत्कृष्ट लघुकथाका रूपमा 'मोह' लघुकथा रहेको छ । यो कथा २ पृष्ठ, २५ पंक्ति र १९ वाक्यको बाहय संरचनामा आबद्ध छ । कथाले पारिवारिक विषयवस्तुलाई चयन गरेको छ । हाम्रो समाजमा रहेको सामाजिक विसङ्गति प्रति व्यङ्ग्य गरेको छ । हाम्रो नेपाली समाजमा जो कान्छो सन्तान हो त्यसप्रति बाबु आमाको बढी मोह हुने गर्दछ । जेठा माहिला छोराले जति नै सेवा सुसार गरेतापनि र कान्छो छोराले वास्ता व्यस्ता नगरे तापनि बाबु आमाको माया र ममता केन्द्र भने कान्छो नै हुन्छ । बिग्रिएर, मातिएर, पातिएर, हिडेको दुश्चरित्रको भएता पनि केही सम्पत्ति (धन) कान्छोलाई नै सुम्पने प्रचलनलाई कथाले उतारेको छ ।

कथामा एक जना बुढा पात्र छन्, जो रोगी छन् । रोगी भएर ओछ्यानमा परि रहेका बाबुको स्याहार सुसारमा नै जेठा छोरा व्यस्त छन् । बाबुको वृद्धावस्था र रुग्णावस्थाबाट अरु छोराहरू भन्दा उनी बढी चिन्तित छन् । भाइ बहिनीहरू पढ्दै छन् । जो सानै छन् । त्यस्तै आमाको अवस्थाको कल्पनामा पनि चिन्तित छन्, उनी र घरको लेन-देनको व्यवहार सम्झिएर पनि उनी धेरै चिन्तित छन् । बाबु विरामी पर्दा औषधोपचार गर्दा लागेको ऋण असुली गर्ने चिन्ताले पनि आत्तिएका छन् तर पनि बाबुको सेवासुसारमा उनले कुनै कमी आउन दिएका छैनन् । उनको कान्छो भाइ अर्थात् बुढाको कान्छो छोरो भने बाबुको रुगणवस्था प्रति त्यति चिन्तित देखिदैंन । उरण्ठेउलो उमेरका कारण पनि ऊ दिन प्रतिदिन बिग्रदै गई रहेको छ । बाइक हाकेर कहिले रेष्टुरेण्ट र कहिले बार केटीलाई साथमा लिएर शहरका चोक चोक डुली रहन्थ्यो । एकदिन बाबुको अन्तिम अवस्था थाहा पाएर बाबुको छेउमा बसिरहेको थियो, जेठो छोरो बाहिर निक्लिएको अवस्थामा बाउर कान्छा छोरा परस्पर आँखाबाट आँसु खसाले रून्छन्, म अब धेरै बाँचुला जस्तो लाग्दैन, माथि बुछकलमा एउटा बाकसमा केही तोला सुन र चाँदी अलि पैसा छ, त्यो तिमीले प्रयोग गर्नु भन्दै बूढा बाउले साँचो चाबी कान्छा छोराको हातमा थमाइदिन्छन्, साँचो लिएर कान्छो बाकस खोल्न जान्छ,

बाबुको र कान्छो भाइको कर्तव्यबाट अज्ञात जेठा छोरा बाबुकै सेवामा तल्लीन छन् र बाबुको खस्कँदो अवस्थाबाट चिन्तित छन् भन्दैकथा टुङ्गिएको छ ।

यस प्रकार कथाले हाम्रो सामाजिक बिसङ्गतिका रूपमा रहेको कान्छो छोरा प्रतिको अतिशय मोहलाई अत्यन्तै मार्मिक ढङ्गले उत्तारेको छ । काम गर्ने कालु मकै खाने भालु भन्ने लोकोखानलाई यस कथामा चरितार्थ गरिएको छ । घर व्यवहार सारामिलाउने जेठो बाठो छोरा हुन्छ भने बाबु आमाको विशेष स्नेह प्राप्त गर्ने सम्पत्ति धन गरगहना कुम्लयाउने चाहिँ कान्छो हुन्छ । जेठो ऋण खोजी-खोजी औषधोपचार गर्दछ भने बाबु र आमा चाहिँ आफूले लुकाएर राखेको धन सम्पत्तिको पोको आवारा भएपनि कान्छा छोरालाई सुम्पन्छन् भन्दै सेवा गर्नेले मेवा नपाउने तथ्यलाई कथाले उजाँगर गरेको छ ।

### ४.२.४६. **'मोहरको फिर्ती'**

'नगरसभ्यको पाचौं दिन' लघुकथासंग्रहको एकउत्कृष्ट व्यङ्गप्रधान लघुकथा हो 'मोहरको फिर्ती' । १ पृष्ठ, १० पंक्ति र ८ वाक्यको बाहयसंरचना, संरचित यस कथाले हामी नेपालीको बोली र व्यवहारमा एकरूपता नरहेको तथ्यप्रति तीव्र व्यङ्ग्य गरेको छ । हामी नेपाली आदर्शका कुरा छाट्छौं, उच्चस्वरले सिद्धान्तलाई गाउँछौं तर हामी व्यवहार त्यसको ठिक विपरीत गर्छौं । हाम्रा मान्यता, सिद्धान्त उच्च हुन्छन्, महान् हुन्छन् तर व्यवहार तुच्छ हुन्छ, घृणित हुन्छ । बाहिर समासम्लेनमा मानवताका सम्बन्धमा दरो भाषा दिन्छौं, ताली पाउँछौं, प्रशंसा र धन्यवाद बधाई पाउँछौं तर व्यवहारमा त्यसलाई उर्तान पछि लाग्दैनौ । हामीले भन्ने गरेका सिद्धान्त र गर्ने गरेका व्यवहारमा ठुला-ठुला विरोधा मास छन् भन्दै कथाले हामीमा निहित कमजोरीप्रति तीव्र व्यङ्गय गरेको छ ।

कथामा एकजना 'उनी' पात्र छन् । उनी समाजमा आदर्शवक्ताका रूपमा चिनिएका छन् । मानवदिवसका दिन कुनै एक समारोहमा उनले दह्रो भाषण गरेका छन् । उनको मानवतावादी भाषणले सबै जना लट्ठ मख्ख परेका छन् । उनले भाषण गरिसकेपछि सभा भएका सबैले उनलाई आदर्श ठानेका छन्, ठूलो विद्वान् मानेका छन्, उनको विद्वतापूर्ण अभिव्यक्तिको तारिफ गरेका छन् । उनी बाहिर निक्लिदा खेरी सडकको पेटीमा १ जना माग्ने मागिरहेका छन्, हात तेर्स्याइरहेका छन्, ती अशक्तलाई देखेर अरूका अगाडि मानवतावादी देखिनका लागि पनि खल्तीमा हात हालेर मोहोर निकाले । उनले पैसा दिन

लागेकोमा माग्ने खुसीहुँदै आशिष र आर्शिवाद दिन लाग्यो तर उसको विदेशी भाषामा दिइएको आशीर्वाद सुनेर उनले दिन लागेको मोहोर खल्तीमा नै फिर्ता गरे । माग्ने हेरेको हेऱ्यै भयो भन्दै कथा समाप्त हुन्छ ।

यस प्रकार हाम्रो समाजमा आदर्शको भाषण गर्ने धेरै छन् । धेरे राम्रा र बौद्धिकतापूर्ण भाषण गरे पनि व्यवहार भने तुच्छ छ । सिद्धान्तको पूजामात्र गर्ने त्यसलाई व्यवहारमा नउतार्ने प्रवृतिले गर्दा नेपाली समाजबाट मानवता पलायन तर्फ जाँदैछ । हामी मनमा एउटा कुरा खोच्छौं, एउटा दर्शन र मान्यताप्रति आस्था राख्छौं, अर्को भाषण गर्छौं र काम भने फेरि त्यसको उल्टो गर्छौं, जसले गर्दा हाम्रा भनाइ र गराइमा एकरूपता आउन सकेको छैन । काम र कुरा भिन्न हुने हाम्रो परिपाटी प्रति कथाले व्यङ्ग्य गरेको छ ।

### ४.२.४७. **'मौसम/बेमौसम'**

'नगर सभाको पाचौं दिन' कथासंग्रहमा संकलित राजनीति व्यङ्गमुलक लघुकथाका रूपमा 'मौसम बेमौसम' रहेको छ । यस कथाले २ पृष्ठ, २२ पंक्ति र १५ वाक्यको बाहय संरचना लिएको छ । नेपाली राजनीति घृणित बन्दै गइरहेको छ । जनताको हित गर्छ भन्दै शासन सत्ताको वागडोर सम्हाल्न पुगेका नेतृत्ववर्ग आफ्नै पार्टी वेस्तार र कार्यकर्ता भरणपोषण गर्न तल्लीन छन् । नेपाली जनता गाँस, बाँस र कपासद्वारा पीडित छन् तर नेतृत्व वर्ग भने विभिन्न पार्टी र भोजभर्तरमा व्यस्त छ । जनताका मागबारे बेवास्त गर्दै आफ्नै स्वार्थपूर्तिमा नेपाली राजनीति केन्द्रित छ ।

कथामा एकजना नेपालका मन्त्री ज्यू मुख्य पात्र वर्षाको समय आएको बाढी पैरोबाट गाउनै सखाप भएको छ । बाढी पहिरो आउँदा पनि सरकारले बे-वास्ता गरेको आरोप पत्र-पत्रिकामा छापिएका छन् । त्यो आरोपबाट बच्न पनि स्थानीय मन्त्रीले त्यो क्षेत्रको अवलोकन भ्रमण सुरु गरेका छन् । हेलिकप्टरमा जाँदै गर्दा त्रिवेणी धाममा मानिसको घुइँचो देखेर उनी लोभिन्छन् । ए आज त जनैपूर्णिमा पो हो त † क्याप्टेनसँग सल्लाह गर्छन्, बाढीपहिरो पीडित क्षेत्र घुमेपछि एक पटक त्रिवेणी धाम पनि घुम्नुपर्छ है † तर तेलतथा अन्यकारणले गर्दा दुई ठाउँमा जान नसकिने कुरा क्याप्टेनले बताउँछन् । त्यसो हो भने त्रिवेणी धाम नै जाऔं । मौसमका कारणले बाढी पहिरो गएको क्षेत्रमा पुग्न सकिएन भनौंला भन्दै हेहिकोप्टरलाई त्रिवेणी धाममै ल्याण्ड गरियो । उत्ता मन्त्री आउने उल्लास बोकेर आकाश

तर्फ हेरिरहेका जनता हेऱ्या हेऱ्यै भए, यता त्रिवेणी धाममा ओर्लिएका मन्त्रीज्यू कार्यकर्ताहरूसँग रक्सी खाँदै मस्त थिए, भावीचुनावमा कसरी जित्ने रणनीति बनाउँदै थियो । बेलुका मन्त्री मौसमको खरावीका कारण त्यसक्षेत्र पुग्न नसकेको समाचार रेडियो टिभि मा आयो त्यो समाचार बाढीपीडितले सुने, नत तिनै मन्त्रीले सुने भन्दै कथा समाप्त हुन्छ ।

यस प्रकार 'मौसम-बेमौसम' कथाले नेपाली राजनीतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । नेपालका राजनीतिक दलहरू स्वार्थ-पूर्ति तर्फ केन्द्रित छन् । जनता रोइरोइ बाच्न विवश छन् जनता बाढीपहिरो आदि द्वारा पीडित छन्, उनीहरूको दुःखमा साथदिने कोही छैनन नेपालसरकारका मन्त्रीहरू हेलिकोप्टरमा सयर गरेका छन् । पार्टी प्रचारप्रसार गरेका छन्, डिस्को बारमा रमेका छन्, नेपाली जनता आशैआशामा बाँचेका छन् तथ्य कथाले उजागर गरेको छ ।

### ४.२.४८. 'रमाना'

'नगर सभाको पाचौदिन' लघुकथा सग्रहमा सङ्कलित 'रमाना' शीर्षक लघुकथाले नेपाली प्रशासनिक क्षेत्रमा मौलाउँदै गएको भ्रष्टाचारी तथा घुषखोरी प्रवृत्ति प्रति तीव्र व्यङ्ग्य गरेको छ । १. पृष्ठ, १० वाक्य र १६ पंक्तिको बाहय आयाममा कथा संरचित छ । ठूला-ठूला पोस्टमा रहने सिडियो जस्ता जिल्ला प्रमुखहरू आफ्नो अनुकूल वातावरण तय गर्दै धन सम्पत्ति कुम्ल्याउन पट्टि लागि परेको तथ्यलाई कथाले उजागर गरेको छ ।

कथामा एकजना सिडियो प्रमुख पात्र छन् । उनी नेपालको कुनै एक दुर्गम जिल्लामा कार्यरत छन् । उनले त्यस दुर्गम ठाउँमा जग्गा किनेका छन् । उनको जग्गा किन्ने सोचलाई परिवर्तन गर्नका लागि उनका नजिकका नेता तथा उच्च पदस्थमा हाकिमहरूले सल्लाह दिएका छन् । यस्तो ठाउँमा जग्गा किन्नुको कुनै औचित्य छैन भन्दा उनी उत्तर दिन्थे यस्तो शान्त वातावरण तथा हिमाली सौन्दर्यको अवलोकन गर्न पाइने ठाउँ रिटार्यड लाइफका लागि ठीक छ भन्दै जग्गामा घर बनाउने सुरसार कस्छन् । जिल्ला दुर्गम भएपनि खानेपानी, टेलिफोन, विद्युत आदिको सुविधा पुगेको ठाउँ भएकाले वन, खानेपानी, विद्युत, टेलिफोन आदि कार्यालयहरूले सिडियोको आग्रह र आदेश वमोजिम झुपडी निर्माणमा आ आफ्नै सेवा उपलब्ध गराए । जसले जिन्सी पदार्थ तथा वस्तुगत सेवा उपलब्ध गराउन सकेनन् । तिनले नगदसेवा नै उपलब्ध गराए । जहाँ जहाँबाट सेवा उपलब्ध भएन तीठाउँ निरीक्षण, छड्के

जाँच, आर्थिक अनियामितताको अनुसन्धान गर्ने काम र विरोधीतया असमर्थक २-४ जना हाकिमहरू छन् । सरूवा समेत गरे । गाउँमा भवन निर्माण भएको २/४ महिना पनि नवित्दै उनको भुपडीले उनीभन्दा पहिले नै रमाना लियो, दुर्गम पहाडी जिल्लाबाट राजधानीको सुविधा सम्पन्न टोलका लागि भन्दै कथाको अन्त्य हुन्छ ।

यस प्रकार 'रमाना' शीर्षक लघुकथाले भ्रष्टाचारी प्रवृत्तिको उछितो काठेको छ । दुर्गम जिल्लामा पुगेका सिडियो आदिले जिल्लाको विकास तथा सुधार गर्न नसकेपनि आफ्नो विकास एवं सुधार भने गरेकै छन् । गाउँमा घरबनाउने बहानामा विभिन्न कार्यालय तथा व्यक्तित्वबाट सहयोग जुटाएका छन्, सहयोगका नाममा जम्मा भएको करौडौ रूपैया भने सहरी क्षेत्रमा विल्डीङ बन्नमा प्रयोग भएको छ । दुर्गम जिल्लाका सिडियो भए पनि छिट्टैनै त्यस्ता सिडियोहरू भने राजधानी जस्तो सुगम क्षेत्रमा घरजग्गा किन्न सामर्थ्य हुने कुरालाई कथाले अत्यन्तै मार्मिक ढङ्गले चित्रण गरेको छ । नेपालको भ्रष्टाचारी तथ्य घुसाखोरी तन्त्रको उछितो काढ्न कथा सक्षम छ ।

### ४.२.४९. **'शङ्कानिवारण'**

'नगर सभाको पाचौंदिन' कथासङ्गहमा संकलित एक उत्कृष्ट लघुकथा हो शङ्का निवारण । यो लघुकथा २ पृष्ठ, २६ पंक्ति र छोटा छरिता २० वाक्यमा संरचित छ । नेपाली प्रशासनिक क्षेत्रमा फस्टाउँदै गएको भ्रष्टाचारी प्रवृत्तिले गर्दा कसैले सहयोगको भावनाले सितैमा र छिट्टै काम गरिदिएमा पनि विश्वास गर्न नसकिने स्थिति पैदा भएको तथ्यलाई कथाले उजागर गरेको छ । सधै घुस खुवाएर, साता दशदिन कुरेर मात्रै काम सम्पन्न हुने अवस्थामा केही गरी छिट्टै र सजिलैसँग काम भएकोमा विश्वास नभएर अनेक शङ्का गर्न पुगेको र अन्तमा घुस खुवाइ सकेपछि मात्रै शङ्का निवारण भएको तथ्यलाई कथाले राम्रो सँग विश्लेषण गरेको छ ।

कथामा एक जना जुमाने नाम गरेका पात्र छन् । ६५वर्षे उमेरमा पनि पेन्सिन लिनका लागि आवश्यक पर्ने भएकाले नागरिकता प्रमाणपत्र बनाउनकालागि ऊ जिल्लाको प्रशासन कार्यालयको नागरिकता फाँटमा पुगेको छ । त्यहाँ पुगेर नागरिकता फाँटको सुब्बालाई हाकिम साहेब † मेरो नागरिकता छिट्टै बनाइदिए छिट्टै नै घर फर्कने थिए बुढो मान्छे भन्दै विन्ती गर्दछ । त्यसपछि बुढोमान्छेको अनुरोधबाट पग्लिएर सुब्बाले पनि भोलि शनिबार

परेकाले आइतबारसम्म के कुराउनु भन्दै छिटोछिटो काम सम्पन्न गरिदिन्छ र १२ बजे नागरिकता बुढाको हातमा थमाइदिन्छ । जसले गर्दा बुढा खुसी भएर त्यहाँबाट हिंडछन् तर उसलाई शङ्का लाग्छ । यति छिट्टै नागरिकता पाउनु त असम्भव हो, धेरै झन्झट हुन्थ्यो भन्ने सुनेकाले उसलाई आफूले पाएको नागरिकता सक्कली हो भन्ने कुरामा शङ्का उब्जियो । पत्यार नलागेर जाँदै गर्दा बाटामा भेटिएको मास्टर साहेबलाई सोध्छन् यो नागरिकता सक्कली हो कि नक्कली ? सक्कली नै हो भनेर मास्टरले भन्दा पनि उसलाई विश्वास भएन र प्रशासनको कार्य लय नै फर्कियो, सुब्बाहिडिसकेका थिए, त्यहाँको खरिदारलाई छ । यो नागरिकता सक्कली हो नक्कली हो भने दिनुपर्‍यो भन्दै अनुरोध गर्‍यो । खरिदारले बुढाको भावबुझेपछि भित्र कोठामा लिएर गयो । १०० रूपैया दिएपछि मात्र तपाईलाई यसको छिनो फानो गरिदिउँला भनेपछि बुढाले १०० रूपैंया पनि टक्रयाउँछन र खरिदारले यो नागरिकता सक्कली नै हो भनेपछि बुढाको शंका निवारण हुन्छ र कथायही समाप्त हुन्छ ।

यस प्रकार सँधै घुसखुवाएर मात्रै काम गर्ने नेपालीको प्रवृत्ति प्रति शङ्का निवारण कथाले व्यङ्ग्य गरेको छ । नेपालका कर्मचारीमा घुसखाने प्रवृत्ति मात्रै होइन, नेपाली जनतामा घुस खुवाउने प्रवृत्तिले गर्दा पनि भ्रष्टाचारी तथा घुसखोरी प्रवृत्ति बढ्दै गएको तथ्यप्रति कथाले तीव्र व्यङ्ग गरेको छ ।

### ४.२.५०. **'शुभाशिष्'**

'नगर सभाको पाचौं दिन' कथासंग्रहमा संकलित एक उत्कृष्ट लघुकथा हो -'शुभशिष' । कथा साह्रै छोटो भए पनि अत्यन्त चोटिलो छ । १ पृष्ठ ६ वाक्य तथा १२ पंक्तिको बाह्य संरचनामा रचिएको यस कथाले आजको संमवेदना तथा मानवताशून्य युवावर्ग प्रति तीव्र व्यङ्ग्य गरेको छ । यात्राका क्रममा आफूभन्दा ज्येष्ठ वृद्ध वृद्धा देख्दा समेत गाडीको सिटमा नबसाउने तर ओर्लने बेलामा कति न मानवतावादी भए झैं आदर्शछाट्ने प्रवृत्तिप्रति कथाले धारिलो व्यङ्ग्य गरेको छ ।

कथामा दुई युवायुवती गाडीको सिटमा बसिरहेका छन् भने अर्का बृद्धजोडी भने लामो समय देखि त्यसै उभिइ रहेका छन् । युवायुवती ओर्लने बेला भएपछि आदर्श कुरा गर्छन् । वृद्धहरूको आदर सम्मान गर्नुपर्दछ, उहाँहरू जस्ता पाका मानिसलाई उभ्याएर बस्नु लाजमर्दो कुरा हो, ल हामी उठौं उहाँलाई बस्ने दिऔं भन्दै उठ्छन् लामोसमयदेखि उभिएका

बुढाबुढी बस्न पाउँदा खुसी हुन्छन् र आशिष दिन्छन् । नानीहरूलाई भगवानले भलो गरुन् । कमसेकमती जोडीले ढिलै भएपनि आफ्नो सिट छाडि दिए आफूले वृद्ध दम्पतीलाई बस्ने ठाउँ नादिएकोमा ग्लानि तथा हीनताबोध गरे । तर वृद्धवृद्धाले आसन ग्रहण गरेको केही छिनमै ती उदारजोडी बसबाट ओर्लिए भन्दै कथा टुङ्गिएको छ ।

यसप्रकार वृद्धवृद्धालाई उभ्याएर आफू आरमदायी सिटमा बसेर यात्रा गर्ने युवाजमात आजको समाजमा बढ्दै गएको छ । आजको समाज आदर्शको भाषण गर्छ, व्यवहारमा उतार्दैन । आजको मनुष्य सिद्धान्त पूजागर्ने, आर्दशी कुरा गर्ने महान् झै अर्ती उपदेशका कुरा जान्ने, गर्ने तर व्यवहार भने नीचगर्ने प्रवृतियुक्त छ । नजानेको केही छैन तर व्यवहारमा केही उत्रिदैन आदर्श सिद्धान्त फलाके तापनि व्यवहार भने निच गर्ने प्रवृत्ति लेगर्दा आजको समाज दया तथा मानवताहीन, सहानुभूति शून्य बन्दै गइरहेको तथ्यप्रति कथाले दह्रो झापड हानेको छ ।

### ४.२.५१. **"सक्कली पेटी"**

'नगर सभाको पाचौंदिन' कथासंग्रहमा संकलित एक उत्कृष्ट लघुकथा हो 'सक्कली पेटी' । सक्कली पेटी लघुकथाले नेपाली समाजको धार्मिक क्षेत्रमा बढ्दै गएको विसङ्गतिको राम्रो चित्रण गरेको छ । १ पृष्ठ, १३ पंक्ति तथा ९ वाक्यको बाहय आयममा संरचित प्रस्तुत कथाले घुमाउरो ढङ्गले नेपाली समाज प्रति झापड हानेको छ ।

कथामा एकजना व्यक्ति मन्दिर तर्फ गइरहेका छन् । मन्दिर प्रवेश गर्नु अघि बाहिर गेटमा टाँसिएको सूचना पढ्छ । छालाबाट बनेका सामग्री लैजान निरोध लेखिएको सूचना पढेपछि ऊ जुत्ता खोल्छ, तर समुन्द्रपार गएको बेला राम्रो मूल्य हालेर ल्याएको छालको पेटी भने खोल्न चाहँदैन र भित्र खाँदेको भेष्ट पाइन्टबाट बाहिरनिकाल्दै भित्र पस्छ, गेटपालेले देखेन वा वाप्ता गरेन । भित्र पसेपछि भगवान्को पाउमा साष्दङ्गरण्डवत गर्न खोज्दा निहुरेकोबखतमा पेटी देखिन्छ, जसले गर्दा उसले दर्शन गर्न पाउँदैन । भगवानको पाउमा दर्शनगर्न नपाएर बाहिर निल्दा ऊ खुसी हुन्छ किनभने पेटी सक्कली परेछ । कथायही समाप्त हुन्छ । किनभने प्लास्टिकको नक्कली पेटी होइन रहेछ ।

यस प्रकार प्रस्तुत लघुकथाले नेपालका विभिन्न धार्मिक स्थलमा प्रवेश गर्दा जुत्ताचाहि खोल्ने तर छालाको पेटी चाहि नखोलीकन भित्रप्रवेश गर्ने प्रचलन बढ्दै आएको छ ।

बाहिरबाट देखिनलाई मात्रै वास्ता गर्ने, लुकाउन तथा छल गर्ने मिल्नेलाई जिद्दी गर्ने दुष्प्रवृतिप्रति कथाले तीव्रव्यङ्ग्य गरेको छ । भगवान्को मन्दिर दर्शन गर्ने गएको व्यक्तिमा समेत छलकपट, जिद्दी पनहरू हराउन सकेको छैन् । सानासाना सांसारिक पदार्थहरूप्रति मोह गएको छैन । तर पनि आफूलाई धार्मिक कहलाउन ऊ मान्दिर-मन्दिर मानेर धाउँछ यस्तो प्रवृतिप्रति कथाले छेड हानेको छ ।

### ४.२.५२. 'सक्रिय उद्धार'

'नगर सभाको पाचौं दिन' कथासङ्गहमा संकलित एक उत्कृष्ट व्यङ्गप्रधान लघुकथा हो 'सक्रिय उद्धार' । १ पृष्ठ, १४ पंक्ति र ९ वाक्यमा संरचित प्रस्तुत कथा छोटो भइकन पनि ३ अत्यन्तै चोटिलो छ । आजको समाज स्त्रीप्रति अशक्त छ भन्ने तथ्यलाई कथाले छर्लाङ्ग बनाएको छ । नेपाली समाज मानवता तथा निवेदना शून्य बन्दै गएको भएतापनि कुनै युवतीलाई सहयोग गर्न भने युवावर्ग सक्रिय छ भन्ने तथ्यलाई कथाले विषयवस्तु बनाएको छ । घाइते विरामीलाई उद्धार गर्नु भन्दा पनि घाइते अशक्तताको फाइदा उठाएर यौनजन्य दुर्व्यवहार गरेको तथ्यलाई उजागर गर्दै कथाले व्यङ्ग्य गरेको छ ।

कथामा काठमाडौं मुङ्गलिङ सडका खण्डमा कुदिरहेको गाडी एक्कासी सडकमा देखिएको बालकलाई बचाउँछु भन्दा भन्दै त्रिशुली नदीको किनारमा पुग्छ । गाडी त्यसरी पल्टेको देखेपछि पछिल्लो गाडीमा आएका केही युवाहरू उद्धार गर्ने नदी किनार पुग्छन् । बाटो अफठ्यारो भएकाले त्यहाँ आइमाइ बुढाबुढी जान सक्दैन । त्यहाँ पुगेका युवाहरू सबै युवतीको उद्धार गर्छन् । युवतीको निधारमा लागेको सानो घाउ पुछपाछ गर्छन् र कम्मरमा लागेको रगत, स्तन वरपर लागेको रगतका छिड्का -छिड्की आफ्नै कपडा गन्जी खोलेर पनि पुछपाछ पार्छन् तर उनीसँगै गाडीमा पल्टेका उनका श्रीमान् युवाभने त्यत्तिकै असहाय लडिरहेका छन् । आफ्नी श्रीमतीको उद्धारकार्य टुलुटुलु हेरि रहेका छन्, तर उनलाई कसैले वास्ता गरेका छैनन भन्दै कथा टुङ्गिन्छ ।

यस प्रकार नेपाली समाजका युवाहरू कुनै युवतीको उद्धार गर्न तत्पर तर युवा तथा लोग्ने मान्छेलाई उद्धार तथा सहयोग गर्न असक्षम रहेको तथ्य प्रति कथाकारले दरिलो झापड हानेका छन् । एउटै दुर्घटनाबाट घाइते बन्न पुगेका युवायुवतीमध्ये युवतीलाई खासै चोटपटक नलगाएको तर युवा भने हात खुट्टा भाँचिएर छट्पटाइ रहेका छन् तर उद्धार गर्न

खटिएको टोलीभने बढी घाइतेलाई बेवास्ता गर्दै नारी जातिकै भएको कारण युवतीको उद्धारमा मात्रै केन्द्रित रहेको तथ्य केल्याएर आजको सामाजिक बिडम्बनालाई कथाले राम्रो विश्लेषण गर्दै दरिलो झापड हानेको छ ।

### ४.२.५३. **'समाधान'**

'समाधान' शीर्षक लघुकथा 'नगरसभाको पाचौं दिन' कथासङ्ग्रहमा संकलित एक उत्कृष्ट राजनीतिक व्यङ्ग्यप्रधान कथा हो । २ पृष्ठ, २४ पंक्ति तथा १४ वाक्यको बाहय संरचनामा आबद्ध 'समाधान' लघुकथाले नेपालमा बढ्दै गएको भ्रष्टाचारी प्रवृत्ति प्रति तीब्र व्यङ्ग्य प्रहार गरेको छ । नेपालमा बढ्दै गरेको भ्रष्टाचारी प्रवृतिलाई हटाउन भन्दा पनि ठाकछोप गर्न नै नेपालका उच्चपदस्थ व्यक्तित्वहरू तल्लीन रहेको तथ्यलाई कथाले प्रस्ट्याएको छ ।

प्रस्तुत लघुकथामा नेपालका उच्च पदस्थ व्यक्तित्वहरू सरकारी सम्पत्ति सञ्चयको अतृप्त लालसमा लिप्त छन् । राष्ट्रिय बजेट विकासको बहानामा उनीहरू भण्डार र बैंक खाता भर्न तल्लीन छन्, निःसङ्कोच कमिसन खाने क्रम जारी छ । उच्च पदस्थबाट भएको यस्तो व्यापक भ्रष्टाचारको सदन, सडक, समाचारमाध्यम सबैतिरबाट तीब्र विरोध भयो । भ्रष्टाचार नियन्त्रणका लागि सरकारलाई दबाब सिर्जना भएपछि भ्रष्टाचार नियन्त्रणका उपायबारे सुझाव दिन आयोग गठन भयो । आयोगको सुझाव अनुसार सरकारद्वारा भ्रष्टाचारी धनको सङ्केत दिन सक्ने विशेष यन्त्रमानव तयार गर्न केन्द्रीय विज्ञान तथा उच्चप्रविधि विकास विभागलाई जिम्मा दिइयो । त्यस विभागले आफ्नो जिम्मेवारी तोकिएकै दिनभित्र पूर्ण गऱ्यो । भ्रष्ट धन पत्ता लगाउने क्षमताभएको यत्रमानवको परीक्षण गर्ने निर्णय अनुसार परीक्षणकार्य प्रारम्भ भयो परीणकार्यको एक हप्ता पछि यन्त्रमानव सोही विभागमा पठाइयो । त्यसका साथै एउटा पत्रमा लेखिएको थियो - १५० ओटा घर जाँच गर्दा पनि भ्रष्ट धन र भ्रष्ट व्यक्ति केही पत्ता लगाउन नसकेकोले फिर्ता पठाइएको जानकारी लेखिएको थियो । परीक्षणकार्य भने सुकुम्बासी टोलमा भएको थियो भन्दै कथा टुङ्गिन्छ ।

यसप्रकार 'समाधान' शीर्षक लघुकथाले नेपालका उच्चपदस्य मन्त्री-सचिव-हाकिमहरूले मनपरी तवरले गरेको भ्रष्टाचारी प्रवृत्तिलाई विषयवस्तु बनाएको छ । मानिस सबै भ्रष्टाचारी भएकाले यन्त्रमानव बनाउनु परेको, यन्त्रमानवको निर्माणले सबै नेता तथा उच्चपदस्य

व्यक्तिहरू भयभित त्रसित भएका यन्त्रमानवको परीक्षण समेत सुकुम्बासी टोलमा गरिएको तथ्यले नेपालको भ्रष्टाचारी प्रवृत्तिलाई उदाङ्गो बनाएको छ ।

### ४.२.५४. 'समान स्केलको भुइँचालो'

'नगरसभाको पाचौं दिन' लघुकथा संग्रहमा संकलित एक उत्कृष्ट लघुकथा हो । 'समान स्केलको भुइँचालो' । यो लघुकथा १ पृष्ठ, १६ पंक्ति र १६ वाक्यको बाहय संरचनामा संरचित छ । कथामा भूकम्पीय प्राकृतिक प्रकोपलाई प्रमुख विषयवस्तु बनाएको छ । कथामा भुकम्पद्वारा पीडित परिवारको उद्धार कार्यमा संलग्न व्यक्तिहरू छन् । फरक तर समान खालको अर्को भुइँचालोको महसुस गरेका छन् भन्दै भूकम्पपीडितलाई उद्धार गर्न जाने व्यक्तिहरूको दुर्नियत प्रति कथाकारले व्यङ्गय गरेका छन् ।

प्रस्तुत कथामा पहिले पहिले जस्तै भूकम्पलाई थेग्न नसकेर एउटा घर भत्किएको छ । त्यस घरमा बुढाबाबु, छोरा र बुहारी तिन जनामात्र छन्, नाति मधुभने अघिल्लो दिन मामाघर गएको थियो । एकाविहानै भत्केको घरमा सबै छिमेकी जम्माभएर सक्रिय उद्धार गर्न थाल्दछन् । उद्धारका क्रममा ढोका छेउमा सामान्य घाइते छोरोको उद्धार गरिन्छ, ऊ होसमै छ, बोल्न सक्छ, उसलाई उद्धार गरेर बाहिर निकालि सकेपछि छिमेकका बुढापाकाहरू बाटो बनाउँदै भित्र छिर्छन, भित्रबाट आवाज आउँछ, 'अध्यारो भएकाले उद्धार गर्न गाह्रो भएको छ । एक जनालाई घरको तलाले च्यापेको छ र अझै निकालन सकिएको छैन । निकै घायल भए जस्तो छ ।' त्यो सुनेर छोराले पूर्वतर्फ फर्केर भगवान् बुवालाई केही नहोस् है भन्दै प्रार्थना गऱ्यो र उसले सोध्यो बुबा कुन कोठामा हुनुहुन्छ ? बिचतलाको पूर्वातिरको कोठामा भन्ने थाहा पाए पछि ऊ डरायो, त्यो त हाम्रो कोठा पो हो त ? कतै मधुकी आमा (श्रीमती) त परिन ? ऊ आत्तिदै चोट लागेको खुट्टाको परवाह नगरी कोठातिर दौडियो । त्यहाँ जम्मा भएका बुढापाकाहरूले फरक तर समान रेक्टरको अर्को भुइँचालो महसुस गरे भन्दै कथा टुङ्गिएको छ ।

यस प्रकार भूकम्प पीडितहरूलाई उद्धार गर्न खटिएका छिमेकीहरू मानिसहरूलाई बेवास्ता गर्दै धन-सम्पति गरगहना खोजी गर्न लागेको देखाएर कथाकारले आजको मनुष्यको अमानवतावादी तथा द्रव्यपिचास तथा पैसामुखी चरित्रको खिल्ली उडाएको छ । कथाकार

स्पष्ट उल्लेख नगरेका भएता पनि कथामा उद्धारका लागि खटिएका छिमेकीहरूले अर्को भूकम्पको महसुस गरेबाट तिनीहरूको दुर्नियत झल्कन्छ ।

### ४.२.५५. 'सरल रेखा'

'नगर सभाको पाचौंदिन' कथासंग्रहमा संकलित 'सरल रेखा' शीर्षक लघुकथा वर्तमान नेपाली राजनीतिक विषयवस्तुमा आधारित छ । २ पृष्ठ, २५ पंक्ति तथा १५ वाक्यको बाह्य संरचनामा संरचित प्रस्तुत लघुकथाले नेपालको प्रमुख राजनीतिक दल बन्न पुगेको ने.क.पा माओवादी तथा उसको शासन प्रणालीलाई संकेत गर्दै काम एउटा भाषण अर्को गर्ने द्वैध चरित्रको पर्दाफास गरेको छ ।

कथामा दिव्यराम र जयप्रसाद दुई पात्रहरूको उपस्थिति छ, यी दुबै जना एकै ठाउँका साथी हुन् । माओवादी जनयुद्धमा लागेका सक्रिय कार्यकर्ता हुन् । आफ्ना साथी दिव्यराम मन्त्री भएको थाहा पाएपछि जयप्रसाद गाउँदेखि भेट गर्न आएका छन् । मन्त्री भएकोमा खुसी प्रकट गर्दै दिव्यरामलाई हार्दिक बधाई ज्ञापन गर्दै जयप्रसाद आफ्नो दुःखेसो प्रकट गर्दछन् । ल बधाई छ, मन्त्री हुन सफल रहनु भएकोमा । आफू त उस्तै छु, केही परिवर्तन भएकै छैन, भाउजूले लगाएको फरिया उस्तै फेरि दिन सकिएको छैन, जनयुद्धकालमा हिँडेका बेलामा चुहिएको घरको छाना बनाउन सकिएको छैन । तपाईं मन्त्री हुनु भएको खबर सुनेर एउटा सानोतिनो कामका लागि हजुरसँग अनुरोध गरौँ भनी साहुसँग ऋण काढेर यहाँसम्म आइपुगेँ । जयप्रसादको कुरा सुनेपछि दिव्यराम प्रश्न गर्छन् । शैक्षिक योग्यता कति छ । उत्तरमा त्यही एस.एल.सी. पास । एस.एल.सी. लाई अहिले साक्षर मात्रै मानिन्छ, के काम पाइएला र ? त्यसपछि जयप्रसादले भन्छन्, हजुरको पनि त्यही त हो नि । त्यही योग्यताले मन्त्री बन्न चाहिँ पुग्छ । सानो कामका लागि चाहिँ हुँदैन र ? सुरिदैं भन्छन् । त्यसपछि दिव्यराम भन्छन्, कहाँ त्यति मात्र पढ्नु पार्टीको झोला बोक्दै अध्ययनलाई अगाडि बढाएकोले  अहिले मन्त्री बनेको छु । त्यतिमै पढाइ रोकेको भए त त्यही गाउँमा दुःख गरेर बस्नुपर्थ्यो । त्यसपछि सीधासोझा जनतालाई चाहिँ बुर्जुवा शिक्षा पढेर केही काम छैन भन्दै पढाइ रोकेर जनयुद्धमा होमिन प्रेरित गर्ने, आफूचाहिँ त्यही शिक्षा पढिरहने नेताहरूको कर्तुत थाहा पाएपछि चियासमेत सबै खाइ नसकी जयप्रसाद त्यहाँबाट उठेर घर फर्किनका लागि सिँधै नयाँबसपार्क पुगेको भन्दै कथा टुङ्गिएको छ ।

यसप्रकार प्रस्तुत लघुकथाले हिजोका शमसेर र बहादुर आदि राणाहरू र आजका माओवादीमा खासै अन्तर नभएको अर्थमा ‘समानान्तर रेखा’ शीर्षक सार्थक भएको छ । जनताका छोराछोरी पढ्न नदिने तर आफू मात्रै पढ्ने राणाहरूको चरित्र र जनताका छोराछोरीहरूलाई बुर्जुवा शिक्षा पढेर कुनै काम छैन भन्दै पढ्न नदिएर जनयुद्धमा होम्ने अनि आफूचाहिँ भित्रभित्रै त्यही शिक्षा हासिल गरेर आफूलाई पढेलेखेको बौद्धिकका रूपमा परिचित गराउने नेपाली माओवादीको द्वैध चरित्रलाई कथाले उदाङ्गो बनाएको छ । साथै जसले आफू र आफ्नो परिवार नभनी समतामूलक समाज निर्माण यसै महान् अभिलाषा लिएर युद्धमा होमिएकाहरूको जीवनस्तरमा कुनै परिवर्तन आएको छैन तर काठमाडौंमा बसेर अलि पढ्न पाएका लुच्चा फटाहाहरूले भने डेराको शासनडोर सम्हालेका छन् नेपाली जनताको जीवनस्तर जस्ताको तस्तै छ, तर नेतृत्वमा पुगेका ठुलाबडाको जीवनस्तर मात्रै सुध्रिएको छ भन्ने तर्फ कथाले सङ्केत गरेको छ ।

### ४.२.५६. **‘सर्वसम्मत सरुवा’**

‘नगर सभाको पाचौँ दिन’ कथासंग्रहमा संकलित एक उत्कृष्ट लघुकथा हो, ‘सर्वसम्मत सरुवा’ । प्रशासनमा हुने ढिलासुस्तीलाई कथाले विषयवस्तु बनाएको छ । कथाको बाह्य संरचना १ पृष्ठ १५ पक्तिं र १० वाक्यको देखापर्दछ । सानो-सानो कामलाई पनि सर्वसाधारण जनताले हप्तौं धाउनु पर्ने, प्रशासनमा काम एकदम ढिला-सुस्ती हुने तर सर्वसाधारणका गुनासालाई वास्ता नराख्ने कर्मचारी प्रवृत्तिप्रति कथाले व्यङ्ग्य कसेको छ ।

कथाअनुसार “सर्वसाधारणका गुनासा सुनी त्यसको तत्काल निराकरण गर्न कार्यालयको सबैले देख्ने ठाउँमा उजुरी पेटिका राखी सम्बन्धित गुनासाको यथाशीघ्र समाधान गरिदिनु” भन्ने निर्देशन मन्त्रालयबाट आएपछि प्रशासन कार्यालय के गर्ने कसो गर्ने तिर अल्मलिन्छ । उजुरी पेटिका कार्यालय भित्रको अँध्यारो कुनामा धेरै वर्ष देखि थन्किरहेको छ । अब यस पेटिकालाई सबैले देख्ने गरी बाहिर राख्दा धेरै उजुरी पर्ने र त्यसको छानबिन गर्न ढिला हुने हुँदा पहिले दरबन्दी नै नभई कसरी बाहिर राख्ने । त्यो उजुरी छानबिन तथा कारबाही गर्न कर्मचारी आवश्यकता पर्ने बारे प्रशासन शाखा प्रमुख र कार्यालय प्रमुख बिच छलफल चल्छ लामो समयसम्म हुलमुल चलिरहेको देखेर चिया लिएर आएको पियन समाधान दिन्छ । उजुरी पेटिका बाहिर भित्र जहाँ राखेपनि केही फरक पर्दैन, किनभने त्यसको साँचो विगत दुई वर्ष देखि नै हराइसकेको छ, भनेपछि तत्कालै सर्वसम्मतिबाट उजुरी पेटिकाको

कार्यालयभित्रको साँघुरो र अँध्यारो कुनाबाट बाहिरको खुला बरण्डामा सरुवा भयो भन्ने कथा टुङ्गिन्छ ।

यसप्रकार प्रस्तुत 'सर्वसम्मत सरुवा' शीर्षक लघुकथाले नेपालको प्रशासनिक विकृति र विसङ्गतिलाई विषयवस्तु बनाएको छ । जनतालाई सेवा दिने उद्देश्यले खोलिएका कार्यालयहरूले जनतालाई सेवा दिन नसकेको तथ्यलाई उजागर गर्ने प्रस्तुत कथाले प्रशासनिक विकृति र विसङ्गतिको भण्डाफोर गरेको छ । जनताका गुनासा सुन्न उजुरी पेटिका राखिए पनि लुकाएर राखिएका हुन्छन्, खुल्लाठाउँमै राखिएपनि त्यस उपर कुनै छानबिन तथा कारवाही हुन सक्दैनन् भन्दै प्रशासनिक सुधारको खाँचोलाई कथाले औल्याँएको छ ।

### ४.२.५७. **'साइकल नियति'**

'नगर सभाको पाचौं दिन' कथासंग्रहमा संकलित एक उत्कृष्ट लघुकथा हो, साइकल नियति । यो कथा २ पृष्ठ, २१ हरफ र १३ वाक्यको बाह्य संरचनामा लेखिएको छ । प्रस्तुत कथाले नेपाली राजनीतिको सत्ता लुछाचुँडीलाई मुख्य विषयवस्तु बनाएको छ । जसरी केटाकेटीहरू खेलौना साइकललाई लिएर झगडा गर्छन् त्यसैगरी नेपाली राजनीतिक दलहरू पनि सत्ताको मोहले गर्दा कुर्सीमा बस्न लडाई गरि रहन्छन् । एकचोटि सत्तामा पुगेपछि त्यहाँबाट हट्नै नचाहने सत्ता लोलुपता प्रति कथाले व्यङ्ग्य हानेको छ ।

कथामा पण्डित बा एकजना प्रमुख पात्र छन्, सँधैको केटाकेटीको कचकच सुनेर वाक्क दिक्क भई उनीहरूलाई एउटा साइकल ल्याइदिन्छन् र केटाकेटीलाई साइकलको साँचो दिँदै 'पालैपालो चढ्नु' भन्छन् । दुईभाइले पालैपालो चढ्ने नियम त बाँधे तर त्यो नियमले भाइलाई बाँध्न सकेन । भाइ दाजुभन्दा अटेरी, जवरजस्त थियो । नियम भनेको अशक्तहरूका लागि मात्रै हो भन्ने मान्यता बाकेको दाजु शान्त प्रकृतिको थियो नियम पालना गर्न खोज्ने तर उसले साइकल चढ्न नै पाएन । उसलाई पनि साइकल चढ्ने रहर त थियो त्यसैले साइकल चढ्ने पालोको कचिङगल बाबु सम्म पुग्यो । आफ्नो पालो सिद्धिएपछि त दाजुलाई पनि चढ्न दिनुपर्छ पर्छ नि कान्छा भनेर बाबुले भनेपछि सबैलाई चढ्न दिनैपर्ने हो ? हो । त्यसो हो भने लौत† भन्दै चौरको खाल्डामा साइकल खसालेर ठुलो ढुङ्गा कच्याककुचुक पारिदियो । मुलुकमा भएको पहिलो जनआन्दोलन पछि त्यो कच्याककुचुक परेको साइकल

पटकपटक मुलुकको अत्यन्त महत्वपूर्ण कुर्सीमा रूपान्तरित भएको छ र कुर्सीले पनि पटकपटक साइकल नियति भोग्दै छ भन्दै टुङ्गिएको छ ।

यसप्रकार प्रस्तुत 'साइकल नियति' कथामा कथाकारले साना केटाकेटीको खेलौनाको दृष्टान्त उपस्थित गराएर नेपाली राजनीति दलहरूको सत्तालिप्सालाई अत्यन्तै मार्मिक ढङ्गले चित्रण गरेको छ । केटाकेटीले आफ्ना अभिभावकलाई साइकलका लागि कचकच गरेर साइकल पाउन सफल भए पनि त्यसलाई नियम सङ्गत ढङ्गले पालैपालो नचढ्नाले साइकल कच्याककुचुक भए जस्तै २०६२/६३ सालको जनआन्दोलनबाट राजाको हातमा रहेको शासनसत्ता जनताको हातमा आएपनि नेकपा माओवादी रूपी भाइ र कांग्रेस/एमाले रूपी दाजुहरूको त्यही सत्ताको कुर्सीका लागि झगडा पर्ने गरेको र आफूले बस्न नपाए मुलुकलाई सिध्याउने दुष्चक्र समेत रचेको वास्तविक यथार्थलाई कथाले स्पष्ट बनाएको छ ।

### ४.२.५८ 'साथीको खोजीमा'

'नगर सभाको पाचौँ दिन' कथासंग्रहमा संकलित एक उत्कृष्ट लघुकथा हो 'साथीको खोजीमा' । यो लघुकथा २ पृष्ठ, ३५ हरफ तथा ३० वाक्यको बाह्य संरचनामा संरचित छ । प्रस्तुत माथिल्लो तहमा कुनै व्यक्ति पुगिसकेपछि ऊसँग अनेक नातासम्बन्ध तथा मैत्रीसम्बन्ध गाँस्दै मानिसहरू आफ्नो काम बनाउन आइरहने तथ्यलाई मार्मिक ढङ्गले चित्रण गरेको छ ।

प्रस्तुत कथामा एकजना परीक्षा नियन्त्रक पदमा कार्यरत व्यक्ति छन् । अन्यत्र भन्दा परीक्षा नियन्त्रकमा आएपछि पुरानापुराना साथीहरू आफूलाई भेट्न आएकामा उनी सुखी तथा खुसी छैनन्, बरु दुःखी छन् । परीक्षा नियन्त्रक भए देखी उनलाई साथीहरू भेट्न धाइरहन्थे । पुराना साथीहरूको नवीकरणका साथै नयाँ साथी बन्ने क्रम पनि बढ्दै गएको छ । फोन कार्यालय, सभा-समारोह, भोज-भतेर, बाटो-घाटो जता हेर्‍यो त्यति साथी । त्यतिबेला भेटिने साथीहरू फरक-फरक भएपनि सबैका वार्ताका ढाँचा एकै प्रकारका हुन्थे । भेटको औपचारिकता, मित्रताको गाँठो कसिलो देखाउने एक-दुईवटा पुराना घटना र पुछारमा सानो अनुरोध छ । कोही मेरो छोराले परीक्षा दिएको छ हेर्नुपर्ला † भन्थे त कोही सालीकी छोरीको विहेमा विराटनगर जानु छ, परीक्षा निरीक्षणमा पठाइदेऊ न । त्यसैगरी कोही पुग्थे र भन्थे पहिले त भएन भएन, पुनर्योगमा त भरै परेको छु । कोही भन्थे

मुक्तिनाथको दर्शन गर्ने इच्छा थियो । कुनै स्कुलसिस्कुल हेर्नुपर्ने छैन भन्या † त्यस्तै थोरैले मात्रै डिभिजन पुगेन छ, फरक नपरोस्, आदि । त्यस्तै कोही चाहिँ घुर्की लगाउने पनि आउँथे रे भन्ने गर्थे । त्यति सानो अनुरोध पनि लागेन छ ? सधैँ यहीँ बस्ने होइन होला † विश्वास गरेर आत्मा खोलेँ † केही गर्दैनौँ भन्ने थाहा पाएको भए किन चाकडी गर्थें र ? आकाश थामुला जस्तो गर्थ्यौ नि आदि । अनि कोही भिडबाट अलि टाढा लगेर खासखुस गर्ने १२ क्लास पास गरेकी भनेर बिहेको समेत टुङ्गो लगाएँ, छोरीलाई त दुई विषय लागेछ, अब तिम्रै भर छ मारे पाप पाले पुण्य आदि ।

यसरी कथामा परीक्षा नियन्त्रक पात्र साथीको खोजीमा भौतारिइ रहेको छ । ऊसँग साथी भनेर आउनेहरू सबै नक्कली साथी हुन् । स्वार्थी हुन् । सबै आफ्नो काम बनाउनका लागि मात्रै साथीको खोल लगाएर आउने मानिस देखि वाक्क दिक्क भएर असल साथीको खोजीको पक्षतिर निरन्तर प्रयत्नरत छन् । प्रशासनिक भ्रष्टाचार प्रति व्यङ्ग्य पनि छ । यसप्रकार कथाले नेपालको शैक्षिक क्षेत्र प्रतिको विसङ्गतिलाई चिरफार गरेको छ ।

### ४.२.५९. **'साहुजीको चारो'**

'नगर सभाको पाचौँ दिन' लघुकथासंग्रहमा संकलित 'साहुजीको चारो' शीर्षक लघुकथा १ पृष्ठ, २ अनुच्छेद, १० पंक्ति तथा ७ वाक्यको बाह्य संरचनामा संरचित छ । कथाले ठूलाठूला व्यापारीहरूको दानी प्रवृत्तिलाई देखाउँदै दानको प्रकारप्रति व्यङ्ग्य गरिएको छ । पशुपतिनाथ आएर बांदरलाई खानादिने तर त्यहीं बसेका मानिसहरूलाई चाहिँ वास्ता नगर्ने प्रवृत्ति प्रति कथाले तीव्र व्यङ्ग्य प्रहार गरेको छ ।

कथामा एकजना सहरका ठुला व्यापारी मकै र चना साथै बिस्कुट समेत ठूलो थैलाबाट झिकेर छरिरहेका हुन्छन्, मान्छे र वरिपरिका परेवा र बाँदरहरू चारोमा झुम्मि रहेका छन् । व्यापारी भित्रभित्रै सोच्दै थिए, यस जुनीमा रित्तिएका थैलाहरू आउने (भावी)जुनीमा अझबढी भरिपूर्ण बनाउन समर्थ हुनेछन् । व्यापारीले चारो छर्न थालेपछि त्यही वरिपरि भक्तजनहरूसँग पैसा माग्ने काम गरिरहेका केटाकेटीहरू ती व्यापारी कहिले फर्केलान् र बाँदर सँगै चारो टिप्न पाइएला भन्दै कुरिरहेका थिए । साहुसँगै चारो टिप्न जाँदा साहुजीले लौरी प्रहार गर्ने डरले साहुको अगाडि चारो टिप्न हिम्मत तिनले गरेका थिएनन्, भन्दै यो लघुकथा टुङ्गिएको छ ।

यसप्रकार पशुपतिको मन्दिरमा आएर बाँदर र परेवालाई चारो छर्ने तर त्यहीका मनुष्यतिर भने ध्यान नदिने ठूलाठूला व्यापारी तथा दानी महाजनहरू प्रति व्यङ्ग्य गरेका छ र कथाले दुःखी गरिब व्यक्तिहरू पशुभन्दा पनि दुःखकर एवं कष्टकर अभावको जीवन व्यतीत गरिरहेका छन् । दुःखी गरिब जनता शोषक सामन्त तथा धवाहय व्यक्तिद्वारा अपहेलित, घृणित तथा तिरष्कृत छन् भन्दै नेपाली गरिबी अवस्थाको जनकारी समेत कथाले दिएको छ ।

### ४.२.६०. **'सुकुम्वासी'**

'नगर सभाको पाचौं दिन' कथासंग्रहमा संकलित 'सुकुम्वासी' शीर्षक लघुकथा उत्कृष्ट व्यङ्ग्य प्रधान कथा हो । प्रस्तुत लघुकथा १ पृष्ठ, ११ पंक्ति र ६ वाक्यको बाह्य आयममा संरचित छ । प्रस्तुत कथाले सुकुम्वासी समस्यालाई उजागर गर्दै सुकुम्वासी व्यवस्थापन गर्न नसक्ने सरकारी नीतिको खिल्ली उडाएको छ । नेपालमा जो वास्तविक सुकुम्वासीहरू छन्, तिनीहरूको उचित व्यवस्थापन गर्न गठित सुकुम्वासी समस्या समाधान आयोगले घुसदिन सक्ने व्यक्तिलाई नै सुकुम्वासी पहिचान गरी उनीहरूको नाममा घडेरी जग्गा दर्ता गरिदिने तथ्य प्रति तीव्र व्यङ्ग्य प्रस्तुत कथाले गरेको छ ।

प्रस्तुत सुकुम्वासी कथामा कुनै जिल्लामा सुकुम्वासी समस्या चर्कदैं गइरहेको छ, जसले गर्दा एकातिर नारा-जुलुस देखि केन्द्रीय कार्यालय सम्म धर्ना कार्यक्रम सञ्चालित छन्, भने अर्कातिर जिल्लाका राजमार्गका किनार, बस्तीनजिकका जङ्गल र गौचरन जस्ता सार्वजनिक जग्गा मिचिरहेका छन् । यस समस्यालाई समाधान गर्न केन्द्रीयस्तरबाटै गठित, "सुकुम्वासी समस्या समाधान आयोग' ले तत्कालै सुकुम्वासीको लगत तयार पारी लगतवालाहरूलाई घडेरी उपलब्ध गराउने काम सम्पन्न गऱ्यो । आयोगको कार्यसम्पन्नता पछि सुकुम्वासीका झुपडी खरानी बनाइयो भने ती झुपडी उभिएका जमिन सम्पन्न व्यक्तिका नाममा दर्ता भईसकेका थिए । सुकुम्वासीको लगतमा चढ्नका लागि आवश्यक कोसेली (आवश्यक मोटो रकमको घुस) को नितान्त अभावमा सुकुम्वासी पहिले जस्तै विशुद्ध सुकुम्वासी नै भइरहे भन्दै प्रस्तुत कथा टुङ्गिएको छ ।

यसप्रकार प्रस्तुत 'सुकुम्वासी' लघुकथाले नेपालमा बढ्दै गएको सुकुम्वासी समस्यालाई विषयवस्तु बनाई तत्समस्यालाई समाधान वास्तविक ढङ्गले गर्न नसकेको नेपाल सरकार

प्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । नेपालमा वास्तविक सुकुम्वासीहरूको आन्दोलन र धर्ना कार्यक्रम चर्कदैं जाँदा टाठाबाठा धनाड्यहरूले सार्वजनिक जग्गा अतिक्रमण गरेर घर-टहरा बनाइदिने र सुकुम्वासी समस्या समाधान गर्न गठित आयोगले तिनै नक्कलीका नाममा जग्गा पास गरिदिने तर सोझा-सिधा गरिब सुकुम्वासीहरूले घुस खुवाउन नसक्दा नेपालको सुकुम्वासी समस्या समाधान हुन नसकेको तथ्यलाई प्रस्तुत गरेको छ ।

### ४.२.६१. 'सुरक्षा फिर्ती'

'नगर सभाको पाचौँ दिन' लघुकथासंग्रहको एक उत्कृष्ट व्यङ्ग्य प्रधान लघुकथा हो , 'सुरक्षा फिर्ती' । प्रस्तुत लघुकथा २ पृष्ठ, २२ पंक्ति र छोटाछरिता १३ वाक्यको बाह्य संरचनामा संरचित छ । प्रस्तुत लघुकथाले नेपाली राजनीतिप्रति व्यङ्ग्य प्रहार गरेको छ । नेपाली समाज राजनीतिले दह्रो प्रभाव पारेको छ । एउटै घरका सदस्यहरू समेत विभिन्न पार्टीहरूमा विभाजन भएका छन् । श्रीमान् र श्रीमती दुईजना मध्ये एउटाले एउटा पार्टी र अर्कोले अर्को पार्टीको झण्डा बोकेर हिँड्ने प्रवृत्ति प्रति कथाले व्यङ्ग्य प्रहार गरेको छ ।

प्रस्तुत 'सुरक्षा फिर्ती' लघुकथामा २ जना श्रीमान् श्रीमती पात्र छन् । देशमा निर्वाचनको घोषणा भइसकेको छ । त्यसपछि श्रीमान् श्रीमती सल्लाह गर्छन् । आफ्नो जागिर र पेशा समेत नबिग्रिनेगरी अब पार्टी चयन गर्ने सल्लाह गर्न थाल्छन्, श्रीमान् र श्रीमती दुबैजना एउटै पार्टीमा नलाग्यौं शक्तिशाली पार्टी चयन गरौं, जसले जितेपनि हामीलाई घाटा नपुगोस्, भन्दै उनीहरूले छुट्टाछुट्टै पार्टी रोज्ने निर्णय गरे र गोलाप्रथाद्वारा आफ्नो पार्टीको प्रचार-प्रसारमा सदस्यता विस्तार र चन्दा संकलनमा जुटे । जसले गर्दा उनीहरूको जागिर र पेशा सुरक्षित हुने निस्चित भयो । यसरी आ-आफ्ना जागिर र कारोबारमा परिवर्तन पूर्वको सुरक्षा र समृद्धिमा कुनै आँच आउन दिएनन् भन्दै कथा टुङ्गियो ।

यसप्रकार नेपाली समाज राजनीति ग्रस्त छ । राजनीतिक परिवर्तन हुने छाँटकाँट भए पछि नेपालीहरू राजनीतिक दल परिवर्तन गर्न तत्पर छन् । कसरी हुन्छ ? आफ्नो स्वार्थ पूर्ति गर्नका लागि जुनसुकै दल र पार्टीको झण्डा समाउन विवश छन् । गाउँ समाजमा मात्रै होइन, घर परिवारमा समेत विभाजन देखिएको छ । घरमा श्रीमान् र श्रीमती नै फरक-फरक

पार्टीमा लागेका छन्, जसले गर्दा उनीहरूको भविष्य सुनिश्चत छ, जसले जिते पनि हारे पनि कुनै भय छैन भन्ने तथ्य कथाले प्रस्तुत गरेको छु ।

### ४.२.६२. **'विक्रम टेम्पोको धुँवा'**

'नगर सभाको पाचैंदिन' लघुकथा संग्रहमा संकलित एक उत्कृष्ट व्यङ्ग्य प्रधान कथा हो, 'विक्रम टेम्पोको धुँवा' । प्रस्तुत कथा २ पृष्ठ र २० पंक्ति तथा २० वाक्यको बाह्य संरचनामा संरचित छ । प्रस्तुत कथाले नेपाली नेतृत्वगण तथा मन्त्रीहरूको भ्रष्टाचारी प्रवृत्ति प्रति व्यङ्ग्य प्रहार गरेको छ । आफूले नराम्रो काम गरेको भएपनि आफूले गरेको काम राम्रो भन्ने प्रवृत्ति हावी छ भन्ने तथ्य कथाले उजागर गरेको छ ।

प्रस्तुत लघुकथामा एकजना निवर्तमान मन्त्रीलाई बोकेर एउटा पजेरो गाडी अगाडि बढि रहेको छ । त्यही गाडीको अगाडि एउटा विक्रम टेम्पो धुँवा उडाउँदै कुदिरहेको छ, त्यस टेम्पोको धुँवा देखेर मन्त्रीको ड्राइभरले टेम्पोको ड्राइभरलाई गाडी एकछिन रोक्न यो गाडी बढाउनु पऱ्यो धुँवाले वान्ता आउला जस्तो भयो । त्यो कुरा सुनेर मन्त्रीले भन्छन्, किन भाइ त्यसो भनेको मलाई त यो टेम्पोको धुँवा मिठो लाग्छ, पछि नै जाउँ कसरी मिठो लाग्छ, ड्राइभर छक्क पर्छ । कसरी मिठो ? किनभने यो टेम्पो मेरै बलमा नेपालमा उतारिएको हो, त्यसैले १० औं वर्ष जेलमा बस्नुपरेको पीडा प्रति मलाई सान्त्वना दिइरहेको छ भनेपछि ड्राइभर अल्मलिन्छ, गाडी अघि बढाउने कि † पछि नै बस्ने ? यतिकैमा कथा टुङ्गिन्छ ।

यसप्रकार प्रस्तुत लघुकथाले नेपाली नेतृत्वगण तथा मन्त्री गणका भ्रष्टाचारी प्रवृत्ति प्रति घुमाउरो तवरले व्यङ्ग्य प्रहार गरेको छ । आफ्नो काम सबै ठीक देख्ने मन्त्री गणले नेपाली समाजलाई पर्यावरणहरूलाई समेत ध्वस्त बनाउने काम गर्दै गएका छन् । जुन कार्यबाट उनीहरूले १० औं वर्षको जेलयातना भोगेका छन्, छुटेपछि पनि त्यही भ्रष्टाचारी प्रवृत्तिलाई दोहोऱ्याउन लालायित हुन्छन् । यसप्रकार विक्रम टेम्पोको धुँवाले जसरी पर्यावरण प्रदुषित बनाएको छ, त्यसैगरी नेपाली नेतृत्वगण मन्त्री तथा उच्च ओहोदाका व्यक्तिहरूले नेपाल राष्ट्रलाई प्रदुषित बनाएका छन् भन्ने यस कथाले प्रस्तुत गर्छ ।

### ४.२.६३. 'हिँउदको आरुबोट'

'नगर सभाको पाचौँ दिन' लघुकथा संग्रहमा संकलित अन्तिम तथा ६३ औँ कथा हो 'हिउँदको आरुबाट' । प्रस्तुत लघुकथा २ पृष्ठ, २६ पंक्ति र २३ वाक्यको बाह्य संरचनामा संरचित छ । प्रस्तुत कथामा आजका युवायुवती क्षमता तथा ज्ञानलाई भन्दा पनि आर्थिक समानतालाई हेरेर प्रेम तथा विवाह गर्न लालायित हुने गर्दछन्, भन्ने तथ्यलाई उजागर गर्दै युवायुवतीबीचको बाह्य भौतिक प्रेम प्रति व्यङ्ग्य गरेको छ ।

कथामा सञ्जय र प्रमिला विश्वविद्यालय तहका समकक्षी जोडी हुन् । उनीहरू २ जना साह्रै मिल्ने साथी हुन् भने विपरीतलिङ्गी प्रतिको स्वाभाविक आकर्षक तथा प्रेमको टुसा टुसाएको पनि देखिन्छ । दशैँमा घर गई फर्किएका यी दुवै जोडी कुनै गार्डेनयुक्त रेष्टुरामा चियानास्ताका लागि बसेका हुन्छन् । त्यही बेला प्रमिलाले सञ्जयलाई दशैँमा खिचेका फोटा देखाउन थाल्छे, फोटो देखेर सञ्जय दङ्ग पर्छ । आफ्नो फोटो दङ्ग परेर हेरिरहेकोमा प्रमिला खुसी हुन्छे र कस्तो लाग्यो प्रश्न गर्छे । सञ्जय भने प्रमिलाको अनुहार भन्दा पनि उसको ठूलो घर देखेर सञ्जय लोभिन्छ । नोकरी व्यापार, स-साना उद्योग धन्दाले बसाउन नसकेरको मेरो सहर प्रवेशको सपना बल्ल पूरा भयो भने सोच्दछ र सोझै प्रस्ताव राख्दछ, प्रमिला अब हामी छिट्टै लगन गाँठोमा बाँधिनुपर्दछ । लुकाउन खोज्दा खोज्दै उसको मुखबाट खुसी फुत्त निस्कन्छ, तिम्रो घर त गजबको रहेछ नि † त्यो घर त आफ्नो नभई मामाघर हो, मामाघर जाँदा फोटो खिचेको भने कुरा प्रमिलाले बताएपछि सञ्जय छाँगाबाट खसे जस्तो हुन्छ । सञ्जयको दृष्टि रातै फुलेका र कल्कीलाई छिचोल्दै चौर छेउको मध्य हिउँदको आरु बोटमा पुगेर अल्झिन्छ र उसले प्रसङ्ग बदल्छ । एउटा उट्पट्याङ् गरौं है भन्दै एकैचोटि २ वटा मम उसले प्रमिलाको मुखमा हालिदिन्छ । यसरी त्यो मम पेटमा पुग्दा नपुग्दै अघि गरेको लगन गाँठोको प्रसङ्गले छुट्टै बाटो समातोस् भन्ने चाहना सञ्जयको थियो भन्दै कथा टुङ्गिन्छ ।

यसप्रकार आजका युवायुवती वास्तविक प्रेम गर्दैनन् । बाह्य सम्पत्तिको लोभलालसामा फसेर विवाह गर्न चाहन्छन् । बाहिर-बाहिर प्रेमको नाटक गर्ने तर भित्रभित्रै युवतीको धनसम्पत्ति प्रति गिद्धेदृष्टि राख्ने र सम्पत्ति नभएका प्रेमी प्रेमिकासँग विहे गर्न नचाहने द्रव्यपिचास घात तथा पैसामुखी प्रेमीहरूलाई कथाले दह्रो झापड हानेको छ ।

# परिच्छेद : ५

## निष्कर्ष तथा उपसंहार

सान्दर्भिक संवाद तथा संवेदनशील अन्तर्भावद्वारा कथ्य अघि बढाउने र लक्षियत विषयवस्तुको उद्‌बोधनबाट कथा टुङ्गयाउने आकर्षक कलालाई लघुकथाको अँगालेको हुन्छ । जसले गर्दा साहित्यका अन्यविधा भन्दा रोचक, घोचक एवम् मनोविनोदक विधाका रूपमा लघुकथा सुपरिचित छ । लघुकथाको आस्वादनका लागि बौद्धिकताको आवश्यक पर्दछ । राम्रो लघुकथाको अध्ययन पश्चात् उत्पन्न हुने झङ्कारले पाठकको मष्तिष्क अनौठो लहर प्रवाह गर्छ र अन्तभाव स्पष्ट भए पछि त्यो लहर टक्क रोकिन्छ । यही नै लघुकथा आस्वादनको आकर्षण हो । यो अन्य विधाको अङ्ग नभएर आफैमा पूर्ण रचना हो । यो अन्य विधा भन्दा गहन र संवेदनशील सिर्जना हो ।

लघुकथा आख्यान साहित्यको एक सशक्त लघुकथा उपविधा हो । सूचना र सञ्चारको विकासले विश्व नै एउटा गाउँ सदर हुने थालेको र मानिसको व्यस्तता बढी रहेको आजको युगमा विषयमा आख्यानात्मक रूपमा धेरै कुरा बुझ्नका लागि लघुकथा उत्पन्न उपयुक्त विधा भएको कारणले पनि यो विधा लोकप्रिय हुँदैछ र द्रुत गतिले यसको विकास भइरहेको छ । लघुकथा विश्वका प्रमुख भाषा र साहित्यमै एउटा स्वयंमा पूर्ण विधा हो भन्ने सिद्ध भइसकेको छ । नेपाली साहित्यमा पनि लुघुकथा स्वतन्त्र विधाका रूपमा स्थापित भएको छ । गोरखाबहादुर सिंहको ‘नगर सभाको पाँचौं दिन’ लघुकथा सङ्ग्रह एउटा प्रमाण हो । प्रस्तुत सङ्ग्रहले नेपाली लघुकथालाई अझ बलियोसँग स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

त्रिसट्ठीवटा लघुकथा सङ्ग्रहीत प्रस्तुत संग्रहले समकालीन विश्वपरिस्थितिले जन्माएका यथार्थ भोग्ने नेपाली जन-जीवन प्रस्तुत गरेको छ । विषय र प्रस्तुतिले विसङ्गति माथि तीव्र व्यङ्गय प्रहार गर्दै नेपाली समाज र यसका धार्मिक, राजनीतिक, आर्थिक, सांस्कृतिक विविधपक्षलाई अभिरेखाङ्कन गर्ने यस सङ्ग्रहका कथाहरूले सामाजिक पृष्ठभूमिमा टेकेर यथार्थको पोषण पाएका छन् । छोटो कथावस्तुलाई गति प्रदान गर्ने वा जीवन्तता दिने काम

सिंहले संवादद्वारा गरेका छन् । सटिक र सान्दर्भिक संवाद निर्माण गरेर विषय अघि बढाउने र टिप्पणी साथ कथालाई टुङ्ग्याउने जस्तो जटिल कलालाई कथाकारले सहजताका साथ सम्पन्न गरेका छन् । यसबाट उनका कथाहरू रोचक हुनुका साथै लक्ष्य केन्द्र भएका छन् । यसका साथै अधिकांश कथाहरूको अर्थ सापेक्ष कि त प्रतीकात्मक रहेको छ, अथवा कि त अन्योक्तिमूलक रहेको छ । जुन कथाकार सिंहको सफलताको द्योतक हो । प्रस्तुत संग्रहमा कथाकार सिंहले समाजमा विद्यमान विकृति, विसङ्गति तथा विद्रूपतालाई छिद्रान्वेषण गरी कलात्मक ढङ्गले सटीक रूपमा प्रहार गरेका छन् । उनका यी लघुकथाहरू कल्पनामा भन्दा भोगाइमा आधारित छन्, यी कथाले चुट्किला हुनबाट सचेत ढङ्गले बाँचेर लघुकथाको स्तरीय मापदण्ड चुमेका छन् । कथाकार सिंहले समाजमा विविध तह र तप्काहरू (राजनीतिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक, पारिवारिक, नैतिक, व्यक्तिगत) को जासुसी गरेर अग्रगामी समाजको कल्पना गरेका छन् ।

'नगरसभाको पाँचौं दिन' शीर्षक लघुकथा सङ्कलनमा गोरखबहादुर सिंह सशक्त व्यङ्गयकारका रूपमा चिनिन्छन् । एकातिर उनले तथा कथिन नेता र कर्मचारीहरूको भ्रष्ट आचरण र कुप्रवृत्तिप्रति तीक्षण व्यङ्गय गरेका छन् भने अर्कातिर समग्र मानवीय स्वार्थक्षमता प्रति मार्मिक व्यङ्गय गरेका छन् । 'अछुत परिकार', 'अमृत मन्त्रीका भान्जा परेनन्', 'आलु प्याज/प्याज आलु', 'दुईभाषे सूचना पाटी', 'कोर्न नसकिने सीमा रेखा', 'नियम', 'प्रजातन्त्र', 'फरक पर्लार !', 'बाजी', 'विक्रम टेम्पोको धुँवा', 'साइकल नियति', 'सरल रेखा', आदि उनका मार्मिक कथाहरू छन् जसबाट हामी राजनीतिक नेताहरूको भ्रष्ट आचरण, अनैतिक चरित्र र असामाजिक तथा अमानवीय व्यवहारबारे यथार्थ तथ्य थाहा पाउन सक्छौं । वर्तमान नेपालको राजनीतिभित्रका घृणित खेलहरूबाट कथाकार कति रुष्ट र असन्तुष्ट छन् भन्ने कुरा यी कथाहरू पढ्दा स्पष्ट हुन्छ । देश र जनताको हित र विकास गर्छु भन्दै राज्यको शासनडोर हात पार्न सफल नेतृत्ववर्ग नीति स्वार्थपूर्तिमा तल्लीन छ । शासन सत्ता कसरी आफ्नो बनाइ रहने भन्ने चिन्तनमा केन्द्रित छन्, देश र जनतालाई धरौटीमा राखेर वा बाधकमा पारेर आफू समाजसत्तामा टिकिरहने दाउपेज गरिरहेको छन् । राष्ट्रियता, स्वाधीनता र नागरिकता मात्र भाषणमा सीमित छ, व्यवहारमा राष्ट्र उक्सनै नसकिने गरी दलदलमा फसि रहेको छ भन्ने तथ्यलाई कलात्मक पाराले कथाले देखाउन खोजेको छन् ।

त्यसैगरी 'आधुनिक विचार', 'भऱ्याङ्', 'अजम्बरी गाई', 'टाउको दुःखेको औषधी', ठाडो ओरालो', 'शुमाशिष', 'मोहरको फिर्ती', 'साहुजीको चारो', 'दक्कल साबको अक्कल', 'उत्तर आधुनिक बनाउन', सिंहका यस्ता लघुकथाहरू छन् जसमा हामी स्वार्थी मानिसभित्रका पशुवृत्तिहरू उदाङ्गो पारिएको पाउँछौं । मानिस बाहिर बाहिर चिटिक्क छ, आदर्श देखिन्छ । इमानदार र नैतिक छ भन्ने परिचय दिन्छ तर भित्र भने खोको छ । आजको मनुष्यमा नैतिकता इमान्दारिता कर्तव्य सबै हराउँदै गएका छन् । कुहिएको फर्सी जस्तै छ आजको मानिस बाहिरको बोक्रो टिलिक्क टल्किन्छ तर भित्र स्याउँ स्याउँ किरा परि रहेको छ । भित्र भित्र ईर्ष्या, डाहा, लोभ, क्रोध, मोह, मद, मात्सर्य सँगालेर बसेको छ । हिंसात्मक भावना पालेर बाँचेको छ । बाहिर बाहिर सभ्य भनाउँदै गएको आजको मानिस भित्र भित्रै बर्बर प्रवृत्तिको हुँदै गएको सत्यलाई उनले 'इज्जतयन्त्र', 'उन्मुक्ति', 'किचल्छ लोकसेवामा पनि ?', 'कुइँकेल सरको सक्रियता', 'चिरा परेको खेत', बेबारिस घोषणापत्र', 'सक्रिय उद्धार' कथाहरूमा पनि कतै व्यङ्गयका माध्यमबाट त कतै प्रतीकका माध्यमबाट व्यक्त गरेका छन् ।

यसरी समग्रमा कथाकार सिंहको दृष्टि समसामयिक राजनीतिक र समाजिक समस्यामा केन्द्रित भएको पाइनुका साथै आज मूल्य द्वन्द्वमा परेको र नैतिक मूल्यहीनताको सिकार बनेको मानिस भित्रका प्रवृत्तिप्रति सूक्ष्म रूपले परेको पाइन्छ । कथाकार सिंहका विचारमा नातावाद, भ्रष्टाचार, अराष्ट्रिय संस्कृति, सामाजिक रुढि, ह्रासोन्मुख मानवीय मूल्य, स्वार्थान्धता, आदि हाम्रो् समाजमा व्याप्त छ । खोक्रिँदै र खिइदै गएको समाज भित्रका यथार्थ उनका लघुकथाका विषय हुन् ।

## सम्भावित शोध शीर्षकहरू

१. 'नगर सभाको पाँचौं दिन' लघुकथा सङ्ग्रहको कृतिपरक अध्ययन ।

२. 'नगर सभाको पाँचौं दिन' लघुकथा सङ्ग्रहको व्यङ्ग्यात्मक पक्षको अध्ययन ।

३. 'नगर सभाको पाँचौं दिन' लघुकथा सङ्ग्रहमा सामाजिकता ।

४. 'नगर सभाको पाँचौं दिन' लघुकथा सङ्ग्रहको पात्रपरक अध्ययन ।

५. 'नगर सभाको पाँचौं दिन' लघुकथा सङ्ग्रहको विषयवस्तुपरक अध्ययन ।